# पहिलो-परिच्छेद

## शोध परिचय

### १.१. विषय परिचय

कविता विधामा 'इच्छुक' का उपनामले परिचित कृष्ण सेन प्रगतिवादी भावधारामा कविता लेख्ने आधुनिक समसामयिक धाराका एक प्रतिभा हुन् । प्रकाशित रचनाका आधारमा वि.सं. २०३२ साल असार १३ गते **मातृभूमि** साप्ताहिकमा 'भोलिप्रति' पहिलो कविता प्रकाशन भएदेखि औपचारिक रूपमा साहित्यिक यात्राको आरम्भ गरेका 'इच्छुक' का हालसम्म **शोकाञ्जलि** (२०४८), **बन्दी र चन्द्रागिरि** (२०५७) गरी दुई वटा खण्डकाव्य प्रकाशित छन् । **इतिहासको यस घडीमा** (२०५६), **बन्दी आवाज** र **आरम्भिक कविता** जस्ता कविता सङ्ग्रह **इच्छुक रचनावली, भाग-२** (२०६५) मा प्रकाशित छन् । उनका गद्यात्मक लेख रचनाको सँगालो **इच्छुक रचनावली भाग-३** (२०६६) पनि प्रकाशित छ । कृष्ण सेन 'इच्छुक' का काव्य, कविता सङ्ग्रह लगायत २०३२ सालदेखि २०५९ जेठ १३ गते, उनलाई तात्कालिक शाही शासनको बर्बर यातनाद्वारा सहादत प्राप्त हुनुभन्दा अगाडिसम्म, विभिन्न पत्रपत्रिकामा प्रकाशित प्रतिनिधि कविताहरूमा प्रगतिवादको अन्तःसार क्रान्तिचेतका अध्ययनसँग प्रस्तुत शोध सम्बन्धित छ ।

### १.२. समस्याकथन

यस शोधपत्रमा कृष्ण सेन 'इच्छुक' का काव्य, कविता सङ्ग्रह र फुटकर कविताको अध्ययन तथा विश्लेषण गरिएको छ । यस सन्दर्भमा मुख्यतः निम्नलिखित समस्याहरूको समाधान खोज्ने कार्य यस शोधमा गरिएको छ ।

क) कवि 'इच्छुक' को काव्यिक यात्रा के-कस्तो किसिमबाट अगाडि बढेको छ ?

ख) कवि 'इच्छुक' का काव्य-कविताको रचनाधर्मिता के कस्तो रहेको छ ?

ग) क्रान्तिचेत भनेको के हो ?

घ) कृष्ण सेन 'इच्छुक' का काव्य कवितामा क्रान्तिचेत के-कस्तो रहेको छ ?

### १.३. शोधको उद्देश्य

वि.सं. २०३२ सालदेखि २०५९ सालसम्म नेपाली साहित्य र समाज सेवामा समर्पित 'इच्छुक' का **शोकाञ्जलि** (२०४८) र **बन्दी र चन्द्रागिरि** (२०५७) गरी दुई वटा खण्डकाव्य,

त्यसैगरी **इतिहासको यस घडीमा** (२०५६) साथै **बन्दी आवाज** र **आरम्भिक कविता** जस्ता कविता सङ्ग्रह **इच्छुक रचनावली भाग-२** (२०६५) मा सङ्कलित र प्रकाशित भएका छन् । उनका कविताका विविध पक्षहरूको अध्ययन गर्दै कविता सिर्जनाका क्रममा देखापरेका कवितायात्रा र रचनाधर्मिताको अध्ययन गर्नाका साथै अन्तःसारका रूपमा क्रान्तिचेत प्रवृत्तिलाई केलाउनु प्रस्तुत शोधपत्रको मुख्य उद्देश्य रहेको छ । समग्रमा प्रस्तुत शोधपत्रका उद्देश्यहरूलाई निम्नानुसार बुँदामा प्रस्तुत गर्न सकिन्छ ।

क) कवि 'इच्छुक' का काव्यिक यात्राको निरूपण गर्नु,

ख) कृष्ण सेन 'इच्छुक' का काव्यकृतिको रचनाधर्मिता बारे प्रकाश पार्नु

ग) कृष्ण सेन 'इच्छुक' का काव्यकृतिमा क्रान्तिचेतको अध्ययन-विश्लेषण गर्नु र

घ) उनका काव्यकृतिमा क्रान्तिचेतको निरूपण गर्नु ।

## १.४. पूर्वकार्यको समीक्षा

कृष्ण सेन 'इच्छुक' दुई हजार तिसका दशकदेखि नेपाली प्रगतिवादी कविताका फाँटमा देखा परेका सशक्त कवि हुन् । उनका कविताकृतिको सुव्यवस्थित र अनुसन्धानात्मक अध्ययन विश्लेषणका सम्बन्धमा भन्नुपर्दा विभिन्न सन्दर्भमा टिकाटिप्पणी, समीक्षा र विश्लेषण आदि हालसम्म विविध पत्रपत्रिकामा प्रकाशित गरिएको भए पनि क्रान्तिचेतको खोजमूलक अध्ययन भएको पाइँदैन । हालसम्म उनका बारेमा गरिएका त्यस्ता पूर्व अध्ययनलाई यहाँ कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

शारदा धिताल र मधुसूदन सुवेदी (२०४८) ले **शोकाञ्जलि** शोककाव्यको प्रकाशकीयमा नेपालको प्रगतिवादी साहित्यक फाँटमा 'इच्छुक' का नामले पत्रपत्रिकाहरूमा आक्कल-झुक्कल देखिने कृष्णसेन **शोकाञ्जलि** शोककाव्यले प्रगतिवादी साहित्यमा रहेको न्यूनतालाई भर्न योगदान पुऱ्याउने कुरा उल्लेख गरेका छन् ।

पारिजात (२०४८) ले उक्त **शोकाञ्जलि** काव्यका आफ्ना मन्तव्यमा कवि 'इच्छुक' लाई प्रगतिवादी साहित्यका फाँटमा स्थापित कविका रूपमा देखाउँदै सिर्जनशीलता र प्रतिबद्धतालाई कायम राख्दै कारागारभित्र पनि चलिरहने 'इच्छुक' का कलमको प्रशंसा गरेकी छन् । साथै **शोकाञ्जलि** काव्यलाई एउटा सबल वैचारिक उपलब्धि ठान्दै कलापक्षले सिँगारेको एउटा कुञ्ज भएको र शब्दचयन एवम् प्रस्तुति अति संवेदनशील भएको भनी टिप्पणी पनि गरेकी छन् ।

ताराकान्त पाण्डेय (२०४८) ले जनसाहित्य (१:३) पत्रिकामा **शोकाञ्जलि** खण्डकाव्य बारे चर्चा गर्दा कृतिमा प्रौढ र सुकोमल विचारको सन्तुलन छ भन्दै कवि र सिपाही एक अर्कामा समाहित भएको उल्लेख गरेका छन् । अतः कृति शोक र विद्रोहको उत्कृष्ट नमूना भएको भनी टिप्पणी गरेका छन् ।

चैतन्य (२०५१) ले कलम (३:१) पत्रिकाको 'समकालीन नेपाली कविता : एक सङ्क्षिप्त मूल्याङ्कन' भन्ने लेखमा 'इच्छुक' लाई ग्रामीण वर्गसङ्घर्षका भावलाई घनीभूत ढङ्गले अभिव्यक्त गर्ने कविका रूपमा प्रस्तुत गरेका छन् । चैतन्यले 'दार्बोटको जङ्गलमा' शीर्षकको कवितालाई साक्ष्यका रूपमा राखेर उपमा र प्रतीकका माध्यमबाट वर्गसङ्घर्षको सजीव तस्वीर उतारेको कुरा व्यक्त गरेका छन् ।

ताराकान्त पाण्डेय (२०५४) ले **कलम** (३:१) पत्रिकाको 'द्वन्द्वरत वर्तमान र वर्तमानका कविता लेखन' भन्ने समीक्षात्मक लेखमा द्वन्द्वरत वर्तमानमा कवि कृष्ण सेन 'इच्छुक'का कविता जनसमरसिर्जित नवयथार्थको अभिव्यञ्जनामा निकै सफल रहेको र तिनमा द्वन्द्वरत वर्तमानको यथार्थ प्रभावकारी ढङ्गले अभिव्यक्त भएको बताउँदै कविले प्रकृतिका साहचर्यमा प्रतिकूल परिस्थितिबीच पनि स्वर्णिम भविष्यको कामना गर्ने मानिस/जीवनहरू मुस्कुराइरहेकै अनुभव गरेको बताएका छन् ।

इच्छुक सांस्कृतिक प्रतिष्ठान (२०५६) ले प्रकाशन गरेको **इतिहासको यस घडीमा** कविता सङ्ग्रहको प्रकाशकीयमा 'इच्छुक' प्रगतिवादी नेपाली कविताका क्षेत्रमा आफ्नो छुट्टै परिचय स्थापित गर्न सक्षम कवि भएको तथा शब्द र अर्थका मेलमा जोड दिने उनका कविता जीवन्त, लयात्मक र सम्प्रेषणयुक्त छन् तथा विचारका दृष्टिले उच्च छन्, भाषिक संरचनाका दृष्टिले एकदमै कोमल छन् भन्दै कवि इच्छुकलाई श्रमसौन्दर्यको पक्षधर र श्रमजीवी वर्गको मुक्तिका गायक भनी चर्चा गरिएको छ ।

ऋषिराज बराल (२०५६) ले **जनादेश** (८:३) पत्रिकाको "इच्छुक : **इतिहासको यस घडीमा** र रागात्मक अनुभूति" शीर्षकको लेखमा कवि 'इच्छुक' का कविता अन्तर्वस्तु र रूप दुवै दृष्टिले चिरकालिक प्रभाव पार्ने किसिमका छन् र ती प्रगतिवादी आन्दोलनका विशिष्ट प्राप्ति तथा उपलब्धि हुन् भनी टिप्पणी गरेका छन् ।

मातृका पोखरेल (२०५६) ले **जनएकता** (५:८) पत्रिकाको "सामाजिक मूल्यको कसीमा 'इच्छुक' का कविता" भन्ने लेखमा **इतिहासको यस घडीमा** कविता सङ्ग्रहको कृतिगत

समीक्षा गर्दै यस सङ्ग्रहले प्रगतिवादी कवितालाई व्यवस्थित ढङ्गले अध्ययन गर्न चाहनेहरूका लागि निकै ठूलो योगदान गर्न सक्ने कुरा बताएका छन् ।

चैतन्य (२०५६) ले **कलम** (८:१) पत्रिकाको "'इच्छुक' रचित इतिहासको यस घडीमा शीर्षक कविता सङ्ग्रहबारे" भन्ने लेखमा प्रगतिवादी दृष्टिकोण र मार्क्सवादी चिन्तनबाट 'इच्छुक' का कविताको चिरफार गर्दै स्वरसन्धान, शिल्पविधान, सांस्कृतिक मूल्यबोधको नयाँ आयाम जस्ता आन्तरिक र बाह्य सौन्दर्यका पक्षबाट कविता सङ्ग्रहको विवेचना गरेका छन् ।

विष्णु प्रभात (२०५६) ले **कलम** (८:१) पत्रिकाको "इतिहासको यस घडीमा 'इच्छुक'" भन्ने लेखमा 'इच्छुक' का कविताले सन्तुलन र कुशलता हासिल गर्न नसकेका र उनका कविता सामान्य र संवेदनाशील छन् भनेर वर्गीकरण गरेका छन् । उनले यी कवितामा भाव र भावना पर्याप्त भएर पनि शिल्पपक्ष र गेयात्मक पक्ष न्यून हुँदा अन्तर्वस्तु र रूपको सन्तुलन कायम राख्न नसकेकाले उनका सबै कविता पूर्ण सफल छैनन् भनेर टिप्पणी गरेका छन् ।

ताराकान्त पाण्डेय (२०५६) ले **खसानी** (१:१) पत्रिकाको "इतिहासको यस घडीमा : वैचारिक र कलात्मक निष्ठाको स्मारक" भन्ने लेखमा सरलता र गीतिमयता 'इच्छुक' को आफ्नो शैलीगत वैशिष्ठ्य हो । उनका कवितामा शब्दको कसरत, कुदाइ र गूढ प्रयोग हुँदैन । शब्दको नीरस खेल उनका कविताको आशय होइन । स्थानीय रङ्ग र परिवेशबाट कवितालाई बढी यथार्थवादी बनाउँदै यो कविता कृति कलाको वैचारिक र कलात्मक निष्ठाको स्मारक भएको चर्चा गरेका छन् ।

ऋषिराज बराल (२०५७) ले **बन्दी र चन्द्रागिरिको** भूमिकामा 'इच्छुक' को काव्य प्रवृत्तिलाई ठम्याउने प्रयास गर्दै आफूले लिएका विषयवस्तुलाई नजिकैबाट अनुभूत गर्नु, स्थानीय रङ्ग, भूगोल र प्रकृतिलाई विचारसित घोलेर मानवीकरण गरी नवीन बिम्ब र प्रतीकमार्फत् नवीन आदर्शको उद्बोधन गर्नु 'इच्छुक' को वैशिष्ठ्य भएको चर्चा गरेका छन् ।

ताराकान्त पाण्डेय (२०५७) ले **कलम** (८:४) पत्रिकाको "सौन्दर्य बिम्बका आधार र समकालीन कवितामा यस अङ्कन" भन्ने लेखमा **बन्दी र चन्द्रागिरि** काव्य जीवनानुभूतिको विशिष्ट बिम्बात्मक पुनः सिर्जनाका रूपमा देखापरेको भन्दै यो काव्य सिङ्गै बिम्बमालाका रूपमा रहेको उल्लेख गरेका छन् ।

राजेन्द्र सुवेदी (२०५७) ले **साहित्य सन्ध्या** (९:२) पत्रिकामा **बन्दी र चन्द्रागिरि** खण्डकाव्यको समीक्षा गर्ने क्रममा प्रगतिशील कविता लेखनका क्षेत्रमा पचासको दशकमा

उच्च सफलता प्राप्त गरेका कृतिहरूमध्ये पहिलो स्थानमा पर्छ भन्ने ठोकुवा गर्दै त्यसलाई प्रगतिशील फाँटभित्र देखापरेको ढुलमुले चरित्रलाई किनारा लगाउन सक्षम भएको कृति भन्ने निष्कर्ष निकालेका छन् ।

चैतन्य (२०५७) ले समकालीन नेपाली कविताको "नेपाली प्रगतिवादी कवितामा क्रान्ति र कलाको सङ्गति" भन्ने लेखमा नेपाली प्रगतिवादी कविताको ऐतिहासिक विकास प्रक्रियालाई तीन चरणमा बाँडेर अध्ययन गरेका छन् । उनले २०३६/०३७ साललाई दोस्रो अवधिको प्रगतिवादी कविताको एक उत्कर्ष काल मानेका छन् । उनले 'जेल' कवितालाई साक्ष्यमा राखेर जेलभित्र र बाहिरको त्रासपूर्ण जिन्दगीबीच तुलना गर्दै सिङ्गो देशलाई नै जेल देख्न पुगेको कुरा उल्लेख गरेका छन् । तेस्रो अवधिमा पनि 'इच्छुक' का 'दार्बोटको जङ्गलमा', 'बर्मझिया', 'तिम्रा युद्ध र बन्दुकहरूका विरूद्ध' कविताहरूको टिप्पणी गर्दै कवितामार्फत् गाउँमा पुरानो सत्ताका विरूद्ध जन्मन लागेको नयाँ सत्ताका यथार्थलाई व्यक्त गर्ने र प्रकृतिको मानवीकरण गर्ने काम भएको छ भनेर समीक्षा गरेका छन् ।

ताराकान्त पाण्डेय (२०५८) ले **साहित्य सन्ध्या** (१:१०) पत्रिकाको "उत्तरआधुनिकताको परिप्रेक्ष्य र समकालीन कविताको दिशाबोध" भन्ने लेखमा उत्तरआधुनिकतावादीहरूले आदर्श र मूल्य विघटनको हल्ला मच्चाए पनि समाजवादी यथार्थवादीहरूका लागि यो विभ्रम हो भन्दै 'इच्छुक' का कविताले जीवनलाई मूल्य र महत्ता प्रदान गरिरहेको टिप्पणी प्रस्तुत गरेका छन् ।

ईश्वरचन्द्र ज्ञवाली (२०५८) ले **सहयात्री** (२:२) पत्रिकाको "'इच्छुक'को **बन्दी र चन्द्रागिरि** माथि केही हरफ" भन्ने लेखमा **बन्दी र चन्द्रागिरि**मा देशप्रेमको स्वर मुखरित भएको साम्यवादी विचार प्रवाहको निरन्तर यात्रा र यसको अमरताको छनक पनि दिइएको र यो कृति क्रान्तिकारीहरूका लागि एउटा खुराक हुनाका साथै बौद्धिकहरूका लागि मन्थनको विषय भएको टिप्पणी गरेका छन् ।

जगदीशचन्द्र भण्डारी (२०५९) ले **वेदना** (३:६७) पत्रिकाको "इच्छुक : अग्रगामी चेत र विद्रोहका उत्कृष्ट कवि" भन्ने लेखमा कविको परिचय, प्रकाशित तीनवटा कृतिको चर्चा र निष्कर्ष दिंदै भनेका छन् - "कवि 'इच्छुक' क्रान्तिकारी भावदृष्टि भएका सर्वहारावादी कवि हुन्, उनका कविता सहज, सुबोध, हृदयसंवेद्य छन् । गद्यलयमा पनि सङ्गीतात्मक विशेषताले गर्दा कविता गेयात्मक बनेका छन् । तिनमा व्यङ्ग्य विद्रोहका साथ अनुभूत यथार्थ र अग्रगामी

चेतको अभिव्यक्ति छ । जनताको मुक्ति, सङ्घर्ष र सङ्घर्षशील प्रवृत्तिलाई 'इच्छुक'का कविताले अभिव्यञ्जन गरेका छन् ।"

सुकुम शर्मा (२०६०) ले आफ्नो कृति **कवि इच्छुक : कविताका सन्दर्भमा**मा कवि कृष्ण सेन 'इच्छुक' को पृष्ठभूमि, परिचय, साहित्यक-सिर्जना, उनका कवितामा प्रतिबिम्बित सौन्दर्य र उनका प्रकाशित कृतिहरूको चर्चा गरेका छन् । साथै दुई दर्जन फुटकर कविताको टिप्पणी गर्दै निष्कर्षमा उनका विशेषतालाई बुँदागत रूपमा प्रस्तुत गरेका छन् । यस कृतिको दोस्रो भागमा कवि 'इच्छुक' को हत्या हुँदा आफ्नो मन आहत भई कवितामै आफ्नो 'शब्द श्रद्धा' पनि प्रस्तुत गरेका छन् ।

खगेन्द्रप्रसाद लुँइटेल (२०६०) ले आफ्नो कृति **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**मा कवि कृष्ण सेन 'इच्छुक' लाई प्रगतिवादी चिन्तनमा केन्द्रित भएर प्रगीतात्मक र आख्यानात्मक संरचनामा आबद्ध भई कविता लेख्ने स्रष्टाका रूपमा चर्चा गरेका छन् । उनले 'इच्छुक' का कवितामा बन्दी जीवनका पीडाजन्य अनुभूति, जनमुक्ति, सङ्घर्षको भावना, श्रमको सम्मान, वर्गविभेदको विरोध, वर्गीय पक्षधरता, वर्गप्रेम, देशप्रेम, बलिदानी भावना र जागरणको स्वर अभिव्यञ्जित भएको चर्चा गरेका छन् । उनले कवि 'इच्छुक' लाई क्रान्तिकारी र विद्रोही चेतना, राजनीतिक प्रतिबद्धता र मार्क्सवादी सौन्दर्यशास्त्रीय चिन्तन भएका कविका रूपमा चिनाएका छन् ।

चैतन्य (२०६४) ले आफ्नो समीक्षात्मक कृति **क्रान्ति र सौन्दर्य**मा **बन्दी र चन्द्रागिरि**लाई समसामयिक नेपाली प्रगतिवादी कविता क्षेत्रको नवीन प्राप्ति र जनयुद्धको भावपूर्ण दस्तावेजकै रूपमा उल्लेख गरेका छन् । यसलाई वैचारिक र कलात्मक दुवै दृष्टिले विलक्षण क्रान्तिकारी भावपूर्ण काव्य भएकाले एक्काइसौं शताब्दीको एक उत्कृष्ट नमुनाका रूपमा पनि लिएका छन् ।

ताराकान्त पाण्डेय (२०६४) ले **प्रतिबिम्बन** (७:१३) पत्रिकाको 'कविता र क्रान्तिमा आस्था : उदात्त महाख्यानको प्रस्तुति' भन्ने लेखमा इच्छुकले निर्माण गरेको उदात्त महाख्यान **बन्दी र चन्द्रागिरि** काव्यमा भएको, त्यहाँ क्रान्ति र साम्यवादको भविष्यप्रति कतै सन्देह नभई केवल अविराम एवम् तीव्र विश्वास भएको, क्रान्तिकर्मको त्यो विश्वास उनका कवितामा आह्लादक बान्कीमा प्रस्तुत हुनाका साथै अब क्रान्ति रूमानी विषय रहेन, त्यसले विज्ञानको

रूप प्राप्त गरेको र क्रान्ति अर्थात् नेपाली जनयुद्ध नेपाली समाजको कठोर तर उदात्त यथार्थ बन्न पुगेको टिप्पणी गरेका छन् ।

अशोक सुवेदी (२०६४) ले **आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक'** भन्ने पुस्तक सम्पादन तथा प्रकाशन गरेका छन् । यस पुस्तकलाई दुई खण्डमा विभाजन गरेर प्रथम खण्डमा कृष्ण सेन 'इच्छुक' को जीवनी, व्यक्तित्व र कृतित्वमाथि ३८ जना लेखकका समीक्षा र संस्मरण रूपका ३९ वटा लेख समावेश गरिएको छ भने दोस्रो खण्डमा लेख, रचना र अन्तर्वार्ता समावेश गरिएको छ ।

ईश्वरचन्द्र ज्ञवाली र अन्य (२०६५) द्वारा सम्पादित **कृष्ण सेन 'इच्छुक' स्मृतिग्रन्थ**लाई पहिलो खण्डमा जीवनवृत्त र व्यक्तित्व, दोस्रो खण्डमा उनका कृति र ती कृतिमाथि गरिएका समालोचनाहरू, तेस्रो खण्डमा संस्मरणहरू र चौथोमा टिप्पणी र विविधपक्षलाई समावेश गरिएको छ । यस ग्रन्थभित्रका धेरैजसो रचनाहरू पूर्वप्रकाशित छन् र त्यहाँ साभार गरी राखिएको छ । यस ग्रन्थले 'इच्छुक' लाई गम्भीर रूपमा बुझ्न ठूलो सहयोग पुऱ्याएको छ ।

**नौलो बिहानी** (२०६५) पत्रिकाले आफ्नो असार-साउन अङ्कलाई 'कृष्ण सेन विशेषाङ्क' का रूपमा प्रकाशित गरेको छ । यसमा ३८ जना लेखकका 'इच्छुक' को जीवनी, व्यक्तित्व र कृतित्वमाथि लेखिएका लेखहरू रहेका छन् । यो पत्रिका इच्छुकका बारेमा जान्न र बुझ्न चाहनेहरूका लागि महत्वपूर्ण सामग्री मान्न सकिन्छ ।

हेमनाथ पौडेल (२०६५) ले आफ्नो **प्रगतिवादी दृष्टिमा कवि र कविता** कृतिमा अटल निष्ठा र बलिदानका प्रतिमूर्ति कवि कृष्ण सेन 'इच्छुक' भनी टिप्पणी गरेका छन् ।

सुरेश रानाभाट (२०६५) ले **कवि कृष्ण सेन 'इच्छुक' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (अप्रकाशित एम.ए. शोधपत्र) मा इच्छुकको जीवनी, व्यक्तित्व र कृतित्वको विवेचना गरेका छन् । उनले इच्छुकका तीनवटै कृतिको सामान्य विवेचना गरेका छन् भने पृष्ठ ७६ मा **इतिहासको यस घडीमा** कविता सङ्ग्रहभित्रका कविताहरू शोषक-सामन्त वर्गले राज्यसत्ता सम्हालिरहेको नेपाली परिवेशमा वर्गसङ्घर्ष, जनसङ्घर्षका भावधारासँग आबद्ध भई नेपाली नयाँ जनवादी क्रान्तिका दिशासँग प्रतिबद्ध भएर आएका बताएका छन् ।

चैतन्यले **समीक्षा र सौन्दर्य** (२०६५) को "'इच्छुक' को साहित्यिक व्यक्तित्व र कृतित्व : एक सङ्क्षिप्त मूल्याङ्कन" भन्ने लेखमा 'इच्छुक' को साहित्यिक यात्रालाई तीन चरणमा विभाजन गरी उनका विभिन्न प्रवृत्तिहरूका बारेमा चर्चा गरेका छन् ।

**इच्छुक रचनावली भाग २** (२०६५) को प्रकाशकीयमा 'इच्छुक' का कवितालाई नेपाली साहित्यका सुन्दर सृष्टि र आदर्श बिम्बका अनुपम सौन्दर्य ठान्दै उनको साहित्यिक जीवनलाई तीन आयाममा देखाइएको छ ।

चैतन्यले **इच्छुक रचनावली भाग २** (२०६५) को भूमिकामा 'इच्छुक' का कविताहरूमा नेपाली वर्गसङ्घर्ष र जनयुद्धका उदात्त भावधारा र महागाथाहरू अङ्कित हुनाका साथै आजको साम्राज्यवाद र सर्वहारा वर्गसङ्घर्ष र जनयुद्धका तुफानी केन्द्रमा उभिएर रचिएका 'इच्छुक' का कविताहरूको यो सङ्कलन समाजवादी यथार्थवादलाई संवहन गर्ने वर्तमान युगको प्रतिनिधिमूलक कविता सङ्ग्रह भएको बताएका छन् ।

नारायण खनाल (२०६६) ले **'इच्छुक' का कवितागत प्रवृत्तिको अध्ययन** (अप्रकाशित एम.ए. शोधपत्र) मा कवितागत विविध प्रवृत्तिको विवेचना गर्ने सन्दर्भमा पेज नं. ६१ मा क्रान्तिचेतना 'इच्छुक' का रचनामा पाइने पहिलो र महŒवपूर्ण प्रवृत्तिका बारेमा जानकारी गराउँदै उनका कविताले जस्तोसुकै पीडा आइपर्दा पनि मुस्कुराउँदै, जुर्मुराउँदै, तेजिलो धार र इस्पाती तरवार भएर क्रान्तिका लागि उठ्नुपर्छ भन्ने क्रान्तिकारी विचार अभिव्यक्त गरेको कुरा उल्लेख गरेका छन् ।

उपर्युक्त पूर्वकार्य बाहेक **जनादेश, जनदिशा, कलम, जलजला, महिमा, नयाँ पत्रिका, कान्तिपुर** लगायतका विभिन्न पत्रपत्रिकामा उनी र उनका कृतित्वका बारेमा लेखिएका फुटकर कविता लेखरचनाहरू छापिएका छन् ।

यसरी निष्कर्षमा पुग्ने प्रयास गर्दा करीब तीन दशक लामो कविता साधनामा जीवन बिताउने 'इच्छुक' को कविता लेखनबाट प्राप्त उपलब्धि, उनको काव्य सौन्दर्यको विकास र चरणगत प्रवृत्ति आदिको अध्ययन र उनका सम्पूर्ण कविताहरूको विश्लेषण, मूल्याङ्कन आदि बारे अझ धेरै कार्य हुन बाँकी रहेको स्पष्ट रूपमा देख्न सकिन्छ । यसै पृष्ठभूमिमा प्रस्तुत शोधकार्यमा इच्छुकका काव्यकृति एवम् फुटकर कविताहरूमा क्रान्तिचेतनाको अध्ययन गरिने छ ।

## १.५. अध्ययनको औचित्य, महत्व र उपयोगिता

कृष्ण सेन 'इच्छुक' का कविताहरूले नेपाली प्रगतिवादी कविताका इतिहासमा महत्वपूर्ण योगदान दिएका छन् । उनको काव्य **बन्दी र चन्द्रागिरि** को चर्चा परिचर्चा हुनाका

साथै कवितागत प्रवृत्ति अन्तर्गत क्रान्तिचेतको संक्षेपमा चर्चा भए पनि उनका समग्र कविताहरूमा पृथक् रूपमा क्रान्तिचेतको अध्ययन भएको पाइँदैन । अतः यहाँ उनका कविताकाव्यहरूमा व्यवस्थित ढङ्गले क्रान्तिचेतको व्यापक अध्ययन अनुसन्धान गरिनु औचित्यपूर्ण देखिन्छ । नेपाली प्रगतिवादी कविताको विकासमा 'इच्छुक' ले पुऱ्याएको योगदानलाई क्रान्तिचेतका दृष्टिले मूल्याङ्कन गर्न र आउने पुस्तालाई 'इच्छुक' ले नेपाली प्रगतिशील साहित्यमा दिएको योगदानको महत्व बुझाउन यस शोधपत्रले ठूलो सहयोग पुऱ्याउने अपेक्षा राख्नु यसको महत्वपूर्ण कार्य हो । अतः अध्ययनको औचित्य, महत्व र उपयोगिता स्वतः स्पष्ट हुने देखिन्छ ।

## १.६. शोधकार्यको क्षेत्र र सीमा

कृष्ण सेन 'इच्छुक' का **शोकाञ्जलि** (२०४८), **बन्दी र चन्द्रागिरि** (२०५७), **इतिहासको यस घडीमा** (२०५६), **बन्दी आवाज** (२०६५), **आरम्भिक कविता** (२०६५) जस्ता काव्यकविता कृति प्रकाशित भएका छन् । यी बाहेक उनले अन्य साहित्यिक र साहित्येतर विधामा समेत कलम चलाएका छन् । यस शोधपत्रमा उनका **शोकाञ्जलि** (२०४८) र **बन्दी र चन्द्रागिरि** (२०५७) काव्यकृति लगायत **'इच्छुक' रचनावली भाग-२** (२०६५) मा सङ्कलित **इतिहासको यस घडीमा** (२०५६), **बन्दी आवाज** (२०६५) र **आरम्भिक कविता** (२०६५) कविता सङ्ग्रहका फुटकर कविताहरूको अध्ययन एवम् विश्लेषण गरिएको छ । अन्य कृति एवम् साहित्यिक र साहित्येतर लेख रचनाहरूको विश्लेषण यस शोधपत्रमा नगरिनु नै यस शोधकार्यको सीमा हो ।

## १.७. शोध विधि

### १.७.१. सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका लागि सामग्री सङ्कलन गर्दा मूलतः पुस्तकालयीय स्रोत प्रयोग गरिएको छ । यसका साथै कविका आफन्त, सहयोद्धा र समकालीन साहित्यकारहरूसँग प्रत्यक्ष रूपमा भेटी आवश्यक जानकारी र सामग्री लिइएको छ । 'इच्छुक' र उनका कविता एवम् कृतिका बारेमा गरिएका समीक्षा र टिप्पणीहरूको अध्ययनका साथै कविता विश्लेषणका लागि आवश्यक पर्ने सैद्धान्तिक आधार र विभिन्न साहित्यिक विद्वान्हरूका सुझावहरूलाई पनि सामग्री सङ्कलनको आधार बनाइएको छ ।

### १.७.२. विश्लेषणको सैद्धान्तिक आधार तथा ढाँचा

यस शोधकार्यमा मूलतः विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । कविताको विश्लेषण गर्दा मार्क्सवादी सौन्दर्य शास्त्र/चिन्तन, प्रगतिवादी कलामूल्य र प्रचण्डपथीय सौन्दर्य चिन्तनका मापदण्ड प्रयोग गरिएको छ । यसका साथै 'इच्छुक' का कविता सिर्जनाका पृष्ठभूमिमा रहेका सन्दर्भहरू, उनले बाँचेको युग, देशको राजनैतिक, सामाजिक अवस्था आदिलाई कविता विश्लेषणको आधारमा स्थापित गर्ने प्रयास गरिएको छ ।

## १.८. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्र निम्नानुसार परिच्छेदहरूमा विभाजन गरी व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गरिएको छ :

पहिलो-परिच्छेद : शोध परिचय

दोस्रो-परिच्छेद : 'इच्छुक' का कविता यात्रा र सिर्जनाको स्थिति

तेस्रो-परिच्छेद : 'इच्छुक' का काव्यकृतिको रचना धर्मिता

चौथो-परिच्छेद : 'इच्छुक' का काव्यकृतिको विश्लेषण

पाँचौं-परिच्छेद : 'इच्छुक' का कविता सङ्ग्रहमा सङ्कलित फुटकर कविता-हरूको विश्लेषण

छैठौं-परिच्छेद : 'इच्छुक' का काव्यकृतिमा क्रान्तिचेत

सातौं-परिच्छेद : उपसंहार

यसरी सात परिच्छेदमा प्रस्तुत शोधपत्र सङ्गठित एवम् संयोजित रहेको छ ।

# दोस्रो-परिच्छेद

## 'इच्छुक'को कविता यात्रा र कविता सिर्जनाको स्थिति

### २.१. जीवनी : कृष्ण सेन 'इच्छुक'

नेपाली प्रगतिवादी कविता साहित्यका प्रखर कवि कृष्ण सेन 'इच्छुक'को पिता यम बहादुर सेन र माता भीमकुमारी सेनको कोखबाट जेठा पुत्ररत्नका रूपमा वि.सं.२०१३ साल कार्त्तिक ३ गते भारतको देहरादूनमा जन्म भएको हो । उनका हजूरबुबा भीमबहादुर सेन रोल्पाको गजुरकोटबाट प्यूठानको साराङकोट भन्ने ठाउँमा बसाँइ सरेर आएका थिए । उनको स्थानीय घर भने अर्घाखाँची जिल्लाको जुलुके गा.वि.स. वडा नं. ७ मा पर्ने सातमारा भन्ने ठाउँ हो । 'इच्छुक'को प्रारम्भिक कर्मथलो भने दाङ-देउखुरी नै हो । उनका पिता भारतीय सेनामा जागिरे छँदै यिनको जन्म भारतको देहरादूनमा भएको हो । यिनको वास्तविक नाम कृष्ण बहादुर सेन भए पनि साहित्यका क्षेत्रमा यिनी कृष्ण सेन 'इच्छुक'का नामले परिचित छन् ।

पाँच वर्षको वाल्यावस्थामा 'इच्छुक'की आमा भीमकुमारीको मृत्यु भएपछि यिनका पिताले अर्को विवाह गरे र यिनले बाल्यावस्थामै सौतेनी आमासमेत बेहोर्नु पऱ्यो । (तक्मा के.सी. बाट प्राप्त जानकारी) मातृवियोगको पीडाका कारणले पनि 'इच्छुक' वाल्यावस्थादेखि नै बढी संवेदनशील, भावुक र कल्पनाप्रेमी बन्दै गए । यसका साथै गरिबी, अभाव र विपन्नताका बीचमा हुर्कँदै र समाजमा ठुलाठालु, शोषक, फटाहा, तिनका धम्की, रवाफ एवम् उत्पीडनका पीडा खप्दै गरिबीमाथि भएका शोषण, अन्याय र अत्याचारलाई देखेर उनी सानैदेखि विद्रोही र अन्यायका विरोधी बनेको देखिन्छ ।

वि.सं. २०३२ सालमा दाङको श्री सरस्वती मा.वि. बाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका 'इच्छुक'ले भारतको बनारसबाट प्राइभेट रूपमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरे । त्रि.वि. शिक्षाशास्त्र क्याम्पस, कीर्तिपुरबाट २०४७ मा बी.एड.उत्तीर्ण गरेका 'इच्छुक'ले २०५५ साल पुस १९ गते ललितपुरको भट्टेडाँडाको प्रहरी चौकामा भएको माओवादी आक्रमणको समाचार फोटोसहित **जनादेश** मार्फत् छापेको अभियोगमा २०५६ साल बैशाख ६ गते उनी गिरफ्तारमा परेर जेल जीवन भोगिरहदा २०५७ सालमा एम.ए. नेपाली विषय तयारीका साथ परीक्षा दिन फारम भरे पनि तात्कालिक प्रजातान्त्रिक भनाउँदो निरङ्कुश शैलीको सरकारले अत्यन्तै

पूर्वाग्रही भएर उनलाई परीक्षा दिन पाउने अधिकारबाट वञ्चित गरायो । अतः कष्टकर जीवन सँगसँगै उनले एम.ए. सम्मको उच्च शिक्षा अध्ययन गरेका छन् ।

साहित्यिक, राजनीतिक, पत्रकार तथा सम्पादक, अनुवादक, कर्मचारी, सामाजिक, सांस्कृतिक हुँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यक्तित्वका धनी 'इच्छुक'ले आफ्नो जीवनमा राजनीति र साहित्यलाई मूल उद्देश्य बनाएको पाइन्छ । जीवनलाई सङ्घर्षको पर्यायका रूपमा हेर्ने 'इच्छुक'ले द्वन्द्वात्मक भौतिकवादी जीवनदृष्टिलाई आत्मसात गरेका छन् । उनले साहित्यलाई सङ्घर्षशील जीवनको कलात्मक अभिव्यक्तिका रूपमा ग्रहण गरेका छन् । मार्क्सवादी जीवनपद्धतिअनुसार उनले सरल र सादापनलाई आफ्नो पहिचान बनाउँदै शब्द र कर्ममा सामञ्जस्य ल्याउनु उनको जीवनदर्शन हो । यसका अलावा उनी नम्र बोलीबचन, प्रौढ आनीबानी, स्पष्ट, सफा, निष्कलङ्क र वादविवादरहित व्यवहार, मृदुभाषी, सभ्य र सुसंस्कृत स्वभावका धनी मानिन्छन् । मार्क्सवादी चिन्तन र राजनीतिदेखि मुक्त विशुद्ध साहित्यलाई बौद्धिक विलास र बुर्जुवा वर्गको प्रलापमात्र ठान्ने 'इच्छुक' मार्क्सवादी चिन्तन र दृष्टिकोण अनुसार यस सन्दर्भमा उनले समाजको दर्पण र सामाजिक यथार्थको कलात्मक प्रतिबिम्बका रूपमा रहेको साहित्य आफ्नो समयको युगचेतना र युगबोध हो भन्दछन् ।

वि.सं. २०३२ साल असार १३ गते **मातृभूमि** साप्ताहिकमा 'भोलिप्रति' कविता प्रकाशनसँगै औपचारिक रूपमा आफ्नो साहित्यिक यात्रा आरम्भ गरेका 'इच्छुक'ले **शोकाञ्जलि** (२०४८), **बन्दी र चन्द्रगिरि** (२०५७) दुई खण्डकाव्य र **इतिहासको यस घडीमा** (२०५६) र यसै कविता सङ्ग्रह लगायत **बन्दी आवाज** र **आरम्भिक कविता** गरी तीन वटा कविता सङ्ग्रह **इच्छुक रचनावली, भाग-२** (२०६५) मा सङ्ग्रहका रूपमा प्रकाशित छन् । उनले कविता विधाका अतिरिक्त फुटकर कथा तथा निबन्धहरू पनि लेखेको पाइन्छ । केही लेख, चिट्ठी, संस्मरण, कृतिमाथि भूमिका, अनुवाद आदि साहित्यिक विधाहरूमा समेत उनले कलम चलाएको पाइन्छ । जहाँ रहेर जस्तोसुकै सिर्जनामा लेखनी चलाएपनि गरिबी, अन्याय, अत्याचार, शोषण आदिको विरोध गर्नु र जनतालाई त्यसका विरुद्ध मोर्चाबन्दीमा आबद्ध गरी परिवर्तनका लागि आन्दोलित तुल्याउने क्रान्तिचेत प्रदान गर्नु उनका कृतिका मूल उद्देश्य हुन् ।

कृष्ण सेनको जीवनको दोस्रो महत्वपूर्ण व्यक्तित्व भनेको राजनीतिक व्यक्तित्व हो । दाङको लालमटिया मा.वि. मा पढ्दादेखि नै ने.क.पा. चौ.म.सँग सम्बन्धित रहेका 'इच्छुक'

२०३७ सालमा अनेरास्ववियू, दाङको नेतृत्व गर्दै २०४७ सालमा राप्ती क्षेत्रको तत्कालीन ने.क.पा. मसालको पार्टी सचिव समेत भए भने पार्टीको चुनावीमोर्चा संयुक्त जनमोर्चा नेपालको केद्रीय सदस्यसमेत रहेर आफ्नो जिम्मेवारी पूरा गरे । २०४८ सालमा क्रान्तिकारी वामपन्थी पार्टीहरु बीच राष्ट्रिय एकता सम्मेलनमा राप्तीबाट प्रतिनिधित्व गरेका 'इच्छुक'ले केन्द्रीय समितिको सदस्य बन्न अस्वीकार गरी आफू सिर्जनात्मक कार्यमा लाग्ने बताए तर ने.क.पा. (माओवादी) ले २०५२ सालमा जनयुद्धको घोषणा गरेपछि उनले आफूलाई त्यसमै आबद्ध गरेर आफ्नो राजनीतिक व्यक्तित्व अझ प्रखर बनाउँदै लगे र पार्टी भित्र-बाहिर एक जनपक्षीय सुपरिचित व्यक्तित्वको निर्माण गरे ।

तुलनात्मक रूपमा उनको जीवानको मूल कार्य साहित्य सिर्जना नै हो । अतः 'इच्छुक'का काव्यकृति र सिर्जनात्मक योगदानको कदर गर्दै 'यादव प्रतिभा पुरस्कार(२०४८)', 'साहित्यसन्ध्या पुरस्कार (२०५७)', 'स्रष्टा पुरस्कार (२०५८)', 'साहित्य-सङ्गम चितवन सम्मान (२०५८)' आदिबाट सम्मानित समेत भएका छन् । उनको हत्यापश्चात उनको योगदानको महत्व झन् बढेको देखिन्छ । तत्पश्चात उनलाई 'लोकेन्द्र स्मृति पुरस्कार (२०५९)', 'प्रगतिशील लेखक सङ्घ, नेपाल सम्मान (२०५९)', नेत्रलाल अभागी सम्मान (२०६०)', 'प्रलेस दाङद्वारा प्रगतिशील साहित्य पुरस्कार (२०६४)', 'प्रेस स्वतन्त्रता सेनानी पुरस्कार (२०६५)' द्वारा सम्मानित गरिएको छ । उनको सहादतपछि उनका नाउँबाट थुप्रै पुरस्कारहरु स्थापना गर्दै ए.ने.क.पा. (माओवादी) ले उनलाई 'महान् सांस्कृतिक सहिद' को रूपमा घोषणा समेत गरेको छ ।

जनपक्षीय एवम् क्रान्तिचेतका प्रखर कवि 'इच्छुक' सधैं राज्यको आँखाको तारो बनि नै रहे । अतः संकटकालको समयमा वि.स. २०५९ जेष्ठ ६ गते 'इच्छुक'लाई काठमाडौंबाट गिरफ्तार गरी महेन्द्र पुलिस क्लवको हिरासतमा अमानवीय यातना दिएर वि.स. २०५९ साल जेष्ठ १३ गते हत्या गरियो र गुपचुपका साथ उनको पार्थिव शरीरलाई पशुपतिको आर्यघाटमा लगेर खरानी बनाइयो । उनको मृत्युको खबरले सारा न्यायप्रेमी जनता, शोकविह्वल भए पनि 'इच्छुक'को सङ्घर्षशील जीवन, निडर र साहसिक स्वतन्त्र लेखनले हरेक व्यक्तिलाई न्यायपूर्ण नयाँ नेपालको निर्माणमा झकझकाइ रहने छ ।

## २.२. इच्छुकको कविता यात्रा र चरण विभाजन

कृष्ण सेन 'इच्छुक' को कविता यात्रा औपचारिक रूपमा २०३२ सालदेखि प्रारम्भ भएको हो । उनको 'भोलिप्रति' शीर्षकको कविता २०३२ असार १३ गते **मातृभूमि** (वर्ष ९, अङ्क २७, २०३२ असार) नामक साप्ताहिक पत्रिकामा छापिएको हो । विद्यार्थी जीवनदेखि नै कविता लेख्न थालेका 'इच्छुक' आफ्नो जीवनको अन्तिम समयसम्म पनि निरन्तर रूपमा कविता लेखन कार्यमा सक्रिय रहेको देखिन्छ । फुटकर रूपमा कविता लेखन कार्य पहिलेदेखि गर्दै गरेको भए पनि उनको प्रथम पुस्तकाकार कृति भने **शोकाञ्जलि** (२०४८) शोककाव्य नै हो । उनको **इतिहासको यस घडीमा** (२०५६) शीर्षकको कविता सङ्ग्रह दोस्रो पुस्तकाकार कृति हो । **बन्दी र चन्द्रागिरि** (२०५७) शीर्षकको लामो गद्यात्मक खण्डकाव्य तेस्रो क्रममा प्रकाशित भएको हो । विभिन्न पत्रपत्रिकाहरूमा विविध समयमा प्रकाशित कविताहरूका सङ्ग्रहका रूपमा **बन्दी आवाज** र **आरम्भिक कविता**लाई 'इच्छुक' सांस्कृतिक प्रतिष्ठानले **इच्छुक रचनावली भाग-२** (२०६५) मा प्रकाशित गरेको छ । उनको लेखन कविता विधा राम्ररी मौलाएको छ । अन्य विधामा फाट्टफुट्ट कलम चलाए पनि कविता विधा नै उनको प्रमुख र मनपर्ने विधाका रूपमा देखापरेको छ । कविताका सम्बन्धमा 'इच्छुक' स्वयम् भन्दछन् - "साहित्यका विविध विधाहरूमध्ये मलाई बढी प्रिय लाग्ने विधा कविता नै भएकाले सुरुदेखि म कविता लेखनतर्फ बढी क्रियाशील भएको हुँ । सुरु-सुरुमा फुटकर कथा तथा निबन्धहरू पनि लेखें तर मेरो निरन्तरता र साधना बढीभन्दा बढी कविता विधामै रह्यो । (इच्छुक २०६६ : ११६) ।" उनका कविताकृतिहरू मार्क्सवादी कला सौन्दर्य, प्रचण्डपथीय सौन्दर्य चिन्तन र कम्युनिष्ट विचारधाराबाट बढी प्रभावित देखिन्छन् । उनको कविता लेखनको प्रमुख स्रोत कुनै एउटा व्यक्ति विशेषमा आधारित नभएर समग्र राष्ट्रिय-अन्तर्राष्ट्रिय आर्थिक, सामाजिक तथा राजनीतिक परिवेशमा आधारित भएको देखिन्छ ।

कृष्ण सेन 'इच्छुक' को साहित्य यात्राका चरणलाई अध्ययन गर्दा उनका पुस्तकाकार कृति, विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर कविताहरू बिच प्रशस्तै समयान्तर पाइन्छ । 'इच्छुक' का रचनाहरूको अध्ययन उनको कविता यात्राको विविध मोड र चरणगत प्रवृत्तिहरू छुट्याउनका लागि सिङ्गो पुस्तकाकार कृति तथा सङ्ग्रहहरूका आधारमा नमिल्ने देखिन्छ । त्यसकारण 'इच्छुक' का कविता यात्राको अध्ययन र कालविभाजन गर्दा फुटकर रूपमा प्रकाशित लेख, रचना र सङ्ग्रहका आधारमा गरिएको छ । कविता सिर्जनाका यात्रामा उनी

करिब तीन दशक (२७ वर्ष) लामो अवधिभर निरन्तर लागिपरेको देखिन्छ । साहित्यिक क्षेत्रमा कविता विधा लगायत फुटकर कथा र निबन्ध विधामा पनि कलम चलाएका 'इच्छुक'ले कविता सिर्जनाका विभिन्न चरण पार गरेका छन् । उनको पहिलो प्रकाशित फुटकर रचना 'भोलिप्रति' (२०३२) देखि जीवनको अन्त्यावस्थामा सिर्जित 'रोगी देश' (२०५९) सम्मको अवधिलाई नै कवितायात्रा मानिएको छ । यस अवधिमा विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर रचनाहरू र तिनको सङ्कलन पुस्तकाकार कृतिहरूका आधारमा नै उनको समग्र कविता यात्राको चरण विभाजन र विभिन्न रचना धर्मितागत मोडहरूको अध्ययन गरी कविता सिर्जनाका स्थितिलाई समेत देखाउने प्रयास गरिएको छ । कुनै पनि साहित्यकारको साहित्यिक कृतिहरूका चरणलाई विभाजन गर्ने निश्चित आधारस्तम्भहरू हुन्छन् । ती मध्ये प्रवृत्तिगत विविधता, रचनाहरूको परिमाण, गुणस्तर, सक्रियता वा निष्क्रियता, विधागत तथा पुस्तकाकार कृति र सङग्रह प्रकाशन आदिका आधारमा कविता यात्राको चरण विभाजन गरिन्छ । 'इच्छुक' को कविता लेखनको थालनी, खण्डकाव्यात्मक कृतिको प्रकाशन, फुटकर कविताहरूको सङ्ग्रह प्रकाशन, साहित्यिक रचनाको प्रकाशन र गुणस्तरीय कविताहरूका प्रधानताका आधारमा अध्ययन गर्दा उनको कविता यात्राका विविध चरणहरू देखिन्छन् ।

मूलतः 'इच्छुक' वैचारिक कवि, त्यसमा पनि मार्क्सवादी दर्शनको सशक्त अनुयायी र समतामूलक सामाजिक परिवर्तनका पक्षपाती रहेकाले देशको राजनैतिक परिवर्तनका समयावधिलाई उनका वैचारिक रचनाधर्मिताको आधार मानेर तद्गत विशेषताका आधारमा 'इच्छुक' को करिकब तीन दशक लामो कविता यात्रालाई निम्नानुसार तीन चरणमा विभाजन गरिएको छ :

१. पहिलो चरण : २०३२ देखि २०४६ चैत्रसम्म (पञ्चायत काल)
२. दोस्रो चरण : २०४७ देखि २०५२ माघसम्म (बहुदलीय प्रजातन्त्र काल)
३. तेस्रो चरण : २०५२ फागुनदेखि २०५९ सम्म (जनयुद्ध र जीवनान्त काल)

## २.२.१. पहिलो चरण : २०३२ देखि २०४६ सम्म (पञ्चायत काल)

वि.सं. २०३२ सालदेखि २०४६ सालसम्मको अवधिलाई उनको कविता यात्राको पहिलो चरणका रूपमा लिइन्छ । यस चरणमा सिर्जिएका 'इच्छुक' का कविताहरूलाई जीवनको प्रभातकालका ओजपूर्ण कविताका रूपमा लिइन्छ (चैतन्य २०६५ : १२६) । वि.सं. २०३२ साल असार १३ गते **मातृभूमि** (वर्ष ९, अङ्क २७) साप्ताहिकमा प्रकाशित 'भोलिप्रति' शीर्षकको

कविताबाट उनको औपचारिक कविता यात्राको थालनी भएको देखिन्छ । यस चरणको अन्तिम समयबिन्दु २०४६ सालको पञ्चायती शासन विरोधी जनआन्दोलनसम्म हो । प्रवेशिका परीक्षा उत्तीर्ण भएपछि लगत्तै जागिरे जीवन आरम्भ गरेका 'इच्छुक' को राजनीतिक सङ्गठनसँगको आबद्धता र वैचारिक प्रतिबद्धताका कारण काव्यिक चेतनास्तर फराकिलो भएको देखिन्छ । वि.सं. २०३८ सालमा त्रिकोण पत्रिकामा प्रकाशित 'त्यो प्यारो-प्यारो पहाडी गाउँको नाम थवाङ्ग हो' कविता प्रकाशन भएपछि उनमा स्पष्ट प्रगतिवादी चेतनाको रूप देखा परेको छ । त्यसपछिको पहिलो चरणको उत्तरार्द्धकाल २०४६ सालसम्म आइपुग्दा **इतिहासको यस घडी** मा कविता सिर्जना गरेर उनले प्रगतिवादी यथार्थवादतिरको सबल आस्थाको सङ्केत दिएका छन् (थापा, २०६५ : ५०) । करिब सवा पाँच वर्ष कठोर जेलजीवन बिताउन बाध्य भएका 'इच्छुक' ले त्यसै अवधिमा **शोकाञ्जलि** शीर्षकको शोककाव्य लेखेका छन् जुन २०४८ सालमा आएर मात्र प्रकाशित भयो । २०४२ सालमा आफ्ना परम मित्र मित्रमणि आचार्यको हत्याबाट आहत बनेर सहिद मित्रमणिप्रति श्रद्धा सुमन अर्पण गर्दै जेलमै रहेर यो शोककाव्य लेखेका हुन् ।

२०३६ सालको जनमत सङ्ग्रहले नेपाली राजनीतिमा मात्र होइन साहित्यमा समेत महŒवपूर्ण परिवर्तन ल्याएको देखिन्छ । त्यसपछि कवि-लेखकहरूले केही स्वतन्त्रता महसुस गरेका थिए । फलस्वरूप कवि-लेखकहरूले खुला रूपमा क्रान्तिकारी आवाजहरू कवितामार्फत् अभिव्यक्त गर्न थाले । 'इच्छुक' पञ्चायती व्यवस्थाको कठोर दमन र निरङ्कुश शासनसत्ताका विरूद्ध त्यसका सिमाहरू तोडेर अघि बढेका देखिन्छन् ।

यस चरणमा उनका **शोकाञ्जलि** शोककाव्य बाहेक अन्य फुटकर कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । ती फुटकर कविताहरूको प्रकाशन काल र प्रकाशन स्रोतको सूची यस प्रकार छ :-

| क्र.सं. | कविता शीर्षक | प्रकाशन काल | प्रकाशन स्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | भोलिप्रति | २०३२ असार १३ | मातृभूमि ९:२७ | |
| २. | समस्त एक रूप हामी | ऐजन | ऐजन | |
| ३. | एउटा लाहुरेको परदेशबाट घर फर्कने अठोट | २०३४ पुस १ | युगबोध २:११ | |
| ४. | नयाँ साल, समयको हस्ताक्षर | २०३४ चैत्र १६ | युगबोध २:१८ | |
| ५. | शुभ-कामना | २०३५ भाद्र १ | युगबोध २:३ | |
| ६. | मेरो पश्चात्तापपछिका केही | २०३५ कार्तिक १६ | युगबोध २:८ | |

| | | | | |
|---|---|---|---|---|
| | सुस्केराहरू | | | |
| ७. | हामी विश्वस्त छौं | २०३६ जेष्ठ १६ | युगबोध २:२२ | |
| ८. | त्यो प्यारो-प्यारो पहाडी गाउँको नाम थवाङ्ग हो | २०३८ | त्रिकोण १:५ | |
| ९. | आइती | २०३९ | वेदना | |
| १०. | प्रिय कामरेड | २०३९ | वेदना १०:२४-२६ | |
| ११. | बाध्यता | २०३९ | चर्चा १२:४२ | |
| १२. | त्यो घाम पनि रापिएर तातो-तातो छ आज | २०३८/२०४० | सेरोफेरो ५:१ | |
| १३. | लाहुरे | २०३८/२०४० | सेरोफेरो ५:१ | |
| १४. | प्यालेष्टिनी मित्रहरूका नाममा | २०४० | राप्ती सन्देश | |
| १५. | जनताको ढाल वा बैरीको अचानो | २०४० | आवाज | |
| १६. | झुल्के घामका राता किरणहरू | २०४१ | वेदना ११:२९-३० | |
| १७. | तिमी र तिम्रो पसिना | २०४१ | | |
| १८. | पर्खालभित्रबाट तिमीलाई सम्झँदा | २०४३ | मधुमास ४:११-१२ | |
| १९. | तिमी | २०४५ | योजना ७:१ | |
| २०. | बेन्जामिन मोलाइसको फाँसीमा | २०४५ | योजना ७:२२ | |
| २१. | कान्छी, भट्टी र देश | २०४५ | उत्साह | |
| २२. | काठमाडौं, मेरो देशको राजधानी | २०४५ | काठमाडौं | |
| २३. | भाउजू | २०४६ | वेदना १०:४५-४७ | |
| २४. | कविसँग | २०४६ | नयाँ युगबोध | |
| २५. | इतिहासको यस घडीमा | २०४६ चैत्र | कृति | |

यस चरणमा कृष्ण सेन 'इच्छुक' का दुई दर्जनभन्दा बढी कविताहरू प्रकाशित भएको भेटिन्छ भने यसै चरणमा लेखिएका तर प्रकाशन नभएका कविताहरू दोस्रो र तेस्रो चरणमा प्रकाशित छन् । वि.सं. २०४२ सालमा दाङ्को घोराही जेलमा बस्दा उनले **शोकाञ्जलि** शोककाव्य लेखेका हुन् । यस चरणका कविताहरू आयामका दृष्टिले लघु, मझौला र दीर्घ गरी तीनै आयामका छन् । यिनमा सामाजिक र राजनीतिक विकृति-विसङ्गति, अन्याय-अत्याचार, शोषण-दमन, नारी हकहित, अन्तर्राष्ट्रिय परिवेश आदिलाई मुख्य विषयवस्तु बनाइएको छ । त्यसका साथै मानवीय भाव सम्प्रेषण, राष्ट्रियता मुखरित, प्रकृति-प्रेम, मानव मनभित्रका शोक र करुणा, व्यथा-वेदना, कुण्ठा, नैराश्य, विद्रोह-आक्रोश, जोश-उत्साह र क्रान्तिकारिता आदि भावहरूलाई कलात्मक तरिकाले प्रस्तुत गरिएको छ । उनले विशेष गरी राजनीतिक विषयवस्तु अन्तर्गत २०४६ सालको जनआन्दोलन पूर्वको निरङ्कुश पञ्चायती व्यवस्था र उक्त व्यवस्थाले जनताको मौलिक हक-अधिकारप्रति पारेको कुठाराघात त्यसले छाएको निराशा

र आक्रोशलाई प्रस्तुत गर्दै क्रान्तिचेतलाई उत्कर्षमा उठाउने प्रयास गरेका छन् । उनका कवितामा परिवर्तनप्रतिको तीव्र आशावादी स्वर गुञ्जिएको छ र स्वर्णिम भविष्यप्रतिको दृढ विश्वास जागृत छ । त्यस्तै वर्ग दुष्मनका विरूद्ध चुनौतीपूर्ण हुँकार, माटाको माया, प्रगतिशील चेतनाको प्रस्तुति प्रकट भएका छन् । फुटकर रूपमा प्रकाशित कविताहरूले यस चरणका कविता यात्रालाई अग्रगति प्रदान गरेका छन् ।

### २.२.२. दोस्रो चरण : २०४७ देखि २०५२ माघसम्म (बहुदलीय प्रजातन्त्र काल)

कृष्ण सेन 'इच्छुक' को कविता यात्रा दोस्रो चरण २०४७ सालदेखि २०५२ साल माघसम्म मान्नुपर्छ । देशमा जनआन्दोलन-१ पछि प्रजातन्त्रको पुनःस्थापना भएदेखि ने.क.पा.( माओवादी) ले जनयुद्धको घोषणा गर्नु पूर्वको समय नै 'इच्छुक' का कविता यात्राको दोस्रो चरण हो । पहिलो चरणमा पञ्चायती निरङ्कुश शासन कालमा जेलमा कोचिएका 'इच्छुक' ले यस चरणमा भने खुला जीवन बिताएको देखिन्छ । यस चरणका कवितामा पनि पहिलो चरणमा भन्दा अझ अघि बढेर उन्मुक्त राष्ट्रप्रेम र क्रान्ति चेतनाका स्वर गुञ्जाएको पाइन्छ । देशमा प्रजातन्त्रको पुनःस्थापना र संसदीय बहुदलीय व्यवस्थाको आरम्भ भए पनि अपेक्षाकृत रूपमा राजनीतिक, सामाजिक र सांस्कृतिक परिवर्तन हुन नसकेको, सत्ताधारी राजनीतिक नेतृत्व व्यक्तिवादी स्वार्थ, भ्रष्टाचार र व्यभिचारमा संलग्न भई जनताले परिवर्तन महसूस रत्तिभर पनि गर्न नसकेका परिप्रेक्ष्यलाई उनका कविताको विषयवस्तु बनाइएको छ । निरङ्कुश एकदलीय पञ्चायती शासनको अन्त्य र प्रजातान्त्रिक बहुदलीय व्यवस्थाको पुनःस्थापना भए पनि पञ्चायती शैलीकै अन्याय-अत्याचार, दमन-शोषण, भ्रष्टाचार आदि विकृति एवम् विसङ्गति यथावत् रहेका यथार्थलाई कवितामा प्रकट गर्दै अघिल्लो र पछिल्लो सत्ताको कार्यशैली र गतिविधि एकै भएको भावाभिव्यक्ति यस चरणका कवितामा दिएका छन् । प्रथम चरणको जेल बसाइँका क्रममा लेखिएको **शोकाञ्जलि** शोककाव्य यसै चरण (२०४८) मा प्रकाशित भएको छ जुन उनको प्रथम प्रकाशित पुस्तकाकार कृति हो । यस चरणमा 'इच्छुक' को कवित्व बाहेक सांस्कृतिक र पत्रकार व्यक्तित्व पनि प्रखर रूपमा अघि बढेको देखिन्छ ।

यस चरणमा लेखिएका फुटकर कविताहरूमध्ये विभिन्न पत्रपत्रिकामा प्रकाशित र अप्रकाशित रचनाहरूको सूची यस प्रकार छ :

| क्र.सं. | कविता शीर्षक | प्रकाशन काल | प्रकाशन स्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | जेल | २०४७ | उत्साह | |
| २. | ओ, मरो देश : मेरो प्यारो भूमि | २०४७ | आन्दोलन कविता संग्रह | |
| ३. | बन्दी सुगा र उन्मुक्तिको चाहना | २०४७ | वेदना | |
| ४. | बहिनीको सम्झनामा | २०४८ | जनसाहित्य १:२ | |
| ५. | मेरो देशको शिशु प्रजातन्त्र | २०४९ | जनादेश २:१६ | |
| ६. | माछो-माछो भ्यागुतो | २०४९ | जनादेश २:२९ | |
| ७. | नवजात छोरीसँग | २०५० | अन्तर्ध्वनि २७:३ | |
| ८. | हात लाग्यो शून्य ! | २०५० | जनदीप | |
| ९. | काले | २०५० | | दाङ, घोराही कारागार, अ.प्र. |
| १०. | दार्बोटको जङ्गलमा | २०५१ | कलम २:४ | |
| ११. | बर्मझिया | २०५१ | कलम ३:७ | |
| १२. | तिम्रा युद्ध र बन्दुकका विरूद्ध | २०५२ | कलम ३:१ | |

दोस्रो चरणको पाँच वर्षे अवधिमा कृष्ण सेन 'इच्छुक' का करिब एक दर्जन कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका देखिन्छन् । उनका कविता यात्राका प्रथम चरणमा लिखित **शोकाञ्जलि** (२०४८) यस चरणमा प्रकाशित महत्वपूर्ण कृति हो । आफ्नै सहयोद्धाको हत्यामा भावविह्वल भई उर्लेका भावना एवम् दमनकारी हत्यारो सरकारप्रतिको आक्रोश र पीडा एकैसाथ यस कृतिमा व्यक्त भएको छ । एकातिर करुणा र अर्कातिर वीरत्वको द्वन्द्वात्मक प्रस्तुति, संवेदना र अनुभूतिको तीव्रतम अभिव्यक्ति र दुःखान्त चेतनाले काव्य उत्कृष्ट बन्न पुगेको छ । यस चरणमा प्रकाशित फुटकर कविताहरूले तात्कालिक नेपाली युगको जीवन्त चित्रण गरेका छन् । केही कविता प्रथम चरणमा लेखिएका हुनाले त्यही समयका परिस्थितिलाई झल्काउने खालका छन् । प्रजातन्त्रको पुनःस्थापना भएपछि पनि नेपाली जनताका हक, अधिकार र स्वतन्त्रता एवम् सार्वभौमसत्तामाथि खेलवाड गर्ने भ्रष्ट नेताका टाउकामा कविले कवितामार्फत् आक्रोश पोखेका छन् । जनचाहना विपरीत चल्ने सरकारका विरूद्ध लेखिएका कविताहरू नै यस चरणका कविता हुन् । जनचाहना एवम् जनआकाङ्क्षा अनुसार नचल्ने तत्कालीन निरङ्कुश सरकारको विरोध र त्यसका गतिविधिको भण्डाफोर गर्नु यस चरणका फुटकर कविताको प्रमुख विषयवस्तु हो । त्यस चरणका कविताहरूले तात्कालिक समयमा नेपाली समाजमा देखा परेका आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रहार गरेका छन् । त्यस अवधिमा उनले जेलजीवन भोग्न नपरे

पनि जनआकाङ्क्षा अनुसार नचल्ने तत्कालीन सरकारले निर्माण गरेको राष्ट्रिय परिवेशलाई जेल सम्झेका छन् । 'बन्दी, सुगा र उन्मुक्तिको चाहना' शीर्षकको कविताले तात्कालिक राष्ट्रिय परिवेशलाई जेलका रूपमा चित्रण गरेको छ भने 'मेरो देशको शिशु प्रजातन्त्र' शीर्षकको कविताले देशमा प्रजातन्त्र आए पनि नागरिक स्वतन्त्रता र शान्ति नआएको कुरालाई उल्लेख गरेको छ । सङ्ख्यात्मक रूपमा पहिलो र तेस्रो चरणका तुलनामा यस चरणमा थोरै कविताहरू लेखिएको भए पनि ती आक्रोशपूर्ण, परिवर्तनगामी, ओजपूर्ण, व्यङ्ग्यपूर्ण तथा क्रान्तिचेतयुक्त भई विकृति-विसङ्गतिको भण्डाफोर, शोषण, दमन, अन्याय-अत्याचारको घोर विरोध, राष्ट्रियता, देशप्रेम, वर्गीय प्रेम र युगबोधलाई चित्रण गर्न सफल भएका छन् । यस चरणका कविताहरूले कवि 'इच्छुक' मा विकसित हुँदै गएको मार्क्सवादी विचारधारा एवम् प्रगतिवादी सौन्दर्य दृष्टिलाई अझ सशक्त रूपमा प्रस्तुत गरेका छन् ।

### २.२.३. तेस्रो चरण : २०५२ फागुनदेखि २०५९ सम्म (जनयुद्ध र जीवनान्त काल)

वि.सं. २०५२ फागुन १ गतेदेखि ने.क.पा. (माओवादी) का नेतृत्वमा सशस्त्र जनयुद्धको आरम्भ भएदेखि 'इच्छुक' लाई कथित संसदीय व्यवस्थाका नाइकेहरूका हिरासतमा यातना दिएर वर्वरतापूर्ण हत्या गरिएको मिति २०५९ साल जेठ १३ गतेसम्मको समयावधि उनको कविता यात्राको तेस्रो चरण मानिन्छ । यस चरणलाई उनको समग्र कविता यात्राको उर्वरकालका रूपमा लिनुपर्ने हुन्छ किनभने यस चरणमा फुटकर रचनादेखि सिङ्गो लामो काव्यकृतिको पनि रचना भएको देखिन्छ । प्रकाशनका दृष्टिले पनि यस चरणलाई महत्वपूर्ण रूपमा लिन सकिन्छ । यस चरणका अधिकांश फुटकर कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुनाका साथै **इतिहासको यस घडीमा** (२०५६) शीर्षकको कविता सङ्ग्रहमा र **बन्दी र चन्द्रागिरि** (२०५७) शीर्षकको लामो कवितात्मक खण्डकाव्यका रूपमा प्रकाशित भएका छन् । यस चरणमा उनी झण्डै दुई वर्ष जेलजीवन भोग्न बाध्य भएका देखिन्छन् । त्यसैको उपज **बन्दी र चन्द्रागिरि** नामक खण्डकाव्य हो । सशस्त्र जनयुद्धका आरम्भसँगै तत्कालीन सरकारी पक्षबाट गरिएको दमन र उत्पीडनका विरूद्ध स्वतन्त्रता र मुक्तिका पक्षमा आवाज उठाउन यस चरणका कविताहरू सफल भएका छन् । त्यसका साथै कविले कठोर बन्दी जीवन बिताएका हुनाले त्यसबाट मात्र होइन समग्र सामाजिक अन्याय, शोषण, दमन र उत्पीडनबाट मुक्ति र स्वतन्त्रताको चाहना **बन्दी र चन्द्रागिरि** खण्डकाव्य मार्फत् व्यक्त गरेका छन् ।

युद्धका क्रममा देखापरेका शौर्य, वीरता, त्याग, बलिदान आदि पक्षहरूलाई समेट्दै विशिष्ट भू-भागहरूको यथार्थ चित्रण गर्न यस चरणका कविताले महत्वपूर्ण भूमिका खेलेका छन् । 'इच्छुक' ले यस चरणमा विशेष गरी युद्ध, दमन, प्रतिरोध, मुक्ति, त्याग, वीरता, बन्दी जीवनको सन्दर्भ, उत्पीडित वर्ग र क्षेत्रका वेदना, नारी शोषण र विद्रोह, बालबच्चा, जनयुद्ध र भोलिको नयाँ नेपाल आदिलाई विषयवस्तु बनाएर कविता लेखेका छन् । यस चरणमा पहिलो र दोस्रो चरणमा लेखिएका र यसै चरणमा लेखिएका कविताहरूलाई समावेश गरी **इतिहासको यस घडीमा** (२०५६) शीर्षकको कविता सङ्ग्रह प्रकाशित गरिएको छ जसलाई **इच्छुक रचनावली भाग-२** (२०६५) मा **बन्दी आवाज** र **आरम्भिक कविता** कविता सङ्ग्रहसहित प्रकाशित गरिएको छ ।

यसै चरणमा प्रकाशित **इतिहासको यस घडीमा** (२०५६) कविता सङ्ग्रह र **बन्दी र चन्द्रागिरि** (२०५७) लामो खण्डकाव्यकृति बाहेक विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित तथा अप्रकाशित फुटकर कविताहरूको सूची यस प्रकार छ :

| क्र.सं. | कविता शीर्षक | प्रकाशन काल | प्रकाशन स्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | सेतु जैसीको घर | २०५३ | कलम ४:११ | |
| २. | पुर्खे सुनारकी आमा | २०५३ | जनादेश ५:३४ | |
| ३. | घोमपाल | २०५३ | वेदना | |
| ४. | यक्ष प्रश्न | २०५४ | कलम ४:१३-१४ | |
| ५. | सलाम जेलबाङ् | २०५४ | कलम ५:१७ | |
| ६. | गोचाली | २०५५ | संश्लेषण १:१ | |
| ७. | सिम्ठारो धान | २०५५ | जनमत १५:५-६ | |
| ८. | बन्दी छोराको पत्र | २०५५ | योजना १६:३८ | |
| ९. | प्रतिबन्ध | २०५६ | जनादेश ८:१३ | |
| १०. | मेरी छोरी | २०५६ | जनादेश ९:२ | |
| ११. | कैदी | २०५७ | सङ्गीन १६:३ | |
| १२. | कारागारको छतमाथि चढेर | २०५७ | महिमा १७:२७ | |
| १३. | अस्वीकार | २०५७ | जनादेश ९:२६ | |
| १४. | पीपलको बोट | २०५७ | - | |
| १५. | पोखरी र कारागार | २०५७ | जन एकता ५:५६ | |
| १६. | तिम्रो र हाम्रो संसार | २०५७ | जनादेश ९:४३ | |
| १७. | कमैया दुःखीरामलाई प्रश्न | २०५७ | मूल्याङ्कन १८:८० | |
| १८. | बालबन्दी मिर्ची | २०५७ | जनादेश ९:५० | |
| १९. | एउटा गाउँलेको डायरी | २०५७ | जनादेश १०:३ | |
| २०. | जेरूसेलम | २०५७ | जन एकता ६:१४ | |

| | | | | |
|---|---|---|---|---|
| २१. | चिनीयाँ कवि चेङ च्हूप्रति | २०५७ | जनादेश १०:११ | |
| २२. | प्यारो मधेशप्रति | २०५७ | जनादेश १०:१८ | |
| २३. | आदिवासी दिवस र भिखारीदास सदा | २०५६/२०५७ | कलम ८:२६-२७ | |
| २४. | दिदी शान्तालाई | २०५७ | जन आह्वान ४:१६ | |
| २५. | कोशी टप्पु | २०५७ | | राजविराज कारागार अ.प्र. |
| २६. | सक्छौ भने समयलाई रोक | २०५८ | साहित्य सन्ध्या १:६ | |
| २७. | सिंहदरबारअघि नारा लगाइ रहेकी फूलमती | २०५८ | जन एकता ६:२९ | |
| २८. | लालमटियाको सम्झना | २०५८ | नव कविता ५२ | |
| २९. | अजम्बरी सपना | २०५८ | कलम ९:३० | |
| ३०. | म कहिले निराश छैन | २०५८ | जन एकता ७:२४ | |
| ३१. | यात्रामा हिँड्दा हिँड्दै | २०५८ | जन एकता ७:३० | |
| ३२. | आङ् सान सु की | २०५८ | मूल्याङ्कन २०:९४ | |
| ३३. | शहीद | २०५८ | जनधारणा १०:३४ | |
| ३४. | प्यूठान, म पनि तिमीसँगै छु | २०५८ | लिस्ने १:१ | |
| ३५. | कसरी भनूँ ! | २०५८ | जनधारणा १०:३४ | |
| ३६. | भविष्य | २०५९ | पूर्वेली धुन १:१ | |
| ३७. | उत्तरतिर | २०५९ | वेदना २९:६५ | |
| ३८. | रोगी देश | २०५९ | वेदना २९:६६ | |

यस चरणमा कृष्ण सेन 'इच्छुक' का तीन दर्जनभन्दा बढी फुटकर कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् जसमध्ये केही कवितालाई **इतिहासको यस घडीमा** (२०५६) कविता सङ्ग्रहमा सङ्ग्रहित गरिएको छ । यस चरणमा **बन्दी र चन्द्रागिरि** लामो कवितात्मक खण्डकाव्य प्रकाशन भएको छ । अरू फुटकर रचनाहरू र खण्डकाव्यले कवि 'इच्छुक' भित्र रहेको प्रगतिवादी विचारधारालाई अभिव्यक्त गरेका छन् । यो अवधि राजनीतिक घटनाक्रमको रूपबाट हेर्दा अत्यन्त उथल-पुथलको समय हो । त्यही उथल-पुथलको कारणले मनमा उब्जिएका अनेकन भावनाहरूलाई कलात्मक तरिकाले पोख्ने काम यस चरणका कविताकृतिमा गरिएको छ । बहुदलीय शासन व्यवस्थाबाट उत्पन्न समस्या र त्यसबाट समाजमा परेको असर, जनयुद्धको आरम्भ, त्यसका कारण र त्यसले समाजमा पारेको प्रभावलाई यस चरणका काव्यकृति र फुटकर कविताहरूले प्रतिबिम्बित गरेका छन् । आफ्नो विचार, आस्था र विश्वासलाई कलात्मक तरिकाले प्रस्तुत गर्दै, श्रमिक, उत्पीडित समुदायका पक्षमा वर्गीय वकालत गरेका छन् । साथै क्रान्तिकारी र विद्रोही चेतना, मार्क्सवादी

सौन्दर्यशास्त्र तथा प्रतिबद्ध राजनीतिक आस्था र चिन्तनलाई समेटी यस चरणमा 'इच्छुक' ले सङ्ख्यात्मक रूपमा धेरै कविताहरूको रचना गरेका छन् भने गुणात्मक रूपमा पनि ती कविताहरू उत्कृष्ट रहेका छन् । साथै उनका यस चरणका काव्यकृतिहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषय वा प्रसङ्गलाई समेटेको पाइन्छ ।

## २.३. निष्कर्ष

'इच्छुक' ले २०३२ सालबाट कविता यात्रा आरम्भ गरेका हुन् । २०३२ सालमा 'भोलिप्रति' शीर्षकको कविता **मातृभूमि** साप्ताहिकमा प्रकाशित भएपछि उनको औपचारिक रूपमा लेखन आरम्भ भएको हो । फुटकर रूपमा कथा र निबन्ध लेखे पनि उनको प्रमुख साहित्यिक विधा भनेको कविता नै हो । उनको समग्र कविता यात्रालाई २०३२ देखि २०४६ चैत्रसम्म पहिलो चरण (पञ्चायत काल), २०४७ देखि २०५२ माघसम्म दोस्रो चरण (बहुदलीय प्रजातन्त्र काल) र २०५२ फागुनदेखि २०५९ सम्म तेस्रो चरण (जनयुद्ध र जीवनान्त काल) गरी तीन चरणमा विभाजन गरिएको छ ।

पुगनपुग तीन दशक लामो कविता यात्रामा उनले **शोकाञ्जलि** (२०४८) शोककाव्य, **इतिहासको यस घडीमा** (२०५६) कविता सङ्ग्रह र **बन्दी र चन्द्रागिरि** (२०५७) लामो कवितात्मक खण्डकाव्य प्रकाशन गरेका छन् । इच्छुक सांस्कृतिक प्रतिष्ठानले २०६५ मा **इच्छुक रचनावली भाग-२** कृति प्रकाशनमा ल्याएको छ जसमा उनका फुटकर कविताहरूलाई सम्पादन गरी **इतिहासको यस घडीमा**, **बन्दी आवाज** र **आरम्भिक कविता** शीर्षकमा समावेश गरिएको छ । उनका पुस्तकाकार कृति तथा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर कविताहरूले तात्कालिक समाजमा देखापरेका आर्थिक, सामाजिक र राजनीतिक विकृति-विसङ्गतिप्रति चोटिलो व्यङ्ग्य प्रहार गरेका छन् । जनयुद्धका क्रममा भए गरेका क्रियाकलापको चित्रण र प्रजातान्त्रिक सरकारबाट गरिएको दमन, अन्याय-अत्याचार आदिको विरोध उनका कवितामा गरिएको छ । अन्तर्राष्ट्रिय घटना र पात्र पनि उनका कविताका विषय बनेका छन् । तात्कालिक समय र समाजका विषयवस्तुलाई लिएर लेखिएको उनका कविताहरू ज्यादै चोटिला, ओजपूर्ण एवम् महत्त्वपूर्ण छन् ।

# तेस्रो-परिच्छेद

## 'इच्छुक' का काव्य-कृतिको रचना धर्मिता

### ३.१. विषय परिचय

नेपाली प्रगतिवादी साहित्यका एक मेधावी स्रष्टाका रूपमा ख्याति कमाएका कृष्ण सेन 'इच्छुक' वामपन्थी आन्दोलनका विशिष्ट व्यक्तिहरूमध्ये प्रमुख व्यक्तित्वका रूपमा पनि चिनिन्छन् । उनी नेपाली कविता क्षेत्रमा 'इच्छुक' उपनामले सुपरिचित छन् । जीवनको करिब तीन दशक नेपाली राजनीति, पत्रकारिता र सांगठनिक गतिविधिका अलावा कविता साहित्यमा उनको उल्लेखनीय योगदान पाइन्छ । वि.सं.२०३२ सालबाट औपचारिक रूपमा कविता लेखन आरम्भ गरेका कविले मार्क्सवादी कलासौन्दर्य र प्रचण्डपथीय सौन्दर्य चिन्तनबाट प्रभावित भएर कविता रचना गरेका छन् । नेपाली प्रगतिवादी साहित्यिक फाँटमा दुईओटा खण्डकाव्यात्मक कृतिः **शोकाञ्जलि** (२०४८), र **बन्दी र चन्द्रागिरि** (२०५७) रचना गरेका छन् भने २०५९ सालमा उनको भद्रगोल जेलमा हत्या हुनुपूर्व **इतिहासको यस घडीमा** (२०५६) कविता सङ्ग्रह प्रकाशित भएको छ । उनको हत्या पश्चात् इच्छुक सांस्कृतिक प्रतिष्ठानले **इतिहासको यस घडीमा** कविता सङ्ग्रह र विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर कविताहरूलाई समेटी **बन्दी आवाज** र **आरिम्भक कविता** शीर्षकका कविताहरूका सङ्गालाका रूपमा इच्छुक रचनावली भाग २ लाई २०६५ सालमा प्रकाशित गरेको छ । यस परिच्छेदमा यिनै काव्य-कवितामाथि लेखिएका रचनाहरूका आधारमा काव्य कवितागत प्रवृत्तिहरूलाई केलाइएको छ ।

डा. गोपीन्द्र पौडेल (स्मृतिग्रन्थ-२०६५:१३२-१४७) ले शोकाञ्जलिमा अन्तर्निहित विषयवस्तुलाई निम्न बुँदाहरूमा उल्लेख गर्नु भएको पाइन्छ :

१. सहिदप्रतिको शोकोद्गार

२. समाजबोध

३. सहिदप्रतिको आस्था र सम्मान

४. वैचारिक निष्ठा र क्रान्तिचेत

५. प्रकृतिको मानवीकरण र उदात्तीकरण

६. संरचनागत सुगठन र काव्यात्मक मूल्य र

७. शोकलाई शक्तिमा बदल्ने अठोट

समालोचक रमेशकुमार भट्टराई (स्मृतिग्रन्थ, २०६५:१२०-१३१) ले आफ्नो लेख "बन्दी र चन्द्रागिरि' काव्यः सङ्क्षिप्त विश्लेषण" ब्रन्दी र चन्द्रागिरिमा अन्तर्निहित भाव निम्नानुसार बुँदामा उल्लेख गर्नुभएको छ :

१. क्रान्तिकारी काव्य

२. वैचारिक काव्य

३. प्रकृतिको मानवीकरण

४. जनयुद्ध र जनयुद्धकालीन परिवेश

५. राष्ट्रियता र देशभक्ति

५. साँचो मुक्तिको खोजी

६. लामो कवितात्मक ढाँचा

समालोचक सुधा त्रिपाठी (स्मृतिग्रन्थ २०६५:९९-११२)ले आफ्नो लेख "इतिहासको यस घडीमा' मा पाइने आस्थाको स्वर" मा इतिहासको यस घडीमा अन्तनिर्हित भाव पक्षलाई निम्नानुसार बुदाँमा उल्लेख गर्नुभएको छ :

१. नेपाली समाजको स्थितिबोध

२. ग्रामीण परिवेशको प्रस्तुतिको चाह

३. श्रमप्रति अगाध श्रद्धा

४. वर्गीय पक्षधरता

५. साम्राज्यवाद विरूद्धको स्वर

६. अवसरवादको खोजीमा विदेशिने प्रवृतिको विरोध

७. क्रान्तिकारी विश्वआशावाद

८. महिला शोषणको विरोध

९. सर्वहारा अन्तर्राष्ट्रियवाद

१०. जनयुद्धका कथाव्यथा

शोधार्थी नारायण खनालले **इतिहासको यस घडीमा**, **बन्दी आवाज** र **आरम्भिक कविता** कविता काव्यकृतिहरूमाथि शोधमूलक अध्ययन गरी तयार पारेको आफ्नो शोधपत्र 'इच्छुकका कवितागत प्रवृत्तिको अध्ययन'(एम.ए.२०६६) मा निम्नानुसार बुँदामा प्रवृत्तिगत विषयलाई उल्लेख गर्नु भएको छ :

१. क्रान्तिचेतना

२. सहितप्रति सम्मान

३. सामन्तवादी सामाजिक व्यवस्थाको नग्न चित्रण र त्यसको विरोध

४. राष्ट्रियता र देशभक्ति

५. नारीजातिको शोषणको चित्रण र त्यसको विरोध

६. श्रम तथा श्रमजीवीवर्गप्रति आस्था

७. कमरेडहरूप्रति सम्मानभाव

८. विषयवस्तुगत प्रवृत्ति

९. स्वरगत प्रवृत्ति

१०. लयगत प्रवृत्ति

११. बिम्व-प्रतीक र अलङ्कार योजनागत प्रवृत्ति

१२. भाषाशैलीगत प्रवृत्ति

## ३.२. समष्टिगत प्रवृत्तिहरू

उपर्युक्त अध्ययनका आधारमा मूलतः क्रान्तिचेत र अंशतः निम्नानुसारका पृथक प्रवृत्तिहरू 'इच्छुक'का काव्य-कविताहरूमा पाइन्छन् :

### ३.२.१. विचारनिष्ठ क्रान्तिचेत

मालेमावाद र माओ विचारधाराबाट प्रशिक्षित 'इच्छुक' मार्क्सवादी सौन्दर्य शास्त्रलाई आफ्ना काव्य-कविताहरूमा सशक्त रूपमा प्रयोग गर्न सक्ने कवि हुन् । वर्गीयता र शोषणबाट उन्मुक्ति पाउने उपाय प्राप्तिमा उनका कविताहरू केन्द्रित छन् । अतः वैचारिक निष्ठाका आडमा क्रान्तिचेत उनका कविताहरूमा पाइने पहिलो र महत्वपूर्ण पक्ष हो । उनका पुस्तकाकार काव्यकृतिहरू र समग्र फुटकर कविताहरूमा कुनै न कुनै रूपमा क्रान्तिचेतना अभिव्यक्त भएको पाइन्छ । समाजमा व्याप्त अन्याय, अत्याचार, शोषण, दमन आदिलाई जरैदेखि उखेलेर समूल नष्ट पार्नाका लागि 'इच्छुक' ले आफ्ना कविताहरूमार्फत् क्रान्तिकारी स्वर व्यक्त गरेका छन् । समाजमा विद्यमान रहेको शोषण, दमन, अन्याय र अत्याचारको प्रमुख कारक तत्व सामाजिक पूँजीवादी व्यवस्था हो भन्ने विचार प्रकट गर्दै यस व्यवस्थालाई हटाउन र न्यायप्रेमी, शासन व्यवस्था स्थापना गर्न क्रान्ति आवश्यक भएको कुरा आफ्ना

कवितामा व्यक्त गरेका छन् । जनक्रान्तिबाट नै सर्वहारावर्गले मुक्ति पाउन सक्ने विचार कविको छ । त्यसका साथै समाजमा जरा गाडेर बसेको रूढीवादी प्रथा तथा अन्यायपूर्ण परम्पराको अन्त्य क्रान्तिबाट मात्र सम्भव छ र यसैबाट सामाजिक तथा वर्गीय मुक्ति पाउन सकिन्छ भन्ने विश्वास उनका कवितामा प्रकट भएको छ । उनका समग्र काव्यकृतिहरू क्रान्तिबाट प्रभावित छन् । 'शोकाञ्जलि', 'बन्दी र चन्द्रगिरि', 'इतिहासको यस घडमिा', 'प्रतिबन्ध', 'बन्दी छोराको पत्र', 'झुल्के घामका राता किरणहरू', 'यो घाम पनि रापिएर तातो-तातो छ आज', 'दार्बोटको जङ्गलमा', 'प्रतिबन्ध', 'जनताको ढाल या बैरीको अचानो', 'जेल', 'तिम्रा युद्ध र बन्दुकहरूका विरूद्ध', कविसँग, 'सेतु जैसीको घर', 'सलाम जेलबाङ', 'अजम्वरी सपना', 'पुर्खे सुनारकी आमा', 'गोचाली', 'दिदी शान्तालाई', 'भविष्य', 'अस्वीकार', 'म अहिले निराश छैन', 'उत्तरतिर', 'मेरो देशको शिशु प्रजातन्त्र', 'यस क्षण', 'भोलिप्रति', 'प्यूठान, म पनि तिमीसँगै छु', 'शुभकामना', 'हामी विश्वस्त छौं', 'पर्खालभित्रबाट तिमीलाई सम्झँदा', 'त्यो प्यारो-प्यारो पहाडी गाउँको नाम थवाङ हो', 'आइती', 'प्रिय कमरेड' जस्ता सबै-सबै कविताहरूमा वैचारिक क्रान्तिचेत प्रखर रूपमा व्यक्त भएको पाइन्छ । उदाहरणका लागि 'झुल्के घामका राता किरणहरू' शीर्षकको कविताको यो कवितांश प्रस्तुत गर्न सकिन्छ :

नरोऊ तिमी मुस्कुराउँदै उठ
नरोऊ तिमी र्जुमुराउँदै उठ
पीडाका आरनहरूमा पाइन चढेर
तिमी तेजिलो धार बन्दै उठ
दुःखका आगो ओकल्ने भट्टीहरूमा
तिमी इस्पाती तरबार बन्दै उठ
(इच्छुक रचनावली, भाग -२ : पृ. ४३-४४)

भविष्यका कर्णधार साना-साना बालकहरूलाई मिर्मिरे पछिका स्वर्णिम प्रभातसँग तुलना गरिएको यस कवितामा जस्तोसुकै पीडा आईपर्दा पनि मुस्कुराउँदै, जुर्मराउँदै, तेजीलो धार र इस्पाती तरबार भएर क्रान्तिका लागि उठ्नु पर्छ भन्ने क्रान्तिकारी विचार अभिव्यक्त गरिएको पाइन्छ ।

### ३.२.२. सहिदप्रतिको आस्था र सम्मान

'इच्छुक' स्वयम् पनि सहिद हुन् । देश र जनताको उन्मुक्तिको तीव्र अभिलाषाले ओतप्रोत भएर १० वर्षे जनयुद्धमा लागिपरेका एक कर्मठ योद्धा, कुशल सङ्गठक र वैचारिक निष्ठाका धरोहर एवम् अमर स्रष्टा हुन् । अतः उनमा सहिद प्रति अटल आस्था र सम्मान पाइन्छ । त्यसै कारण इच्छुकका कवितामा सहिदप्रति आस्था, श्रद्धा र सम्मानभाव स्वतःस्फूर्त रूपमा प्रष्फुटन भएको छ । यो उनका काव्यकृतिको एक महत्वपूर्ण विशेषता हो भन्ने कुरा सहृदयी मित्र सहिद मित्रमणी आचार्यको सम्झनामा शोकाञ्जलि शीर्षकको एक काव्य रचना गरेबाट स्पष्ट हुन्छ । यसका साथै उनको **बन्दी र चन्द्रागिरि** खण्डकाव्यात्मक कृतिमा पनि सहिदप्रति श्रद्धा भाव व्यक्त गरिएको छ । 'इच्छुक' मा वर्गीय आस्था, वर्गीय प्रेम, वर्गसङ्घर्ष र वर्गीय मुक्तिप्रति अत्यधिक चासो र चिन्ता छ अनि त्यसै कारण त्यसका लागि गर्ने सहिदप्रति उच्च सम्मान उनका कवितामा शोकलाई निरूपाय आँसुका रूपमा मात्र स्वीकार नगरेर सहिदप्रति अटल आस्था, गहिरो सम्मान र बलिदानीप्रति श्रद्धागाथा समेत प्रकट गरिएको पाइन्छ । राष्ट्र निमार्णमा आफूलाई उत्सर्ग गर्ने योद्धाहरूको पथको अवलम्बन गर्ने तथा उनीहरूको सपना साकार पार्ने अभिव्यक्ति उनका कवितामा प्रखर रूपमा आएका छन् । निरन्तर वर्गसङ्घर्ष वा सघन वर्गयुद्धमा सहयोद्धाको क्षति भए पनि विरह वेदनामा डुबेर नबसी शोकलाई शक्तिमा बदली मुक्ति सङ्घर्षमा उनीहरूकै मार्ग अवलम्बन गर्नु पर्छ भन्ने विचार उनका कवितामा प्रशस्त पाइन्छ । उनले देशभित्रका योद्धाको मात्र नभई वर्गसङ्घर्षमा उत्रिएका संसारभरिका योद्धा र सहिदप्रति सम्मान पनि अर्पण गरेका छन् । "सहादत प्राप्त गर्ने प्रियजनका यादमा आँसु बगाउनुभन्दा आँसुलाई आगो र सुस्केरालाई धूँवामा परिर्वतन गरी जनसमरको महायात्रा अर्थात् मुक्ति युद्धको महान् अभियानलाई अगाडि बढाउनुपर्ने कामना कविले गरेका छन् (भण्डारी, २०६५-७४) ।" उनका 'यो घाम पनि रापिएर तातो-तातो छ आज', 'शहिद' 'बेन्जामिन मोलाइसको सम्झनामा', 'प्यालोस्टिनी मित्रहरूको नाममा,' 'बर्माझिया,' सेतु जैसीको घर', 'सलाम जेलवाङ' 'एउटा गाँउलेको डायरी', 'सिंहदरवारअघि नारा लाइरहेकी फूलमती', 'जनताको ढाल या वैरीको अचानो' आदि कवितामा सहिदप्रति सम्मान व्यक्त गरिएको पाइन्छ । उदाहरणका रूपमा 'शहीद' शीर्षकको कवितावाट यो कवितांश लिन सकिन्छ ।

तिमी असङ्ख्य ताराहरूमध्ये कीर्तिमय तारा 'ध्रुवतारा' हौ
तिमी असङ्ख्य फूलहरूमध्ये सुन्दर फूल 'लालीगुराँस' हौ
तिमी असङ्ख्य ज्योतिहरूमध्ये चम्किलो ज्योति 'महाज्योति' हौ
प्रिय शहिद ! तिमी महान छौ/श्रद्धेय छौ /अमर छौ
र युगयुग सदासर्वदा अमर रहिरहनेछौ
(इच्छुक रचनावली, भाग - २, पृ. २००)

सहिदप्रति अत्यन्तै सम्मान प्रकट गरिएको प्रस्तुत कवितांशमा सहिदहरूलाई ध्रुवतारा, लालीगुराँस र महाज्योतिसँग तुलना गर्दै अमर, महान र श्रद्धेय चिरस्मरणीय व्यक्तित्व भनिएको छ । जुन कविको असामान्य श्रद्धाभावको प्रमाण हो । यसरी उनका धेरै जसो कवितामा सहिदको बलिदानीको सद्भाव व्यक्त गरिएको छ ।

### ३.२.३.. सामन्तवादी व्यवस्थाको स्वरूप निर्धारण र त्यसको विरोध

कविले आफ्ना  कवितामा प्रगतिवादी विचारलाई महत्वपूर्ण स्थान दिएका छन् । उनका धेरैजसो कविताहरूले सामन्तवादी व्यवस्था र त्यसको विरोधको स्वर उरालेका छन् । प्रगतिवादी कविहरूले सामन्त तथा अभिजात वर्गको उत्पीडनका स्वरूपलाई आफ्ना कृतिमा चित्रण गर्दै सामन्तवादी सामाजिक व्यवस्थाको तीव्र विरोध गरेका हुन्छन् । उनका कवितामा सामन्तवादी शोषकीय संरचनालाई ध्वस्त पार्नुपर्ने आकाङ्क्षा प्रकट तथा सामन्तवादी पूँजीवादी शक्तिको विरोधको स्वर गुञ्जिएको पाइन्छ । देशमा विद्यमान राजनीतिक व्यवस्थाले निम्त्याएको उत्पीडनबाट जनतालाई मुक्ति दिन नसकेको र सामन्तवादी शैलीमा व्यवस्था चलेकामा कविले तीव्र आक्रोश व्यक्त गरेका छन् । कविले देशमा व्याप्त धार्मिक, जातीय, क्षेत्रीय, लिङ्गीय आदि सबैखाले उत्पीडन तथा शोषण, भेदभाव, अन्याय-अत्याचार, निरङ्कुशता, अन्यायपूर्ण युद्ध तथा वैचारिक विविधताका विरूद्धमा कविता- मार्फत आवाज बुलन्द गरेका छन् । उनले जनवाद देशभक्ति, न्यायपूर्ण युद्ध, जनताको वर्गीय मुक्ति लगायत सर्वहारावर्गको पक्षमा वकालत गरेका छन् । उदाहरणका निम्ति 'सिम्ठारो धान' कविताको यो अंश यहाँ प्रस्तुत गर्न सकिन्छ :

धान भएर पनि सधैं अपहेलित म
हिन्दू भएर पनि

मानौं अछुत जात हुँ

धर्म लेख्ने

अधर्मी हातहरू बताऊ

तिम्रो विभेदको

कर्मशास्त्रमा

कुन नीच कुलको

म कुन कुजात हुँ ?

(इच्छुक रचनावली, भाग-२ : पृ. ९६)

प्रस्तुत कवितांशमा कविले नेपाली समाजमा व्याप्त हिन्दू वर्णाश्रममा आधारित जातीय छुवाछुतलाई उजागर गर्दै देशको सामन्ती व्यवस्थाको विरूद्ध असन्तोष व्यक्त गरेका छन् । तीव्र व्यङ्ग्य भावमा धानलाई सम्पूर्ण मानव उत्पीडन जातिको प्रतीकको रूपमा लिएर सामन्ती चिन्तन लिनेहरूसँग प्रश्न गर्नुले कविमा सामन्तवादीहरूप्रति तीव्र आक्रोश रहेको देखिन्छ ।

### ३.२.४. राष्ट्रियता र देशभक्ति

राष्ट्रवाद र देशप्रेमको भावना अभिव्यक्त गर्नु 'इच्छुक' को काव्य-कविताको महत्वपूर्ण रचनाधर्मिता हो । उनले आफ्ना कवितामार्फत राष्ट्रियता, राष्ट्रप्रेम वा देशभक्ति भाव व्यक्त गर्दै अन्तर्राट्रियतावादी दृष्टिकोणसमेत व्यक्त गरेका छन् । देशभित्र घटेका राष्ट्रविरोधी घटनाहरूलाई कवितामा बुन्दै कुसंस्कारप्रति कवि चिन्तित र दुःखित बनेर राष्ट्रमा भएको युद्ध र विद्रोहको समर्थन गरेका छन् । विदेशी विस्तारवादी शक्तिले आफ्नो देशमाथि प्रभुत्व जमाउन खोजेको दुष्प्रयासप्रति कविले क्रोध व्यक्त गरेका छन् । 'इच्छुक' ले सजीव र सशक्त रूपमा राष्ट्रियता र देशभक्तिले ओतप्रोत भएका क्रान्तिकारी कविताहरू रचेका छन् । दिन प्रतिदिन देश सीमाअतिक्रमणले साँधुरिँदै गएकामा चिन्ता व्यक्त गर्दै कविले राष्ट्रिय स्वाभिमानलाई कुनामा मिल्काएकामा शासकवर्गप्रति आक्रोश पोखेका छन् र त्यसका विरूद्ध युद्ध नै गर्नु पर्ने अभिव्यक्तिसमेत दिएका छन् । राष्ट्रियता खतरामा पर्नु र देशभक्ति कमजोर हुनाका एकमात्र कारण राष्ट्रका क्रूर स्वार्थी र वेइमान शासकहरू नै हुन् भन्ने निष्कर्ष कविले निकालेका छन् । राष्ट्र र राष्ट्रियता जीवनभन्दा प्यारो हुन्छ भन्दै असमान सन्धि-सम्झौताको

अन्त्य गरी राष्ट्रको गरिमालाई उँचो राख्नुपर्छ भन्ने भावना कवितामा जोडदार रूपमा आएको छ । "कवि 'इच्छुक'ले राष्ट्रियता र देशभक्तिसँग जनयुद्धलाई जोड्दै देशलाई स्वतन्त्र बनाउन राष्ट्रिय मुक्ति प्राप्त गर्न र जनताको क्रान्ति सम्पन्न गर्न सदैव तत्पर भएर लागि पर्नु पर्ने सन्देश दिएका छन् । (भट्टराई २०६५ : १२८) ।"

राष्ट्रवादी स्वरलाई माथि उठाउनमा उनको **बन्दी र चन्द्रागिरि** एक महत्वपूर्ण खण्डकाव्य बन्न गएको छ । जहाँ मरे पनि देशकै निम्ति मर्ने हो भन्ने उदात्त राष्ट्रवादी विचार राख्ने कविले राजधानीमाथि विदेशीहरूद्वारा भएको खुल्ला हस्तक्षेपप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन् । उनका 'आइती' शीर्षकको कवितामा राष्ट्रवादी स्वर यसरी अभिव्यक्त भएको छ :

ती जो लाहुर गएर
अर्कैको मुलुकमा पसिना बगाउने गर्छन्
तिनको पसिनाले खडेरीमा
आफ्नै घरको एकबित्ता बारी भिजे कति हुन्छ
ती जो अर्कैका लागि
नाहकमै लडेर व्यर्थैमा मर्ने गर्छन्
तिनको रगतले आफ्नै देशका
बन्जर, मरू र टार रातै पारी सिंचे कति हुन्छ
आइती, अब त मुख फोरेर बोलिदेऊ
पराइको लाखमा घिनले बाँच्नुभन्दा
आमाको काखमा हाँसी-हाँसी मर्न सिके कति हुन्छ ।
(इच्छुक रचनावाली, भाग-२ : पृ. २३)

प्रस्तुत कवितांशमा अर्कैका मुलुकमा पसिना बगाउन जाने लाहुरेले अब आफ्नै देशमा श्रम गरी घरबारी खनजोत गरेर आफ्नै माटामा सुन फलाउने उपाय खोज्नु बेस हुन्छ । पराइको हितभन्दा आफ्नै देश र जनताका हीतका लागि सङ्घर्ष गर्नु भन्ने राष्ट्रवादी स्वर आइती पात्रका मुखबाट कविले प्रकट गराएर कविता राष्ट्रवादी र देशभक्तिपूर्ण भावना प्रशस्त मात्रामा छन् भन्ने कुरा पुष्टि गरेका छन् । त्यस्ता कविताहरूको वर्गमा 'काठमाडौं, मेरो देशको राजधानी', 'बन्दी छोराको पत्र', 'लाहुरे', 'आइती', 'प्यारो मधेशप्रति', 'रोगी देश', 'प्यूठान म पनि तिमीसँगै छु', वर्मझिया, आदि पर्दछन् ।

### ३.२.५. लैङ्गिक शोषणको चित्रण र त्यसको विरोध

हाम्रो पितृसत्तात्मक समाजको कलङ्कका रूपमा नारीलाई उपभोग्य बस्तु झैं ठान्ने गरिन्छ । मानव सभ्यताका इतिहासले समाज रूपी रथका नरनारी अपरिहार्य चक्का हुन् भन्ने भएर पनि नारीलाई हेर्ने दृष्टिकोण भेदभावपूर्ण हुनबाट कविभावना आहत् बनेको छ । अतः त्यो शोषण र त्यसका विरूद्ध आवाज बुलन्द गर्नु 'इच्छुक' का काव्यकृतिमा पाइने एक महत्वपूर्ण रचनाधर्मिता हो । मानव समाजका एक अङ्गका रूपमा स्थापित पुरुषवर्गले नारीवर्गलाई गरेको शोषण, पुरुषवर्गकै पक्षमा रहेका परम्परागत विधिविधान आदिको चित्रण र त्यसका विरोधमा प्रगतिवादी कविहरूले कविता सिर्जेका हुन्छन् । यसरी नै 'इच्छुक' का कवितामा पनि नारीजातिको शोषणको चित्रण र त्यसको विरोध भएको पाइन्छ । कवि 'इच्छुक' नयाँ स्वस्थ, समतामूलक समाजको निर्माणका लागि प्रयत्नशील कवि हुन् । समाजमा महिला मुक्तिबिना परिवर्तनको सम्भावना छैन भन्ने विचार उनले आफ्ना रचनाहरूमा समेत गरेका छन् । हरेक वर्ग, जाति, समुदायका पीडाप्रति संवेदनशील हुने 'इच्छुक' महिलाका पीडाप्रति पनि गहिरो संवेदना व्यक्त गर्छन् । मार्क्सवादले समाजमा हुने सबैखालका अन्याय, अत्याचार, विभेद आदिको विरोध गर्छ । पुरातनपन्थी नेपाली समाजमा पुरुषहरू नै आर्थिक, राजनीतिक, सांस्कृतिक, धार्मिक आदि सबै अधिकार हातमा लिएर नारीलाई दमन गर्ने गर्दछन् । अतः नारीहरू पुरुषबाट नै शोषित हुन्छन् । नारी समुदायगत रूपमा सामाजिक र सांस्कृतिक अत्याचारको सिकार हुन्छे । यसर्थ नारी समाजको शोषित र पीडित पात्रका रूपमा रहेकी हुन्छे । नारी एउटा वर्ग र समुदाय दुबै हो । त्यसैले उसमाथि दोहोरो शोषण हुन्छ । मार्क्सवादीहरू नारीको छुट्टै वर्गसङ्घर्षलाई बढावा नदिई आम मानवको मुक्तिसँगै उनीहरूको पनि मुक्ति हुन्छ भन्ने कुरालाई जोड दिन्छन् । 'इच्छुक' ले आफ्ना काव्य-कृतिमा गरिब, शोषित, उत्पीडित महिलाका पक्षमा बुलन्द आवाज उठाउँदै त्यस्ता विभेदको ठाडो स्वरमा विरोध गरेको पाइन्छ । उदाहरणका लागि 'कान्छी, भट्टी र देश' शीर्षकको कविताको यस अंशलाई लिन सकिन्छ :

भट्टीमा भात पाकिरहेछ
भातसँगसँगै कान्छीको लाज पाकिरहेछ
भट्टीमा मासु पाकिरहेछ

मासुसँगसँगै कान्छीको आँसु पाकिरहेछ ।

भट्टीमा खसी बिकिरहेछ

रक्सीसँगसँगै कान्छीको श्री बिकिरहेछ

(इच्छुक रचनावली, भाग-२ : पृ. ५१-५२)

नारीवादी स्वर मुखरित भएको उल्लिखित कवितांशमा कान्छी, भट्टी र देशको तुलनाद्वारा नेपाली समाजमा देखा परेको नारी उत्पीडनका स्थितिलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । भट्टी थापेर बसेकी कान्छीलाई विदेशी कोठीमा बेचिएकी चेली र जीवन गुजार्न होटलमा भात बेच्ने नारीले आफ्नो अस्मिता बेच्नुपर्ने बाध्यतालाई प्रस्तुत गर्दै यस समस्यालाई गम्भीर र मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । उनका **'बन्दी र चन्द्रगिरि'** खण्डकाव्य लगायत 'भाउजू', 'बहिनीको सम्झनामा', यो घाम पनि रापिएर तातो-तातो छ आज', पुर्खे सुनारकी आमा', 'आइती', 'नवजात छोरीसँग', 'मेरी छोरी', 'दिदी शान्तालाई', 'तिमी' जस्ता कवितामा नारीवादी स्वर, नारी शोषणको चित्रण र त्यसको विरोध गरिएको पाइन्छ ।

### ३.२.६. श्रमप्रति आस्था तथा श्रमजीवीवर्गप्रति सद्भाव

श्रम तथा श्रमजीवीवर्गप्रति आस्था राख्नु 'इच्छुक'का काव्य-कृतिको प्रमुख विशेषता हो । उनले आफ्ना कवितामा श्रम तथा श्रमजीवीवर्गप्रति समतावादी स्वर प्रस्तुत गरेका छन् । उनका काव्य-कृतिमा सर्वाधिक उत्पीडित ज्यामी, मजदुर र गोचाली अर्थात् थारु जातिका कमैया एवम् गरिब किसानहरू र तिनैका कलिला बालबालिकाहरूलाई आधार मानी श्रमिक जनताप्रति अगाध आस्था जाहेर गरिएको छ र श्रमिक जनतालाई इतिहासका निर्माताका रूपमा लिइएको छ (चैतन्य, २०६४ : २५) । श्रमिक तथा उत्पीडित वर्ग र जनसमुदायका दुःख, कष्ट, पीडा, वेदनाका स्वर र भावनाको अभिव्यक्ति 'इच्छुक'का कवितामा गरिएको छ (चैतन्य, २०६५:१३३) मजदुर, कमैया, ज्यामी, गोठालो तथा गरिब किसानहरू र तिनका बालबच्चाहरूलाई आधार मानी श्रमजीवीप्रति आस्था र पूँजीपति तथा जमिन्दारप्रति घृणाको भाव उनका कवितामा पाइन्छ । संसारमा परिश्रम नै सबैभन्दा ठूलो हो ; यसैबाट देश विकास भएको हुन्छ भन्ने भाव व्यक्त गर्दै श्रमजीवीवर्गलाई प्रोत्साहन गर्न उनका कविताहरू सफल भएका छन् । शब्दले मात्र होइन कर्म र सम्पूर्ण जीवनशैलीले कम्युनिष्ट भएका क्रान्तिकारी योद्धा 'इच्छुक'का सम्पूर्णजसो कविता श्रमजीवीवर्गको मुक्तिका निम्ति नै समर्पित छन् ।

नेपालमा सबै श्रमजीवीवर्ग शोषित हुँदै आएका छन् । तिनको मुक्तिबिना स्वस्थ समाजको निर्माण हुन सक्दैन भन्ने निर्क्योल र सो पक्षधरता नै सेनका कविताको सारसङ्क्षेप हो (त्रिपाठी,२०६५:१०३-१०४) । उनले श्रमिकलाई सम्मान भाव प्रकट गरेका छन् । दृष्टान्तका लागि 'तिमी र तिम्रो पसिना' शीर्षकको कविताको यो कवितांश प्रस्तुत गर्न सकिन्छ ।

तिमीसँग पसिना छ र तिमी महान् छौ
तिमीसँग पसिना छ र तिमी श्रद्धेय छौ
तिमीसँग पसिना छ र तिमी सुन्दर छौ
संसार हँसाउने कर्मीहरू हो
तिमीविना घर/घर हुने थिएन
तिमी विना महल/महल हुने थिएन
तिमीले पसिना नपोखेको भए
आजजस्तै यो दुनियाँ झलमल्ल हुने थिएन

(इच्छुक रचनावली, भाग २ : पृ. ३५-३६)

श्रम र श्रमजीवीवर्गहरूप्रति सम्बोधित यस कवितांशमा उनीहरूलाई श्रम गर्ने भएकैले महान्, श्रद्धेय र संसारलाई हसाउने कुशल ज्यामीका रूपमा चिनाएको छ । उनीहरूको श्रमविना यो संसार अहिलेको जस्तो विकसित अवस्थामा आउने थिएन । त्यो केवल श्रमिकको कडा मेहनत र पसिनाको कारणले भएको हो भन्ने भाव व्यक्त गरिएको छ । उनका 'घोमपाल', 'आदिवासी दिवस र भिखारीदास सदा', 'सिम्ठारो धान', 'गोचाली', 'लाहुरे', 'कमैया दुःखीरामलाई प्रश्न', 'अस्वीकार' जस्ता कवितामा श्रम तथा श्रमजीवीप्रति अगाध आस्था प्रकट भएका छन् ।

यसरी हरेकजसो कवितामा वर्गीय मुक्तिको तीब्र अभिलाषा व्यक्त गर्ने क्रममा शोषित-उत्पीडित जनता जो श्रमजीवी हुन्छन्, तिनको श्रमप्रति सम्मानभाव व्यक्त गर्दै तिनैले यस संसारलाई बदल्न सक्ने आस्था समेत व्यक्त गरेकाले 'इच्छुक' का कवितामा एक प्रमुख रचनाधर्मिताका रूपमा श्रम र श्रमजीवीप्रति अगाध आस्था पाइन्छ ।

### ३.२.७. कमरेडहरूप्रति सम्मानभाव

कमरेड/कामरेड शब्द कम्युनिष्टहरूको लागि बहुउपयोगी शब्द हो । यसको शाब्दिक अर्थ कम्युनिष्ट विचारप्रति आस्था राख्ने साथी/मित्र भन्ने हुन्छ । कवि स्वयम् कम्युनिष्ट

भएका कारण उनका कवितामा कमरेड अर्थात् कम्युनिष्टप्रति निकै आदर, आस्था र सम्मानभाव व्यक्त गरेका छन् । इतिहासलाई साक्षी राखेर मुक्तिका लागि लड्ने नेपाली सर्वहारावर्ग, क्रान्तिका वीरयोद्धाहरू र उत्पीडित शोषित जनतालाई कविले आफ्ना काव्य-कृतिमा युगनायकका रूपमा स्थापित गरेका छन् । उन्मुक्तिका हरेक क्रान्तिको नेतृत्व क्रान्तिकारी श्रमजीवीवर्गबाट हुनुपर्ने आवश्यकतालाई आत्मसात गरेको पाइन्छ । नेपाली जनतालाई वर्गचेतनाका भावले सचेत, सङ्गठित एवम् आन्दोलित तुल्याउन कम्युनिष्ट योद्धाहरूका भूमिकालाई कविले महत्वका साथ देखाएका छन् । दृष्टान्तका लागि

प्रिय कमरेड' शीर्षकको यो कवितांश प्रस्तुत गर्न सकिन्छ :

तिमी हामीजस्तै सुधाहरूका मुटुमा
राँको सल्काउँदै हिँड्दा रहेछौ
तिमी हामीजस्तै अबुझहरूका बीचमा
चेतना जगाउँदै हिड्ँदा रहेछौ.
अनि हामीले पहिलो पल्ट थाहा पायौं
तिमी जनतालाई गोलबन्द गर्दै हिँड्ने
सिपालु सङ्गठनकर्ता र भूमिगत क्रान्तिकारी रहेछौ ।

(इच्छुक रचनावली, भाग २ : पृ.२५)

कमरेडलाई सिपालु सङ्गठनकर्ता र भूमिगत क्रान्तिकारी योद्धाका रूपमा चिनाइएको उपर्युक्त कवितांशमा उनीहरूलाई अन्धाका आँखामा ज्योति बाल्दै हिँड्ने, सुधारहरूका मुटुमा प्रतिशोधको राँको सल्काउँदै हिड्ने र अबुझ-अन्जानहरूलाई चेतनाले जगाउँदै हिड्ने युगपरिवर्तन गर्ने योद्धाका रूपमा ससम्मान चित्रण गरिएको पाइन्छ । उनका 'प्रिय कमरेड' लगायत 'बर्मझिया', 'कैदी', 'यक्ष-प्रश्न' जस्ता कवितामा कमरेडप्रति उच्च सम्मानभाव प्रकट भएको पाइन्छ ।

### ३.२.८. विषयवस्तुगत प्रवृत्ति

कुनै पनि कृतिमा रहेको वस्तुले त्यस कृतिको सारभूत अंशलाई बुझाउँछ । कृतिमा हुने विषयवस्तु आवश्यकतानुसार सूक्ष्म वा विपुल जे पनि हुन सक्छ । वस्तु मूलरूपमा विचार वा भावका रूपमा रचनामा प्रकट भएको हुन्छ । 'इच्छुक'ले आफ्ना कवितामा मूलतः क्रान्तिचेत,

देशभक्ति, राष्ट्रियता, सहितप्रति सम्मान, सामन्ती संस्कार र त्यसको विरोध, नारीवर्गप्रति सम्मान तथा तिनमाथिको शोषण अनि त्यसको विरोध, आफ्ना जीवनका बितेका पलहरूको सम्झना एवम् भौगोलिक विविधताको चित्रण गर्दै बन्दी जीवन र प्रकृतिको चित्रणजस्ता विषयवस्तुलाई आफ्ना काव्य-कविताको विषयवस्तु बनाएका छन् । गरिबी, स्वतन्त्रता, समानता, तात्कालिक राजनीतिक अवस्था, जनयुद्धमा देखिएका विविध पक्ष आदिलाई संयोजन गर्दै काव्य-कविताहरू सिर्जना गरेको पाइन्छ । उनका कवितामा क्रान्ति र वर्ग सङ्घर्षमा युवाहरूका भूमिकाको चर्चा गर्दै तात्कालिक समाजमा देखापरेका विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रकार गरेका छन् । उनका कविताले मानवता, राष्ट्रियता, निरङ्कुशता, दमन, शोषण, उत्पीडनजस्ता पक्षको उद्घाटन गरेका छन् । राष्ट्र र राष्ट्रियताका निम्ति क्रान्तिमा लामबद्ध भएका योद्धालाई सरकारले गरेको दमनको सशक्त विरोध उनका कवितामा पाइन्छ । उनका '**बन्दी र चन्द्रागिरि**' खण्डकाव्य लगायत 'दार्बोटको जङ्गलमा', 'गोचाली', 'नवजात छोरीसँग', 'पिपलको बोट', 'घोमपाल', 'कोशी टप्पु', 'चिनियाँ कवि चेङ् च्छूप्रति' आदि कविताहरूमा प्रकृतिको चित्रण पाइन्छ । आफ्ना बाल्यकालीन सम्झनाका तरङ्गहरूलाई 'बालबन्दी मिर्ची', 'मेरी छोरी', 'मेरा पश्चातापका केही सुस्केराहरू' आदि कवितामा स्पष्ट रूपमा प्रस्तुत गरेका छन् । हत्या, हिंसा, शोषण, दमनका विपरीत स्वतन्त्रताको चाहना राख्दै 'कारागारको छतमाथि चढेर', 'आङ् सान सु की', 'कसरी भनूँ', 'तिमी', 'अजम्बरी सपना' आदि कविता लेखेका छन् । देश र शोषित पीडित जनताका मुक्तिमा लागेका समयमा बन्दी जीवन बिताउनु पर्दाका क्षणलाई उनले 'बन्दी छोराको पत्र' 'पोखरी र कारागार', 'कारागारको छतमाथि चढेर', 'पिपलको बोट', प्रतिबन्ध आदि कविताका माध्यमबाट उजागर गरेका छन् । नेपालको भौगोलिक विविधताको चित्रण गर्दै 'लालमटियाको सम्झना', 'त्यो प्यारो-प्यारो पहाडी गाउँको नाम थवाङ्ग हो', 'प्यूठान, म तिमीसँगै छु' आदि कविता रचना गरेको छन् । नारीमाथि हुने अन्याय-अत्याचार, शोषण आदिलाई उनले '**बन्दी र चन्द्रागिरि**' खण्डकाव्य लगायत 'आइती', कान्छी, भट्टी र देश', 'भाउजू', 'बहिनीको सम्झनामा', 'पुर्खे सुनारकी आमा', 'नवजात छोरीसँग', 'सिंहदरबार अघि नारा लगाइरहेकी फूलमती', 'मेरी छोरी', 'आङ् सान सु की', 'दिदी शान्तालाई' आदि कवितामार्फत् क्रान्तिकारी आवाज बुलन्द पारेका छन् । जनयुद्धको समय र भविष्यप्रति पूर्ण आशावादी रहँदै आफ्ना कविताहरूमा तात्कालिक युग सापेक्षित भोगाइलाई प्रस्तुत गरेका छन् । साथै त्याग र बलिदानको गहन भाव र मूल्यलाई उनले '**शोकाञ्जलि**'

शोककाव्य र '**बन्दी र चन्द्रगिरि**' खण्डकाव्य तथा 'यो घाम पनि रापिएर तातो-तातो छ आज', 'बर्मभिफया', बेन्जामिन मोलाइसको सम्भनामा', 'सलाम जेलवाङ' आदिमा प्रस्तुत गरेका छन् । यसका अतिरिक्त 'इच्छुक'ले गरिबहरूका जीवनदशालाई 'हात लाग्यो शून्य', 'लाहुरे', 'गोचाली', 'सिम्ठारो धान', 'कान्छी, भट्टी र देश', 'तिमी र तिम्रो पसिना' आदि कवितामा स्पष्ट पारेका छन् ।

कवि 'इच्छुक'ले क्रान्ति र विद्रोहलाई आफ्ना कविताको विषयवस्तुका रूपमा छानेका छन् । दृष्टान्तका रूपमा 'दार्बोटको जङ्गलमा' कविताबाट यो कवितांश प्रस्तुत गर्न सकिन्छ :

योद्धाजस्तै अग्ला वृक्षहरू
मोर्चा कसेभैंं अविचल उभिरहे
एकताको हातेमालो बाँधेर
लहराहरूले दृढताको मुट्ठी कसिरहे
सङ्गीनले नझुक्ने साहसका गुराँसहरू देखेर
बन्दूकहरू लाचार भएर गए

('इच्छुक' रचनावली, भाग २ः पृ.७२)

जनयुद्धकालीन विवरण समेटिएको उपर्युक्त कवितांशमा सरकारी क्रूर दमनका वाबजुद जनता झुकेनन्, डटिरहे । दमन अभियानका विरूद्ध एकढिक्का भएर प्रतिरोध गरे । जनताद्वारा अगाडि बढाइएको प्रतिरोध अभियानलाई कविले कलात्मक ढङ्गले प्रकृतिको मानवीकरण गरी प्रस्तुत गरेको पाइन्छ । । उनका कविताहरूमा निरङ्कुशता, दमन, अत्याचार आदिको उद्‌घाटन गरी त्यसका विरूद्ध क्रान्तिकारी स्वर अभिव्यक्त भएको छ । उत्साहमा आधारित भएर क्रान्तिकारी र आशावादी कविता रच्नु उनको वस्तुगत विशिष्टता हो । उनका सबैजसो कविताहरूले वैचारिक दर्शनलाई आधार बनाएर यथार्थ अभिव्यक्ति दिएको पाइन्छ ।

### ३.२.९. लयगत प्रवृत्ति

'इच्छुक'का कविताको संरचनागत मूल्यको कुरा गर्दा उनले प्रयोग गरेको लयविधान उनका काव्य-कविताको विशिष्ट प्रवृत्ति रूपमा देखा परेको छ । कवितामा लयविधान आफैमा एउटा महत्वपूर्ण तत्व पनि हो । उनी अनुप्रासको यस्तो छटा कवितामा खडा गर्छन्, जसबाट उनका कवितामा विशिष्ट साङ्गीतिक माहौल खडा हुन पुग्दछ साथै 'मायाकोब्स्की'ले भनेझैं

आदि, मध्य र अन्त्यका हर सम्भव ठाउँमा उनी लयको प्रयोग गर्छन् अनि एकातिर सरस सुन्दर शब्द र अर्कातिर ललित लयको साहचर्यबाट कवितामा 'जर्ज थम्सनले' भनेझैं जादुमयी आकर्षण पैदा हुन्छ एवम् ओजपूर्ण त्यही लयात्मक भाषाले गर्दा 'इच्छुक'का कविता 'कडवेल'ले भनेझैं पाठकका संवेदनालाई उद्दीप्त पार्ने 'महान् स्वीचवोर्ड' पनि बन्न पुग्छन ('पाण्डेय', २०६५:६५, ६६) । 'इच्छुक'ले आफ्ना कवितामा भावले अपेक्षा गरे अनुरूप शब्द प्रयोग गरी भाव र भाषाका बिचमा अन्तर्सम्बन्ध स्थापित गरी कविताका लयमा अन्तरसाङ्गीतिकता बढाउने सफल प्रयास गरेका छन् । दृष्टान्त स्वरूप 'अजम्बरी सपना' कविताको यो कवितांश प्रस्तुत गर्न सकिन्छ :

घर घेर, गोठ घेर
करेसा र आँगन घेर
गाउँ घेर, जंगल घेर
खर्क र खलिहान घेर
वाटो घेर, दोवाटो घेर
देउराली र भञ्ज्याङ घेर
पहाड घेर, ओडार घेर
बेसी र मैदान घेर
कतै हावा पनि फरार होला
हावाका तेज झोक्काहरूलाई घेर
तर पनि घेरिदैन कहिल्यै
हाम्रो मुक्तिका उद्दाम सपना

(इच्छुक रचनावली, भाग २: पृ.१६९)

प्रस्तुत कवितांशमा वर्ण, शब्द, पदावली र वाक्यकै स्तरमा अनुप्रासको अनुपम छटाको आयोजनाले विशिष्ट भावविधानको संवेदनापूर्ण अभिव्यञ्जनालाई बढी प्रभावकारी, आह्लादक र आकर्षक बनाएको पाइन्छ । कविता सम्पूर्ण रूपमा गद्यशैलीमा लेखिएको भए पनि विशिष्ट पद्यभन्दा कम मूल्यको देखिदैन । कविताका भावलाई केन्द्रमा राखेर आद्यानुप्रास, मद्यानुप्रास र अन्त्यानुप्रासको पूर्ण तथा आंशिक प्रयोगले कविता वास्तवमा गीतिमय, लयात्मक र श्रुतिमोहक बन्न पुगेको छ ।

### ३.२.१०. बिम्ब-प्रतीक तथा अलङ्कार योजना

कवितामा बिम्ब, प्रतीक र अलङ्कार योजनाले कवितालाई शक्ति दिन्छ । 'इच्छुक'का कवितामा बिम्ब, प्रतीक र अलङ्कारको सान्दर्भिक प्रयोग पाइन्छ । कुनै व्यक्ति वा वस्तुको आकृति, त्यससम्बन्धी अवधारणा, त्यसको पुनर्निर्माण, मानसपटल, स्मृतिमा उपस्थित प्रतिकृति तथा मानसिक विचार एवम् मस्तिष्कमा आकृति पैदा गराउने अलङ्कारहरू बिम्ब हुन् (लुइँटेल, २०६०:३०२) । इच्छुकले आफ्ना कवितामा आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, वर्गसङ्घर्ष, इतिहास, पुराण, वर्गयुद्ध, प्रकृति आदि क्षेत्रबाट विविध बिम्ब र प्रतीकहरू लिएका छन् । यथार्थ घटना वा परिवेश तथा सम्भावनाका द्वन्द्वमा समाहित हुँदै नयाँ बिम्बहरूको सिर्जना गर्न कविको कल्पना शक्ति निकै प्रखर देखिन्छ । नेपाली जीवन र जगत्का विविध बिम्ब, प्रतीक, मिथकीय दृश्य र विचारधारात्मक भाव तत्वलाई उनले आफ्ना कवितामा कलात्मक सचेतताका साथ प्रस्तुत गरेका छन् । बिम्ब, प्रतीक तथा अलङ्कार प्रयोगका दृष्टिले उनी कति सफल छन् भन्ने कुरा 'प्रिय कमरेड' कविताको यस कवितांशमा देखाउन सकिन्छ :

तिमी पहाड, जङ्घार; भङ्गाला र छालहरूलाई
दृढतापूर्वक पार गर्दै र तर्दै हिड्ँदा रहेछौ
तिमी शत्रुका घेरा, पहरा, गोली र जालहरूलाई
निर्भीकतापूर्वक तोड्दै र छल्दै हिड्ँदा रहेछौ
तिमी कष्टसाध्य कठोर क्रान्तिकारी जिन्दगी
स्वेच्छाले सगर्व लड्दै हिड्ँदा रहेछौ

(इच्छुक रचनावली, भाग २: पृ.२५)

सम्बोधित कविताका यस अंशमा कमरेडहरूलाई पहाड, जङ्घार, भङ्गाला, छाल दृढतापूर्वक पार गर्दै र तर्दै हिड्ने, शत्रुका घेरा, पहरा, गोली र जालहरूलाई निर्भीकतापूर्वक तोड्दै र छल्दै हिड्ँने क्रान्तिकारी वा परिवर्तनकारी योद्धाका प्रतीकका रूपमा चिनाइएको छ । यस कवितांशमा कामरेडहरूको कार्यशैली र व्यवहारले माओवादी छापामारहरूको सङ्घर्षपूर्ण जीवनशैलीका बिम्बलाई प्रस्तुत गरेको पाइन्छ । कमरेडलाई पहाड, जङ्घार, भङ्गाला र छालहरू पार गर्दै हिड्ने तथा दुष्मनका घेरा, गोली, पहरा र जालहरूलाई तोड्दै, छल्दै

कष्टसाध्य कार्य गर्न सक्ने व्यक्तिका रूपमा लिइएको पाइन्छ । यसका अतिरिक्त 'इच्छुक'का कविताहरू सरसर्ती अध्ययन गर्दा दृष्टान्त, तुल्ययोगिता, स्मरण, उत्प्रेक्षा, रूपक, अपन्हुति, उपमा, विरोधाभाष वा द्वन्द्व आदि अलङ्कारहरूको प्रयोग गरेको भेटिन्छ । उनले उपमा र रूपक अलङ्कारको बहुशः प्रयोग गरेका छन् भने सन्देश, वक्रोक्ति, श्लेष, व्यतिरेक जस्ता अलङ्कारको कतै-कतै प्रयोग गरेको पाइन्छ ।

### ३.२.११. भाषाशैली

भाषा विचारको अभिव्यक्तिको माध्यम हो भने शैली त्यही विचारलाई अभिव्यक्त गर्ने तरिका हो । 'इच्छुक'का कविताको भाषाशैली जनबोली र शास्त्रीयताका मिसावटमा बनेको छ (ज्ञवाली, २०६५:९६) । उनका कवितामा शब्द सौन्दर्य पूर्ण अन्तर्वस्तुको उपस्थिति पर्याप्त मात्रामा रहेको छ र कथ्यगत अन्तर्वस्तुलाई त्यसले निकै प्रभावकारी र सुन्दर बनाएको छ । कविता शब्द चयन र प्रयोगका दृष्टिले उच्च रहेका छन् । उनले यथासम्भव आवश्यक र सङ्गतिपूर्ण शब्दका प्रयोगमा सजगता अपनाएको देखिन्छ । कविता सामान्य कुराकानी नभई विचलनयुक्त कलात्मक अभिव्यक्ति हो । कवितामा यथार्थ शब्द सौन्दर्यको आकर्षक उपस्थिति छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोगसँगै सूक्तिमयता, सङ्क्षिप्तता, तीव्रता आदिले भाषिक प्राञ्जलता निर्माण भएको पाइन्छ । यसका अतिरिक्त आञ्चलिक शब्द, मानक शब्द र जातीय भाषाका शब्दहरूका प्रयोगले पनि कवितालाई मौलिकता समेत प्रदान गरेको पाइन्छ । समष्टिगत रूपमा भाषाशैली सरल, सरस र सुबोध्य देखिन्छ । कवितामा प्रयुक्त भाषा लाक्षणिक र प्रतीकात्मक शब्दहरूको प्रयोग भए पनि सजिलै बुझ्न सकिने छ । उनका कवितामा शास्त्रीयताको बन्धन छैन यद्यपि रस, ध्वनी, अलङ्कार, बिम्ब, प्रतीक आदिको समायोजित तथा सहज प्रयोग तथा कला र विचारको सन्तुलन छ । उनका कविताको विषयवस्तु कलात्मक शिल्प र भाषामा रूपान्तरित भएको छ । यो नै उनको भाषा शिल्पको प्रमुख विशेषता पनि हो । 'इच्छुक'का कविताहरूमा वर्णनात्मक, विश्लेषणात्मक, प्रश्नात्मक, व्यङ्ग्यात्मक  तथा सम्बोधनात्मक शैलीको प्रयोगले गर्दा उनका कविताहरू अझ आकर्षक तथा स्मरणीय बन्न समेत पुगेका छन् । पदक्रमगत विचलन पनि अस्वाभाविक देखिदैन ।

### ३.२.१२. ग्रामीण परिवेशको प्रस्तुतीकरण

नेपाल गाउँ नै गाउँले भरिएको देश हो । ९० प्रतिशतभन्दा बढी भू-भाग ग्रामीण क्षेत्रले ओगटेको छ । अतः अविकसित देशका लागि ग्रामीण क्षेत्र वर्गसङ्घर्षको तुफानी केन्द्र हो । हाम्रा देशमा भएको १० वर्षे जनयुद्ध पनि ग्रामीण सङ्केन्द्रित बनेर रहेको थियो । अतः ग्रामीण जनताहरूमाथि राज्यले गरेको बर्बर हत्या, नृशंस राज्य आतङ्क, वर्गसङ्घर्ष, जनताको शौर्यगाथा, वीरतापूर्ण सहादत, दुष्मनको जङ्गली दमन आदिलाई प्रस्तुत गरी ग्रामीण परिवेशको स्पष्ट चित्रण उतारेको पाइन्छ । दृष्टान्तका लागि 'त्यो प्यारो-प्यारो पहाडी गाउँको नाम थवाङ हो' कविताको पहिलो अनुच्छेदलाई प्रस्तुत गर्न सकिन्छ :

साथीहरू, म त्यो ठाउँको परिचय दिइरहेको छु
जहाँका वासिन्दाहरू उत्पीडनका विरोधमा उठिरहेका छन्
जहाँका मानिसहरू शोषणका विरोधमा उठिरहेका छन्
जहाँका गरिबहरू वर्गीय अत्याचारका विरोधमा उठिरहेका छन्
जहाँका शोषितहरू मुक्तिका लागि सङ्घर्ष गरिरहेका छन्

(इच्छुक रचनावली, भाग २: पृ. १७)

यसरी सहर केन्द्रित शासन प्रणाली, गाउँप्रति अनुत्तरदायी हुनाका कारण वर्षौंदेखिको उपेक्षा शोषण र वर्गीय उत्पीडनमा परेको ग्रामीण समाजको यथार्थको वर्णन गर्दै उत्पीडनबाट मुक्ति पाउनका लागि वर्गसङ्घर्षको बाटो अंगालेको ग्रामीण समुदायको यथार्थ चित्र उपर्युक्त कवितांशमा पाइन्छ ।

उनका ग्रामीण परिवेशको प्रस्तुतीकरण गर्ने अन्य कविताहरू 'बर्मझिया', 'दार्बोटको जङ्गलमा', 'घोमपाल', 'सेतुजैसीको घर', 'पुर्खे सुनारकी आमा', 'सलाम जेलवाङ', 'प्यारो मधेशप्रति', 'एउटा गाउँलेको डायरी', 'अजम्बरी सपना', 'प्यूठान म तिमीसँगै छु' आदि रहेका छन् ।

## ३.२.१३. सर्वहारा अन्तर्राष्ट्रियतावाद

समाजमा देखा परेको वर्गीय विभेदको अन्त्य नभएसम्म साम्यवादको उदय हुन सक्दैन । विद्यमान वर्गीय व्यवस्थाको समाप्तिका लागि वर्गसङ्घर्ष अनिवार्य हुन्छ र वर्गसङ्घर्षका लागि वर्गीय मुक्तिमा साथ दिनेहरूको एकता जरूरी छ । साम्यवाद त्यस्तो शासन व्यवस्था हो जहाँ सिङ्गो विश्व एकै राज्य र समग्र मानव समुदाय एक परिवारका रूपमा रहन्छन् ।

यसर्थमा साम्यवाद सिङ्गो विश्वकै सर्वहारावर्गीय एउटै व्यवस्था भएकाले साम्यवादीहरूले विश्वभरिकै मित्रवर्गसँग सहकार्य, समर्थन र सहयोग बिनामूल्य आदान प्रदान गर्छन् । यस्तै सहकार्य आजको युगमा भएमा साम्यवाद स्थापना गर्न सजिलो हुन्छ । यही एकका लागि सबै र सबैका लागि एक भन्ने विश्वभावनालाई नै सर्वहारा अन्तर्राष्ट्रियतावाद भनिन्छ ।

विश्वका कुनै पनि राष्ट्रमा भएको सर्वहारा वर्गीय सङ्घर्ष वा विद्रोहमाथि दमन हुँदा अन्य देशका सर्वहारावर्गले सहयोग र समर्थन गर्नु तिनको नैतिक कर्तव्य हो । त्यस कर्तव्यलाई कवि 'इच्छुक'ले राम्रोसँग महसुस गरी आफ्ना काव्य-कविताका मार्फत् सर्वहारा अन्तर्राष्ट्रियवादलाई प्रस्तुत गरेको पाइन्छ । यसै क्रममा उनी कहिले साम्राज्यवादी दानवहरूले प्यालेस्टाइनमाथि लादेको युद्धको विरोध गर्छन् त कहिले दक्षिण अफ्रिकाका अश्वेत कवि बेंजामिन मोलाइसलाई विश्व जनमतको विरोधका बाबजूद तात्कालिक वोथो सरकारले फाँसीमा झुण्ड्याउँदा कवि इच्छुक आहत हुन्छन् । त्यसैगरी 'इच्छुक' कहिले कवि भावनासँगै जेरुसेलममाथि भएको भीषण अत्याचारको विरोध गर्दै मुक्तकण्ठले मुक्ति गीत गाउँछन् भने कहिले म्यानमारसम्म पुगेर त्यहाँकी प्रजातान्त्रिक नेतृ आङ् सान सु की को स्वतन्त्रताको लडाइको समर्थन गर्न पुग्दछन् । उनका काव्यकृतिमा क्रान्तिकारीहरूका आपसी सद्भावलाई देशका सिमानाले छेक्दैन, विश्वभरिका क्रान्तिकारीरू आपसमा आत्मीयताबोध गर्छन् भन्ने भाव र विश्वासलाई यसरी कवितांशमा व्यक्त गर्छन् :

तिम्रो पराधीन देशको क्षितिजबाट एक दिन
दासताको धमिलो छायाँ पोछिएर जानेछ, मोलाइस
तिम्रो रक्तको पवित्र वेदीमा स्वतन्त्रताका फूलहरू फुल्नेछन्
तिम्रो चिताको पूज्य समाधिमा श्रद्धालु शिरहरू झुक्नेछन् ।

(इच्छुक रचनावली, भाग-२ : पृ. २१५)

उपर्युक्त कवितांशमा कविले सर्वहारा वर्गका अधिकारका लागि लड्ने व्यक्तित्वले लडाइको क्रममा सहादत प्राप्त गरेमा जुनसुकै भूगोलका न्यायप्रेमी जनताले ससम्मान शिर झुकाएर श्रद्धा व्यक्त गर्छन् भनी सर्वहारा अन्तर्राष्ट्रियतावादको ज्वलन्त उदाहरण पेश गरेका छन् ।

‘इच्छुक’का ‘प्यालेष्टिनी मित्रहरूका नाममा’, ‘जेरूसलम’, ‘आङ् साङ सु की’, ‘वेन्जामिन मोलाइसको फाँसीमा’ आदि कवितामा सर्वहारा अन्तर्राष्ट्रियतावाद अभिव्यक्त भएको पाइन्छ ।

## ३.२.१४. वर्गसङ्घर्षको कडीमा जातीय मुक्ति

अन्याय, अत्याचार एवम् राजनीतिक, सांस्कृतिक-सामाजिक, आर्थिक तथा जातीय उत्पीडनलाई अंश-अंशमा नहेरी समूलमा हेर्ने ‘इच्छुक’ वर्गीय पक्षधरतामा बढी विश्वास गर्ने प्रगतिवादी कवि हुन् । वर्गीयमुक्तिसँगै समग्र उत्पीडनहरूको अन्त्य हुने आस्थाकै कारण खासगरी जातीय भेदभावलाई आफ्ना कवितामा मूल रूपमा नलिई सहायक विषयवस्तुका रूपमा लिई वा सङ्केत मात्र गर्नाले उपेक्षित जनजाति र दलित मूल शीर्षकमा उनका कमै कविताहरू पाइन्छन् । यद्यपि उनले सामाजिक तथा सांस्कृतिक समस्याका रूपमा रहेका जातीय भेदभाव र मुक्तिलाई आफ्ना कवितामा स्थान नदिएका होइनन् । अतः वर्गसङ्घर्षको कसीमा जातीय मुक्ति उनका कवितामा पाइने एक प्रमुख प्रवृत्ति हो । दृष्टान्तका लागि ‘बहिनीको सम्झनामा’ कविताबाट यो कवितातांश प्रस्तुत गर्न सकिन्छ :

मान्छे-मान्छेलाई स्वार्थले जुधाउने
वर्गीय भेदको विभाजन कति घातक हुन्छ
मान्छे-मान्छेवीचको एकतालाई टुक्राउने
जातीय विभेदको पर्खाल कति खतरनाक हुन्छ
बहिनी यो विषम समाजमा
सचेत र स्वाभिमानी मान्छेका लागि
थिचोमिचो र अपहेलनाको तीतो अनुभूति
कति असत्य र कति अपमानजनक हुन्छ
हो, तिमी स्वयम् नै जरूर बुझ्ने थियौ
अनि बालेर मुटुमा आगो दनदनी
बहिनी, विद्रोहमा उठ्ने थियौ ।

(इच्छुक रचनावली, भाग २: पृ.६४)

उपर्युक्त कवितांशमा मान्छे-मान्छेबिचको फुट र अनेकतामा टुक्राउने कारण एउटा वर्गीय भेद हो भने अर्को जातीय विभेद हो जुन आफैमा घातक र खतरनाक हुन्छ भने कुरा

अभिव्यक्त गरिएको छ । अतः मान्छे-मान्छेलाई अलग-अलग पार्ने यी अन्यायपूर्ण व्यवहारको अन्त्यका लागि हृदयदेखि नै प्रतिशोधको ज्वाला दन्काएर वर्गसङ्घर्ष वा विद्रोहमा उठ्नु पर्ने कुराप्रति सचेत गराएको पाइन्छ । उनका यस्तो प्रवृत्ति बोकेका अन्य कविताहरू 'सिम्ठारो धान', 'पुर्खे सुनारकी आमा', 'आदिवासी भिखारीदास सदा' आदि रहेका छन् ।

### ३.२.१५. क्रान्तिकारी आशावाद

मार्क्सवाद निराशा र पलायनलाई स्थान नदिने एक जीवनवादी दर्शन हो । मार्क्सवादीहरू जो जस्तोसुकै परिस्थितिमा पनि उत्साहका साथ अनवरत रूपमा सक्रिय भइरहन्छ, ऊ कल्यै पराजित हुँदैन-सत्य यही हो । संसारभरकै आस्था र निष्ठाले लागि परेका कम्युनिष्टहरू एक न एक दिन पूँजीवादलाई परास्त गरेर साम्यवादी गन्तव्यसम्म पुगेर वर्चश्व स्थापित गर्न सफल हुने कुरामा आशा राख्दछन् र यसका निम्ति हरहमेसा प्रयत्नशील रहन्छन् । यसैलाई क्रान्तिकारी आशावाद भनिन्छ । 'इच्छुक'का काव्यकृतिमा यो प्रवृत्ति स्पष्ट रूपमा पाउन सकिन्छ । उनका कविताहरूले अन्तिम विजयप्रति लक्ष्यित गर्नु र त्यसप्रति विस्वस्त हुनु, शोकलाई शक्तिमा बदल्ने चेष्टा गर्नु जस्तोसुकै मानसिक र शारीरिक पीडाले थलिए पनि मुक्ति नै सङ्घर्षको उपनाम ठान्नु र कविले आफ्नो जीवनलाई इस्पातझैं कठोर बनाउनाले पनि उनका काव्यकृतिमा क्रान्तिकारी आशावाद जमेर प्रस्तुत भएको पाइन्छ । दृष्टान्तका लागि **बन्दी र चन्द्रागिरि**को काव्यांशलाई प्रस्तुत गर्न सकिन्छ :

ए, हेवाल्देव !
कायरहरूले हतार-हतार
अदालतको नाटक रचेर
कुर्दिश योद्धाहरूको हत्याको
कायरतापूर्ण फैसलाहरू गरे पनि
तिम्रा सपनाहरूको हत्या गर्नसक्ने छैनन्

(इच्छुक रचनावली भाग-१, पृ. २७/२८)

'इच्छुक'का अन्य कविताहरू 'आइती', 'यो घाम पनि रापिएर तातो-तातो छ आज', 'तिमी र तिम्रो पसिना', 'सलाम जेलवाङ', 'शोकाञ्जलि' आदिमा क्रान्तिकारी आशावाद स्पष्ट रूपमा भेट्न सकिन्छ ।

### ३.३. निष्कर्ष

यसरी उनका काव्य-कृतिहरूमा रचनाधर्मितालाई केलाउँदा उनी प्रगतिवादी भावधाराका क्रान्तिकारी कविका रूपमा देखिन्छन् । वर्गीय क्रान्तिचेत, सहिदप्रति सम्मानभाव, सामन्तवर्गको विरोध, वर्गीय चेतनाको अभिव्यक्ति, श्रम तथा श्रमजीवी वर्गप्रति आस्था भोलिप्रतिको आशावादीता जस्ता मुख्य विषयवस्तुगत रचनाधर्मिता उनका कवितामा पाइन्छ । उनका कवितामा राष्ट्रप्रेम, राष्ट्रियता अतिक्रमणको विरोध वा विश्व साम्राज्यवाद तथा विस्तारवादको विरोध, अन्तर्राष्ट्रिय युगेचेतना आदि अभिव्यक्ति भएका छन् । त्यसैगरी मार्क्सवादी कला सौन्दर्य तथा प्रचण्डपथीय सौन्दर्यशास्त्र मूलमार्गमा रहेर वर्गीय पक्षधरता, क्रान्तिकारी आशावादी विश्वदृष्टिकोण, नारीजातिको शोषणको चित्रण र त्यसको विरोध, वर्गीय उत्पीडनबाट मुक्तिको गोरेटो जनयुद्ध, गरिब, निमुखा, उपेक्षित आदिवासी, दलित जातिको मुक्ति आदि उनका कवितामा झल्किन्छन् । जनयुद्धको दरो समर्थन र त्यसलाई समग्र उत्पीडितजनताको मुक्तिमार्ग ठान्ने मूल विचार उनका समग्रजसो कवितामा क्रान्तिचेत नामको प्रवृत्तिका रूपमा प्रतिबिम्बित भएको पाइन्छ । उनका कविता गद्यलयमा लेखिए पनि अनुप्रास योजनाको संयोजन तथा सरल सहज र सुबोध भाषाको प्रयोगले लयात्मक, गेयात्मक र श्रुतिमोहक बनेका छन् । नयाँ-नयाँ प्रतीक तथा अलङ्कारको प्रयोग तथा विचार र भावको सन्तुलन उनका कवितामा पाइन्छ ।

# चौथो-परिच्छेद

## 'इच्छुक' का काव्यकृतिको विश्लेषण

### ४.१. विषय प्रवेश

वि.सं. २०३२ सालदेखि औपचारिक रूपमा कविता लेखन कार्य आरम्भ गरेका कृष्ण सेन 'इच्छुक' प्रगतिवादी कवि हुन् । उनले नेपाली प्रगतिशील साहित्यका रूपमा लघु शोककाव्य **'शोकाञ्जलि'** (२०४८) र **'बन्दी र चन्द्रागिरि'** (२०५७) गरी दुई खण्डकाव्यहरु दिएका छन् । उनका उपर्युक्त दुई खण्डकाव्यहरुलाई इच्छुक सांस्कृतिक प्रतिष्ठानले **इच्छुक रचनावली भाग-१** मा सङ्गृहीत रूपमा २०६४ मा प्रकाशन गरेको छ । यस परिच्छेदमा 'इच्छुक' का काव्यकृतिहरूको विश्लेषण गरिएको छ ।

### ४.२. काव्यकृतिको विश्लेषणको आधार

### ४.२.१. मार्क्सवादी सौन्दर्य शास्त्र/चिन्तन

कला र साहित्यलाई सांस्कृतिक मूल्यका रूपमा ग्रहण गर्दै कला र साहत्यमा राजनीतिको प्रवेशलाई समेत स्वीकार्ने सर्वहारा विश्वदृष्टिकोण नै मार्क्सवादी सौन्दर्य शास्त्र/चिन्तन हो । अतः साहित्य र कलाले सर्वहारा संस्कृतिको जगेर्ना, प्रवर्द्धन र राजनीतिलाई पूर्ण रूपमा सहयोग पुऱ्याउनु पर्छ । सांस्कृतिक एवम् मानसिक परिस्कारबाट कला तथा साहित्यलाई पृथक् नराखी सांस्कृतिक प्रक्रियाले नै समाजलाई राजनीतिक शक्तिभन्दा पनि बढी जीवनदायी शक्ति प्रदान गर्दछ । मार्क्सवादी सौन्दर्य चिन्तनअनुसार बस्तु प्रधान र रूप गौण हुन्छ तर बस्तु र रूपका बीच यस्तो द्वन्द्वात्मक सम्बन्ध हुनुपर्छ, जसमा सुन्दर बस्तु अझ सुन्दर रूपमा अभिव्यक्त होस् । यसका साथै आधारभूत परिवर्तनको प्रक्रियामा साहित्यको भूमिका समाजका बस्तुगत परिस्थितिहरू, सामाजिक सम्बन्धहरू, जीवनका यथार्थ र चेतनाका स्वरूपको प्रामाणिक यथार्थवादी चित्रण गर्छ । समाज व्यवस्था र त्यस अन्तर्गत मनुष्यको जीवनदशाको वास्तविक रूप अघि सारेर जनजीवनको वास्तविकता बोध गराउनु एवम् क्रान्तिकारी वर्ग र उसका सहायक शक्तिहरूलाई चिनाउँदै क्रान्तिकारी चेतनालाई दरिलो पारी सङ्घर्षलाई दिशा र दृष्टि दिनु मार्क्सवादी सौन्दर्य शास्त्र/चिन्तनको मूल ध्येय हो । अतः यस सौन्दर्य शास्त्रलाई आधार मानी 'इच्छुक'का काव्यकृतिको विश्लेषण गरिएको छ ।

### ४.२.२. प्रगतिवादी कला मूल्य

समाजलाई प्रगतिको दिशामा अघि बढाउने र मानव विकास एवम् समुन्नतिमा सघाउ पुऱ्याउने सौन्दर्य तथा साहित्य सिद्धान्तलाई प्रगतिवाद भनिन्छ । प्रगतिवादलाई अङ्गिकार गर्ने प्रगतिवादी साहित्य एवम् सौन्दर्य चिन्तनले साहित्यलाई कलात्मक बिम्बमा बस्तुगत यथार्थको सक्रिय प्रतिबिम्बन गर्ने सामाजिक चेतनाको विशिष्ट रूपमा स्वीकार्दछ । सामाजिक चेतनाका रूपमा साहित्यको विशिष्ट गुण, साहित्यकलामा अन्तर्निहित संज्ञानात्मक, विचारधारात्मक एवम् मानवीय कथ्यलाई सौन्दर्यात्मक रूपमा प्रस्तुत गर्नु हो । जनताले साहित्य-कलामा आफ्नै जीवन, यथार्थसँगको आफ्नो सम्बन्ध र समाजले भोग्नुपरेका मुख्य द्वन्द्वात्मक गतिविधिहरूलाई बोध गर्न र हेर्न चाहान्छन् । यही कारणले समाजवादी यथार्थवादलाई अङ्गिकार गर्न साहित्यले जनताको जीवन, जनताका आकाङ्क्षा र अपेक्षाहरूलाई अङ्कित गर्दै आएका छन् अर्थात् समाजवादी यथार्थवादी सर्जकहरूले पनि श्रमिकवर्गको ऐतिहासिक लक्ष्यलाई हृदयङ्गम गरी द्वन्द्वात्मक भौतिकवादी सर्वहारा वर्गदृष्टिकोण अवलम्बन गर्दै आएका छन् । यो नै यथार्थवादका अन्य रूपहरूबाट समाजवादी यथार्थवाद वा प्रगतिवादी कला मूल्यलाई भिन्न गर्ने प्राथमिक कसी भएकोले कम्युनिष्ठ विचारधाराप्रति निष्ठा, जनसेवा, श्रमजीवी जनतासँग घनिष्टतम् सम्बन्ध, साहित्यकलाको वर्गीय प्रकृतिको समर्थन, समाजवादी मानवतावाद, अन्तर्राष्ट्रियतावाद, ऐतिहासिक आशावाद, विभिन्न रूपवादी प्रवृत्तिहरूको विरोध आदि मान्यताहरूलाई केलाउँदै 'इच्छुक'का काव्यकृतिहरूको विश्लेषणको आधार मानिएको छ ।

### ४.२.३. प्रचण्डपथीय सौन्दर्य चिन्तन

नेपाली क्रान्तिको विशिष्टतामा मार्क्सवाद-लेनिनवाद-माओवादको सिर्जनात्मक प्रयोगका बीचबाट प्रचण्डपथ जन्मिएको हो । प्रचण्डपथ नेपाली क्रान्तिका विशिष्ट अनुभवहरूको विचार श्रृंखला हो र त्यसअन्तर्गत सौन्दर्यात्मक विचार पनि पर्दछ । १० वर्षे जनयुद्धका क्रममा जनसमुदायले प्रदर्शन गरेको त्याग, तपस्या, वीरता र बलिदानको ओज र गरिमालाई कलात्मक अभिव्यक्तिद्वारा जनसमुदायमा लड्ने उत्साह र एकता सुदृढ पार्ने प्रतिबद्धतापूर्ण पहल नै प्रचण्डपथीय सौन्दर्य चिन्तनमा सौन्दर्यबोधको वास्तविक मापदण्ड हो र यो नै नेपाली जनताको मुक्तिको सौन्दर्य शास्त्रीय चिन्तन हो । यसले नेपाली सर्वहारावर्ग, जनजाति, क्षेत्रीय, लिङ्गिय तथा दलित समुदायसहित आम जनसमुदायमाथि हुँदै आएका तमाम

शोषण र उत्पीडनका विरुद्ध क्रान्ति र मुक्तिको भावना मुखरित गर्दछ । यस सौन्दर्य शास्त्रीय चिन्तनले समग्र बन्धन, दमन र उत्पीडनका विरुद्ध जनताको सिर्जनात्मक उर्जाको द्वार खोल्दै सुन्दर, उदात्त र सामञ्जस्यपूर्ण नयाँ समाजको निर्माण गर्ने महान् उद्देश्यमा आधारित जनयुद्ध र निरन्तर क्रान्तिको बीचबाट साहित्य, कला र सांस्कृतिक सौन्दर्य चिन्तनको क्षेत्रमा विशिष्ट नियमहरूको उद्घाटन गरेको छ । अतः प्रचण्डपथीय सौन्दर्य चिन्तन सङ्घर्षशील जनसमुदायको संवेदना, त्याग, वीरता र बलिदानका उदात्त गाथाहरूले पूर्ण छ । यसै सौन्दर्य चिन्तनलाई 'इच्छुक'का काव्यकृतिहरू विश्लेषणको एक आधार मानिएको छ ।

यसका अतिरिक्त भाषाशैलीगत सधनता, विषयबस्तुगत गहनता, आयामगत विविधता, बिम्ब-प्रतीक, अलङ्कारका साथै कवि बाँचेको युग, देशको राजनीतिक, सामाजिक अवस्था आदिलाई 'इच्छुक'का काव्यकृतिहरूको विश्लेषणका आधार मानिएको छ ।

## ४.३. लघु शोककाव्य शोकाञ्जलिको विश्लेषण

### ४.३.१. शोककाव्यको परिचय

"शोक स्थायीभाव उत्पन्न हुनाका कारणका सन्दर्भमा पनि मन परेको बस्तुको नाश, प्रियजनको वियोग र अनिष्ठको प्राप्तिलाई अगाडि सारेर सिर्जना गरिएको काव्य शोककाव्य हो (थापा, २०५०:२५१) ।"

"पाश्चात्य साहित्यशास्त्रीहरूले कविताको वर्गीकरण गर्ने सम्बन्धमा निजी व्यक्तिगत तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयबस्तुलाई लिएर शोकाकुल अभिव्यक्ति गरिएका काव्यकृतिलाई शोककाव्य (इलेगी) का तहमा राखेका छन् (आचार्य, २०६४:३०५) ।"

"शोकको कोशीय अर्थ स्वजन वा प्रियजनको मृत्यु वा वियोगमा हुने मानसिक कष्ट, मनको पिर, सुर्ता, चिन्ता, अपशोच, खेद, साहित्यमा करुणरस पैदा हुने स्थायीभाव भन्ने उल्लेख गरिएको छ (शर्मा नेपाल, २०५७:१२५४) ।"

उपर्युक्त परिभाषाका आधारमा विनाश, वियोग र विपत्तिबाट मानवका अन्तर्मनमा सुषुप्त अवस्थामा विद्यमान शोक स्थायीभाव उत्पन्न हुने उल्लेख गरिए पनि मूलतः आफन्तजन वा प्रियजन वा स्वजनका अतिरिक्त देश र जनताको मुक्तिका निमित्त लड्ने सहासी पुरुषको मृत्यु वा वियोगबाट नै शोक स्थायीभाव जागृत हुन्छ र शोकस्थायी भाव जागृत भएपछि त्यसका प्रतिक्रियास्वरूप आँसु, रोदन, चित्कार, विरह, विलौना आदिका रूपमा

शोकोद्‌गार व्यक्त भई सिर्जित तथा जीवनको एक खण्ड प्रस्तुत गरिएको काव्य विधाको एक भेदलाई शोककाव्य (इलेगी) भनिन्छ ।

नेपाली साहित्य इतिहासको काव्य विधा अन्तर्गत शोककाव्य परम्परामा डिल्लीध्वज पन्त र पुष्पनाथ लोहनीको सहलेखनमा तयार पारिएको **शोकमालिका** (१९६७) नेपाली भाषाको पहिलो शोककाव्य हो (पौडेल, २०६५:१३६) । त्यसैगरी राममणि आ.दी.कृत **शोक प्रवाह** (१९७०), भीमनिधि तिवारी कृत **तर्पण** (१९९४), माधवप्रसाद घिमिरे कृत **गौरी** (२०१५), मोदनाथ 'प्रश्रित' कृत **बुबा खोई** ? (२०२०), पवनकुमार खनाल कृत **बाबा** (२०३३) भूपति ढकाल 'कमल' कृत **श्रद्धाञ्जली** (२०३९), रविलाल अधिकारी कृत **आँसुको अँजुली** (२०४१), भरतराज शर्मा 'मन्थलीय' कृत **मिट्ठू** (२०४३) आदि पूर्ण काव्यका दृष्टान्त हुन् भने कृष्ण सेन 'इच्छुक' कृत **शोकाञ्जलि** (२०४८) लघु शोककाव्य हो ।

## ४.३.२. मार्क्सवादी धारणाका सापेक्षतामा शोकाञ्जलि शोककाव्य

शोककाव्यमा अभिव्यक्त शोकोद्‌गार महत्वपूर्ण मानिन्छ तर रोदन वा चित्कार नै वियोगबाट मुक्ति वा समाधान भने होइन । त्यसमा पनि मार्क्सवादी वा भौतिकवादीहरूले त जीवन र मृत्युलाई द्वन्द्वात्मक रूपमा बुझ्ने गर्छन् । जन्म र मृत्यु दुई विपरीत घटना हुन्, जसका अनुभूतिका पनि दुई विपरीत अवस्था विद्यमान छन्, हुन्छन् । मान्छे जन्मिँदा प्रशन्न चित्तले गद्‌गदाउने र मृत्यु हुँदा शोकमा डुब्ने मानवीय स्वभावलाई निरपेक्ष रूपमा बुझिनु हुन्न । मानिसको जन्म र मृत्यु द्वन्द्वात्मक प्रक्रियाका सापेक्षतामा बुझ्ने गरिन्छ । उनीहरू मृत्युलाई निरपेक्ष रूपमा क्षति वा विनाशका रूपमा मात्रै बुझ्दैनन् र मृत्युपश्चात् व्यक्त हुने शोकोद्‌गारलाई पनि सापेक्षमा नै बुझ्ने गर्दछन् । सामान्य अवस्थामा होस् वा युद्धका क्रममा होस्, स्वजन वा सहयोद्धाले मृत्युवरण गर्दा उनीहरू शोकाकूल वा मर्माहत हुने गर्दछन् तर शोक मात्रै पर्याप्त छैन भन्ने बोधका कारण शोकलाई शक्तिमा, आँसुलाई आक्रोशमा, विरहलाई विद्रोहमा र पीडालाई प्रतिशोधमा बदल्नु पर्छ भन्ने विश्वास गर्दछन्, विगतको नेपाली भूमिमा भएको १० वर्षे जनयुद्धले समेत यही वास्तविकतालाई आत्मसात् गरेको पाइन्छ । यस कुरालाई कमरेड प्रचण्डले "हामी हाँस्दाहाँस्दै रोएका छौं र रुँदारुँदै हाँसेका छौं (प्रचण्ड : २०६२:२८)" भनेर दिएको अभिव्यक्ति यस प्रसङ्गमा अत्यन्त सामयिक र सार्थक देखिन्छ ।

“शोक र दु:खान्तलाई सारतः समधर्मी भावका रूपमा ग्रहण गर्न सकिन्छ । दु:खान्त परिघटना र तज्जन्य भावलाई अधिभूतवादी चिन्तनका आधारमा होइन, भौतिकवादी द्वन्द्ववादका जगमा टेकेर मात्रै बुझ्न सकिन्छ । मार्क्सवादी दृष्टिकोणअनुसार असली त्रासदीमा द्वन्द्ववाद अभिव्यक्त भएको हुन्छ (चैतन्य : २०६४:१९)” भन्ने वरिष्ठ सौन्दर्यचिन्तक चैतन्यको कथनले पनि दु:खान्तको अभिप्राय बोध हुन्छ । मूलतः दुखान्तको जन्म आवश्यकता र औचित्यका आधारमा हुन्छ । क्रान्तिका लागि बलिदान आवश्यक हुन्छ, बलिदान दु:खान्तक भएर पनि उदात्त हुन्छ र त्यसले नै क्रान्तिकारी आशावादलाई मलजल पुऱ्याउँछ । यसको तात्पर्य हो - बिना त्रासदी समस्त उत्पीडनको अन्त्य र साम्यवादी आदर्शको प्राप्ति सम्भव देखिँदैन (चैतन्य : २०६४:१९-२०) । वस्तुतः वर्गसङ्घर्षका प्रक्रियाभित्र मात्रै दु:खान्तक वा शोकसम्बन्धी अवधारणालाई बुझ्न सकिन्छ । वस्तुतः कुनै व्यक्तिको चिर-वियोग वा मृत्युका घटनालाई काव्यात्मक वा गीतिमयात्मक बान्कीमा ढालेर तयार पारिएको काव्य नै शोकाकाव्य हो भन्न सकिन्छ । त्यस्तो काव्यमा शोक केन्द्रीय भावका रूपमा विद्यमान भए पनि वर्गीय पक्षधरता र उदात्त विचारको सम्मिश्रण आवश्यक छ । यही अवधारणाका सापेक्षतामा नै ‘इच्छुक’को **शोकाञ्जलि** (२०४८) को परिचय दिनु उपयुक्त हुन्छ ।

### ४.३.३.शोकाञ्जलि : लेखन सन्दर्भ र परिवेश

**शोकाञ्जलि** सहिद मित्रमणि आचार्यप्रति शोकोद्गार प्रकट गरिएको उत्कृष्ट शोककाव्य हो । मित्रमणि आचार्य वामपन्थी विद्यार्थी आन्दोलनका अग्रणी योद्धा हुन् । नेपाली विद्यार्थी आन्दोलनका इतिहासमा आचार्यको नाम सम्मानका साथ लिइन्छ । आफ्ना सहयोद्धा वर्गीय मित्र एवम् हितैषी मित्रमणि आचार्यका सम्झनामा ‘इच्छुक’ ले **शोकाञ्जलि** काव्य तयार पार्नु भएको हो । ‘इच्छुक’ ले आफ्ना अनन्य मित्रप्रति अत्यन्त्र शोकाकूल एवम् भावविव्हल भएर लेख्नु भएको प्रस्तुत काव्यको प्रकाशन २०४८ सालमा भएको हो । यो नै ‘इच्छुक’ को पहिलो पुस्तकाकार कृति पनि हो ।

२०४२ साल वैशाख १८ गतेका दिन चितवनको मेघौलीमा ने.वि. सङ्घको क्रूर जत्थाले साङ्घातिक आक्रमण गरेर हत्या गरिएका प्यूठान जिल्ला निवासी रामपुर क्याम्पस अध्ययनरत मित्रमणि आचार्यको सहादत भएको खबरले स्तब्ध एवम् संवेदित बनेका कृष्ण सेन ‘इच्छुक’ ले नै सहिद प्रति शोकोद्गार प्रकट गर्दै प्रस्तुत काव्य लेख्नु भएको हो । शान्तिसुरक्षा

ऐन अन्तर्गत दाङ्को घोराही कारागारमा बन्दी जीवन (२०३९ वैशाख ११-२०४४ असार ३०) बिताइरहेकै अवस्थामा कवि 'इच्छुक' ले प्रस्तुत काव्य लेख्नु भएको हो ।

एकातिर आफूले भोगेको मानसिक/शारीरिक यन्त्रणा, प्रताडना, उपेक्षा र एकाकीपनको कष्टकर क्षण र अर्कातिर आफ्ना प्रिय सहयोद्धाको मृत्युका खबरले अत्यन्त द्रवित र उद्वेलित बनेको 'इच्छुक' को कवि हृदय आफ्ना अनन्य मित्रप्रति शोकसन्तप्त बनेर पोखिएको छ । त्यसैले प्रस्तुत शोककाव्य लेखनको परिवेश पनि अत्यन्त कठोर र सम्वेदनशील देखिन्छ । प्रस्तुत शोककाव्यको रचनाका सन्दर्भमा 'इच्छुक' भन्छन् : "सहिद मित्रमणि आचार्यसितको मेरो वैचारिक मित्रता, साङ्गठनिक हार्दिक आत्मीयता, म जेलभित्र छँदा उनले मलाई लेखेका भावपूर्ण दुई चिठीहरू र सबैभन्दा महत्वपूर्ण कुरा त एकाएक दुःखद हत्याको तितो खबरले मेरा ब्याकुल हृदयमा परेको असह्य बज्रप्रहार नै यो **शोकाञ्जलि** जन्मनुको मूल कारण र त्यसको पृष्ठभूमि हो (इच्छुक २०४८ : ६/७) ।" मूलतः लेखक स्वयम् र प्रकाशकका कथनले प्रस्तुत शोककाव्य लेखनको सन्दर्भ र परिवेशका बारेमा जानकारी प्राप्त हुन्छ । वस्तुतः यो कृति आफ्ना मित्रप्रति कवि 'इच्छुक'को वर्गीय एवम् भावनात्मक प्रेमको अभिव्यक्ति हो र सहिदप्रतिको सम्मान पनि हो भने 'इच्छुक'ले भोगेको यन्त्रणापूर्ण बन्दी जीवन **शोकाञ्जलि**को सिर्जन प्रक्रियासँग जोडिएको कठोर समय-परिवेश हो भन्ने बुझिन्छ ।

### ४.३.४. शोकाञ्जलि : अन्तर्बाह्य पर्यवेक्षण

कृष्ण सेन 'इच्छुक'को पहिलो काव्यकृति **शोकाञ्जलि** सहिद मित्रमणि आचार्यप्रति शोकोद्गार व्यक्त गर्दै नेपाली विद्यार्थी आन्दोलनका सङ्घर्षशील व्यक्तित्व एवम् उनको वीरता, दूरदर्शिता तथा त्याग र उत्सर्गको महिमागान गाइएको लघुकाव्य हो । प्रस्तुत काव्यमा आफ्ना सहयोद्धाप्रतिका शोकाद्गारका साथै अन्य पक्षको समेत कलात्मक सम्मिश्रण भएको पाइन्छ । यसमा शोकका नाममा आँसु, रोदन, पीडा, चित्कार, विरह, बिलौना मात्र छैन, अपितु जीवनबोध, समाजबोध, विचारतत्व, क्रान्तिचेत, वर्गीय, पक्षधरता तथा शोकलाई शक्तिमा बदल्ने अठोट लगायतका विषयप्रसङ्ग पनि संघन रूपमा अभिव्यञ्जित भएका छन् । यस **शोकाञ्जलि** लघुकाव्यमा शोकोद्गार केन्द्रीय रूपमा र अन्य मुख्य प्रसङ्ग परिधीय रूपमा व्यक्त भएका छन् । जुन तलका उपशीर्षक अन्तर्गत राखेर अध्ययन-विश्लेषण गरिएको छ ।

### ४.३.४.१. शोकाञ्जलि : बाह्य पर्यवेक्षण (संरचनागत सुगठन)

**शोकाञ्जलि** जम्मा ३४ पृष्ठको आयाममा विस्तारित लघु शोककाव्य हो । घोराही कारागारमा २०४४ सालमा लेखिएर २०४८ सालमा प्रकाशित यस लघुकाव्यमा शोकाञ्जलि-१, शोकाञ्जलि-२, शोकाञ्जलि-३ गरी तीन खण्ड/सर्ग रहेका छन् । शोकाञ्जलि-१ मा १० देखि २५ हरफका ११ अनुच्छेद, शोकाञ्जलि-२ मा १३ देखि २९ हरफका ८ अनुच्छेद र शोकाञ्जलि-३ मा १३ देखि २८ हरफका ९ अनुच्छेद गरी जम्मा २८ अनुच्छेदमा यो काव्य संरचित छ ।

नेपाली शोककाव्य परम्परामा सबैजसो शोककाव्यहरू वार्णिक छन्द तथा झ्याउरे गीतिलयमा लेखिने गरेका परिप्रेक्ष्यमा यसले उक्त परम्परालाई तोडेर गद्य कविता लेखनको शिल्पगत आदर्शलाई पछ्याउने काम गरेको छ । अन्य काव्यहरूले राजामहाराजा, बाबु, आमा, बाजे, छोराछोरी, पत्नी, बहिनी आदिलाई नायक बनाउने गरेका परिप्रेक्ष्यमा यस काव्यमा साथी/मित्रलाई नायक बनाइएको छ । त्यसैगरी भावसम्प्रेषणका सन्दर्भमा पनि यो परम्पराविरोधी रहन गएको छ । भावसम्प्रेषणका सन्दर्भमा विरह, वेदना र बिलौना मात्रै यसमा आएका छैनन् । शोकलाई रूपान्तरण गरेर शक्ति, आक्रोश र प्रतिशोधमा बदल्नुपर्छ भन्ने मार्क्सवादसम्मत दृष्टिकोणको प्रस्तुति यस काव्यमा भएको छ । त्यस्तै छन्दोबद्ध कवितामा मात्रै शोकधून बजाउन सकिन्छ वा भरपूर शोकोद्गार व्यक्त गर्न सकिन्छ भन्ने अवधारणाका विपरीत यस काव्यमा गद्यशिल्पको अवलम्बन गरेर पनि शोकमा चुर्लुम्म डुब्न सकिन्छ भन्ने कुरा जीवन्त रूपमा प्रस्तुत गरिएको छ ।

काव्यात्मक बनोट तथा बुनोटका दृष्टिले यो काव्य अत्यन्त सुन्दर बनेको छ । अन्तरलयात्मक, कोमलता, हार्दिकताका साथै अनुप्रासीयता, श्रुतिमधुरता जस्ता काव्यात्मक गुण यसमा प्रशस्त छन् । शोक समवेदनाजन्य बिम्ब र प्रतीकको प्रयोग पनि काव्यमा खचाखच देख्न सकिन्छ । आलङ्कारिक एवम् कोमल शब्द चयन र सचेत परिष्कारले काव्य सुन्दर बनेको छ । काव्यको समग्र संरचना अत्यन्त परिष्कृत र सुगठित हुनाका साथै यसमा हार्दिकता समेत पाउन सकिन्छ । अनुप्रासीयता र लयात्मकता 'इच्छुक' को वैशिष्ठ्य नै हो । जस्तै :

कोठामा हुन्छु कोठा सुनो-सुनोझैं लाग्छ
आँगनमा हुन्छु आँगन सुनो-सुनोझैं लाग्छ

दिनमा हुन्छु दिन सुनो-सुनोझैं लाग्छ

रातमा हुन्छु रात सुनो-सुनोझैं लाग्छ (शोकाञ्जलि-१, अनुच्छेद-२)

..............................................

..............................................

ए कालो-कालो बादल तँ दूर फाटी जा

ए, चिसो-चिसो हावा तँ पर-पर वगी जा

ए, नीलो-नीलो पहाड तँ छिटो-छिटो भास्सी जा (शोकाञ्जलि-१, अनुच्छेद-९)

..............................................

..............................................

तिमी हैन तिम्रो वीरगतिको खबर

प्यारी आमाहुनि पुग्नेछ

तिमी हैन तिम्रो बलिदानको खबर

प्यारो बाबुहुनि पुग्नेछ

तिमी हैन तिम्रो हत्याको खबर

गाउँले साथीहुनी पुग्नेछ (शोकाञ्जलि-३, अनुच्छेद-१)

यस प्रकार आवृत्तिजन्य बुनोट र त्यसले निर्माण गरेको अनुप्रासीयताले पनि काव्यको लयात्मक शिल्प-संरचनालाई सुन्दर बनाउनका साथै भावसम्प्रेषणमा समेत सहजता र गम्भीर्य रहन गएको छ ।

### ४.३.४.२. शोकाञ्जलि अन्तर्पर्यवेक्षण

**शोकाञ्जलि** अन्तपर्यवेक्षणलाई निम्न बुँदाहरूमा रहेर अध्ययन गर्न सकिन्छ :

### ४.३.४.२.क. विचारनिष्ठ क्रान्तिचेत

**शोकाञ्जलि**ले शोक, शोकलाई शक्तिमा बदल्ने अठोट, सहिदप्रति आस्था, सम्मान एवम् सयमसापेक्ष सामाजिकता बोध जस्ता प्रवृत्तिहरूलाई आत्मसात गर्दै 'इच्छुक' का सिर्जना भित्रका प्रमुख प्रवृत्तिका रूपमा क्रान्तिचेतलाई पनि सहजै वरण गरेको छ । मार्क्सवादी सर्जकहरू शोककाव्य मार्फत् केवल आँसु, विरह, वेदना र बिलौना मात्र व्यक्त गर्दैनन् । एउटा मार्क्सवादी कविले शोकोद्गार व्यक्त गर्ने नाममा विचारविहीन प्रलाप मात्र अभिव्यक्त गर्दैन

बरु शोकलाई विचारले निर्देशित प्रवाहमा अभिव्यञ्जना दिने गर्दछ । 'इच्छुक' मार्क्सवादी, प्रगतिवादी कवि प्रतिभा हुनाले **शोकाञ्जलि**मा विचारको सन्तुलित विन्यास गरेका छन् । आफ्ना मित्रका वियोगमा 'इच्छुक' ले विरह र वेदना मात्र अभिव्यक्त नगरेर उदात्त विचार संयोजनसहित शोकलाई पनि रूपान्तरणकै प्रक्रियामा आत्मसात् गरेका छन् । त्यसैले काव्यमा शोकसँगै उदात्त विचारनिष्ठ क्रान्तिचेत सगबगाएको भेटिन्छ । यस सन्दर्भमा 'इच्छुक' **शोकाञ्जलि** मार्फत् भन्दछन् :

केही पल आँसुमा डुबून्/डुब्न देऊ
केही पल उदासीमा बितून्/बित्न देऊ
मित्र हो यति सम्फ
पराइ आँसुले पग्लेर तप्केको बलेनीजस्तै
क्षणभर प्रबल सम्वेदनाले चरक्क छाती चर्क्यो र म रोएँ
हरपल भावुकताले मलाई थिचिरहने छैन
यो रक्तिम युद्ध हो वर्गसङ्घर्षको
हाम्रा विकल जिन्दगीका हर सङ्कटपूर्ण घडीमा
यो कठोर वास्तविकतालाई मैले भुल्ने छैन । (शोकाञ्जलि-१, अनुच्छेद ११)

'इच्छुक' ले आफ्नो सखा-सहयोद्धाका स्मृतिमा केहीबेर वा केही पल रुने र आँसुमा चुर्लुम्म डुब्ने मात्र हैन प्रतिशोधका लागि जुर्मुराएर उठ्ने अनुमति मागेका छन् । सधैंभरि भावुकताले थिचिरहन्छ भन्ने विश्वास उनमा पटक्कै छैन । त्यसो भएर पनि वर्गसङ्घर्षका निरन्तर प्रक्रियामा संलग्न हुनुपर्ने वास्तविकतालाई कविले आत्मसात् गरेको पाइन्छ । अर्थात् 'इच्छुक' ले विरह र वेदनामा मात्र डुबेका नभई समाजिक जीवनको सङ्घर्षमय यथार्थ र वास्तविकतालाई आत्मीकरण गरेको पाइन्छ (भण्डारी २०६४:७५) भन्ने समालोचक जगदीशचन्द्र भण्डारीको कथनले पनि शोक क्षणिक र क्रान्ति निरन्तर प्रक्रिया हो भन्ने पुष्टि मिल्छ ।

सपना भन्नाले मान्छेको लक्ष्य भन्ने बुफिन्छ । त्यो पूरा नभएसम्म सङ्घर्ष जारी रहनेमा 'इच्छुक' सचेत देखिन्छन् । समाजमा विद्यमान वैचारिक एवम् वर्गीय युद्धलाई शोकले तगारो हाल्दैन र छेक्न सक्दैन भन्नेमा 'इच्छुक' सजगताका साथ यसो भन्छन् :

तिम्रा सुन्दर सपनाको रमणीय बगैंचामा

सुखद र विपनाको फूलहरू नफुलेसम्म

यो रक्तिम युद्धमा निर्मम सङ्घर्षमा लड्दालड्दै

निराशाको मझेरीबाट

आँसुका श्रद्धाञ्जलीहरू नचढाऊन् कोही (शोकाञ्जलि-३, अनुच्छेद-८)

उदात्त विचार र क्रान्तिप्रतिको निष्ठा र त्यो निष्ठालाई छाँद हाल्दै सपनारूपी मञ्जिलमा पुग्न शोकले तगारो हाल्दैन भन्ने दृढ विश्वास 'इच्छुक' **शोकाञ्जलि**मार्फत् पेस गर्छन् । उनी शोकलाई विचारमा प्रभवीभूत गरी क्रान्तिचेत छर्नमा यस शोकाञ्जलि कृतिमार्फत पूर्ण सफल भएका छन् :

**शोकाञ्जलि** २०४४ मा लेखिएर २०४८ मा प्रकाशन भएको लघु काव्य हो । शोकलाई फगत करूणा, विरह र बिलौनाका रूपमा मात्रै प्रस्तुत नगरेर शोकसम्बन्धी द्वन्द्वात्मक भौतिकवादी अवधारणाअनुरूप शोकको उदात्तीकरण र सहिदको महिमागान यस काव्यमा प्रस्तुत गरिएको छ । **शोकाञ्जलि** मार्फत् जीवनसापेक्ष एवम् समाजसापेक्ष रूपमा आफ्ना मित्रप्रति शोकोद्‌गार व्यक्त भएको छ । भावुक कवि 'इच्छुक' को सहिद मित्रमणि आचार्यप्रतिको अधिक अनुराग र सम्मान भावका कारण शोकको मात्रा अधिक देखिन्छ । विशेषगरी काव्यको पहिलो सर्गमा शोकभाव सन्तुलित र परिपक्व हुँदै काव्यमा क्रान्तिचेत र उदात्त विचारले अग्रणी स्थान पाएका छन् ।

### ४.३.४.२.ख. सहिदप्रति शोकोद्‌गार एवम् आस्था र सम्मान

काव्यको शीर्षक चयनले नै यसको केन्द्रीय भाव शोकोद्‌गार हो भन्ने स्पष्ट हुन्छ । सहिद मित्रमणि आचार्यप्रति असीम श्रद्धा एवम् आदरभाव व्यक्त गर्दै उनलाई काव्यका नायकका रूपमा प्रस्तुत गरिएको छ । वास्तवमा मित्रमणि आचार्य काव्यका मात्रै नायक नभएर आफू बाँचेको युगजीवनका पनि नायक हुन् र उनको मृत्यु पनि नायककै समकक्षी अत्यन्त ओजपूर्ण र गर्विलो बनेको छ । मुक्तिकामी यात्राको एउटा जुझारू सिपाही, आफ्नो सहयोद्धा र आस्थाको प्रतीकको हत्याका खबरले कवितामा शोकाकूल आँसु मात्र छचल्किएका छैनन्, सिङ्गो हृदय नै पग्लिएर बाढी बहेको छ । त्यसैले आफ्नै मित्रको मृत्यु र वियोगको त्यस घडीमा मर्माहत हुँदै केहीबेर रुनका लागि कोइलीसँग कविको याचना यस्तो छ :

घरी-घरी रूखका डाली-डाली उडेर

ए कोइली, छटपटाउँदै तँ केही पनि नसोध

म त व्यथित छु

गाउँदै रमाउँदै परदेश जाने

बगालका सारा साथीहरू गुमाएर

एक्लै चिसो हिमाल फर्कने विरही तालचरीजस्तै

साथीविहीन/सङ्गीविहीन/यस घडी

मलाई केहीवेर अरू रुन दे

(शोकाञ्जलि-१, अनुच्छेद ९)

यहाँ नायकको वियोगमा कविहृदय चुर्लुम्म डुबेको छ र अझै डुब्ने अनुमति माँगिरहेको छ । छट्पटिएर रूखका डाली-डालीमा भौतारिरहेको कोइली र बगालका साथीहरू गुमाएर एक्लै चिसो हिमालतिर फर्कने तालचरीजस्तै 'इच्छुक' पनि यतिबेला साथीविहीन बनेर रुने अनुमति माग्दै छन् । निश्चय पनि जेलको एकाकीपन र मित्रवियोग उनको कोमल हृदयका लागि शोकविह्वल गर्ने सशक्त कारण बनेको छ । यस व्याकुलताले सहिद मित्रमणिप्रति एकैचोटि अगाध स्नेह, असीम आस्था र उच्च सम्मान प्रकट गरेको छ । क्रान्तिकारी कवि एवम् स्रष्टाहरूलाई केही प्रतिक्रियावादी कित्ताका लेखकहरूले कठोरताको पर्याय ठान्ने गरे तापनि **शोकाञ्जलि**को अध्येताहरूलाई क्रान्तिकारीहरूको पनि मुटु हुन्छ र त्यो अन्त्यत सम्वेदनशील हुन्छ भन्ने कुरा ठम्याउन गाह्रो पर्दैन (पाण्डेय, २०४८) भन्ने समालोचक ताराकान्त पाण्डेयको अभिव्यक्ति सान्दर्भिक देखिन्छ ।

सहिद मित्रमणि आचार्यप्रति 'इच्छुक' को आस्था र सम्मान यति बिघ्न छ कि उनका विचारमा मित्रमणिले भेदेको गहिराइ र उचाइ अरू कसैले भेदन गर्न सम्भव छैन भन्ने सन्दर्भमा 'इच्छुक' भन्छन् :

तिम्रै पथका अमीट पदहरू पछ्याउँदै

जीवनको अनन्त गहिराइमा

जतिसुकै अथाह डुबौ

डुब्न खोजौ हामी

तिम्रो त्यो अटल गहिराइलाई छुन कहिल्यै सक्ने छैनौ

जीवनका उच्च चढाइहरू

जतिसुकै माथि चढौं

चढन खोज्ने हामी

तिम्रो त्यो अलङ्ध्य उचाइमा पुग्न कहिल्यै सक्ने छैनौ

(शोकाञ्जलि- २, अनुच्छेद ८)

'इच्छुक' का यस कथनमा अशंतः अतिशयोक्ति पनि छ, शहिद मित्रमणि आचार्यप्रति अतिशय अनुराग पनि छ र यी यस्ता पक्षहरू यस काव्यका कमजोरी हुन भन्ने लाग्दा- लाग्दै पनि वास्तविकता के हो भने आचार्यले भोगेका जीवनको गहिराइ र उचाइलाई 'इच्छुक' ले आस्था र श्रद्धाको कसीमा राखेर सही अर्थमा मापन गरेका छन् । सहिदको उचित मूल्याङ्कनले गर्न सक्षम छन् भन्ने प्रष्ट छ ।

**शोकाञ्जलि** शोकाकूल क्षणको प्रवाह मात्र होइन, निःस्वार्थ भावले प्राण उत्सर्ग गर्ने सहिद मित्रमणि आचार्यप्रतिको सम्मानको गारत् पनि हो । वर्गीय आस्था, वर्गीय प्रेम, वर्गसङ्घर्ष र वर्गीय मुक्तिप्रति कविको अभ्यन्तर चासो र चिन्ता पनि छ अनि सहिदलाई सम्मान गर्ने उत्कट चाहना पनि छ । 'इच्छुक' ले सहिद आचार्यप्रति व्यक्त गरेको शोक र सामाजिक चेतनाका बीचमा गहिरो सम्बन्ध छ । त्यही सामाजिक सम्बन्धका आधारमा नै प्रस्तुत काव्य आस्था र सम्मानको सूचक बनेको छ । त्यसैले यसमा आँसु मात्र खोजियो भने वा विरह र वेदना मात्र खोजियो भने त्यो खोज यथार्थसम्मत हुँदैन अर्थात् यस काव्यमा शोकलाई निरूपाय आँसुका रूपमा प्रस्तुत नगरेर सहिदप्रति अटल आस्था र गहिरो सम्मान प्रकट गर्दै वर्गीय सहिदहरूको अन्तर्राष्ट्रियतावादी अस्तित्व स्थापना गर्दै गुनगुनाएका छन्:

अहिले हाम्रो साथ तिमी नरहे पनि

मुक्तिका लागि विश्वभर लडिरहेका

योद्धाहरूको वीरतापूर्ण कथाहरूमा

एउटा कथा तिम्रो पनि थपिने छ

न्यायका लागि संसारभर लडिरहेका

जनताको गौरवशाली कथाहरूमा

एउटा कथा तिम्रो पनि थपिने छ

धरतीभरका जुझारू पुस्ताहरूको

अजेय सङ्घर्ष र विजयका गाथाहरूमा

एउटा भव्य अमर गाथा तिम्रै पनि थपिने छ । (शोकाञ्जलि -३, अनुच्छेद ३)

देश र जनताको मुक्तिका खाँतिर आफूलाई उत्सर्ग गर्नै सहिदहरू उन्मुक्तिकामी आन्दोलनका अमरगाथा हुन् र गौरवशाली कथा हुन् । उनीहरू मृत्युञ्जयी हुन्छन्, अजेय र अमर हुन्छन् । सहिद भनेका शोषण, उत्पीडन व्याप्त संसार बदल्ने अभियानमा आफूलाई उत्सर्ग गर्ने योद्धा हुनाले उनीहरूको यथोचित सम्मान हुनु आवश्यक छ ।

सहिद जीवित उत्तराधिकारीहरूका रक्त कण-कणमा व्याप्त हुन्छ र उनीहरूको आवाज बनेर कुर्लिन्छ भन्दै 'इच्छुक' भन्छन् :

देशभित्र
कतै कतै कुनाबाट एउटा आवाज उठे इन्क्लाबको
त्यो गर्विलो आवाज तिम्रै आवाज हुनेछ

....................................................

....................................................

मुक्तियुद्धमा
फलामे किल्ला तोड्ने वीर योद्धाहरूकै अग्रिम पङ्क्तिमा
ए मेरो प्रिय सखा
तिम्रा पनि एउटा अग्रासन हुनेछ
तिम्रो पनि एउटा उच्चासन हुनेछ

(शोकाञ्जलि-३, अनुच्छेद ४)

यसरी 'इच्छुक' ले सहिदप्रति अटल आस्था र असीम सम्मान व्यक्त गरेका छन् । अवश्य प्रत्येक मुक्तियुद्धका सहिदको अग्रासन र उच्चासन हुने गर्दछ । जहाँ सहिद पथप्रदर्शक हुन्छ भन्ने परम्परागत धारणाभन्दा माथि उठेर 'इच्छुक'ले सहिद मित्रमणि आचार्यप्रति उच्च सम्मान प्रकट गरेको बुझिन्छ । सिङ्गो काव्यभरि जेजस्तो शोकोद्गार व्यक्त भएको भए पनि त्यो केवल औपचारिकता मात्रै नभएर हृदयदेखि व्यक्त गरिएको आस्था हो र वर्तमान सन्दर्भमा यसो भन्न सकिन्छ कि एउटा आस्थाका धरोहरले अर्को आस्थाको धरोहरप्रति व्यक्त गरेको उच्चस्तरको सम्मान र आरदभाव हो । महान् व्यक्ति अत्यन्त नम्र हुन्छ र अरूको उचित सम्मान गर्न जान्दछ, अरूका प्रतिष्ठालाई स्थापित गर्दछ । आफ्ना आस्थाका केन्द्रविन्दुका साथमा आफू पनि स्थापित हुन्छ त्यही काम 'इच्छुक' ले गरेका छन् र आफ्नो महान्तालाई पनि दर्शाएका छन् ।

४.३.४.२.ग. **समाजबोध**

शोकभाव समाज निरपेक्ष हुँदैन । त्यसैले प्रशस्त शोकभावयुक्त **शोकाञ्जलि**मा समयसापेक्ष मूल्य पनि समेटिएका छन् । आफू बाँचेको समाजभन्दा पृथक रहेर कसैले पनि शोक व्यक्त गर्न सम्भव छैन । शोक मूलतः सामाजिक सम्बन्धसँग जोडिएको हुन्छ । सामाजिक क्रियाकलाप पनि शोक उत्पन्न गराउने उद्दीपन विभाव बन्न सक्ने परिप्रेक्ष्यमा सामाजिक चेतना पनि त्यसको सहयोगी बन्न सक्ने देखिन्छ । मार्क्सवादी चिन्तक, सर्जक तथा पाठकले शोकलाई द्वन्द्ववादी दृष्टिकोणले समाजसापेक्ष रूपमा ग्रहण गर्ने हुँदा कवि 'इच्छुक'ले पनि सामाजिक सम्बन्धकै जगमा टेकेर शोकोद्‌गार प्रकट गरेका छन् । यस काव्यमा एकातिर नायक जीवित छँदाका क्रियाकलाप, सोचविचार, आनीबानी तथा आपसी सम्बन्धलाई काव्यात्मक शिल्पमा सजाउने काम भएको छ भने अर्कातिर नायकप्रतिको बन्धुवान्धव, इष्टमित्र, टोलछिमेक, साथीसँगी आदिका धारणा र तज्जन्य अनुभूति पनि प्रस्तुत भएका छन् । गाउँका गरिब बस्तीहरू, बुकुरा र झोपडीहरू र तिनैमा बसोवास गर्ने कङ्गाल जनताहरूका बीचमा नायकले छोडेको रिक्त स्थान र त्यसले जनमानसमा पारेको प्रभावका बारेमा पनि समयसापेक्ष चेतना मुखरित भएको छ । नायकले समाजमा देखिएको वर्गीय प्रेम, आत्मीय सद्‌भाव अनि नायक बाँचेको समाज र उसले संवहन गरेको सामाजिक उत्तरदायित्व बोधले पनि काव्यमा स्थान पाएको छ । समाजलाई उन्मुक्तितर्फ डोऱ्याउने नायकका शोकगाथा उनकै समाज र सो समाजका स्वजनलाई सुनाउँदै 'इच्छुक' भन्छन् :

तिमीले मायाँ गर्ने गाउँका झुप्राहरूमा गएर अब मैले भन्नुपर्नेछ
हामीलाई उज्यालो जीवनका साहसिला कथा सुनाउने
हाम्रा ती प्यारा साथी छैनन्
तिमीले मायाँ गर्ने सहरका ती कारखानामा गएर अब मैले भन्नुपर्नेछ
हामीलाई मुक्तिसङ्ग्रामका जुक्ति सिकाउने
हाम्रा ती प्यारा सङ्गाती छैनन्
हामीलाई चिन्ने सडकका पेटी र फुटपाथहरूमा गएर
अब मैले भन्नुपर्नेछ
हामीसँग मुठी कसेर इन्क्लाबका नारा धन्काउने
हाम्रा ती जोशिला मित्र छैनन्        (शोकाञ्जलि-१, अनुच्छेद ६)

यसरी एकातिर वियोगको पीडा अनि अर्कातिर सामाजिक उत्तरदायित्व बोध, यतिबेला 'इच्छुक' नायकसँगको वियोग भाव सम्प्रेषण गर्ने संवाहक बन्न पुगेका छन् । नायक बाँचेको समाज र उसले प्राप्त गरेको समाजबोध तथा जीवनबोधप्रति 'इच्छुक' संवेदनशील बनेका छन् । त्यसैले त यस घडीमा सिङ्गो समाज र राष्ट्र नै शोकाकुल बनेको छ, हावाका वेगमा मित्रवियोगको खबर चारैतिर फैलिएको छ । अर्थात् नायकले प्राप्त गरेको सहादत केवल शोकमा मात्र सीमित हुने छैन अपितु त्यो प्रेरणाको स्रोत बनेर प्रतिशोध र आक्रोशमा परिणत हुने छ भन्दै क्रान्तिचेतलाई समेत सङ्केत गरी 'इच्छुक' यसो भन्दछन् :

तिमी त सहिद भयौ देश जनताको लागि
तिम्रो आहुतिको खबर विजुली झैं चम्केर
केही आँखामा शोक भरिने छ
केही आँखामा क्रोध भरिने छ
तर धेरै आँखाहरूमा प्रतिशोध भरिने छ
तिमी त उत्सर्ग भयौ महान् आदर्शका लागि
तिम्रो उत्सर्गको खबर हावाझैं बगेर
अब त सारा राष्ट्रभरि छरिने छ

(शोकाञ्जलि-३, अनुच्छेद १)

समाजको उन्मुक्तिका खातिर जीवन उत्सर्ग गर्ने नायक एकै ठाउँमा कहाँ खुम्चिन सक्छ र ? ऊ त देशदेशावर फैलिन्छ । सहिद मित्रमणिको खबर सारा देशभरि फैलिंदै मुक्तिकामी जनता एवम् तिनका सहयोद्धाहरू लामबद्ध भएर सहिदका आदर्श सपनालाई पूरा गर्न मनमा प्रतिशोधका ज्वालाहरू दन्काउँदै राष्ट्रभरि फैलने छन् । देश नै विद्रोहका ज्वालामा रनक्क तात्ने छ र परिवर्तनको समय सुनिश्चित हुने छ ।

### ४.३.४.२.घ. क्रान्तिकारी आशावाद

क्रान्तिकारीहरू शोकोद्‌गार व्यक्त गर्ने सन्दर्भमा वस्तुवादी भएर देखापर्छन् । वास्तवमा

विना क्षति वर्गसङ्घर्षको क्रम अगाडि बढ्न असम्भवप्राय: छ । त्यस्ता क्षतिमा बेहोर्नु पर्ने वियोग- व्यथा र त्यतिबेला आभिर्भाव हुने शोकोद्‌गार पनि निरपेक्ष हुन सक्दैन । मार्क्सवादी क्रान्तिकारीहरू प्रियजन वा सहयोद्धाका वियोग वा मृत्युमा निश्चितै रूपमा शोकविह्वल हुन्छन् तर आँसु, विरह र वेदनामा डुब्न मात्रै उनीहरूको अन्तिम लक्ष्य भने

होइन । मार्क्सवादीहरू रहस्यवादीहरूले जस्तो मृत्युपछि परमेश्वरसँग दिवङ्गत आत्माको चिरशान्तिको कामनामा सीमित रहन सक्दैनन् । क्रान्तिकारीहरूको मुख्य अभीष्ट भनेको शोकलाई शक्तिमा बदल्ने अठोट गरेर संसारकै पूर्ण उन्मुक्तिका लागि निरन्तर सङ्घर्षमा लागिपर्नु हो । संसारका क्रान्तिकारीहरू यही आशावादलाई अवलम्बन गरेर गन्तव्य छिचोल्छन् । कवि 'इच्छुक' ले **शोकाञ्जलि** काव्यमा पनि त्यही वस्तुगत धारणालाई अवलम्बन गरेको कुरा यसरी प्रस्तुत गरेका छन् :

जरुर,
म रुँदै जानेछु
मेरो आँसु रगतमा विर्त्रिँदै जानेछ
म रुँदै जाने छु
मेरो शोक शक्तिमा फेरिँदै जाने छ
म रुँदै जाने छु
मेरो पीडा प्रतिशोधमा बदलिँदै जाने छ ।
(शोकाञ्जलि -१ : अनुच्छेद १०)

### ४.३.४.२.ङ. बिम्ब, प्रतीक तथा अलङ्कार योजनागत प्रवृत्ति

कवि 'इच्छुक' ले **शोकाञ्जलि** काव्यमा सामाजिक, राजनीतिक, सांस्कृतिक, वर्गसङ्घर्ष, प्रकृति आदि क्षेत्रबाट प्रशस्त बिम्ब र प्रतीकहरू प्राप्त गरेका छन् । तिनै बिम्ब र प्रतीकका प्रयोगबाट काव्य सशक्त बन्न पुगेको छ । उनका बिम्ब र प्रतीक योजनामा यथार्थ र कल्पनाका बिच द्वन्द्ववादी चिन्तनले प्रधानता पाएको भेटिन्छ । सौन्दर्यका बनोट तथा बुनोटका दृष्टिले यो काव्य अत्यन्त सुन्दर बनेको छ । यस काव्यमा अन्तर्लयात्मकता, कोमलता, हार्दिकताका साथै अनुप्रासीयता, श्रुतिमधुरताजस्ता विविध काव्यात्मक गुण प्रशस्त पाइन्छन् । यसका अतिरिक्त शोक संवेदनाजन्य भावको गुम्फन र सम्प्रेषणका लागि विभिन्न प्राकृतिक एवम् समाजसापेक्ष बिम्ब र प्रतीकको प्रयोग नै काव्यमा यथेष्ट मात्रामा प्रयोग भएको देख्न सकिन्छ । उदाहरणका लागि निम्न काव्यांशलाई लिन सकिन्छ :

कोठामा हुन्छु कोठा सुनो-सुनोझैं लाग्छ
आँगनमा हुन्छु आँगन सुनो-सुनोझैं लाग्छ
— आवृत्तिजन्य बुनोट तथा अनुप्रासीयता

दिनमा हुन्छु दिन सुनो-सुनोझैं लाग्छ
रातमा हुन्छु रात सुनो-सुनोझैं लाग्छ
— आवृत्तिजन्य बुनोट तथा अनुप्रासीयता

आलङ्कारिकता, कोमल शब्द चयन र सचेत परिष्कारले काव्य सुन्दर बन्नुका साथै विशिष्टतासमेत प्राप्त गर्न पुगेको छ ।

उदाहरणका लागि निम्न काव्य-पङ्क्तिलाई हेर्न सकिन्छ :

**लुकिरहेजस्तै** नफुल्दासम्म
हिलोभित्र कमलका सुन्दर थुंगाहरू
**छिपिरहेजस्तै** औंसीको कालो रातमा
(उपमा अलङ्कार)
आकाशमाथि पूर्णिमाका ज्योतिर्मय प्रभाहरू

(शोकाञ्जलि-२, अनुच्छेद-२)

उजेलो बत्तीमुनि अँधेरो छाँया हुन्छ भन्छन्
शायद त्यस्तै तिम्रो अँधेरो छाँयामुनि हामी पऱ्यौं कि ?
अज्ञानीलाई मणि पनि ढुङ्गै हुन्छ भन्छन्
शायद त्यस्तै अज्ञानताको कुहिरोभित्र हामी थियौं कि ?
(दृष्टान्त अलङ्कार)

(ऐ., अनुच्छेद-३)

**सप्तरङ्गी सपना** हाम्रा मनहरू
यसपल्ट बाक्लो डँढेलो लागेर ढाकिदिने रहेछ

(ऐ., अनुच्छेद-२)

एक दिन
यस्तै अन्यौलको सघन कुहिरोलाई चिरेर

(ऐ., अनुच्छेद-६)

तिमीले भेनजस्तै
मेरा ती कविताभन्दा पनि सुन्दर कविता भएर
(रूपक अलङ्कार)
तिमी अब सर्वोत्तम भावहरूमा हृदयहरूबीच कुँद्ने छौं

मेरो आँसुलाई देखेर
तिम्रा रगतका छिटाले खिज्याइरहेछ कि ?
मेरो दुर्वलतालाई देखेर
तिम्रो साहस र वीरताले जिस्काइरहे कि ?
(सन्देह अलङ्कार)

(शोकाञ्जलि-१, अनुच्छेद-८)

यसरी **शोकाञ्जलि** काव्यमा उपमा, रूपक, दृष्टान्त, सन्देह, अलङ्कार लगायत कतै-कतै अतिशयोक्ति र स्वभावोक्ति जस्ता अलङ्कारको प्रयोग तथा अनुप्रासीयताको संयोजनले काव्य शिल्पका दृष्टिले उत्कृष्ट बन्न पुगेको छ ।

## ४.४. **'बन्दी र चन्द्रागिरि' काव्यको विश्लेषण**

### ४.४.१ मार्क्सवादी सौन्दर्य चिन्तनको सापेक्षतामा 'बन्दी र चन्द्रागिरि'

कृष्ण सेन 'इच्छुक' कृत **बन्दी र चन्द्रागिरि** दस वर्षे जनयुद्ध कालमा 'इच्छुक' भद्रगोल जेलमा थुनिएको बेला रचिएको कविको आस्था र निष्ठाको कलात्मक स्मारक तथा एक युगान्तकारी काव्यकृति हो । यो काव्यकृति प्रगतिशील अध्ययन केन्द्र, काठमाडौंद्वारा २०५७ सालमा प्रकाशित भएको थियो । प्रस्तुत काव्य बन्दी कविको अटल चन्द्रागिरिसँग गरिएको जनयुद्धको उदात्त भावधारामा आधारित मूक संवादको एक सशक्त र आल्हादमय अभिव्यक्ति हो । यसमा सामान्तवाद, साम्राज्यवाद र विस्तारवादका विरूद्ध जनवाद, राष्ट्रियता, स्वाधीनता र वर्गीय मुक्तिका स्वरहरू सशक्त रूपमा मुखरित भएका छन् ।

प्रस्तुत कृतिमा जनयुद्ध घनीभूत ढंगले विकसित भएको यस देशका भूभागहरू, ती भूगोलहरूमा युद्धरत जनसमुदायका महान् छोराछोरीहरू, वीर छापामार योद्धाहरू र सांस्कृतिक कलाकर्मीहरूका त्याग, वीरता र बलिदानका अद्भुत पराक्रमले भरिएका महान् गाथाहरू उल्लिखित छन् । "यो महाख्यान क्रान्तिकारी वीर योद्धाहरूको उदात्त भावावेग, प्रकृतिको मानवीकरणका रूपमा चन्द्रागिरिसितको रागात्मक सम्बन्ध, संगीतमय लयवद्धता र क्रान्तिचेतयुक्त स्वच्छन्दतावादी शिल्पचेतनाले सिँगारिएको पाइन्छ (चैतन्यः इच्छुक रचनावली, भाग-१, २०६४, भूमिका) ।"

मार्क्सवादी विचारबाट प्रभावित 'इच्छुक' व्यवहारमा कुशल सङ्गठक, प्रतिबद्ध चिन्तक र सांस्कृतिककर्मी हुनामा साथै काव्यसिर्जनाका सन्दर्भमा पनि मार्क्सवादप्रति प्रतिबद्ध, निष्ठावान् चरित्रका स्रष्ठा भएर देखा परेका छन् । वर्गीय दृष्टिले उन्मुक्ति र शोषणबाट छुटकारा पाउने उपाय प्राप्तिको सङ्घर्षमा सुदृढ भएर लडिरहने निष्ठाको चट्टान बनेको मान्छे मात्र विचारका विचलनबाट जोगिन सक्छ र अवसरवादको फोहरबाट असम्पृक्त रहन सक्छ । "वैचारिक निष्ठा र प्रतिबद्धताका आदर्श वाक्य बोल्ने तर व्यवहारमा देखा नपर्ने मार्क्सवादका पण्डाहरू अवसर पाउनासाथ आफ्नो स्वार्थअनुकूल विचारको व्याख्या गर्दै वैचारिक बसाइँ सर्ने गर्दछन् । तर कविको विचार **बन्दी र चन्द्रागिरि**मा अनवरत उभिरहन सक्ने सतिसाल बनेको छ र प्रखर आँधीमा पनि नडग्मगाउने पहाडी टापुको बज्राँठ वृक्ष बनेको छ (सुवेदीः नौलो विहानी ११:१) ।"

कला साहित्यको प्रयोजनका सन्दर्भमा मार्क्सवादी साहित्यिक मान्यताले आदर्शवादको भाववादी दृष्टिकोणले आत्मसात् गरेका आत्मानन्द, स्वान्त, सुखायको उद्देश्यलाई निषेध र

खण्डन गर्दै सामाजिक जीवन र जगत्का यथार्थ र दृश्यवस्तुको अस्तित्वलाई आत्मसात् गरी तिनै जीवन उत्थान र समृद्धिलाई अन्तिम लक्ष्य मान्ने गर्दछ । कला-साहित्यले इन्द्रियातीत आनन्द प्रदान गर्छ र यो स्वान्तः सुखायका निम्ति लेखिन्छ भन्ने जस्ता अवस्तुवादी तर्क र विचारलाई मार्क्सवादी कला मान्यताले अस्वीकार गर्दछ । मार्क्सवादको स्वभाव नै भौतिकवादी र वस्तुनिष्ठ दर्शन भएकोले समाज, मान्छे र दृश्य प्रकृति भन्दा परको वस्तु ठान्दैन तसर्थ कला साहित्यबाट प्राप्त आनन्दलाई पनि सामाजिक अनुभूतिकै सापेक्षतामा हेर्नुपर्छ ।

मार्क्सवादी दर्शनले वस्तुगत वा पदार्थबाट चेतनाको निमार्ण हुने वैज्ञानिक आधारलाई अघि सारेको हुँदा सामाजिक अस्तित्वको अन्वेषणबाट मानव चेतनाको विकास हुन्छ । कलासाहित्य पनि मानव चेतनाकै उपज भएकाले यसको विषयवस्तु पनि सामाजिक जीवन र जगत्बाटै लिने गरिन्छ । जीवन र जगत्का यथार्थलाई आभ्यन्तरीकरण गर्दै कलात्मक प्रतिबिम्बित वा अभिव्यञ्जनाका माध्यमबाट साहित्यको सिर्जना गरिन्छ ।

“मार्क्सवादी सौन्दर्य चिन्तनले हरेक कलाकृतिलाई वर्गविशेष, समाजविशेष र कलाविशेषको मूर्त रूपमा हेर्ने गर्दछ र सर्वकालीन, अमूर्त र वर्गनिरपेक्ष कलाको माग गर्ने पूँजीवादी मूल्य-मान्यताको यो पूर्ण विरोधी छ । त्यसैगरी यसका चिन्तकहरूले सामाजिक विकासको गुणात्मक फड्को, आमूल परिवर्तन वा क्रान्तिका पक्षमा जोड दिँदै तदनुरूप नयाँ ओज र शक्तिले भरपुर कलाकृतिको माग गर्दछन् (चैतन्य, २०६५:६६) ।”

लेनिनको कलासाहित्यको सौन्दर्य चिन्तनका सम्बन्धमा पाण्डेय भन्छन् “साहित्यको महŒवपूर्ण सामाजिक र सांस्कृतिक भूमिकालाई हृदयङ्गम गरेर नै लेनिनले यसलाई सर्वहारावर्गको साझा हेतुको एउटा अङ्ग बन्नुपर्ने कुरामा जोड दिँदै सर्वहारा वर्गद्वारा सञ्चालित क्रान्ति मेसिनको दाँती र पेच हुनुपर्छ (पाण्डेय, २०६५ : ३१-३२) ।”

त्यसैगरी लेनिनपछि चिनियाँ सांस्कृतिक क्रान्तिका नायक माओत्सेतुङले कला साहित्यको स्रोत जनता हुन्, जनता र उनीहरूको जीवन पद्धति र उनीहरू बाँचेको समाज नै कला साहित्यमा प्रयोग हुने विषयवस्तुका कच्चा पदार्थ हुन्, तसर्थ सम्पूर्ण मार्क्सवादी स्रष्टाहरू जनतामाझ जानुपर्छ, उनीहरूका भावना, आकांक्षा र विचार बुझेर त्यसलाई साहित्यमा प्रतिबिम्बित गरी पुनः जनसमूह माझ पुऱ्याउनु पर्छ । जनता भनेका मजदुर, किसान, उत्पीडित जाति, जनजाति, सिपाहीहरू र स्थानीय पूँजीपतिवर्ग हुन् जो नब्बे प्रतिशत संख्यामा

छ । ती बहुसंख्यक जनताका पक्षमा हाम्रो कला साहित्य हुनुपर्छ । यस सन्दर्भमा माओत्सेतुङ भन्छन् : “परम्परागत कला साहित्य पुराना रूपहरू हुन् । ती पुराना रूपहरू हाम्रा हातमा परेपछि तिनमा नयाँ पाइन हालेर र नयाँ विषयवस्तु (अन्तर्वस्तु) भरेर हामी तिनलाई जनताको सेवा गर्ने क्रान्तिकारी चिजमा फेरिदिन्छौं (माओ : २०५७ : ५५) ।”

यसरी मार्क्स, लेनिन र माओत्सेतुङको कला र सौन्दर्यको सापेक्षतामा **बन्दी र चन्द्रागिरि**को मूल्याङ्कन गर्दा यो काव्यकृति पूर्णतया सामन्तवाद, साम्राज्यवाद, विस्तारवादको भण्डाफोर गर्दै वर्गीय पक्षलाई अँगालेर निम्न वर्गको पक्षमा वकालत गरी जनवाद, राष्ट्रिय स्वाधीनता र वर्गीय मुक्तिको स्वर उछालेर क्रान्तिप्रति पूर्ण बफादारी व्यक्त गर्दै रचित एक विशिष्ट काव्यकृति बन्न पुगेको छ ।

### ४.४.२. बन्दी र चन्द्रागिरि : लेखन सन्दर्भ र परिवेश

विविध व्यक्तित्वका धनी कृष्ण सेन ‘इच्छुक’ ले पत्रकार लगायत सम्पादक समेत रहेर नेपाली प्रगतिशील पत्रकारिता क्षेत्रमा विशेष योगदान दिएका छन् । उनले ‘महिमा’, ‘ज्वाला’, ‘पृष्ठभूमि’ लगायत ‘कलम’, ‘जनादेश’ आदि जनपक्षीय पत्रिकाहरूमा जनपक्षीय सूचना सम्प्रेषण गर्नुका साथै सम्पादक समेत रहेर काम गरेका छन् ।

वि.सं. २०५५ साल पौष १९ गतेको ‘जनादेश’ साप्ताहिकमा ने.क.पा. (माओवादी) द्वारा सञ्चालित दस वर्षे जनयुद्धका क्रममा ललितपुरको भट्टेडाँडा प्रहरी चौकीमाथि माओवादीले आक्रमण गरेको समाचार र तस्वीर छापी पत्रकारिताको भूमिका निर्वाह गरेको निहुँमा तात्कालिक सरकारले उनलाई निगरानीमा राख्यो । त्यसै क्रममा वि.सं. २०५६ साल वैशाख ६ गते ‘इच्छुक’ सुन्धारा काठमाडौंबाट गिरफ्तार भई जेलजीवन बिताउन बाध्य भए । सुरुमा उनलाई गैरकानुनी रूपमा वा बिनापूर्जी भद्रगोल जेलमा राखियो र पछि षडयन्त्रपूर्वक खरखजाना तथा हातहतियार सम्बन्धी मुद्दा लगाएर सिरहा जेल पठाइयो । त्यस सिलसिलामा उनी दुई महिना थुनामा परे ।

वि.सं. २०५६ सालको भद्रगोल जेल बसाइँका क्रममा उनले रचेका लामा कविताहरूको संग्रह **बन्दी र चन्द्रागिरि** प्रगतिशील अध्ययन केन्द्र, काठमाडौंले वि.सं. २०५७ सालमा प्रकाशित गर्‍यो । उनको आस्था र निष्ठाका दुई कलात्मक स्मारक **शोकाञ्जलि** (२०४८) र **बन्दी र चन्द्रागिरि** (२०५७) लाई इच्छुक सांस्कृतिक प्रतिष्ठानले सङ्गृहीत रूपमा **इच्छुक रचनावली भाग-१** (२०६४) मा पुनः प्रकाशन गर्‍यो ।

यस काव्य कृतिभित्रको परिवेश कारागारभित्र सीमित र बद्ध छ तथा मुक्त परिवेश दृश्य र अनुभाव्य रूपमा कारागार बाहिर असीमित र अनन्त छ । दृश्य परिवेशमा केन्द्रीय कारागारको पटाङ्गिनीबाट देखिने नैऋत्य कोणको दृढ र अटल चन्द्रागिरि महाभारत पर्वत शृङ्खलाको पहाड तथा काठमाडौं उपत्यकाको चौघेराको एक अंशका रूपमा आलोकित छ । त्यस्तै कृतिमा उपत्यका बाहिरको भूपरिवेश, तिनमा गुज्रिरहेका जीवन, दुःख र पीडामा विवश जीवनचर्या अनुभाव्य आधारभूमि बनेका छन् । एकालापमा प्रस्तुत काव्य नेपाली समाजमा विकसित भएका रूग्ण र कुरूप यथार्थको संवेगलाई काव्यिक स्वरूपमा सहज र सरल ढङ्गद्वारा प्रस्तुत गर्ने प्रयत्न गरिएको छ । 'इच्छुक'ले यस काव्यको विषयवस्तुमा नेपालको इतिहासमा २०४८ सालपछि विकसित भएका समस्त विकृतिलाई समेट्ने प्रयत्न गरेको पाइन्छ । राजनीतिमा रहेको यथास्थितिवादी सोचाइ, सामन्तवादी चिन्तनशैली, जनताको राष्ट्रिय चिन्तन र त्यसको उपभोगको मौलिक अधिकार अनि तिनको उपभोगका निम्ति स्वतन्त्रता साथै स्वतन्त्रता प्राप्तिका लागि अवलम्बन गरिने वैचारिक निष्ठाका अतिरिक्त राष्ट्रिय-अन्तर्राष्ट्रिय वलिदानीको परिप्रेक्ष्य समेतलाई अनेक उपमा, अलङ्कार र प्रतीकको सुन्दर संयोजनमा सशक्त रूपमा काव्य सामग्री बनेर उपस्थित गराएको पाइन्छ ।

### ४.४.३. बन्दी र चन्द्रागिरि : बाह्य पर्यवेक्षण

**बन्दी र चन्द्रागिरि**को संरचनागत सुगठनलाई हेर्दा ५६ पृष्ठ (इच्छुक रचनावली भाग-१-(२०६४)) को आयाममा विस्तारित काव्य हो । काठमाडौंको भद्रगोल जेलमा २०५६ सालमा जम्मा ९ वटा प्रकरणहरूमा वितरण गरेर संरचना तयार भएको छ जसलाई तल संक्षेपमा उल्लेख गरिएको छ :

#### ४.४.३.१. पहिलो प्रकरण : चन्द्रागिरि म तिमीलाई हेरिरहने गर्छु

यस प्रकरणमा न्यूनतम २ देखि अधिकतम ८ शब्दहरूमा निर्मित १ सय ४९ पङ्क्तिहरू वितरित छन् । यसमा निजात्मक ढङ्गले आख्यान योजना गरेर चन्द्रागिरिप्रति सम्बोधन गर्दै समग्र प्रकृतिले आफूमा जन्माएका दृश्यसंवेदना, स्पर्शसंवेदना, आधेय संवेदना र ध्वनि संवेदनाका तरङ्गहरूका समायोजनबाट काव्यको पहिलो खण्ड तयार भएको पाइन्छ ।

### ४.४.३.२. दोस्रो प्रकरण : छातीभित्र छ मेरो देश

यस प्रकरणमा न्यूनतम १ देखि ८ सम्मका शब्दहरूमा निर्मित जम्मा १ सय ८५ पङ्क्तिहरू छन् । यसमा देशका गौरवशाली इतिहास र अमूल्य निधिहरू, देश र यसका सबल जनप्रतिनिधिहरू, देश र यसलाई चिनाउने प्राकृतिक र सांस्कृतिक सम्पदाहरू, देश र यसका उन्नतिका निम्ति अर्जित सद्प्रेरणाहरू अत्यन्त स्पष्ट र सबल ढङ्गले उद्बोधित तथा उद्घाटित भएको पाइन्छ । ती उद्बोधनहरूले स्पर्श गरेका कवि 'इच्छुक'को 'म' राष्ट्रको मौलिक मूल्यका घातकहरूका विरूद्ध रौद्र बनेर उपस्थित हुन पुगेको भेटिन्छ । 'इच्छुक'ले मुलुकमा व्याप्त विकृतिका विरूद्ध कविको 'म' स्वयम् दावानल बनेर दन्किएका प्रसङ्गमा पुगी काव्यको दोस्रो प्रकरण टुङ्गिएको पाइन्छ ।

### ४.४.३.३. तेस्रो प्रकरण : हाँडीगाउँको जात्रा सधैं जात्रा रहने छैन

यस प्रकरण २ देखि ७ शब्दसम्मका १ सय ८० वटा पङ्क्तिहरूमा रचित छ । यस प्रकरणमा मुलुकमा सामन्ती विकृतिका विरूद्ध आन्दोलन मच्चिन थालेकाले अब संसारमा कहीं पनि नभएको र हालसम्म चलिरहेको कुरूप राज्यको शासन परम्परा नेपालमा पनि निरन्तर चल्न सक्तैन र विकृतियुक्त राज्यसञ्चालनको शैली अब विस्तारै ध्वस्त बन्दै जान्छ भन्ने कुरा 'इच्छुक'को आख्यान चेतनाले पुष्टि गरेको पाइन्छ । मुलुकलाई आफ्नो एकछत्र घाँसेमैदान ठानेर जसरी मन लाग्छ, त्यसरी उपभोग गर्छु भन्ने साँढे शैलीका सामन्ती सत्ताधारीका दिन ढल्दै गएको कुरा चन्द्रागिरिले पनि अनुभव गरेको र स्रष्टा र चन्द्रागिरिका बीचमा पनि यिनै संलाप भएको कुरा यस प्रकरणमा प्रस्तुत गरेको पाइन्छ ।

### ४.४.३.४. चौथो प्रकरण : अटल छ मेरो आस्थाको सगरमाथा

यो प्रकरण २ देखि ९ शब्दहरूसम्मका जम्मा १ सय ५२ वटा पङ्क्तिहरूद्वारा निर्मित छ । यस प्रकरणमा देशको गौरवको पहिचान प्रस्तुत गर्ने सगरमाथाको उच्च प्रतिष्ठालाई अझ बृहत्तर उचाइ थप्ने कविभित्रको निष्ठा र आस्थाको सगरमाथा उठेको पाइन्छ । देशको गरिमायुक्त मूल्यको स्थापना गर्न र त्यसलाई अझ महत्ता प्रदान गर्न प्रयत्न गर्ने पक्षहरू यस प्रकरणमा प्रस्तुत भएको पाइन्छ । अप्रजातान्त्रिक र स्वाधीन हीनताहरूका स्वरहरूको संवेदनाका गुञ्जन र नारा ध्वनित हुने यस अथाह विश्वमानव सागरमा जहाँ पनि निर्माण चेतना भएका स्रष्टाका आस्थाको दमन गर्ने अभियानमा चलेका गोलीको निशाना बन्न तयार

हुने तर आफ्नो आस्थाको हत्या हुन नदिने अठोटका साथ कवि अटल र सुदृढ सगरमाथा बनेर अभिएको कुरा यस प्रकरणले सिद्ध गरेको पाइन्छ ।

### ४.४.३.५. पाँचौ प्रकरण : मन देशदेशान्तर घुमिरहन्छ

यस प्रकरणमा न्यूनतम १ देखि ९ शब्दहरूद्वारा निर्मित जम्मा २ सय ५१ पङ्क्तिहरू छन् । यसमा जेलको निस्सासिँदो यातना गृहमा थुनिएको कविका भौतिक शरीरभित्र निहित मन अझ क्रियाशील र वेगवान् बनेर देशभित्रका कुना-कुनासम्म घुमेर राजनीतिक विसङ्गतिका दुष्कार्यहरूको सहजै अवलोकन गर्दछ र देशबाहिर विश्वभरका दुराचार र दुष्कर्मको पर्येवेक्षण गर्दछ । त्यहाँ व्याप्त दमन, यातना, प्रताडना र हत्याले जर्जर बनेको मानव वस्ती विस्फोट र संहारको धुवाँबाट धुमिल बन्दै गएको, विश्व पर्यावरणमा मानवीय संवेदना ध्वस्त हुँदै गएका स्थितिहरूको अनुभव गर्ने कवि मनको यात्रा नै यस प्रकरणको मुख्य कसी रहेको पाइन्छ ।

### ४.४.३.६. छैठौं प्रकरण : तिम्रो छातीभित्र एउटा रातो गुलाफ रोप्नू !

यस प्रकरणमा १ देखि ७ सम्मका शब्द संख्याद्वारा निर्मित जम्मा २ सय १३ पङ्क्तिहरू छन् । यसमा सिङ्गो मुलुकको देहलाई चन्द्रगिरिको प्राकृतिक बिम्बका रूप प्रदान गरिएको र उक्त बिम्बको समग्र धरातललाई फराकिलो छातीको रूप प्रदान गरेको पाइन्छ । देशको मुक्तिसङ्ग्राममा सहादत बनेका वीर सपूतहरूका रगतबाट निर्मित रातो रङको प्रतिनिधित्व गर्ने गुलाफका विरूवाहरू हुर्काएर बलिदानी सपूतहरूको क्षतिपूर्ति गर्नू भन्ने आदेशात्मक अनुभूति काव्यमार्फत् प्रकट भएको भेटिन्छ । कविले आफूलाई बलिदानीको अग्रमोर्चामा उभ्याएर व्यक्त पूर्ण समर्थनभाव नै यस प्रकरणको आख्यानसूत्र बनेको छ । देशमा सपूत जन्माउने आमाबाबु सन्तति विहीन घोषित हुन नपाऊन् भन्ने उत्प्रेरणा दिन यस प्रकरण मार्फत् कविमा निःस्वार्थ समर्पणभाव प्रस्तुत भएको पाइन्छ ।

### ४.४.३.७. सातौं प्रकरण : सम्झनामा नाचिरहेकाहरूको सम्झना

यस प्रकरणमा न्यूनतम २ देखि ८ सम्मका शब्दहरूका योजनावाट निर्मित १ सय ८५ ओटा पङ्क्तिहरू छन् । प्रस्तुत प्रकरणमा मुलुकका थुप्रै ठाउँमा व्याप्त नृशंस हत्या, दमन, बलत्कार, आगजनीका घटनाहरू चन्द्रागिरिलाई सम्बोधन गर्ने क्रममा कविबाट मुखरित भएको पाइन्छ । मुलुकको मुक्तिका निम्ति हाँसी-हाँसी प्राणाहुति दिने देशका सपूतहरूको मन्द मुस्कान र तिनलाई मृत्युको खाडलमा धकेलेर अट्टाहास गर्ने जल्लाद शासकहरूको कुरूप यथार्थ

चरित्रलाई यस प्रकरणले सहजतापूर्वक प्रस्तुत गरेको छ । मुलुकको मुक्तियुद्धका यात्रामा संलग्न भएकै अवस्थामा देहोत्सर्ग गरेका योद्धाहरूको प्रतिबिम्ब यस प्रकरणको आख्यानका आधार बनेका छन् र तिनकै स्मृतिमा श्रद्धाभाव समर्पण गरिएको मूलभाव यस प्रकरणको कथ्य बनेर आएको पाइन्छ ।

### ४.४.३.८. आठौं प्रकरण : ए सिन्धुलीको महान् आमा !

प्रस्तुत आठौं प्रकरणमा न्यूनतम २ देखि ९ सम्मका जम्मा १ सय ४६ पङ्क्तिहरू प्रयुक्त छन् । कविले देश र जनताका मुक्तिका निम्ति प्राणोत्सर्ग गर्न तत्पर हुने सन्तान जन्माउने वीर एवम् महान् आमाप्रति गरेका सम्बोधनमा यो प्रकरण तयार भएको छ । यहाँ सिन्धुली एउटी प्रतिनिधि आमा बनेकी छिन् । नौमूले, अनेकोट, खारा र भैरवनाथ गणमा प्राणोत्सर्ग गर्ने सन्तानकी वीरमाता सिन्धुली सिङ्गै मुलुककी आमा अर्थात् नेपाल आमाका रूपमा सम्बोधित भएको पाइन्छ । हत्यारा शासकहरूले ढालेका सपुतहरूलाई आफ्ना काँखमा गहिरो र प्रगाढ आस्थाको चिरनिद्राको आश्रय दिने सिङ्गै नेपाल आमाको लघुबिम्ब बनी सिन्धुली यस प्रकरणमा उपस्थित भएको पाइन्छ । यसमा सम्बोधन शैलीले काव्यको आख्यान शृङ्खलामा निरन्तरता पाएको देखिन्छ ।

### ४.४.३.९. अन्तिम प्रकरण : जारी रहनेछ हाम्रो संकल्पको यात्रा

यस प्रकरणमा २ देखि ९ सम्म शब्दहरू प्रयुक्त २ सय ४२ वटा पङ्क्तिहरू छन् । प्रस्तुत प्रकरणमा स्रष्टाहरू, सिङ्गै मुलुक र मुलुकका समग्र जनताको मुक्ति अभियानमा समर्पित योद्धाहरूको समर्पण र त्याग भावनाको स्तुति अभिव्यक्त भएको छ । काव्यको यस सर्गमा लगनशीलताका साथ समर्पणभाव बोकेर मुक्तियुद्धमा सरिक हुने योद्धा जतिखेर पनि बलिदानीका तख्तामा उभिन सक्छ र हत्याको शृङ्खलाका एक सपूत यस काव्यका स्रष्टा स्वयम् पनि हुन सक्नेछ भन्ने भाव प्रकट भएको पाइन्छ । यस्ता मुक्ति योद्धाहरूको पङ्क्ति अनन्तसम्म फैलिएको कविले बताएका छन् । उनीहरूले युद्धलाई निरन्तर जारी राख्नेछन् । यो युद्ध तबसम्म जारी रहनेछ जबसम्म सिङ्गो मुलुकले मुक्तिको अनुभव गर्ने छैन । त्यतिञ्जेल युद्धयात्रा अनवरत रूपमा अगाडि बढ्ने सङ्कल्प सहित उत्कर्षमा पुगेर काव्य टुङ्गिएको छ । यसरी हेर्दा यस प्रकरणमा कविको क्रान्तिचेत उत्कर्षमा पुगेको पाइन्छ ।

## ४.५. बन्दी र चन्द्रागिरिमा निहित प्रवृत्तिहरू

### ४.५.१. राष्ट्रिय चिन्तन

'इच्छुक' कृत **बन्दी र चन्द्रागिरि**को एउटा प्रमुख प्रवृत्तिका रूपमा राष्ट्रिय चिन्तन देखा परेको पाइन्छ । राष्ट्रको संरचनागत निर्माण राष्ट्रिय मर्यादा र निष्ठामा निर्भर हुन्छ, प्राकृतिक एवम् भौगोलिक स्रोत र साधनमा निर्भर हुन्छ । त्यसैगरी राष्ट्र हाँक्ने राजनीतिज्ञहरूका व्यवहारमा निहित हुन्छ तथा तिनको दूरदर्शी चिन्तनमा निर्भर हुन्छ । मानव मनका अमूर्त संरचनाले मूर्त आवरण, स्वरूप र आयतनमा प्रकट हुन पाएपछि मात्र सबल राष्ट्रको स्वरूप देखा पर्दछ । यो कुरा युगसापेक्ष हुन्छ भन्ने मूलभाव काव्यमा राष्ट्रिय चिन्तनका रूपमा देखा परेको छ ।

कविला युगमा झुण्ड-झुण्डमा हैकम जमाउन सक्नेहरूका सापेक्षतामा राष्ट्र प्रकटित थियो । सामन्ती युगमा दासलाई कजाउन सक्ने मालिकहरू यस सापेक्षतामा तत्तत् राष्ट्रका प्रमुखका रूपमा चिनिन्थे । पूँजीवादी युगमा संसारका मजदूरहरूलाई नियन्त्रणमा राख्न सके मात्र राष्ट्रको प्रभुत्व रहन्थ्यो । तर आज उपर्युक्त प्रभावहरू सिथिल बन्दै नागरिक स्वतन्त्रता, मुक्ति, मानवाधिकार जस्ता संवेदनापूर्ण विषयका प्रतिष्ठाले राष्ट्र सार्वभौम शक्तिसम्पन्न हुँदै मर्यादा र निष्ठाको सीमामा आबद्ध बन्दै गएको छ । यसै राष्ट्रिय चिन्तनलाई प्रमुखताका साथ कविले आफ्नो काव्यको अंशमा प्रस्तुत गरेका छन् । एक सच्चा राष्ट्रभक्त देशका कुना-कुनामा विस्तारित विदेशी हस्तक्षेप, सीमा अतिक्रमण र त्यसबाट उब्जेका पीडालाई चूपचाप सहेर बसिरहन सक्तैन । राष्ट्रिय स्वाभिमानमा आँच पुग्दा बन्दी कविभावना उकुसमुकुस भएर पोखिन पुग्छ । देशैभित्रकाले षड्यन्त्रपूर्वक दुष्कर्म गर्दा देश खण्डित अवस्थामा पुगेर त्यहाँका बासिन्दाहरू बलात्कृत हुन पुगेका छन्, राष्ट्रियता गुमनाम हुन पुगेको र उक्त भूगोलका जनताहरू वेवारिसे हुन पुगेका छन् भन्दै राष्ट्रियताको चासोलाई कवि यसरी प्रस्तुत गर्दछन् :

राष्ट्रिय स्वाभिमान यतिखेर अँध्यारो
खोपीमा मिल्केको छ ।
अतिक्रमणको पीडा र अपमान सहेर
आज मेरो कालापानी एक्लै कहालिरहेको छ
घरिघरि देशको अस्मिता लुछिएको छ ।

(इच्छुक रचनावली भाग-१, पृ. ६)

पूर्वपश्चिम लमतन्न परेर सुतेको यस देशका अङ्ग-प्रत्यङ्गमा घाउ लागेको छ । आफ्नो सार्वभौमिक र भौगोलिक अखण्डता खण्डित बनेपछि देशले पीडाबोध गरिरहेको छ । एकातिर

देशको भूगोलको खण्डीकरण र अर्कातिर मानसिक क्षयीकरणको सिकार हुँदै रूग्ण बनेको देश कहिले खुम्चँदै र कहिले खोच्याउँदै धर्मर-धर्मर पाइला सारिरहेको कविको भावना भेटिन्छ । यस्ता अवस्थामा एउटा साँचो राष्ट्रवादी चूप लागेर कदापि बस्न सक्तैन । आफ्नो राष्ट्रियतामाथि आँच पुग्दा कवि मन यसरी काव्यमय रूपमा अभिव्यक्त हुन पुग्दछ :

मलाई मेरो राष्ट्रियता
मेरो जीवनभन्दा प्यारो छ
मलाई मेरो शिर सर्मले झुकाउनु पर्ने
प्रत्येक असमान सन्धि र सम्झौतासँगै
मेरो देशको महान् गरिमा आज मैले
सधैँ-सधैँ बन्धक परेको देख्छु

(इच्छुक रचनावली भाग-१, पृ. ७)

उपर्युक्त काव्यांशमा विस्तारवादीहरूले देशको माटो, हाम्रो जमिन खोसेर आफ्नो साँध-सीमालाई बढाउँदै हाम्री मातृभूमिलाई खुम्च्याउँदै गर्दा कवि स्वयम्लाई आफू लुटिएको र कुल्चिएको अनुभूति भएको छ । यसले कविभावना राष्ट्रियताप्रति लम्पसार परेको पाइन्छ । राष्ट्र र राष्ट्रियता जीवनभन्दा प्यारो छ भन्दै शिर निहुराउनु पर्ने र विदेशीहरूकहाँ बाँधा बस्नुपर्ने निरीह अवस्थाले राष्ट्रभक्तहरूको स्वाभिमान गुम्दै-गिर्दै गरेको अवस्था सहन निकै गाह्रो परेको बुझिन्छ । राष्ट्रभक्तहरूको स्वाभिमानका रक्षार्थ उत्साह र प्रेरणाको गीत गाउँदा साँचो राष्ट्रवादीलाई जीवनभर कालकोठरीमा थुन्ने र तिनका चेतनाको आवाजलाई बन्द गर्न खोज्ने कथित देशभक्त शासकमाथि कटु व्यङ्ग्य प्रहार गरेको समेत पाइन्छ ।

आफ्ना मातृभूमिप्रतिको श्रद्धालाई राष्ट्रियताका रूपमा देख्ने कविका अङ्ग-प्रत्यङ्ग देशभक्तिपूर्ण भावनाले भिजेका छन् । प्रत्येक नेपालीमा देशभक्तिभाव यसरी उम्लनु पर्छ अनि मात्र देशका अस्मिताको रक्षा हुन्छ भन्ने भाव निम्न काव्यांशमा प्रस्तुत भएको पाइन्छ :

मेरो छातीभित्र मुटुमा छ
मेरो राष्ट्र र राष्ट्रियता
मेरो जिउँदो ढुकढुकीमा छ
मेरो राष्ट्र र राष्ट्रियता
को सक्छ यसलाई अपहरण गर्न

मेरो तरल सम्वेदनामा छ
मेरो राष्ट्र र राष्ट्रियता

(इच्छुक रचनावली, भाग- १ : पृ. ९)

कवि हृदय राष्ट्रभक्तिमा भावुक बनेर सागरमा तरंग आएझैं छताछुल्ल हुन पुगेको भेटिन्छ । छातीभित्र मुटुमा होस् वा प्राणवायुमा, कविले आफ्नो राष्ट्र र राष्ट्रितालाई जोगाएर राखेको भेटिन्छ । यसले भावकप्रति पनि राष्ट्रप्रेम र राष्ट्रियताको भावना स्वतः जागृत गराउन पुगेको पाइन्छ ।

खोक्रो राष्ट्रवादको लेप लगाएर, देशलाई आफ्नो स्वार्थको मैदान बनाएर मस्ती मार्न पल्केका दुःशासकप्रति कठोर झापड प्रहार गर्ने 'इच्छुक'का उद्गारहरू यसरी प्रस्तुत भएका छन् :

यो देशलाई लुटाहाहरूको स्वर्ग बनाउने
जङ्गी आदेशहरू
र, देशमा जारी गरिएका
यस्तै-यस्तै हुकुम र फर्मानहरू
मनभित्र गुनिरहेको छु ।

(इच्छुक रचनावली, भाग-१: पृ. १५)

देश प्रत्येक नागरिकको साझा धरोहर हो । त्यसैले देशप्रति बेइमानी गर्ने, अस्तित्वसँग खेलबाड गर्ने र देश संरक्षणका पक्षपातीहरू बिरूद्धमा घातक प्रहार गर्ने सत्तासीन र तिनका अनुयायीहरू जो कोहीलाई देश लुट्न कुनै अधिकार छैन । देश लुटाहाहरूको होइन, राष्ट्रवादीहरूको हो । लुटाहाहरूको हुकुम र आदेशहरूलाई सच्चा राष्ट्रवादीहरूले कदापि स्वीकार्न सक्दैनन् । राष्ट्रवादीहरूका मनमा देश विकास र निर्माणको सुन्दर र आदर्श सपना हुन्छ । प्रत्येक देशबासी देशको सुन्दर सपना र आदर्शबिना जिउँदो रहन सक्तैन भन्ने राष्ट्रिय भाव कवितामा उन्मुक्त रूपमा अभिव्यक्त भएको पाइन्छ ।

देश भनेको आमा हो । सन्ततिले आमालाई बन्धकी राखेर भौतिक सुख खोज्नु पाप हो । आफूले पाउने सुखका विपरीत अरूले दुःख पाउनु अन्याय र असमान व्यवहार हो । तर यहाँ देशै बन्धकी राखेर सुख-सयल, भोग-विलास गर्नेहरू देशैभरि व्याप्त छन् । लुटको

साम्राज्य बनाएर देश र जनतामाथि निर्बाध रजाइँ गर्ने परम्परा प्रतिबन्धित हुनुपर्छ भन्ने मत निम्न काव्यांशले प्रस्तुत गरेको छ :

देशै बन्धकी राख्ने छुट
मैले पाउनु हुँदैन
मेरा सुख र सयलको निम्ति
मेरो भोग र विलासको निम्ति
अरू कसैले नर्कको दुःख पाउनु हुँदैन

(इच्छुक रचनावली, भाग - १ः पृ. २२)

देश र जनतालाई बिर्सेर व्यक्तिगत स्वार्थमा चुर्लुम्म डुब्दै आफू मात्र सुख खोज्ने र अरूलाई दुःखमा रुवाउने प्रवृत्तिले देश र जनभक्ति हराउँदै जान्छ । त्यसो गर्ने अधिकार कुनै पनि व्यक्तिलाई नहुने कुरा कविको 'म'ले अभिव्यक्त गर्दै राष्ट्र र जनभक्तिको खुलस्त भाव प्रस्तुत गरेको पाइन्छ । यसरी 'इच्छुक'ले **बन्दी र चन्द्रागिरि**मार्फत् कहिले लुटिएको सिमाको प्रसङ्ग उठाएर, कहिले वीरवीरङ्गनाको योगदानको चर्चा गर्दै, कहिले निरंकुश शासकवर्गको करतुत सुनाउँदै, कहिले देश बेचेर लुट्को साम्राज्य मच्चाउने राष्ट्रघातीहरूको चर्चा गर्दै, कहिले सिंधुलीका आमालाई नवीन भविष्य बोकेर नयाँ शिशु जन्मने आश्वासन दिँदै राष्ट्रिय चिन्तन मुखरित गरेको पाइन्छ ।

### ४.५.२. प्रकृति चित्रण र प्रकृतिसँगको सहसम्बन्ध

चन्द्रागिरि स्वयम्मा महाभारत पर्वतशृङ्खलाको एक थुंको हो, उपत्यकाको एकांश घेरो हो जो जैविक विविधताले परिपूर्ण छ । त्यो सुन्दर पर्वतलाई हेरेर कवि भावना भद्रगोल जेलको बन्दी कोठामा पनि विशाल भएर झाँगिएको पाइन्छ । काव्यमा चन्द्रागिरि बन्दी कविद्वारा संबोधित अचल-अटल आस्था र निष्ठाको प्रतीक हो ।

स्वच्छन्दतावादी एवम् प्रगतिवादी कवि 'इच्छुक' यस काव्यमा प्रकृतिको सुन्दर चित्रण गर्दै विद्यमान जीवनमा प्रकृतिसँगै आन्दोलित हुन पुगेका छन् । कविले प्रकृतिसँग धेरै कुरा एकालापमा गरेर प्रशस्त ज्ञान बटुली आफू लगायत आफू जस्तै मानव समुदायमा व्याप्त भोक, अभाव र अन्यायसँग लड्ने आँट, विश्वास र आस्था आर्जन गरेका छन् । आफू पहाडी चट्टान र सगरमाथाको उत्तुङ्ग शिखरझैं ठाडो राख्न सक्षम भएका छन् ।

हुरी-बादल-वर्षाको आक्रोशसँगै परिवर्तनको युद्ध लड्न उत्प्रेरणा प्राप्त गरेका कवि थुप्रै पहाडी मोर्चाहरूलाई स्मरण गर्दै अझै जङ्घार तर्न बाँकी रहेको कुरा उल्लेख गर्न पुग्दछन् । विशेष गरी काव्यमा प्रकृतिको नरम र सरल भन्दा कडा र जटिल रूपहरूलाई समेट्न पुग्दछन् जुन प्राकृतिक छटाले यथास्थितिलाई भन्दा नयाँ र पृथक् संसार निर्माण गर्न सकियोस् ।

काव्यको पहिलो प्रकरणको पहिलो पङ्क्तिमा यसरी प्राकृतिक चित्रण गरेको पाइन्छ :

प्राचीमा घाम उदाउनुअघि
प्रभाती स्वर्णिम किरणहरूले
धर्तीमा रक्तिम आभा फैलाउनुअघि
प्रतिदिन चरीहरूको चिरबिरसँगै
म सबेरै उठ्ने गर्छु
र तिमीलाई हेरिरहने गर्छु ।

(इच्छुक रचनावली, भाग-१: पृ. १)

कविले सुरूवातमै बिहान र साँझको सुन्दर चित्र पेश गरेका छन् । कविलाई बिहानी प्रकृतिले जाग्न बल पुऱ्याएको र साँझले उपलब्धि बिहीन दिनको निराशा प्रकट गरेको बुझिन्छ । तर यो निरन्तर पृथ्वीको चक्करसँगै कविको भावुक हेराइ र दूर क्षितिजमा निहालिरहेको अवस्थाले कवि प्राकृतिक ऊर्जा पाएर अटल विश्वास र अदम्य साहसका साथ स्वर्णिम भविष्यको प्रतीक्षा गरिरहेको भावाभिव्यक्ति पाइन्छ ।

कवि, निरुद्देश्य र निष्क्रिय जीवन चाहँदैनन् । शान्त तलाउभन्दा समुद्रको छातीमाथिबाट उर्लने अशान्त ज्वारभाटाहरूभित्र जीवनको यथार्थ प्रतिबिम्ब रहेको देख्ने कवि आँधी र हुरीमय जीवन नै सक्रिय, सार्थक एवम् उद्देश्य उन्मुख हुने कुरा बताउँछन् । उनी भयानकता र रौद्रताबीच पनि जीवनको सुन्दर अर्थ र महत्व खोज्छन् । त्यसैले सुन्दर वसन्तसँगै आउने चुनौतीपूर्ण क्षणहरूलाई जीवनमा देखापर्ने सुन्दर परिवर्तनको द्योतकका रूपमा यसरी प्रकृति चित्रण गर्न पुग्दछन् :

मलाई वसन्तसँगै आउने
झञ्झावात र उल्कापात प्रिय लाग्छ
कहाँ हुन्छ जीवन सपाट सुख्खा बगरजस्तो

मलाई वेगवान् पहाडी नदी
र जलप्रपात प्रिय लाग्छ

(इच्छुक रचनावली, भाग १: पृ. ४)

हाम्रो समाजमा आमूल परिवर्तनको आवश्यकता छ । त्यसका लागि एकपल्ट वसन्त ऋतु भित्रको रौद्र रूप देखिनै पर्छ । आँधीहुरी, उल्कापात, नदीको वेगवान् गति र तीव्र जलप्रपातले मात्र यथास्थितिवादी हाम्रो समाजमा उलटपुलट आउन सक्छ । जीवनलाई परिवर्तन गरेर सुनछहरी जस्तै स्वर्णिम र सुनगाभा जस्तै सुन्दर बनाइ दिन सक्छ । वसन्त ऋतुको सौम्य रूपमा झञ्झा र उल्काको बिम्ब खोजेर पहाड, जलप्रपात समेत समायोजन गरी सुनछहारी र सुनगाभाको उपमामा प्राकृतिक छटा वसन्तको सार्थक चित्रणसँगै जीवनको समयसापेक्ष सुखद र सुन्दर परिवर्तनको कामना उपर्युक्त काव्यांशमा गरेको पाइन्छ र कवि प्रकृति चित्रणका क्रममा सरलमा सुन्दरता भन्दा जटिलतामा सुन्दरता खोज्ने कविका रूपमा चिनिन्छन् । उनी दिनरात, वर्षा, झरी, बादल, घनघटा, बिजुलीको झिल्का आदि प्राकृतिक बिम्बहरूलाई प्रयोग गर्छन् । प्रकृतिका हरेक अङ्ग र समयका हरेक पललाई वर्णनभित्र समेट्दै त्यसलाई जीवनसँग तादात्म्य दिन सिपालु छन् भन्ने कुरा यसरी नमुना प्रस्तुत गर्न सकिन्छ :

प्रिय चन्द्रागिरि !
यसवर्ष मनसुन ढिलै आयो
र, भर्खर-भर्खर
आकाशमा डम्म बादल लागेर
मादल बजेझैं घनघन गर्जन थाल्दै छ
बर्सातको खुसीयालीमा हर्षले नाचेर
बिजुलीको भिल्का उल्लासले चम्कन थाल्दै छ

(इच्छुक रचनावली, भाग-१: पृ. १२)

कविले चन्द्रागिरि पर्वतलाई संबोधन गर्दै वर्षातको वर्णन गर्ने क्रममा बादल, चट्याङ र बिजुलीको झिल्को, दर्दर् जलधारा सुख्खा माटामा बर्सिदा आउने माटाको सुगन्ध, वर्षायामको सुरुवातसँगै किसानमा छाएको उमङ्ग, गामबेंसी र पहाडलाई एकै फाँकामा सुन्दर सजावटका साथ अभिव्यक्त गरेको पाइन्छ । साँच्चै वर्षा ऋतुजन्य प्राकृतिक दृश्य सुन्दर छ । त्यही सुन्दर प्रकृतिमा कविको मन उमङ्गित हुँदै सर्वत्र डुलेको छ । तर हाम्रो जीवन, गाउँबस्ती, सहर चारैतिर विकृति, विसङ्गति फैलिएको पाइन्छ । हाम्रा टोल र गल्लीहरूमा जताततै विषाक्त द्वन्द्वका कारण फुट र विभाजन व्याप्त छ । यसले साच्चै नै प्राकृतिक सुरम्यतालाई चुनौती

दिएको पाइन्छ । वार्षिक एक पटक आउने वर्षाऋतुको उमङ्ग र त्यतिखेर छाउने उल्लासले हाम्रो गाउँबस्ती, टोल, गल्ली, पहाड सर्वत्र सरलता, सुन्दरता र मनोहारिता छाउनु पर्छ । यसरी कविले प्राकृतिक ऋतुचक्रका सौन्दर्यमार्फत क्रान्तिको सफलताका सम्भाव्यतातिर र पुरानाको अन्त्य र नयाँका स्थापनाको आशा र खुसी व्यक्त गरेका छन् । उपमा, रूपक जस्ता अलङ्कार तथा प्राकृतिक बिम्ब र प्रतीकहरूको प्रयोग गरेर कवि क्रान्तिको अपरिहार्यता र त्यसबाट प्राप्त समानता र दीनहीन, शोषित पीडितहरूले पाउने खुसी र सुखलाई अत्यन्त सुन्दर रूपमा प्रस्तुत गर्न कवि सफल देखिन्छन् ।

कवि मनलाई जीवन दिने प्रकृतिका काख विचरण साधन बनेर आएको र खुसीले गद्गद् भएको कवि मन प्रकृतिको मनोरमतामा डुबेर प्रफुल्ल हुँदै आफू प्रसन्नताको भवसागरमा रमेको कुरा प्रस्तुत पङ्क्तिमा यसरी अभिव्यक्त भएको पाइन्छ :

अत्तालिएको एक्लो मनले
तिम्रा नीला आँखाहरू नियाल्दै
हेरिरहेछु म लगातार दक्षिण-पश्चिमतिर
जहाँबाट बादलु आकाश छोएको नीलो पहाड देखिन्छ
जहाँबाट एक टुक्रा खुला संसार र
एक झलक तिम्रो हँसिलो मुहार देखिन्छ
र, शीतल पवन बग्ने नन्दन वन जस्तै
सरस अनुभूतिहरूको
एउटा सुन्दरभाव मनभित्र उब्जिन्छ ।

(इच्छुक रचनावली, भाग-१: पृ.१८)

कवि आफू अत्तालिएका बेला दक्षिण-पश्चिमतिर ठिङ्ग उभिएको चन्द्रागिरिलाई हेरेर आफ्नो अनियन्त्रित मनलाई बसमा बाँध्ने प्रयास गर्छन् । क्षितिजमा रङ्मडिरहेको बादल र चन्द्रागिरि पर्वतको सौन्दर्य संयोजनले हँसिलो मुहारको झल्को पाउँदा त्यही नै खुल्ला र स्वतन्त्र संसारको अनुभूति समेत प्राप्त हुन्छ कविलाई । सुन्दर प्राकृतिक स्वरूपले कवि मनलाई फुरूङ्ग पार्दै चन्द्रागिरि नन्दन वनझैं शीतल, सरस अनुभूति हुन्छ । यसरी कविले प्रकृति चित्रणसँगै उनको मन उन्मुक्त भएर प्रकृतिमा विचरण गरेको पाइन्छ । यसबाट कविमन स्वतन्त्रताप्रति कति आसक्त रहेछ भन्ने कुरा व्यक्त गरेको छ । परिवर्तनका लागि

समयचक्रसँग अनेक कठिनाइहरू आउँछन्-जान्छन् । दुःखद क्षणको अन्त्यपछि निःसन्देह सुखद क्षण आउँछ नै । वसन्त, वर्षा हुँदै शरद ऋतुसम्म आइपुग्दा कविमा शरद ऋतुको सुरम्य वातावरणको प्रभाव पर्न थाल्दछ जुन परिवर्तनका अनिवार्यतालाई कवि काव्यांशमा यसरी प्रस्तुत गर्छन् :

शरदको आगमनसँगै
आकाश उघ्रेको छ
र रजतप्रकाशमा
सुन्दर-सुन्दर देखिएको छ जगत्
समयको नयाँ आबोहवासँगै
भद्रगोलभित्र पनि
आफ्नै गति र आफ्नै तालमा
चलिरहेको छ जीवन ।
अघि बढिरहेको छ जीवन
र लटरम्म फलेको छन् बन्दी-वृक्षहरू
तिनका सम्पूर्ण फलहरूले
झुकेका छन् भोगटेका गर्भिणी शाखाहरू
बैंस चढे जस्तै
लाल-लाल भएर पाक्दै छन्
हाँगाभरि हलुवावेदका दानाहरू
हावामा उडेर मगमगाइरहेछ
पाकेका अम्बाहरूको मीठो सुवास
र, चुमुचुमु झैं लाग्ने देखिन्छ
निर्मल र स्निग्ध दीप्तिमान आकाश
जहाँ उडिरहेका छन्,
ढुकुर र मलेवाका जोडीहरू
र सेतो गुलाफ जस्तो
बादलका भुवादार फुर्काहरूसँगै

मेरो मन पनि फुरफुर नाचिरहेछ
मानौं म पहिलोपल्ट देख्दै छु
शरदको पूर्ण शोभा र सौन्दर्यलाई
मानौं म पहिलोपल्ट अनुभूत गर्दै छु
मृदु रसानुभूतिहरूको मधुमय मिठासलाई
यो विशिष्ट क्षणको नौलो र अनुपम अनुभूतिलाई
जो प्रायः दुर्लभ हुन्छ

(इच्छुक रचनावली, भाग-१: पृ. ४९/५०)

साँच्चै, वर्षा ऋतुको जलपातले जगत्को सारा धुलो, हिलो, मैलो बढारेर लैजान्छ । आकाश निर्मल नील रङमा उघ्रिन्छ । सूर्यको मधुर प्रकाशमा यो जगत् नै सुन्दर देखिन्छ । समयको नयाँ आबोहवासँगै निस्सासिँदो जेलभित्र पनि शरदकालीन अनुपम सौन्दर्य छिर्न बिर्सदैन । त्यस समय जेल परिसरमा भोगटे, हलुवावेद र अम्बाका फलहरूले लच्काएका हाँगा र फलबाट प्राप्त सुवासले वातावरण नै अति शोभायमान र सुगन्धमय बनेको देखिन्छ । निर्बाध रूपमा ढुकुर र मलेवाहरू खुल्ला आकाशको परिधि नापिरहे छन् । आकाशमा तैरेको बादल सेतो गुलाफ प्रतीत हुन्छ । प्रकृतिको सर्वाङ्गमा नौलो रूप छाएको छ । शरद ऋतुको शोभा र सौन्दर्य एकै साथ अनुपम रूपले उपस्थित हुँदा बन्दी कविको मन एक क्षण फुरूङ्ग भएर नाच्न थाल्छ । यसर्थमा सुन्दर शरद ऋतु मनलाई बहकाउने र सिर्जनाका बीज छर्ने साधनका रूपमा चित्रण गरेको पाइन्छ ।

**बन्दी र चन्द्रागिरि** शीर्षकबाट नै प्रकृति चित्रण र प्रकृतिसँग बन्दीको सहसम्बन्धलाई उनेर तयार पारिएको सुन्दर काव्यकृति हो यो भन्ने कुरा प्रष्ट हुन्छ । यसरी कविले प्रकृतिसँग ज्ञान, प्रकृतिसँग अभाव, प्रकृतिसँग पीडा र अनुभव, प्रकृतिसँग परिवर्तन एवम् सङ्घर्षको सहसम्बन्ध स्थापित गर्दै कहीँ मानवीकरण र कहीँ प्रकृतिलाई विभिन्न घटना र आन्दोलनको साक्षीका रूपमा प्रस्तुत गरिएको एक उत्कृष्ट काव्यकृति सिर्जना गरेको पाइन्छ ।

### ४.५.३. विकृति र विसङ्गतिप्रति घृणा र व्यङ्ग्य

कवि 'इच्छुक' **बन्दी र चन्द्रागिरि** काव्यमा चन्द्रागिरिसँग एकालाप गर्दै आफूले बाँचेको युगमा देखे-भोगेका विकृति र विसङ्गतिको निन्दा र त्यसप्रति व्यङ्ग्य प्रहार गर्दछन् । उनी आफू बाँचेको युग सफा, समतामूलक हुनु पर्नेमा सो हुन नसकेको बरू अन्याय, अत्याचार,

दुराचार, भ्रष्टाचार सर्वत्र व्याप्त तथा पदीय जिम्मेवारीको बर्खिलाब र गैरजिम्मेवारपूर्ण व्यवहारले देश अधोगतितिर धकेलिँदै गएकामा रोष व्यक्त गर्न पुगेका छन् । अतः कवि गैरजिम्मेवार शासकवर्ग, देशको एकात्मक निरङ्कुशता, विस्तारवाद र विश्व साम्राज्यवादको छायाँसम्म पनि देशमाथि परेको देख्न चाहँदैनन् । देशमा बढ्दै गएको सबै प्रकारको निरङ्कुशताप्रति एकै साथ घृणा, रोष र व्यङ्ग्य प्रहार गर्दै सकारात्मक परिवर्तनको अपेक्षाका साथ काव्यलाई सुन्दर रूप प्रदान गर्न पुगेका छन् ।

जसरी काँडाका बीच फूलको सौन्दर्य सुरक्षित हुन्छ, जसरी समुद्री ज्वारभाटाभित्र सङ्घर्षका तुफानहरूमा समाहित भइरहने सुन्दर-शान्त जीवनको रहस्य लुकेको हुन्छ, त्यसरी नै क्रान्तिका बखत हुने हत्या र हिंसाभित्र पनि जनताको चिरकालीन सुख र शान्ति लुकेको हुन्छ भन्ने गहन भाव रूपक अलङ्कारका माध्यमबाट कविले व्यक्त गर्दा विसङ्गतिका विद्रुपभित्र पनि सौन्दर्य खोज्नु कविको आशावादी महान् विचार भेटिन्छ । एउटा उदाहरण :

काँडाको अँगालोमा पनि
मुस्कुराइरहने फूलहरूभित्र
मैले जीवनको सौन्दर्य बिम्ब देखेँ
समुद्रको छातीमाथिबाट
उठिरहने अशान्त ज्वारभाटाहरूभित्र
मैले जीवनको यथार्थ प्रतिबिम्ब देखेँ ।
मैले चाहेँ सधैँ आँधी र हुरीमय जीवन
मैले चाहेँ सधैँ सार्थक र गरिमामय जीवन
मैले कुरूपताहरूबीच पनि सधैँ
जीवनको सुन्दरता खोजें
अर्थ खोज महत्व खोजे
र, सधैँ नीचता र दुष्टताहरूलाई
हरपल घृणाले पिच्च थुकें ।

(इच्छुक रचनावली, भाग-१ : पृ. ४)

नेपालीहरूले कठिनाइबीच हाँस्नु परेको, समुद्री ज्वारभाटाहरूभित्र जीवन-सङ्घर्षको यथार्थ देख्नु परेको र आँधी हुरीसँगै जीवनलाई सार्थक र गरिमामय बनाउनु परेको व्यङ्ग्यको

लागि कविले सुन्दर बिम्ब प्रस्तुत गरेका छन् । यसरी कविले आफू बाँचेको युगबोध गर्दै त्यसरी बाँच्नु पर्नाको कारण नीच र दुष्टहरूको कालो करतुत जिम्मेवार छ भनी तिनका नीचता र दुष्टताको उकुसमुकुसबाट निस्सारिएर नेपाली जनप्रति सहानुभूति र नीच र दुष्टप्रति निन्दा र बीभत्स भाव व्यक्त गर्न पुगेको पाइन्छ ।

राज्यको डाडु-पन्यु समातेर (ओगटेर) राज्य सञ्चालन गर्ने जिम्मेवारी लिएका नेताहरू सीमित सम्भ्रान्त परिवारका स्वार्थमा चुर्लुम्म डुबेर आनन्दपूर्वक दिन काटिरहेका छन् । तिनीहरू आफ्नो सत्ता टिकाउन चाहे देश बेच्नु परोस्, चाहे अस्मिता लुटाउन परोस्, किन्चित मान्दैनन् । देश बेचिएका बेला, देश लुटिएका बेला रोमका 'नीरो' झैं बेपर्वाह सत्तामा रमाइरमाइ बसिरहेका शासकप्रति लक्ष्यित गर्दै र स्वतन्त्रताको हाँक दिंदै कवि यसरी प्रस्तुत हुन्छन् :

मैले मेरो महान् राष्ट्रलाई मुटुमा राखेर
मनखुसी जिन्दावाद ! भन्न किन नपाउनू ?
मैले मेरो राष्ट्रका कुलङ्गारहरूका विरूद्ध
मुट्ठी उठाएर मुर्दावाद ! भन्न किन नपाउनू ?

(इच्छुक रचनावली, भाग-१ : पृ. ७)

कविले राष्ट्रप्रेममा चुर्लुम्म डुब्दै 'राष्ट्र बचाऊ' को अभियानमा आफूलाई समर्पण गरेको पाइन्छ । सिङ्गै राष्ट्र बेचेर नेपाल आमाका छातीमा कुल्चने नेताहरूलाई कुलाङ्गार, सिखण्डी र पाखण्डीको संज्ञा दिंदै घृणा अभिव्यक्त गर्न पुग्दछन् । कविलाई देश चलाउने/हाँक्ने जिम्मेवारी बोकेका राजनेताहरू व्यक्ति स्वार्थका दुर्गन्धमा चोपलिएर डम्पिङसाइटमा फ्याँक्न लायकको फोहरको डुङ्गुरझैं लाग्दछ । त्यस्तालाई निमिट्यान्न पार्न जनसागरले तिनीमाथि बुल्डोजर चलाउनु पर्ने ठान्दछन् । देशको छातीमा तीर चलाउने राष्ट्रघातीहरूलाई सखाप पार्नुपर्नेतिर लक्ष्यित गर्दै कविले क्रान्तिचेतको स्पष्ट धारणा एउटा स्वाभिमानी देशभक्तले जस्तै कविले पनि देश रक्षा निमित्त देखाउनु पर्ने सच्चा आत्मशक्ति यहाँ व्यक्त गरेका छन् ।

देश विकासका नाउँमा अँध्यारातिर पाइला बढाउनेहरू साँचो अर्थमा देशमा परिवर्तन गर्छौं भन्नेहरूलाई आँखामा पट्टी बाँधिदिन पुग्छन् । लुटको धनमा फुपूको श्राद्ध गर्ने मूर्खहरूतिर लक्ष्यित गर्दै त्यस्ताको दुष्प्रयासलाई निरर्थक रूपमा चित्रण गर्दै कवि यसरी व्यङ्ग्य प्रस्तुत गर्दछन् :

देशलाई सधैं कालरात्री बनाउन चाहनेहरू
मेरो आँखामा कालोपट्टी बाँधेर
के भोलिको स्वर्णिम प्रभात
जबरजस्ती छेक्न सक्छन् र ?
तर मूर्खहरूले मेरो आँखामा कालोपट्टी बाँधेर
मलाई केरकार गरिरहे
मेरा जब्बर आस्थालाई
मेरा सबल विश्वासहरूलाई
काँतर प्रश्नहरू सोधेर
मानौं पहरालाई कुहिनाले ठेलिरहे ।

(इच्छुक रचनावली, भाग १ः पृ. १०)

देशका प्रकृतिको मनोरम रूप सुन्दर छ तर देश हाँक्ने शासकहरू त्यो सुन्दरतामा अधिकता थप्ने होइन कि देशमा अँध्यारो कालरात्रि निम्त्याउन उद्यत छन् । जसरी कालरात्रिमा काल्पनिक देवीलाई खुसी तुल्याएर कुपरम्परा जोगाउन पशुबलि दिइन्छ, त्यसरी नै देशका अपराधी शासकहरू आफ्नो निरङ्कुश व्यवस्था जोगाउन व्यवस्थाको धज्जी उडाउनेहरूलाई बल प्रयोग गरी जबरजस्ती छेकथुन गर्न खोज्छन्, आँखामा कालोपट्टी बाँधिदिएर भोलिको स्वर्णिम सपना साँचेर अटल आस्था र विश्वासका साथ अघि लम्केका देशभक्तहरूको बलि चढाउन खोज्छन् । जनताले भोलिको स्वर्णिम प्रभात हेर्न नपाऊन् भन्ने दुष्चाहनाले भरिएकाहरूले जतिसुकै कामना गरे पनि त्यो भोलिको प्रभाती किरण प्राचीमा लाली छर्दै अवश्य उदाउँछ । देशघाती लुटेराहरू देशलाई सधैं अन्धकारमा राख्न र आफ्ना लुटलाई सुरक्षित बनाउन चाहन्छन् । क्रान्तिद्वारा ल्याउन चाहेको स्वर्णिम सुनौलो बिहानीलाई रोक्न क्रान्तिका बाहकहरूलाई यातना गृहमा अनेक तरिकाले हतास बनाउन चाहन्छन् तर कविका क्रान्तिप्रतिको आस्था विशाल चट्टान झैं अटल छ, उनीहरूका ती यातनाले अलिकति पनि डग्दैन । कविका यस भनाइले एक असल क्रान्तिकारीको बिम्ब प्रस्तुत गरको छ ।

भित्र-भित्रै देशलाई खोक्रो पार्न लागेकाहरू देखावटी रूपमा राष्ट्रप्रेमको नाटक मञ्चन गर्छन् । उनीहरू जनताका नजरबाट गिरिसकेपछि आफूलाई सिंगारपटार गरेर पनि राष्ट्रवादी नेताका रूपमा देखाउन कुनै कसुर बाँकी राख्दैनन् । मृतप्रायः कृत्रिम प्राण भरेर जिउँदाको

अभिनय गर्नेहरू भाडामा र्‍यालीहरू निकालेर आफूसँगै नचाउँछन् र आफ्ना पनि समर्थक छन् भनेर दुनियाँका आँखामा छारो हाल्ने दुष्प्रयत्न गर्छन् भन्दै निरङ्कुशताका मतियारप्रति व्यङ्ग्यभाव कवि यसरी प्रस्तुत गर्छन् :

समय-समयको कुरा हो
कुनै बेला अज्ञानको हात्ती छाम्ने
समयका अन्धाहरूको पनि जुलुस निस्किन्छ ।
इतिहासले प्रहसन गरेको बेला
विजेताको भेषमा लाखेजात्रा गर्ने
नटुवाहरूको पनि जुलस निस्किन्छ
समय-समयको कुरा हो
कुनै बेला खेतबारीमा ठिङ्ग उभ्याउने
बुख्याँचाहरूको पनि जुलुस निस्किन्छ ।

(इच्छुक रचनावली, भाग-१: पृ. २२)

समय निकै बलवान् छ । जसले समय चिनेर पछ्याउन सक्यो, ऊ विजयी हुन्छ । यो कुरा निरंकुश शासक र तिनका मतियारहरूलाई पनि थाहा छ । क्रान्तिकारी जनताहरूले त त्यसलाई बुझेकै छन् र त यहाँ जब-जब क्रान्तिकारीहरू विशाल जनसमुदायको नेतृत्व गर्दै परिवर्तनका लागि सडक, टोल र चोकहरूमा जम्मा हुन्छन्, गगनभेदी नारा लगाउन थाल्छन् तब-तब देश बेच्न उद्यत शासकवर्ग अत्तालिन पुग्छन् । आफूहरू समयभन्दा पछि पर्ने डरले जनतालाई गुमराहमा पार्न आफ्नो जुलुस निकाल्दछन् । जनताद्वारा तिरस्कृत राजसंस्थाले प्रत्यक्ष शासन सम्हालेर जनताका हाँसोको पात्र बनेर २०५६ सालमा गराएको चुनावी नौटङ्कीलाई कविले लाखेजात्राको उपमा दिँदै, चुनावमा सहभागी उमेद्वारहरूलाई नटुवाको संज्ञा दिई व्यङ्ग्य गरेका छन् । त्यसैगरी कवि त्यस्तालाई निर्जीव बुख्याँचाको बिम्ब दिन पनि पछि पर्दैनन् । परिवर्तनको तीब्र अभिलाषा सहित वेगवान् समयलाई नबुझ्नेहरूका जुलुसलाई भीड ठान्दै त्यस्ता पुतलाहरूले निष्ठा र आस्थासहित उर्लेका जनताका छालहरूलाई रोक्न नसक्ने जिकिर गर्दै त्यसबाट चित्त दुखाउनुको औचित्य नरहेको र तिनीसँग निष्ठा र आस्थाको जुलुस नभएको बरू भाडाका वा खेताला भीड जम्मा गरेको कुराले पुष्टि गर्छ भनेका छन् । शासकहरू आफ्ना करतूतलाई ढाकछोप गर्न दैनिक

भाडाका टट्टुहरू बटुल्छन् र आफ्ना फोस्रा कुराहरूमा चिल्लो घस्दै भाषणबाजी समेत गर्छन् । त्यो देखेर क्रान्तिकारीले आफ्ना अग्रगामी पाइलाहरूलाई नडगमगाई अगाडि बढाउनु पर्छ भन्ने क्रान्तिचेत कवितामा व्यक्त भएको छ ।

निरङ्कुशतामा शासक वर्गको नियत पनि खराब हुन्छ । उनीहरूको विवेक गलत मनसायबाट प्रेरित हुन्छ । नारीलाई शारीरिक सुन्दरतामा तौलिनु र सुन्दर भनिएका नारीलाई व्यापारिक दृष्टिले विज्ञापनमा प्रयोग गर्नु आधा आकाश ढाक्ने नारीहरूकै बेइज्जती हो । नेपालमा कथित सम्भ्रान्त वर्गका रङ्गमहलभित्र प्रत्येक वर्षजसो आयोजना हुने सुन्दरी प्रतियोगितालाई व्यङ्ग्यप्रहार गर्दै त्यसका विरूद्ध क्रान्तिकारी चेतनाका धनी कवि यसरी प्रस्तुत हुन्छन् :

यतिखेर रङ्गमहलभित्र
चलिरहेछ नारीका अङ्गहरूको
नग्न सौन्दर्य-प्रतियोगिता
र छानिरहेछन्
रूप र यौवनका व्यापारीहरूले
मिस युनिभर्स
र, मिस प्यासिफिक सुन्दरीहरू

(इच्छुक रचनावली, भाग-१: पृ. ३५-३६)

प्रत्येक वर्ष आयोजना हुँदै आएको सुन्दरी प्रतियोगिता यसवर्ष पनि आयोजना हुँदै गर्दा कविभावना देशका कुनकाप्चामा रोग, भोक र शोकले ग्रस्त नेपाली नारीहरूलाई सम्झेर आहत बन्न पुगेको छ । यहाँ नारीहरू रोग, भोक, शोक, अशिक्षा, अभावले पिल्सिरहेको बेला तिनका मुक्तिका लागि सङ्घर्ष गर्न छाडेर नगरभित्रका केही नारीहरूलाई तिनको रङ्गमहलभित्र अर्धनग्न अवस्थामा उभ्याएर रूप र यौवनका व्यापारीहरूले मोलमोलाइ गर्दै अनेक नाउँका सुन्दरीहरू छानिरहेका छन् । कविले सुन्दरी प्रतियोगितालाई नारीहरूको अङ्गको प्रदर्शन गरी रूप र यौवन व्यापारीहरूलाई पस्कने गरेको यथार्थतिर लक्ष्यित गरेका छन् ।

सम्भ्रान्तवर्गका रङ्गमहलभित्र नग्नताको प्रदर्शन गर्दै रहँदा बाहिर भोक, रोग, शोक, अभाव र अशिक्षाका पीडाले ग्रस्त नारीहरू विरोधमा उत्रनुले यो प्रतियोगिता सर्वमान्य

नभएको कुरा पुष्टि गर्दछ । सम्भ्रान्तहरूले नारीलाई आफ्नो व्यक्तिगत इच्छानुसार उठ्बस गराउँछन् । हाम्रा नारीहरू पनि तिनका इशारामा उठ्बस गर्दछन् । यसले क्लिन्टनले ह्वाइट हाउसमा पालेकी 'मोनिका'जस्तै नेपाली नारीहरू बन्न लागेका कुरातिर लक्ष्यित गर्दै नेपाली नारीहरू त्यस्ता कदापि हुन सक्तैनन र होइनन् पनि भनी नारी अस्मिताको बचाउतिर लाग्नु पर्ने कुरामाथि कविले जोड दिएका छन् । साँच्चै नारीहरू किनबेचका लागि शो-केसभित्र सजाएर राखिने बस्तु होइनन्, नारीहरू सचेत मन-मष्तिस्क भएका स्वाधीनताप्रेमी जिउँदा-जाग्दा रक्तकालीहरू हुन् ।

यसरी एकातिर नारीका रूप, चालढाल र लिवासको मूल्याङ्कन गर्न व्यस्त छन् रंगमहलका नारी यौवनका व्यापारीहरू भने अर्कातिर तिनै महलबाहिर भोक-प्यासमा तड्पिँदै अभावले आधा आँङ मात्र छोपेका नारीहरू त्यस्ता प्रतियोगिताको विरूद्ध उत्रेका छन् । पैसामा आधा आकाश ढाक्ने नारी वर्गलाई विभाजन गरी शोषण गर्ने नाङ्गो परिपाटी बसेको देखेर कवि तीव्र असन्तुष्टि व्यक्त गर्दै नारी-पुरुष समान हुन्, व्यापारका लागि राखिएका सजावटका सामान हैनन् । नारी देहलाई क्रय-विक्रय गर्न पाइँदैन भन्ने कविको विरोधी स्वर रहेको पाइन्छ ।

**बन्दी र चन्द्रागिरि** मार्फत् कविले देश र जनतालाई आँखामा छारो हाली देश लुट्न, देश बेच्न तम्सेका राष्ट्रघातीप्रति पिच्च थुक्दै देश र जनतालाई बर्बादीतिर डोऱ्याउने जो कोहीलाई नारी र नारी अस्मितालाई बस्तुका रूपमा भोगचलन गर्न खोज्ने धूर्तहरू एवम् देशनिर्माण गर्न उत्कट चाहनाले अभिप्रेरित भई अगाडि बढेका क्रान्तिकारीहरूका अटल आस्था र विश्वासलाई कुल्चन खोज्ने मूर्खहरूलाई अनेक प्रतीकका माध्यमबाट घृणा व्यक्त गरेको पाइन्छ ।

### ४.५.४. सहिदहरूप्रतिको सम्मानभाव

'इच्छुक' द्वारा रचित **बन्दी र चन्द्रागिरि** प्रकृतिमा सैयौं पत्रहरू मिलेर एउटा सुन्दर फूल फक्रेझैं विविध विम्ब, प्रतीक र अलङ्कार सहित आफ्नो शाश्वत रचना धर्मितालाई समेटेर एक उत्कृष्ट काव्यकृति सिर्जना भएको छ । यो नेपाली प्रगतिवादी साहित्य शृङ्खलामा सहिदको रगतले पोतिएको एक रातो फूलको रूपमा अमर रहिरहने छ । यस कृतिमा कविले

सहिदप्रति श्रद्धासुमनमात्र अर्पण गरेका छैनन् कि सहिदको सहादतबाट बलिदानीको उच्च पाठ सिक्नु पर्ने कुराप्रति पनि युवाहरूलाई सचेत गराउँदै देशमा व्याप्त शासकीय विसङ्गति, विकृतिविरूद्ध सहिदले झैं रगतको मूल्य चुकाउनु पछि पर्न नहुने कुरामा जोड दिएका छन् । एक इमान्दार देशभक्तले देशका आवश्यकतालाई बुझेर जनसमरमा प्राणाहुति गर्ने सहिदको श्रद्धा गर्न कदापि चुक्दैन भन्ने कुराको पुष्टि समेत काव्यकृति मार्फत कविले अभिव्यक्त गरेका छन् ।

कवि देशभरि, गाउँ र बस्तीभरि बेखबर मारिने आफ्ना प्रियजनको सम्झना गर्दै राष्ट्रिय संवेदनामा चुर्लुम्म डुबेर शोकलाई शक्तिमा बदल्ने गीत गाउँदा उनलाई बगरेहरूले छापा मारेर पक्रेको प्रसङ्ग उल्लेख गर्दै सहिदहरूप्रति यसरी श्रद्धाञ्जलि प्रकट गरेका छन् :

देशभरि
गाउँ र बस्तीभरि
बेखबर मारिने मेरा प्रियजनहरूको सम्झनामा
जब मैले मुट्ठी कसेर
श्रद्धाञ्जलिका फूल चढाएँ
वैरीहरूले मेरो आस्थाका वेदीहरूमा फलामे ताल्चा मारे ।

(इच्छुक रचनावली, भाग-१: पृ. ९)

सहिदहरूले आफ्नो प्राणको सहर्ष आहुति दिएर दुनियाँमा उज्यालो ल्याउँछन् । देशमाथि अन्याय र अत्याचारको ग्रहण लागेको बेला क्रान्तिकारीहरू मुक्ति युद्धमा होमिन्छन् र विजय प्राप्त नहुन्जेल मुक्ति वा मृत्युको कसम खाएर सङ्घर्षमा डटिरहन्छन् । तिनै सङ्घर्षशीलहरू नै कविका आफन्तजन हुन् । क्रान्तिकारीको आफन्त क्रान्तिकारी नै हुन्छ भन्ने वर्गीय धारणा कविले व्यक्त गरेका छन् । यतिबेला कवि मन सम्पूर्ण रूपमा राष्ट्रिय संवेदनामा चुर्लुम्म डुब्न पुग्दछ । शोकलाई शक्तिमा बदल्ने कसम खाँदै अघि बढेको कविको मनलाई समेत फलामे ताल्चा मार्न खोज्ने देखेर सम्पूर्ण सहपाठी क्रान्तिकारीहरूलाई पनि सजग रहन सङ्केत समेत गरेका छन् ।

सम्झनाका मानसपटलमा अनेक स्मृतिबिम्ब एक-एक गरेर उभिन पुग्छन् । देशव्यापी रूपमा मुक्तिको आन्दोलनको राँको दन्किरहेका बेला जुनसुकै समय मृत्युलाई जित्ने आँटका साथ लडेका वीर योद्धाहरूप्रति सम्झना गर्दै कवि भावना यसरी प्रस्तुत हुन्छ :

सम्झँदा-सम्झँदै

कुनै भयानक बनेको एकान्त शिविरमा

अथवा कुनै नीरव रातको गहन अन्धकारमा

उज्यालो जीवनको नक्सा कोर्दै

देशभित्रै लडिरहेका

मृत्युञ्जयी मुक्ति योद्धाहरूलाई सम्भिन्छु ।

(इच्छुक रचनावली, भाग-१: पृ. २४)

कवि आफ्ना अतीतका घटनाहरू स्मृतिको पटमा केलाउँदै गर्दा मृत्युमाथि विजय प्राप्त गर्ने जनमुक्तिका ती योद्धाहरूलाई सम्भिन पुग्छन् जो आफ्नै देशका नागरिकहरू, दिदीबहिनी, दाजुभाइहरूको एउटा सुन्दर भविष्य निर्माण गर्न लडिरहेका छन् । स्वदेशी सामन्तवाद र प्रतिक्रियावादका विरूद्ध जनयुद्ध सुरु भएपछि वनपाखा, पहरा, डाँडाकाँडामा आश्रय लिएर लडिरहेका वीर योद्धाहरू घनघोर वनका बीचमा निर्मित एकलासका शिविरमा बसेर सुनसान रातको घोर अन्धकारमा भोक, प्यास, निद्रा र विश्राम बिर्सेर जनता र देशको उज्ज्वल भविष्यको खाका कोर्न तल्लीन छन् । उनका अन्तर्दृष्टिमा त्यस्ता योद्धाहरूका सम्झनाले जेलभित्रै पनि आत्मबल थपिदिएको छ ।

जीवनको अर्थ बुझेर सार्थक मृत्युवरण गर्ने सहिदको बलिदानीप्रति उच्च सम्मानभाव व्यक्त गर्दै कवि यसरी प्रस्तुत हुन्छन् :

जीवन के हो ? मरण के हो ?

हाँसो के हो ? रोदन के हो ?

जीवन-समरमा उसले बुझ्न सिक्यो

वीरहरूले सुशोभित अमर पङ्क्तिमा

उसले आफ्नो नाम अमिट कुद्न सिक्यो

मृत्युदेखि डटिरहेर

पलपलमा मरिरहेका भीडमा

ऊ समर-विजयी भएर बाँच्न सिक्यो ।

(इच्छुक रचनावली, भाग-१: पृ. ४२)

उपर्युक्त काव्यांशमा यो छोटो जीवनको अर्थ बुझ्नेले मात्र सार्थक मृत्युवरण गर्न सक्दछ, सङ्घर्षमा उत्रेकाहरूले मात्र हाँसो र रोदनको अर्थ र भेद ठम्याउन सक्छन् । अनि जीवनमरण, हाँसो-रोदनको अर्थ बुझ्नेले मात्र जीवनलाई अमरपथमा डोऱ्याउन सक्छन्, आफ्नो नाम अमिट रूपमा लेख्न सक्छन् । त्यस्तो मान्छे अरू कोही नभएर शोषक, फटाहका विरूद्ध डटिरहने अदम्य साहसको प्रतिमूर्ति हुन्छ र पलपल मर्नेहरूका भीडमा मुक्तियोद्धाका रूपमा ससम्मान बाँच्न जानेको सहिद हुन्छ । सहिदले मात्र वीर पूर्खाले रचित यस भूमिको वीरयोद्धा भएर आफ्नै हातले रक्तिम गाथा रच्न समर्थ हुन्छ । उसले नै मातृभूमिको सही अर्थमा ऋण चुक्ता गर्न सकेको हुन्छ र आफूलाई मातृभूमिका निमित्त सप्रेम समर्पण गर्न सिकेको हुन्छ भन्दै कविले यहाँ सहिदको बलिदानीप्रति उच्च सम्मान प्रकट गरेको पाइन्छ ।

ती बाबुआमा पनि धन्य छन् जसले त्यस साहसी वीर योद्धालाई जन्म दिए जो देश र जनताका निम्ति सुन्दर जीवनको आहुति दिन सक्छ । सहिद त महान् श्रद्धाको पात्र छँदैछ, ती महान् आमाबुबाप्रति पनि कवि श्रद्धावान् छन् भन्ने कुरा यसरी व्यक्त हुन्छ :

उसँगै तिम्रा त्रिरत्न पुत्रहरू जम्मै जनसमरमा समर्पित गर्ने
उसकी महान् आमालाई
शहीदकी वीर माता भनेर
जनताबीच अभिनन्दन गर्नू तिमी

(इच्छुक रचनावली, भाग-१ः पृ. ४६)

सिन्धुलीकी ती महान् आमा जसले आफ्ना तीनै पुत्ररत्नहरूलाई जनयुद्धको मुक्तिमोर्चामा समर्पण गरिन् । आमाले प्रत्येक सन्तान जन्माउँदा भयानक प्रसव पीडा खेपेकी हुन्छिन् । त्यस्ता तीन-तीन वटा पीडाका अविष्मरणीय क्षणहरूलाई पनि चटक्क भुलेर देश र जनताका मुक्तिका खाँतिर जनयुद्धमा लड्न पठाउने आमा झन् कति महान् होलिन् । प्रत्येक देशबासीले ती आमाको महान् त्यागको सम्मान गर्नुपर्छ ।

आमाले खेपेको प्रसव पीडा, सन्तानलाई हुर्काउन र बढाउन व्यहोर्नु परेको दुःख, उनले सहेको झरीबादल, उनले बोकेको ऋण-धन सर्वस्वलाई सम्झँदा सहिदकी आमा ती सबै-सबै कुरालाई त्यागको बलिवेदीमा अर्पण गर्न सक्ने त्यागकी महान् प्रतिमूर्ति हुन् । त्यस्ती सिन्धुलीकी महान् आमा देशमा बिरलै पाइन्छन् जसले आफ्ना तीन छोरालाई गुमाउनु परे पनि आफ्नो काख रित्तो भए पनि हार मान्दिनन् । अतः उनलाई सारा स्वतन्त्र, स्वाधीन र मुक्त

जनताहरूका माझ राखेर अभिनन्दन गर्नू भन्ने विध्यर्थ भावले कवि सहिदप्रति जति सम्मान राख्छन् त्यो भन्दा उच्च सम्मान सहिदलाई जन्म दिने आमाप्रति हुनु पर्छ भन्ने कुरा अभिव्यक्त गर्दछन् ।

यसरी **बन्दी र चन्द्रागिरि** मा सहिदले देखाउने बाटो हामी लगायत भावी पुस्ताले पनि अँगाल्नु पर्ने र तिनको बलिदानीका फलस्वरूप हामीले स्वतन्त्रता, स्वाधीनता र खुल्ला आकाशमा स्वच्छन्द रूपमा विचरण गर्न पाएकाले तिनको श्रद्धा गर्न हामीले कहिल्यै भुल्नु हुन्न भन्दै सहिदको बलिदानीका शृङ्खलामा आफैँ आबद्ध हुन पनि पछि नपर्ने दृढ अभिव्यक्तिका साथमा सहिद परिवारप्रति उच्च सम्मानभाव समेत व्यक्त गरेर आफ्नो काव्यकृतिलाई सहिदको रगत लेपिएको रातो फुलको रूपमा प्रस्तुत गरेको पाइन्छ ।

### ४.५.५. भविष्यप्रति आशावादिता

इतिहासले वर्तमानलाई सुनौलो भविष्यको खोजी गर्न झकझकाइरहन्छ । अतः यी तीनै समयको मूल्य र महत्व एक अर्कावाट अलग गरेर हेर्न सकिँदैन । कवि 'इच्छुक' ले इतिहासको पाना पल्टाएर राष्ट्रिय र अन्तर्राष्ट्रिय घटना-परिघटनाहरूलाई त्यसै खोलतेका होइनन् । उनले इतिहासबाट धेरै कुरा सिकेर वर्तमानमा बाँचेकाहरूलाई भोलिको सुन्दर भविष्य निर्माणका बारेमा आफ्ना विचारहरू अभिव्यक्त गरेको पाइन्छ । हिजो इतिहासमा जसले आफ्नो अटल आस्था र विश्वास नडगमगाई पाइला चाल्यो, त्यसैले आजको धरातल निर्माण गरेको हो । आज हामीले त्यही बाटामा अविचलित भई अगाडि बढेमा भोलिको स्वर्णिम प्रभाती किरण धर्तीमा रक्तिम आभा फैलाउँदै उदाउने कुरामा कवि दृढ आशावादी देखिन्छन् । यस **बन्दी र चन्द्रागिरि** कृतिमा कविले भोलिको सुन्दर र सुखद भविष्यप्रति आफ्ना आशावादी स्वरहरूलाई स्पष्ट रूपमा मुखरित गरेको पाइन्छ ।

कवि कृतिको आदि भागदेखि नै हामीले भोगेको गतिशील वर्तमानका अनुभूति सँगाल्दै प्रेम, सङ्घर्ष, सन्देश र सुन्दर सपना समेटिएको तथा विपनाको यथार्थ अङ्कित सुन्दर कृति सिर्जनामा प्रण गर्दै यसरी प्रस्तुत हुन्छन् :

हामीले भोगेको गतिशील वर्तमानलाई
मैले लेख्ने छु
हामीले देखेको जीवनशील यथार्थलाई

मैले लेख्ने छु वर्तमान युगको
गहन र नवीन भाव अनुभूतिहरूलाई
त्यहाँ सच्चा जीवन हुने छ
त्यहाँ सच्चा स्पन्दन हुने छ

(इच्छुक रचनावली, भाग-१ः पृ. ३-४)

जब हामी सबै जीवनको अर्थ बुझेर गतिशील हुन्छौं, तब हामीले चाहेको दिन आउनुमा कुनै शङ्का हुँदैन । हामीले वर्तमानलाई प्रगतिशील नयाँ सोच तथा चिन्तन अँगालेर मालेमावादका मार्गलाई पछ्याउँदै हिँड्यौ भने हाम्रो मुक्ति अवश्यंभावी छ । हाम्रो मुक्तिसँगै हामीले उन्मुक्त ढुकढुकीयुक्त निरन्तर सङ्घर्षको जीवन पाउने छौं । हामीले देखेका सपनालाई विपनामा बदल्न सक्ने छौं भन्दै कवि भविष्यप्रति दृढ आशावादी देखिन्छन् ।

कविमन देश-देशान्तर घुमेका बेला विश्व इतिहास रचना गर्न क्रान्तिपथमा लम्केका योद्धाहरूका अदम्य क्रान्तिलाई झल्झली सम्झन पुग्दछन् । विश्वका विभिन्न देशमा मुक्तिका लागि लड्ने योद्धाहरूले हाँकेका क्रान्तिलाई संश्लेषण गर्दा विश्वमा व्याप्त विस्तारवाद र साम्राज्यवादको आतङ्क निस्तेज पारी सुन्दर साम्यवादी विश्व सिर्जना हुने कुराप्रति आशावादी हुँदै कवि प्रत्येक नेपालीलाई यसरी बुझाउने प्रयास गर्दछन् :

मानव जातिको साझा बस्ती हुने छ ।
त्यस बस्तीको प्रत्येक वस्तुमाथि
हाम्रो जतिकै तिम्रो पनि समान हक हुने छ ।
तिम्रो जतिकै हाम्रो पनि समान हिस्सा हुने छ ।

(इच्छुक रचनावली, भाग-१ः पृ. २७)

विस्तारवाद र साम्राज्यवादको कठपुतली बन्दै जब शासकवर्ग जनतालाई अधिकारबाट बञ्चित तुल्याउँछ तब ती जनताहरू विश्व साम्राज्यवाद र विस्तारवादको चंगुलबाट मुक्तिका लागि साम्राज्यवाद देश र जनताको स्वाधीनतालाई कुल्चेर अगाडि बढ्छ, त्यहाँ-त्यहाँ क्रान्तिवीरहरू रक्तवीज झैं जन्मन थाल्छन् र विश्व हल्लाउन थाल्छन् । विस्तारवादी, साम्राज्यवादी हैकममा कुनै देशको स्वाधीनता लुटिनु हुन्न । त्यो राष्ट्रभक्त जनतालाई कदापि सह्य हुन सक्दैन । जनताले आफूमाथि लादेको अन्यायपूर्ण नियमलाई ध्वस्त पारेर समग्र जनतालाई समान रूपमा अधिकार सम्पन्न तुल्याउँछन् । क्रान्तिकारी रक्तबीजहरू उठ्न

थालेपछि जस्तै विस्तारवादी र साम्राज्यवादीहरू पनि हार खान्छन् र सिङ्गो विश्व तिनै स्वाभिमानी, स्वाधीनता प्रेमी क्रान्तिकारी रक्तबीचहरूको हुन जान्छ । त्यहाँ कोही पनि गर्ने र गराउने तथा दिने र लिने हुने छैन । सबै समान हुनेछन् । जातीय, क्षेत्रीय, वर्गीय विभेदको पनि अन्त हुनेछ । कहींकतै सिमारेखा आवश्यक हुनेछैन । सिङ्गो-विश्व सिङ्गो देश हुनेछ । माटाको हक र हिस्सामा कसैलाई कुनै विभेद हुने-छैन । त्यो स्वर्णिम सुखको युग जसलाई क्रान्तिकारीहरू साम्यवादी युगका रूपमा चिन्ने छन् । त्यो युगमा “प्रत्येकका लागि सबै र सबैका लागि प्रत्येक र हरेकबाट उसका योग्यतानुसार र हरेकबाट उसलाई आवश्यकतानुसार (जर्ज थोम्सन : १०९)” भन्ने सार्वभौम नियम जीवन्त रूपमा लागू हुनेछ । यसरी विश्वक्रान्तिको गतिलाई गहन विश्लेषण गरी अन्त्यमा संश्लेषित रूपमा विश्वभर साम्यवादी युग आउने कुरामा कवि विश्वस्त भएको पाइन्छ । यहाँ कवि सुस्पष्ट अन्तर्राष्ट्रियतावादी देखिन्छन् ।

नेपाली माटामा हुर्केको १० वर्षे जनयुद्ध कालमा सिन्धुलीकी आमाले आफ्ना तीन वीर पुत्ररत्नहरूलाई वलिदानका लागि समर्पण गरिन् । उनी आफ्ना छोराहरूलाई देशका जल्लादहरूले मारेर आफ्नो काँख रित्तो पारिदिएकामा रूँदै बिलौना गरिरहेका सन्दर्भमा कविले सिन्धुलीकी आमालाई सहानुभूतिपूर्वक आफ्नो विश्वास यसरी प्रकट गरेका छन् :

ए सिन्धुलीकी महान् आमा !
तिमी अविचल र धैर्यशील
बनिदेऊ मात्र
एक्काइसौं शताब्दीको नयाँ शिशु
देशको नवीन भविष्य बोकेर
तिम्रै काँखमा लुटपुटिन आउँछ ।

(इच्छुक रचनावली, भाग १: पृ. ४८)

आमा महान् हुन्छिन् । उनी सन्तानलाई जन्म दिन्छिन्, हुर्काउँछिन्, बढाउँछिन् तर जब निरकुंश पामरहरूले मुक्तियुद्धमा लड्दै गरेका वीर सपूतहरूलाई निर्दयतापूर्वक मार्छन्, त्यतिबेला आमालाई असह्य प्रशव पीडा र तिनलाई लालनपालन गर्दा भोगेको दुःख एक-एक गरेर सम्झना हुन आउँछ । त्यतिखेर आमा विचलित हुन्छिन् । उनको धैर्यता टुट्छ । उनी रून्छिन्, कराउँछिन् र बिलौना गर्छिन् । सिन्धुलीकी आमालाई पनि जनसमरमा आफ्ना तीन पुत्ररत्न गुमाउँदा कम्ती पीडा भएन होला । उनी छोराहरूको वियोग पीडामा छट्पटाउँदै, रूँदै-कराउँदै हिडिन् । जनसमरमा आफन्त गुमाएकाहरू सबैको पीडा यस्तै नै हो । कविले

सिन्धुलीकी आमालाई एक प्रतिनिधि आमाका रूपमा उभ्याएका मात्र हुन् । यहाँ त्यस्तै कैयौं आमाहरू छन् जसले आफ्ना छोराछोरीलाई युद्धमा गुमाएका छन् । तर सिन्धुलीकी आमा महान् किन छन् भने उनले आफ्ना तीन-तीन जना पुत्ररत्न गुमाएर आफ्नो काँख रित्तो हुँदा पनि हार खाइनन् । सिन्धुलीकी आमा आफ्ना छोराहरू गुमाएर शोकले छट्पटाइरहेको बेला कवि उनलाई शोकलाई शक्तिमा बदल्दै अविचल र धैर्यशील बन्न आग्रह गर्छन् । कवि क्रान्तिवीरको वलिदानसँगै समग्र जनताको सुन्दर भविष्य देखि रहेका छन् । सिन्धुलीकी आमाका छोराहरूको मृत्यु हजारौं साधारण मानिसहरूको मृत्युभन्दा बोझिलो छ, उच्च छ । उनीहरू देश र जनताको मुक्तिका खातिर युद्धभूमिमा लड्दा-लड्दै मृत्युवरण गर्न पुगेका हुन् । क्रान्तिप्रतिको आस्था र निष्ठाले मुक्तिपथ निर्माण गर्दै हिँड्दा तिनीहरूले सहादत प्राप्त गरेका छन् । त्यसैले पनि सिन्धुलीकी आमाले शोकलाई शक्तिमा बदलेर मुठ्ठी कस्नुको विकल्प छैन, अविचलित र धैर्यशील बन्नुको विकल्प छैन । उनको काख रित्तो भएर के भो छोराहरूले निर्माण गर्दै गरेको मार्ग भएर थुप्रै योद्धाहरू देशको मुहार फेर्न लम्किरहेछन् । अब त्यो दिन आउन धेरै टाँढा छैन । छिट्टै देशको नयाँ भविष्य साथमा लिएर एक नवजात क्रान्तिपुत्र ती आमाका खाली काँखमा लुट्पुटिन आउनेछ भन्दै निकट भविष्यमा बन्ने सुन्दर जनवादी गणतान्त्रिक नेपालप्रति लक्ष्यित उच्च अभिलाषा अभिव्यक्त गरेको पाइन्छ ।

यसरी **बन्दी र चन्द्रागिरि**मा आफू बाँचेको युगमा विस्तारवाद र साम्राज्यवादको कठपुतली बनेर देशमा निरंकुश शासकहरू उदण्डता मच्चाइरहेका छन् । तिनले जनताको अधिकार खोसेर जनतालाई दुःख, रोग, भोक, शोक एवम् अभावमा बाँच्न विवश गराइरहेका छन् । यस यथार्थलाई बुझेर सम्पूर्ण क्रान्तिवीरहरू मार्क्सवाद र माओविचारधाराका दर्शनबाट दीक्षित भएर मुक्तिका सङ्घर्षमा उत्रेमा छिट्टै नवीन युगको उदय हुनेछ । सङ्घर्षमा ज-जसले आफन्त गुमाए, तिनले एक्काइसौं शताब्दीको नयाँ युग रूपी नयाँ शिशु देशको नवीन भविष्य बोकेर आमाको रित्तो काँखमा लुट्पुटिन आउने आशासमेत व्यक्त गरेका छन् । त्यति मात्र होइन, विश्वमा सुन्दर साम्यवादको स्थापना हुने कुरामा समेत कवि आशावादी देखिनाले बन्दी र चन्द्रागिरिमा भविष्यप्रतिको आशावादितासँगै क्रान्तिचेत पनि प्रखर रूपमा देखापरेको छ ।

### ४.५.६. वैचारिक निष्ठा र क्रान्तिचेत

'इच्छुक' कृत् **बन्दी र चन्द्रागिरि**मा कवि वर्गीय दृष्टिले उन्मुक्ति र शोषणबाट छुटकारा पाउने उपाय प्राप्तिमा दृढ भएर लडिरहने निष्ठाका धरोहर बनेको पाइन्छ । उनले मालेमावादी

विचार र दर्शनप्रतिको आस्था र निष्ठालाई यस कृतिमा सजीव रूपमा उतारेको पाइन्छ । कविले विश्व साम्राज्यवादी, विस्तारवादी र घरेलु सामन्तवादी उत्पीडन र दमनका विरूद्ध स्वतन्त्रता र जनवादको पक्षधरतालाई स्पष्ट रूपमा अभिव्यक्त गरेको पाइन्छ । **बन्दी र चन्द्रागिरि**मा विद्रोही स्वर, वर्गीय आन्दोलनको अपरिहार्यता, निरंकुश व्यवस्था तथा यथास्थितिवादको विरोध जस्ता प्रवृत्तिहरूले स्वच्छन्द रूपमा फुल्ने मौका पाएकाले पराधीनता, बन्धन र यन्त्रणाका असह्य पीडाबाट मुक्ति पाउन जनवादी क्रान्तिलाई सशक्त रूपमा अगाडि बढाउन जनताहरूमा क्रान्तिचेतको विजारोपण गर्न समेत सफल भएको पाइन्छ ।

देशमा जस्तोसुकै व्यवस्था आएपनि नेपाली जनताले कहिल्यै व्यवस्था परिवर्तनको अनुभूति गर्न पाएनन् । शासकवर्गले विभिन्न छद्मभेषमा जनताका अधिकार र स्वतन्त्रतामाथि खेलवाड गरिरहे । जनताहरू रोग, भोक र शोकको पीडा लिएर बाँच्नु पर्दा निरङ्कुश कालरात्रीका विरूद्धमा आफूभित्रको अटल क्रान्तिचेतलाई कवि यसरी प्रकट गर्न पुग्दछन् :

मेरो आँखामा कालोपट्टी बाँधेर
यो मौसम कतिदिन अँध्यारो बनिरहन सक्छ ?
मेरो आँखामा कालोपट्टी बाँधेर
हुट्टिट्याउँले आकाश थाम्न खोजे जस्तै
कतिबेर यो युगको अँध्यारो थामिन सक्छ ?
म आज यो कालो प्रहरका विरूद्ध
दावानल भएर बलिरहेको छु ।

(इच्छुक रचनावली, भाग १: पृ. ११)

उपर्युक्त काव्यांशमा हिजोका दिनदेखि देशमा व्याप्त अन्याय र शोषण आज पनि निरन्तर छ । हिजोदेखिको आजसम्म कविले काला काग र नागरूपी निरंकुशहरूले निम्त्याएको कालो र विषाक्त यामका विरूद्ध आफ्नो निष्ठालाई जिउँदो रूपमा उतारेका छन् । वर्गबैरीको सन्त्रासको सामान गर्न दृढ आत्मबल सहित सिङ्गै पर्वत बनेर ठिङ्ग उभिरहेका छन् । यसबाट कवि आफ्नो वैचारिक आस्थाप्रति प्रतिबद्ध, निष्ठावान् स्रष्टाका रूपमा पाइन्छन् । उनका आँखामा कालोपाटी बाँधिदिदैमा युगको अँध्यारो स्थायी हुन सक्तैन । शासकहरूको आफ्नो अत्याचारी शासनको अन्धकार कायम गर्ने प्रयत्न त्यो हुट्टिट्याउँको आकाश थाम्ने प्रयासझैं निरर्थक हुनेछ भन्दै कवि युगको क्रूर र निस्सासिँदो निरङ्कुशतालाई खरानी पार्ने दावानल

बनेर सल्किरहने प्रण गर्दछन् । यसर्थमा **बन्दी र चन्द्रागिरि**मा कविभावना क्रान्तिको आगो बनेर आएको छ जसले हिजोदेखिको कालोतन्त्रको अन्त्य गरी उज्यालो दिनको उदय गराउने कुरामा विश्वस्त बनाएको छ ।

कविमनमा कसरी विद्रोही भावना जन्म्यो, कसरी सङ्घर्षका भावना जन्मे भन्ने प्रसङ्गमा तेस्रो प्रकरणमा कवि यसरी प्रस्तुत हुन्छन् :

जब म यस धर्तीमा जन्मिएँ
र विस्मयले आँखाहरू खोलेँ
मैले धर्तीभरि केवल भोकहरू देखे
त्यो भोकको अनुभूतिले
मैले रुन सिकेँ

(इच्छुक रचनावली, भाग-१: पृ. १५/१६)

उपर्युक्त काव्यांशमा अनादिकालदेखि नै देशमा भोक र अभावहरू व्याप्त भएको कुरा कविले जन्मिने बित्तिकै अनुभूत गर्नुबाट प्रष्ट हुन्छ । साँचो अर्थमा वर्गीय उत्पीडनबाट मुक्ति पाउनका लागि विद्रोह तथा सङ्घर्षप्रतिका अनिवार्यतालाई पुष्टि गर्दै अभावबाटै विद्रोह जन्मिन्छ भनी सहज रूपका क्रान्तिचेतको सञ्चार कविले **बन्दी र चन्द्रगिरि** मार्फत् सफल रूपमा गरेको पाइन्छ ।

कवि 'अटल छ मेरो आस्थाको सगरमाथा' शीर्षकको प्रकरणमा आफूभित्र रहेको वैचारिक आस्थाका सम्बन्धमा यसरी प्रस्तुत भएका छन् :

कहिलेकाहीँ आस्थाको उज्यालो चन्द्रसूर्यलाई
अविश्वासको कालो ग्रहणले अचानक ढाके पनि
मेरो निष्ठा
अमोघ किल्लाझैं सुदृढ छ ।

(इच्छुक रचनावली, भाग १:पृ. २०)

कविलाई हिरासतमा लिएर दुष्मनहरूले जतिसुकै पीडा दिए पनि उनले पार्टीका रणनैतिक योजनाको पोल खोल्न र आफूले जीवन सङ्घर्षमा रोजेको बाटो कहिल्यै त्यागेनन् । उनको क्रान्तिप्रतिको अटल आस्था र विश्वास सगरमाथा र कञ्चनजङ्घाझैं अडिग रहिरह्यो ।

अतः जतिसुकै पीडामा डुबाए पनि कविको निष्ठा किल्लाभैं सुदृढ छ भनेर कवि चन्द्रगिरिलाई विश्वस्त तुल्याउछन् ।

शान्ति, स्वाभिमान र स्वराज्यका लागि दशकौंदेखि निरन्तर सङ्घर्षरत कुर्दिश जातिहरूको इराकी सत्ताका विरूद्धका युद्धमा अन्तर्राष्ट्रिय भाइचारा सम्बन्ध देखाउँदै कवि उनका समर्थनमा भन्छन् :

कुर्दिश बधुहरू !
अधुरो स्वाधीनताको भ्रममा
हिजो नेल्सन मण्डेलाहरूले
आज विश्राम लिए पनि
अधुरो मुक्तिको भ्रममा
हिजोका यासेर आराफातहरूले
आज यात्रा बिसाए पनि
सच्चा स्वाधीनताको सङ्घर्ष
हिजो जस्तै आज पनि
अविच्छिन्न जारी छ ।
सच्चा मुक्तिको यात्रा
हिजो जस्तै आज पनि
अविराम जारी छ ।

(इच्छुक रचनावली, भाग १: पृ. २७)

राष्ट्रिय स्वतन्त्रता, स्वाधीनता र स्वाभिमानका निम्ति सङ्घर्ष गर्ने कुर्दिश क्रान्तिकारीहरू र प्यालेस्टाइनीहरू होऊन् वा नेल्सन मण्डेलाहरूले आरम्भ गरेको युद्धलाई बिचैमा अलपत्र पारी सम्झौतामा स्वाधीनता स्वीकार गरेझैं आजका युद्धलाई पनि असफल पारेर छोड्नु हुँदैन । त्यो जस्तो क्रान्तिप्रतिको गद्दारी अरू केही हुनै सक्तैन । अझैं पूर्णमुक्ति प्राप्त भइनसकेकोले हिजोकै जोस जाँगरका साथ अगाडि बढेर मुक्तियात्रालाई अविराम जारी राख्न कविले संसारभरका मुक्तियोद्धाहरूलाई हौसला प्रदान गरेको पाइन्छ ।

युगीन शोषण र उत्पीडनको जाँतालाई सदाका निम्ति निमिट्यान्न पार्न लामबद्ध नेपाली नारीहरूको दृष्टान्त दिँदै देशका सम्पूर्ण मुक्तिकामी जनतालाई जनसमरमा अविराम रूपमा लाग्न प्रेरणा दिने क्रममा कविभावना यसरी प्रस्तुत हुन्छ :

युगीन शोषण र उत्पीडनको जाँतोलाई
सदाका निम्ति मिल्काउने भनेर
युगिन पीडा र वेदनाका शूलहरूलाई
सदाका निम्ति निमिट्यान्न पार्न भनेर
वर्ग वैरीहरूसित हुङ्कार गर्दै
वीरगति प्राप्त गर्ने लालपरीहरू जस्तै
जुनाहरू जस्तै /आशाहरू जस्तै
महिलामुक्तिको महान् अभियानमा
आफ्नो अस्मिताको महङ्गो मूल्य चुकाएर
राता झण्डाको सुरक्षा गर्ने
मनाश्लुकका चेलीहरू जस्तै

(इच्छुक रचनावली, भाग १: पृ. ३५)

देशका सामन्तहरूले गरिब, महिला, उत्पीडन र उपेक्षितहरूलाई दुःख दिइरहेका छन् । दिनदहाडै नारी-अस्मिता लुटिएको छ । नारीलाई बस्तुका रूपमा उपभोग गर्ने त्यस्ता वर्ग वैरीहरूका विरूद्ध नारी शक्ति हुङ्कार गर्दै अगाडि बढिरहेको छ । रातो क्रान्तिको झण्डा फरफराउँदै मनाश्लु र काञ्जिरोवाका चेलीहरू अविचल निष्ठाका साथ पलपल छुरीको धारमा टेकेर युग निर्माणको कष्टसाध्य पथमा अविराम टुटिरहेका छन् । यसरी नारीहरूको अदम्य साहस र समर्पणबाट यस युगका सम्पूर्ण जनतामा कविले क्रान्तिचेतको सञ्चार गराउने प्रयास गरेको पाइन्छ । युद्धमोर्चामा सम्लग्न लडाकु कुनै पनि बेला दुष्मनको तातो गोली खाएर ढल्न सक्छ । आफ्नै आँखा अगाडि सहयोद्धा ढल्दा तिनको मृत्युलाई हेरेर अदम्य साहस बटुल्ने भाव व्यक्त गर्दै कवि यसरी प्रस्तुत हुन्छन् :

"बिदा कमरेड" भन्न पनि नपाई
एकाएक मोर्चामा ढल्न सक्छन्
र, पनि निर्विकार भावले
अविचल अगाडि बढिरहनुपर्ने
सङ्कटमय घडीहरू आइरहन सक्छन्
त्यसैले, यो घडी

प्रियजनहरूको यादमा
फगत, आँसु बगाइरहने घडी होइन
आँसुलाई आगो र
सुस्केरालाई बारूदको धुवाँमा बदलने घडी हो

(इच्छुक रचनावली, भाग १: पृ. ४३)

युद्धकाल समय, साहस र सङ्कटको त्रिवेणी हो । जिते रातो माला पहिरिने र मरे रातो झण्डा ओड्ने कसम खाएर लालयोद्धाहरू युद्धमा होमिएका हुन्छन् । ती सबैका मनमा उत्सर्गको भावना हुन्छ । अतः दुष्मनको गोली लागि युद्धभूमिका आँखा सामुन्ने सहयोद्धा ढल्दा विचलित हुनु हुँदैन, तिनको मृत्युका शोकमा डुबेर अलमलिनुको कुनै अर्थ छैन । त्यतिबेला त शोकलाई शक्तिमा बदलेर रणसङ्ग्राममा दुष्मनलाई खरानी बनाउनु पर्छ । यही नै क्रान्तिवीरको दृढ सङ्कल्प हुनुपर्छ भन्ने क्रान्तिचेतपूर्ण अभिव्यक्ति दिएको पाइन्छ ।

काव्यांशको अन्तिम प्रकरणको अन्तिम श्लोकमा कविले हाम्रो सङ्कल्प र सङ्घर्षको यात्रा जारी रहनेछ भन्दै क्रान्तिचेतनालाई जीवन्त रूपमा यसरी प्रस्तुत गरेको पाइन्छ :

साँचो अर्थमा जबसम्म
जीवन जीवन बन्न सक्ने छैन
र, साँचो अर्थमा जबसम्म
आजको यो कुरूप धर्ती
मानवजातीको सुन्दर बस्तीमा बद्लिन सक्ने छैन
तबसम्म जारी रहनेछ
सुन्दर संसार निर्माण गर्ने हाम्रो सङ्कल्पको यात्रा
तबसम्म जारी रहनेछ
साझा संसार निर्माण गर्ने हाम्रो सङ्घर्षको यात्रा

(इच्छुक रचनावली, भाग १: पृ. ५६)

कवि उक्त उद्धरणमा सुन्दर साम्यवादी संसारको स्थापनाको आशा व्यक्त गर्दै हाम्रो सङ्कल्प र सङ्घर्षको यात्रा जारी रहने कुरा अभिव्यक्त गरेको पाइन्छ । यो एकाइसौं शताब्दी मुक्तिको महान् शताब्दी हुनेछ र तेस्रो सहस्राब्दी हाम्रो विजयको महान् सहस्राब्दी हुनेछ भन्दै

भविष्यप्रतिको आशावादसँगै सभ्य सुन्दर संसार निर्माणमा क्रान्तिको अनिवार्यतालाई जनता समक्ष सुसूचित गर्ने भगीरथ प्रयत्न गरेको पाइन्छ ।

यसरी 'इच्छुक' कृत **बन्दी र चन्द्रागिरि**मा कविले ९ ओटै प्रकरणहरूमा काव्यको मूल प्रकृत्तिका रूपमा क्रान्तिचेतना प्रस्तुत गरेको पाइन्छ । सुन्दर साम्यवादी संसारको निर्माणमा विश्व साम्राज्यवादी, विस्तारवादी र घरेलु निरङ्कुशताको अन्त्यका लागि क्रान्तिको अपरिहार्यतालाई जोड दिँदै प्रत्येक मुक्तिकामी जनतामा **बन्दी र चन्द्रागिरि** काव्यकृति क्रान्तिचेतनाका सञ्चार गर्न सफल रहेको पाइन्छ ।

### ४.५.७. बिम्ब-प्रतीक र अलङ्कार योजना

मार्क्सवादी सौन्दर्य चिन्तनका दृष्टिले नेपालको उन्नत चेतना प्रतिक्रियावादी नेतृत्वको पक्षपोषक बनेर समाजमा रहेको छ । यसै सन्दर्भ आलोचनात्मक र क्रान्तिकारी स्वच्छन्दचेतमा पनि अलमलिन पुगेको छ । कलागत मूल्यका दृष्टिले सामन्त चरित्रको सहयोगी भासबाट बाहिर आउन नसकेको सौन्दर्य चिन्तनलाई अग्रगामी निकास दिन साहित्यमा यथार्थवादी कलाचेतना विस्तारित रूपमा लागू हुनुपर्छ भन्ने विचार मार्क्सवादी चिन्तकहरूको प्रतिबद्धतामा निर्भर गर्दछ । सारबस्तु र रूपगत सौन्दर्यमा संयोजन ल्याउनु पर्ने दिशामा प्रयत्नरत रहनु यथार्थवादी कलाचिन्तकको धर्म हुन्छ । प्रतिगामी सौन्दर्य र अग्रगामी सौन्दर्यका अन्तर्विरोधबाट कलालाई मुक्त राखी अग्रगामी सौन्दर्यका पक्षमा उपस्थापन गर्न सक्नु मार्क्सवादी सौन्दर्यचेतनाको प्राप्ति हो । प्रगतिवादी नेपाली साहित्यमा रूप र अन्तर्वस्तु बिचका अर्न्तविरोधहरू प्रशस्त बाँकी छन् । चैतन्य (२८)का अनुसार काव्य र शिल्पमा अर्थात् सार र सौन्दर्यमा सन्तुलन ल्याउन नसक्ने स्रष्टा र समीक्षकहरू संशोधनका भासमा अर्थात् आलोचनात्मक यथार्थका सिमाभित्रै रूमलिन पुगेका छन् र त यथार्थका सतहमै रूपगत वैशिष्ट्यमा मात्र अलमलिन पुगेका लेखकहरूले यथास्थिति वा प्रतिगमनको भ्रामक सौन्दर्यलाई भेदन गर्न नसक्दा आइलाग्ने खतराहरू आजको मार्क्सवादी साहित्यले बेहोरि रहन परेको पाइन्छ ।

"लेखकलाई विचारको संवाहक साधन र मानव अस्मिता, स्वतन्त्रता, उन्मुक्तिका पक्षलाई साध्य मान्नु पर्ने दृष्टिकोण नै मार्क्सवादी दृष्टिकोण हो । सांस्कृतिक र आर्थिक अधिकारका उपभोग सर्वसुलभ र सहज एवम् ग्राह्य बनाउनु पनि यही दृष्टिकोण हो । यस बिन्दुसम्म पुग्ने यात्रा तय गर्ने साधनामा रूपमा अवलम्बन गरिने साधन हो - साहित्य (

चैतन्य-३०) ।" वर्गीय समाजका सबै बस्तु सहज र सर्व गाह्य एवम् आकर्षक बनाउन सके मात्र यसका प्रतिध्रुबका पाठक समेत समावेश हुन सक्दछन् । यस किसिमका सशक्त विचार र कलाचेतका धनी स्रष्टाका रूपमा उपस्थापन गर्न सकिने स्रष्टा 'इच्छुक'को यस काव्यकृति **बन्दी र चन्द्रागिरि**को सन्दर्भमा कलाचेतसँगै अन्तर्बस्तु बिम्ब, प्रतीक र अलङ्कारको संयोजनको व्याख्या गर्न सकिने स्थितिलाई यहाँ विश्लेषणको आधार विषय बनाइएको छ ।

कविका अन्तर्मनलाई बाहिरको मुक्त वातावरण जस्तो छ, त्यस्तै बुझेर त्यसलाई आत्मसात गरी सहभागी बनिदिने सदस्यका रूपमा उपस्थित चन्द्रगिरि कुरूपताको बिम्ब निषेध गर्न सक्ने सहयोद्धाहरूको संश्लेषित बिम्ब बनेको छ । बसन्तसँगै आउने हुरी र वर्षाजस्तै नवसिर्जनापूर्व आविर्भाव हुने युद्धको झञ्झावात प्रिय लाग्ने कुरा कविताका शब्दमार्फत् प्रकट भएको पाइन्छ । चन्द्रगिरिलाई सजीवीकरण र मानवीकरण गर्दै अटल आस्था र विश्वासको प्रतीकका रूपमा प्रयोग गरिएको पाइन्छ ।

परतन्त्रता र यथास्थिति संरक्षणको बन्दी गृहमा कुण्ठित कविको भौतिक शरीरले खुल्ला आकाशमुनि ठाडो शिर पारेर उभिएको चन्द्रागिरिको सानो सम्बोधनका पदावलिमा अभिव्यक्त कलामा जीवनको सिर्जनात्मक रागात्मकता कायम भएको पाइन्छ र आत्मीयता तथा एकाकी मित्रतामा निहित हुन्छ । फूलमा सौन्दर्य भने जस्तै कोमल पदावलिको संयोजनबाट सन्तुलित कोमल प्रतिबिम्बित बनेको देखाइएको छ । कविले काव्यमा मान्छेलाई परेवाको र अस्वतन्त्रतालाई गञ्जकको बिम्ब बनाएर यातनागृहका कठोरतालाई चित्रण गरेको अवस्थामा तपस्वीको बिम्ब उपस्थित भएको कुरालाई प्रस्तुत काव्यांशले व्यक्त गर्दछ :

आफू बाँचेको कूरूप संसार बदल्न
निर्भय अगाडि बढ्नेहरूको प्रशंसामा
मैले मंगल धुन किन बजाएँ ?
त्यसैले त म दण्डित भएँ ?
र त्यो गञ्जकस्तो बन्द खोरमा कोचिएँ ।

(इच्छुक रचनावली, भाग १: पृ. १०)

त्यसै गरी अन्ध धृतराष्ट्र अथवा आँखामा पट्टी बाँधेकी गान्धारी बनिरहेको राष्ट्रिय अस्मिताका समीपमा चन्द्रागिरि सञ्जयको बिम्ब बनेर काव्यमा प्रकट भएको

पाइन्छ । त्यस्तो क्रूर स्थितिलाई पनि यसरी कोमल कला प्रदान गर्न सिपालु देखिएका छन् कवि:

वरिपरि काला कागहरूले घरी
यो कालो यामका विरूद्ध
वरिपरि काला नागहरूले फुङ्कार छेडिरहेको
यो विषालु यामका विरूद्ध
म सिङ्गै पर्वत भएर ठिङ्ग उभिरहेको छु ।

(इच्छुक रचनावली, भाग १: पृ. ११)

उपर्युक्त काव्यांशमा विपरीत निम्त्याउने अपशकुनको सूचक मिथकीय बिम्बका रूपमा यहाँ कागहरू र नागहरू उपयुक्त ढङ्गले प्रयोग भएका छन् । त्यसैगरी शासकलाई कडा विषधारी नागका बिम्बमा प्रस्तुत गरिएको पाइन्छ । दमनरूपी विष धारण गर्ने शासकले तयार गरेका कालो मौसमसँग प्रतिकार गर्न निर्भीक भएर उभिएको छ कविको आत्मशक्ति ।

वर्वर दमन, हत्या र शोषणको एक-एक हिसाब राख्न सहनशील नेपाल आमालाई यसरी भन्छन् कवि:

तिमी हिसाब राख्नू
तिम्रो काखमा बगेको थोपा-थोपा रगतहरूको
तिमी हिसाब राख्नू
क्रूरता र नृशंसताहरूको

(इच्छुक रचनावली, भाग १: पृ. ३६/३७)

यहाँ देश मातृत्वको बिम्ब हो र तिनका गाउँबस्ती, कुनाकन्दराहरू नै काख हुन् । अनि ती गाउँबस्तीहरूमा घटिरहेका नृशंस हत्या-हिंसाहरूलाई लक्षित गरेर कविले देशका सपूतहरूले यावत विवरण राखेर जब क्रान्तिको विजय हुन्छ त्यतिबेला प्रतिशोध लिने आशावादिता व्यक्त गरेका छन् ।

एकातिर सहयोद्धाका सहादतमा दु:खका आँसु बगिरहेका छन् भने अर्कातिर कुकुरको जस्तो नभएर वीरतापूर्ण मृत्युवरण गरेकामा खुशी अनुभव गर्छ कविको मन । कायरहरू कुकुरको जस्तो तिरस्कृत मृत्यु प्राप्त गर्छन् भने वीरहरू गौरवपूर्ण मृत्युवरण गर्छन् । एकातिर सहयोद्धा गुमाउनुको पीडा र अर्कोतिर स्वाभिमानपूर्ण सहादत, यी दुई परस्पर विरोधी भावका

बीचमा कवि दिवा र रात्रिका बीचको संध्याजस्तो अवस्थामा परेको महसुस गर्दै यसरी व्यक्त गर्छन्:

गौरवको शिर पारेर
शोकले आँसु झारिरहेछु
म उसको महान् वीरगतिमा
खुशीले छाती चौडा पारेर
सम्वेदनाले भक्कानो छाडिरहेछु
न घाम उदाउन थालेको सुन्दर बिहानी जस्तो
न घाम अस्ताउन थालेको सन्ध्या गगन जस्तो
यो कुन प्रहरको कस्तो अनुभूति हो, चन्द्रगिरि !

(इच्छुक रचनावली, भाग १: पृ. ४१)

त्यसैगरी देशका कुनाकाप्चासम्म पनि सिन्धुली बनेर सन्तानप्रति उत्कट माया गर्दै प्रवाहित हुने मातृत्वको वेग प्रस्तुत भएको छ । आमाका पीडित हृदयलाई कलात्मक रूप प्रदर्शन गर्न प्रयत्न गरेका छन् कविले :

कति महान् र विशाल छ तिम्रो
धीर, गम्भीर मातृत्वको सागर
त्यै सागरको अथाह जलराशि जस्तै
शान्त र अथाह भइरहनू तिमी ।

(इच्छुक रचनावली, भाग १: पृ. ४७)

यहाँ आमाको छाती विशालताको बिम्ब बनेर आएको छ । आमाको छातीलाई धीरता र गम्भीरताको जलधिको रूपमा चित्रण गरिएको पाइन्छ । चन्द्मगिरि र सिन्धुलीकी आमा अनि आमा र चन्द्रगिरिको अन्योन्याश्रित अर्थ र रूप प्रस्तुत गर्ने प्रयत्न भएको पाइन्छ । यसका अतिरिक्त कविले कहिले नेल्सन मण्डेलाहरू र यासेर आफन्तहरू जस्ता योद्धाहरूको बिम्ब प्रस्तुत गर्छन् भने कहिले देश र जनताको शिरोच्छेदन गर्ने तानाशाह शासकहरूको बगरे चरित्रको बिम्बात्मक चित्रण गर्न पुग्दछन् ।

अनेकोटलाई सजीवीकरण र मानवीकरण गर्दै सिङ्गो प्रकृतिलाई कवि सजीव बिम्बका रूपमा यसरी प्रस्तुत गर्दछन्:

प्रिय चन्द्रगिरि !

कुनै भयानक दुःस्वप्न जस्तो

घरि-घरि आँखाभरि

भयावह चित्र बनेर

बाचिरहन्छ अनेकोट

मलाई पुकारिरहन्छ अनेकोट

(इच्छुक रचनावली, भाग १ः पृ. ३८)

क्रूर शासकहरूले जनताका असल छोराछोरी चेतना ब्युँझाउन समर्पित भएर लागेका जनकलाकारहरूको एकै चिहान गरेर सिध्याउने कायरतापूर्ण कार्यको भर्त्सना र ती सहिदहरूको सम्झना स्वरूप काव्यमा अनेकोट बिम्ब बनेर आएको छ । अनेकोटको सम्झना हुनासाथ संसदवादी शासकहरूका भरौटे सिपाहीहरूले नुहाउन लागेका ९ जना होनहार जनकलाकारको निर्मम हत्या गरेको दृश्य झल्झली आँखामा नाच्न आउने कुरा व्यक्त गरेका छन् । यहाँ अनेकोट त्यही हत्याको बिम्ब बनेको छ ।

'इच्छुक'ले **बन्दी र चन्द्रागिरि**लाई अधिक रूपमा रूपक र उपमा अलङ्कारले यसरी काव्यलाई सिंगारेको पाइन्छः

मैले त चाहिरहेछु फगत

सधैं देशले दुर्गतिको कालो केशमाथि - रूपक अलङ्कार

समृद्धिको शिरफूल लाएर  - रूपक अलङ्कार

सयपत्रीझैं मुस्कुराइरहेको देख्न - उपमा अलङ्कार

(इच्छुक रचनावली, भाग १ः पृ. २१)

असारको रसिलो बादल जस्तै- उपमा अलङ्कार

आकाशको धुरीमाथि चढेर

हावासँग देश देशान्तर घुमिरहन्छ

(ऐजन, पृ. २३)

दुबै युद्ध क्षेत्रहरूको मरणमा

एउटा लड्छ र त्यसको मृत्यु

भुसुनाको प्वाँख जस्तै हलुङ्गो हुन्छ-उपमा अलङ्कार

(ऐजन, पृ. २४)

विपत्तिका भारले

बेहाल वर्तमान देखेर

रौरब नर्कको अनूभूति हुन्छ-रूपक अलङ्कार

(ऐजन, पृ. २९)

रजहाँसका सुन्दर वथान जस्तै-उपमा अलङ्ककार

उडान भर्दै छन् आस्थाको सुनौलो घामतिर-रूपक अलङ्कार

(ऐजन, पृ. ३०)

मेरो आकुल मनलाई त्यसै बेला

सूर्यमुखी फूललाई घामको किरणले जस्तै -(उपमा अलङ्कार)

तिम्रा स्नेहपूर्ण स्पर्शहरूले चुम्न थादछन्

(ऐजन, पृ. ३१)

म पनि तिमीसँगै

सहभागी बनिरहेछु झैं लाग्छ

एक पछि अनेक स्मृतिका

असङ्ख्य केस्राहरू पल्टिदै जान्छन् -रूपक अलङ्कार

भयानक काल रात्रिका बीच पनि

कसरी रजत प्रकाश छरिरहेछ जीवन (रूपक अलङ्कार)

घरीघरी आँखा भरी

संचेतनाहरूको सरोवर भरेर (रूपक अलङ्कार)

नाचिरहेछ अनेकोट -मानवीकरण

(ऐजन, पृ. ४०)

म रूँदारूँदै  किन हाँसिरहेछु

म हाँस्दाहाँस्दै किन रोईरहेछु-दिपक अलङ्कार

(ऐजन पृ. ४१)

हाम्रो कल्पवृक्ष उम्रने यो उर्वर माटोमा

वृषवृक्षहरू उम्रिरहेको देखेर -दिपक अलङ्कार

(ऐजन, पृ. ५२)

तर गेस्टापोको ग्याँसच्याम्वर जस्तो– उपमा अलङ्कार

यस सन्त्रासमय समयमा जसले -रूपक अलङ्कार

गद्दारी होइन मृत्यू रोजेका छन् ।

(ऐजन, पृ. ५४)

यसरी 'इच्छुक' कृत **बन्दी र चन्द्रागिरि**मा यथेष्ट बिम्ब प्रतीक र सहज रूपमा रूपक ,उपमा ,दीपक , लगायत स्वभावोक्ति ,अतिशयोक्ति ,दृष्टान्त आदि अलङ्कारहरूको सुन्दर योजना पाइनुले काव्य कलात्मक हन पुगेको छ ।

### ४.५.८. अन्तर्राष्ट्रवाद

'इच्छुक' कृत **बन्दी र चन्द्रागिरि**को पाँचौ प्रकरणको विशालता नै अन्तर्राष्ट्रवाद हो । विश्वमा घटित न्यायपूर्ण आन्दोलन र वर्ग सङ्घर्षको सटिक चित्रण गरेर कविले विश्व साम्राज्यवाद र विस्तारवादको उत्पीडन समग्र संसारमा व्याप्त भएको कुरा उल्लेख गरेको पाइन्छ । विश्वका न्यायप्रेमी जनताहरू आफू र आफ्नाका माथि भएको अन्याय र उत्पीडनबाट मुक्ति पाउन सहर्ष मुक्तियुद्धमा उत्रेको कुरा समेत उल्लेख गरेको पाइन्छ । यसरी विश्वका अलग-अलग देशका तानाशाहहरूसँग भएको सङ्घर्षहरूको संश्लेषित रूपबाट विश्व सबैको साझा घर र विश्वका सबै जनता बन्धुवान्धव हुनेछन् भन्दै सशक्त क्रान्तिचेत प्रस्तुत गरि विश्व साम्यवादप्रति आशावादिता समेत प्रकट गर्न पुगेका छन् ।

विश्वका क्रान्तिकारी एवम् मुक्तिगामी नेताहरू कसरी दुस्मनका शिकार हुन्छन् भन्ने क्रममा कवि यसरी प्रस्तुत हुन्छन् :

भर्खर-भर्खर
नैरोबीबाट गिरफ्तार भएर
टर्कीको एकान्त वासमा
बन्दी बनाइएका अब्दुल्ला ओजलान जस्तै
देशी-विदेशी दुस्मनहरूका
कुटिल षडयन्त्रको शिकार भएर
विवश छु
र, बेचैन छु
ए हेवाल्रेव !
कायरहरूले हतार-हतार

कुर्दिश योद्धाहरूको हत्याको
कायरतापूर्ण फैसलाहरू गरे पनि
तिम्रा सपनाहरूको हत्या गर्न सक्ने छैनन् ।

(इच्छुक रचनावली, भाग १: पृ. २५/२६)

उपर्युक्त काव्यांशमा कविमन देश-देशान्तर घुम्ने क्रममा टर्कीमा व्याप्त अन्याय र त्यसको मूलकारण विश्वसाम्राज्यवाद भएकोले विश्वका उत्पीडित जनताका लागि लड्दै गर्दा नैरोवीबाट गिरफ्तार परेका अब्दुल्लाको प्रसंग उठाएको पाइन्छ । विश्वसाम्राज्यवादले विश्वभरि नै आफ्नो जालो फैलाएको छ । यसले विश्वका क्रान्तिकारीहरूलाई आतङ्ककारीका सूचीमा बद्ध गरेको छ । त्यसैको शिकार बनेका अब्दुल्लाझैं कविले पनि आफ्ना विवशतालाई प्रस्तुत गरेको पाइन्छ । जनतालाई स्वतन्त्र रूपमा श्वास फेर्न पाउने, लेख्न बोल्न पाउने अधिकार दिलाउन लड्ने क्रान्तियोद्धाहरूबाट निरंकुश शासकहरू सधैं त्रसित हुन्छन् र उनीहरू हरेक क्रान्तिकारी योद्धाहरूलाई फाँसी दिन्छन् । कुर्दिश योद्धाहरूको नियतिले पनि यस कुरालाई पुष्टि गर्छ । तर ती षडयन्त्रपूर्वक गरिएको हत्याले क्रान्तिवीरहरू विचलित हुनु नपर्ने कुरामाथि जोड दिँदै क्रान्तिकारीहरूको नवीन विश्वनिर्माण गर्ने सपना एक व्यक्ति स्वार्थ नभई विश्वका उत्पीडित जनताहरूको स्वर्णिम सपना हो जुन सपना दुनियाँको कुनै तागतले पनि छिन्न सक्तैन भनी कविले क्रान्तिकारीहरूको अदम्य साहस र शक्तिको राम्रोसँग पहिचान गर्न पुगेको पाइन्छ ।

## ४.६. निष्कर्ष

**शोकाञ्जलि** शोककाव्य आयामगत रूपमा लघुकाव्य र यो कृष्ण सेन 'इच्छुक' को पहिलो पुस्तकाकार कृति समेत हो । काव्यमा शोकमूलक सन्दर्भलाई फगत करुणा, बिरह र बिलौनाका रूपमा मात्रै प्रस्तुत नगरी शोकसम्बन्धी द्वन्द्वात्मक भौतिकवादी अवधारणाअनुरूप शोकको उदात्तीकरण र सहिदको महिमा गान समेत प्रस्तुत गरिएको पाइन्छ । **शोकाञ्जलि** काव्यमार्फत् जीवनसापेक्ष एवम् समाजसापेक्ष रूपमा आफ्ना अभिन्न मित्रप्रति शोकोद्गार व्यक्त भएको छ । भावुक कवि 'इच्छुक' को सहिद मित्रमणि आचार्यप्रति अधिक अनुराग र श्रद्धाभावका कारण अधिक रूपमा शोकधारा बहेको देखिन्छ । काव्यको पहिलो खण्ड/सर्गमा एकोहोरो शोकोद्गार व्यक्त भए पनि दोस्रो र तेस्रो खण्ड/सर्गमा शोकभाव सन्तुलित र परिपक्व हुँदै काव्यमा क्रान्तिचेत र उदात्त विचारले स्थान पाएका छन् । काव्य शोकभावको उच्चतम् अभिव्यक्तिसँगै समाजबोध र वर्गबोध पनि तीब्र गतिमा अभिव्यक्त छ । कवि-पात्र जस्तै प्रकृति पनि शोकविह्वल भएको उदाहरण प्रस्तुत गरेर प्रकृतिको मानवीकरण तथा उदात्तीकरण यसमा गरिएको छ । 'इच्छुक' को पहिलो काव्यकृति भएर पनि सचेततापूर्वक

काव्यात्मक मूल्यको सन्तुलित विन्यास भएको यो **शोकाञ्जलि** नेपाली शोककाव्य परम्परामा उत्कृष्ट र भिन्न कलात्मक निधि बन्न पुगेको पाइन्छ ।

कृष्ण सेन 'इच्छुक' कृत **बन्दी र चन्द्रागिरि** दस वर्षे जनयुद्ध कालमा उनी भद्रगोल जेलमा थुनिएको बेला लेखिएको तथा प्रगतिशील अध्ययन केन्द्र, काठमाडौंद्वारा २०५७ सालमा प्रकाशित तथा इच्छुक सांस्कृतिक प्रतिष्ठानद्वारा **इच्छुक रचनावली भाग - १** (२०५६) मा सङ्ग्रहीत एक उत्कृष्ट काव्यकृति हो । विभिन्न लेखक, समीक्षक, सौन्दर्य चिन्तक लगायत नेपाली कम्युनिष्ट आन्दोलनका विभिन्न राजनेताहरूका समीक्षामा **बन्दी र चन्द्रागिरि** मार्क्सवादप्रति प्रतिबद्ध र निष्ठावान् चरित्रका साथ खरो रूपमा उत्रेका कविको आस्था र निष्ठाको कलात्मक स्मारक बन्न पुगेको उल्लिखित छ ।

यो काव्यकृति न्यूनतम १ देखि ७ सम्म र अधिकतम २ देखि ९ सम्मका न्यूनतम १ सय ४२ देखि अधिकमतम २ सय ५१ पङ्क्तिहरूमा आबद्ध ९ ओटा प्रकरणमा संरचित छ ।

यस कृतिलाई एक विशिष्ट प्रगतिशील काव्यकृतिका रूपमा ग्रहण गर्न सकिने आधारहरूको खोजी गर्दा राष्ट्रिय चिन्तन, प्रकृति चित्रण र प्रकृतिसँगको सहसम्बन्ध, देशमा व्याप्त शासकीय विकृति, विसङ्गति र तिनप्रति घृणा र व्यङ्ग्य, सहिद जो पूर्ण प्रजातान्त्रिक नयाँ नेपालको निर्माणमा प्राणोत्सर्ग गर्न तयार छन्, तिनप्रति उच्च सम्मान भाव, उज्यालो भविष्यप्रति पूर्ण आशावादिता, विचारनिष्ठ क्रान्तिचेतजस्ता महत्वपूर्ण प्रवृत्तिहरू एकाकार रूपमा देखापरेको छ । यसका साथै यस काव्यकृतिमा प्रशस्त मात्रामा बिम्ब, प्रतीक र अलङ्कारहरूको स्वाभाविक र विशिष्ट योजना पाइन्छ । राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेशलाई समेत समाविष्ट गरेर रचित 'बन्दी र चन्द्रागिरि' काव्य निकै ओजपूर्ण हुनाका अतिरिक्त बिना कुनै शङ्का र हिच्किचाहट मालेमावाद र प्रचण्डपथका क्रान्तिकारी दिशालाई आत्मसात गरेकोले पनि यो कृति क्रान्तिचेतले परिपूर्ण बनेको छ ।

# पाँचौं-परिच्छेद

## 'इच्छुक'का कविता सङ्ग्रहमा सङ्कलित फुटकर कविताहरूको विश्लेषण

### ५.१. विषयप्रवेश

वि.सं. २०३२ सालदेखि औपचारिक रूपमा कविता लेखन आरम्भ गरेका कृष्ण सेन 'इच्छुक' प्रगतिवादी कवि हुन् । उनका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर कविताहरूको सङ्ग्रह **इतिहासको यस घडीमा** २०५६ सालमा प्रकाशन भएको छ । उनको मृत्युपश्चात् इच्छुक सांस्कृतिक प्रतिष्ठानले २०६५ सालमा **इतिहासको यस घडीमा** कविता सङ्ग्रह समेतलाई समेटी अन्य फुटकर कविताहरूका सङ्ग्रह **बन्दी आवाज** र **आरम्भिक कवितालाई** **इच्छुक रचनावली भाग-२** (२०६५) मा प्रकाशन गरेको छ । यस परिच्छेदमा **इच्छुक रचनावली भाग-२** मा प्रकाशित **इतिहासको यस घडीमा**, **बन्दी आवाज** र **आरम्भिक कविता** कविता सङ्ग्रहको परिचय र यी सङ्ग्रहभित्र सङ्गृहीत प्रतिनिधिमूलक फुटकर कविताहरूको विश्लेषण गरिएको छ ।

### ५.२. कविता विश्लेषणको आधार

**इच्छुक रचनावली भाग-२** (२०६५) मा सङ्गृहीत **इतिहासको यस घडीमा, बन्दी आवाज** र **आरम्भिक कविता** कविता सङ्ग्रहमा सङ्गृहीत फुटकर कविताहरूलाई मार्क्सवादी सौन्दर्य शास्त्र/चिन्तन, प्रगतिवादी कलामूल्य, प्रचण्डपथीय सौन्दर्य चिन्तनका अतिरिक्त भाषाशैलीगत सधनता, विषयबस्तुगत गहनता, आयामगत विविधता, बिम्ब-प्रतीक, अलङ्कारका साथै कवि बाँचेको युग, देशको राजनीतिक, सामाजिक अवस्था आदिका आधारमा विश्लेषण गरिएको छ ।

### ५.३. 'इतिहासको यस घडीमा' कविता सङ्ग्रहको परिचय र सङ्गृहीत कविताहरूको विश्लेषण

**इतिहासको यस घडीमा** शीर्षकको यो कविता सङ्ग्रह 'इच्छुक'का प्रकाशित पुस्तकाकार कृतिहरूमध्ये दोस्रो र कविता सङ्ग्रहमध्ये प्रथम प्रकाशित कृति हो । २०५६ सालमा प्रकाशित यस सङ्ग्रहमा २०३८ सालदेखि २०५५ सालसम्म विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित ३१ वटा कविताहरू सङ्गृहीत छन् । यसलाई प्रगतिवादी कविता सङ्ग्रहहरूको महत्वपूर्ण दस्तावेजका

रूपमा लिइन्छ । यसभित्रका कविताहरू नेपाली जनजीवनका वास्तविकतासँग सम्बन्धित छन् । प्रगतिवादी कविताहरूलाई व्यवस्थित रूपमा अध्ययन गर्न चाहनेहरूका लागि यो महत्वपूर्ण कृति बनेको छ । यसभित्र सङ्कलित बहुसङ्ख्यक कविताहरू १० वर्षे जनयुद्धका क्रममा भएका घटनालाई केन्द्रविन्दु बनाएर लेखिएका छन् । जसमध्ये 'दार्बोटको जङ्गलमा', 'सेतु जैसीको घर', 'तिम्रो युद्ध र बन्दुकहरूका विरूद्ध', 'पुर्खे सुनारकी आमा', 'सलाम जेलबाङ', 'बन्दी छोराको पत्र', 'प्रतिबन्ध' आदि महत्वपूर्ण छन् (पोखरेल, २०६४:१०२) । यस सङ्ग्रहभित्र सङ्कलित 'तिमी र तिम्रो पसिना', 'काठमाडौं, मेरो देशको राजधानी' र 'इतिहासको यस घडीमा' बाहेक अन्य सबै कविताहरू वि.सं. २०३८ सालदेखि २०५५ सालसम्म विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका छन् । यी कविताहरूले तात्कालिक समयको विविध परिवेश, विषयवस्तु र अनुभूति झल्काएका छन् । यो सङ्ग्रह प्रकाशनका समयमा कवि 'इच्छुक' भद्रगोल जेलमा बन्दी जीवन बिताइरहेका थिए । प्रस्तुत कविता सङ्ग्रहले श्रम र सौन्दर्यका पक्षमा वर्गीय चिन्तन र वैचारिक उत्कर्ष पहिल्याउने कोसिस गरेको छ ।

समाजका शोषक र सामन्तवर्गले निमुखा, गरिब, निहत्था सोझा जनतामाथि गरेको अन्याय, अत्याचार र शोषणका विरूद्धमा यस सङ्ग्रहभित्रका कविताहरूले क्रान्तिकारी स्वर बुलन्द गरेका छन् जसले गर्दा क्रान्तिकारी परिवर्तन भएको देख्न नचाहने प्रतिगामी राज्यसत्ता सदैव उनका विरूद्धमा उभिएको देखिन्छ । पञ्चायती निरङ्कुश शासनसत्ता प्रजातन्त्र पुनःस्थापना भएपछि पनि जनआकाङ्क्षा विपरीत चल्ने भ्रष्ट सरकार र २०५२ मा जनयुद्धको थालनीपछि योद्धाको पराक्रम, वीरता र सरकारी दमनको विरोध जस्ता तीनै चरणका फरक-फरक विषय बोकेका कविता यस सङ्ग्रहमा छन् । यस सङ्ग्रहभित्रका कविताहरूले जनयुद्ध, राष्ट्रियता, विश्वबन्धुत्व, नारीशोषण, बालबालिका, कमैया, लाहुरे, दलित, शोषितवर्गका पीडाका मर्म आदिका पक्षमा क्रान्तिकारी आवाज उद्घाटन गरेका छन् । यस सङ्ग्रहभित्र आएका समग्र कवितामा भावगत हिसाबले प्रगतिवादी विचारको ओजपूर्ण प्रस्तुति छ । "क्रान्ति र विद्रोहलाई कविताको मूल उद्देश्य बनाउँदै आमूल परिवर्तनको मूलमन्त्र कविताका अन्तर्लयमा बद्ध छ । जनयुद्धका कथा-व्यथा, क्रान्तिकारी विश्वआशावादी स्वर, वर्गसङ्घर्ष, सर्वहारा अन्तर्राष्ट्रियवाद, साम्राज्यवादी र विस्तारवादी नीतिविरोधी स्वर, श्रममाथि अगाध श्रद्धा, महिला हिंसा र उत्पीडनको विरोध, ग्रामीण सामाजिक परिवेशको प्रस्तुति वा नेपाली

समाजको स्थितिबोध आदि विषयलाई यस सङ्ग्रहभित्रका कविताले प्रस्तुत गरेका छन् (त्रिपाठी २०६५:९९-११२) ।" **इतिहासको यस घडीमा** भित्र निम्न कविताहरू रहेका छन्:

१) 'त्यो प्यारो-प्यारो गाउँको नाम थवाङ हो', (२)'आइती', (३) 'प्रिय कमरेड', (४) 'यो घाम पनि रापिएर तातो-तातो छ आज', (५) 'लाहुरे', (६) 'प्यालेस्टिनी मित्रहरूका नाममा', (७) 'तिमी र तिम्रा पसिना', (८) 'जनताको ढाल या बैरीको अचानो',(९) 'बेन्जमिन मोलाइसको सम्झनामा', (१०) 'झुल्के घामका राता किरणहरू', (११) 'कविसँग',(१२) 'काठमाडौं, मेरो देशको राजधानी', (१३) 'कान्छी, भट्टी र देश', (१४) 'इतिहासको यस घडीमा', (१५) 'जेल', (१६) 'भाउजू', (१७) 'बन्दी सुगा र उन्मुक्तिको चाहना', (१८) 'बहिनीको सम्झनामा', (१९) 'हात लाग्यो शून्य', (२०) 'बर्मभिझया', (२१) 'दार्बोटको जङ्गलमा', (२२) 'घोमपाल', (२३) 'सेतु जैसीको घर', (२४) 'तिम्रा युद्ध र बन्दुकका विरूद्ध', (२५) 'पुर्खे सुनारकी आमा', (२६)'यक्ष-प्रश्न', (२७) 'सलाम जेलबाङ', (२८) 'गोचाली', (२९) 'सिम्ठारो धान', (३०) 'बन्दी छोराको पत्र' र (३१) 'प्रतिबन्ध' ।

उल्लिखित सम्पूर्ण कविताहरू एकै आयामका नभई लघु, मध्यम र दीर्घ आयाममा संरचित छन् । १ देखि ११ शब्दसम्मका २ पङ्क्तिदेखि १२ पङ्क्तिसम्मको आयाममा क्रान्तिचेतसहित विविध विषयवस्तुका कविता यस सङ्ग्रहमा समेटिएका छन् । "'इच्छुक'को **इतिहासको यस घडीमा** अध्ययन गरिसकेपछि प्रगतिवादी नेपाली कविता जनताको वर्गयुद्धबाट उर्जा लिएर वर्गयुद्धलाई उर्जा प्रदान गर्न सक्दछ भनी गर्वका साथ भन्न सक्छौं (बराल २०६५:२०७) ।" उनका सम्पूर्ण कविताहरू गद्यलयमा लेखिएका छन् । आदि, मध्य र अन्त्यानुप्रासको पूर्ण तथा आंशिक प्रयोगले कवितामा सुमधुर अन्तर्लय उत्पन्न गराएको छ । बिम्ब, प्रतीक र अलङ्कार तथा शिल्पगत आयामका आधारमा पनि कविताहरू उत्कृष्ट बनेका छन् । धेरैजसो कविताले व्यञ्जनाको भाव बोकेका छन् । प्रथम पुरुष म र हामी, द्वितीय पुरुष तिमी सर्वनामको दृष्टिबिन्दुमा कविले आफ्ना भावना अभिव्यक्त गरेको पाइन्छ । ग्रामीण र सहरिया जनजीवनका विविध परिवेशमा कविताहरू मध्येबाट विषयवस्तुगत गहनता, आयामगत विविधता, बिम्ब-प्रतीक अलङ्कार तथा भाषाशैलीगत प्रयोगका आधारमा प्रतिनिधिमूलक रूपमा निम्न लिखित पाँचवटा कविताको छनोट गरी विश्लेषण गरिएको छ :

### ५.३.१. 'त्यो प्यारो-प्यारो पहाडी गाउँको नाम थवाङ हो' कविताको विश्लेषण

प्रस्तुत कविता **इतिहासको यस घडीमा** कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमध्ये पहिलो क्रममा रहेको छ । एकदलीय पञ्चायती निरङ्कुश सरकारले अपराधी र उग्रवादी केन्द्रका रूपमा लिएको रोल्पाको थवाङ् गाउँको वर्णनमा कविता रचिएको हुनाले कविताको मुख्य विषयवस्तु र शीर्षकका बीच तादात्म्य देखिई शीर्षक सार्थक बन्न पुगेको छ । तात्कालिक निरङ्कुश पञ्चायती सरकारले उग्रवादी र अपराधी केन्द्र घोषणा गरेको थवाङ् गाउँलाई कविले सङ्घर्ष र वर्गीय चेतनाको केन्द्रका रूपमा चिनाएका छन् । कविले थवाङ्लाई उत्तरी सिमापारि चिनियाँ क्रान्तिको ऐतिहासिक चिङ्काङ्सान पहाडजस्तै गौरवको हाँसो हाँसिरहेको प्यारो बस्तीका रूपमा चिनाएका छन् । यही थवाङ्बाट आस्थाको दृढता व्यक्त गरेका 'इच्छुक'ले यस गाउँलाई कवितामा वर्गसङ्घर्षको केन्द्रका रूपमा वर्णन गरेको पाइन्छ । महान् आस्थाको व्यावहारिक र जुझारू/सशक्त गाउँको वर्गसङ्घर्षलाई कवितामा कविले यसरी प्रस्तुत गरेका छन्:

थवाङ्ग जो आज पनि
उत्तरतिर टल्कने निर्मल स्फटिक हिमालजस्तै
मीठो मुस्कान मुस्कुराइरहेछ
थवाङ्ग, जो आज पनि
त्यही हिमालपल्तिर ऐतिहासिक चिङ्काङ्सान पहाडजस्तै
गौरवको हाँसो हाँसिरहेछ ।

(इच्छुक रचनावली, भाग २: पृ. २०)

यस कवितामा 'म' पात्र वक्ता, प्रेषक तथा सम्बोधकका रूपमा आएको छ भने त्यसकै केन्द्रीयतामा साथी, थवाङ्ग गाउँका बासिन्दा, मानिस, बैरी, पापी, मानिस, दुष्ट, सैनिक, जनता, क्रान्तिदूत सहिद आदि पात्रहरू उपस्थित भएका छन् । 'म' पात्र क्रान्तिकारी, परिवर्तनकामी तथा अटल आस्था र विश्वास बोकेको महान् योद्धाका रूपमा आएको छ । ऊ गतिशील, अनुकूल तथा प्रतिनिधि पात्रका रूपमा पनि देखा परेको छ । तात्कालिक निरङ्कुश र एकदलीय पञ्चायती सरकारको अन्याय, अत्याचार, दमन, शोषण र वर्गविभेदका विरूद्धमा उत्रिएका थवाङ्ग गाउँका बासिन्दा, क्रान्तिको मसाल बालेर उठेका गरिब जनता, दुःख-कष्ट र अनेक सास्ती सहेर गुजारा चलाइरहेको थवाङ्ग गाउँको आक्रोशपूर्ण तथा दुःखद परिवेशको

चित्रण यस कवितामा गरिएको छ । यसैगरी निष्पट्ट अँध्यारो रातमा सुनसान र शान्त वातावरणमा रहेको त्यस गाउँमा सङ्गीनधारी सैनिकद्वारा एघार दिन एघार रात चौतर्फी घेराबन्दी गरिएको र निहत्था जनताका घर उजाड पारिएको ग्रामीण परिवेशको कारूणिक चित्रण यस कवितामा गरिएको पाइन्छ । यति भएर पनि ती दुष्मन, दुराचारी, अत्याचारी सङ्गीनका विरूद्ध धवलागिरि र जलजलाका बीच निडर भएर अडिग रूपमा गौरव र विजयको हाँसो हाँसिरहेको थवाङ्को जीवन्त, उल्लास र उत्साहपूर्ण परिवेशको चित्रण कवितामा गरिएको छ ।

न्यूनतम ३ देखि अधिकतम ११ शब्दसम्मका १५, १६, १२, १६ र १७ का पङ्तिक्रममा रहेका ६ अनुच्छेदका जम्मा ८८ पङ्तिमा संरचित यस कवितामा तृतीय पुरुष दृष्टिबिन्दुको आधिक्य रहेको पाइन्छ । यस कवितामा सरल, सहज र स्वाभाविक भाषाको प्रयोग गरिएको छ । यस कवितामा आदि, मध्य र अन्त्यमा पूर्ण तथा आंशिक अनुप्रास योजनाको राम्रो संयोजन भेटिन्छ । 'चिङ्काङसान पहाडजस्तै' र 'उत्तरतिर ढल्कने निर्मल स्फटिक हिमालजस्तै', भन्ने अभिव्यक्तिमा उपमा अलङ्कार जस्तै ठाउँठाउँमा रूपक अलङ्कार प्रयोग भएको देखिन्छ । साथै उपर्युक्त अभिव्यक्तिमा मानवीकृत बिम्बको पनि निर्माण भएको छ । यसबाहेक स्वभावोक्ति, दृष्टान्त, अतिशयोक्ति आदि अर्थालङ्कारहरू पनि कवितामा प्रयोग भएका छन् । लयात्मक मुक्त छन्दको प्रयोग भएको यस कवितामा 'थवाङ्'लाई समष्टि बिम्बका रूपमा प्रयोग गरिएको छ । यसले विशेषगरी क्रान्ति, विद्रोह र अटल आस्थालाई प्रतिबिम्वित गरेको पाइन्छ । यसरी सन्तुलित संरचनाको यो कविता प्रगतिवादी भावधाराको स्तरीय कविता बन्न पुगेको छ ।

### ५.३.२. 'प्यालेस्टिनी मित्रहरूका नाममा' कविताको विश्लेषण

प्रस्तुत कविता **इतिहासको यस घडीमा** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये छैठौं क्रममा रहेको यस सङ्ग्रहभित्रको सबैभन्दा लामो कविता हो । यो कविता कविले दाङको घोराही कारगारमा २०३९ सालमा बन्दी जीवन बिताउँदा रचेका हुन् । यस कवितालाई 'राप्ती सन्देश' पत्रिकाले २०४०मा प्रकाशित गरेको थियो । सम्बोधनात्मक रूपमा प्रस्तुत भएको यस कवितामा प्यालेस्टाइनमा भएको साम्राज्यवाद विरोधी युद्धलाई केन्द्रबिन्दु बनाइएको पाइन्छ । त्यस रक्तपात र बर्बर आक्रमणको निन्दा गर्दै निर्णायक युद्ध लड्ने प्यालेस्टाइनी जनताप्रति सम्मान व्यक्त गर्दै तिनीहरूको साहसपूर्ण सङ्घर्ष र बलिदानलाई प्रमुख रूपमा प्रस्तुत

गरिएको हुनाले मुख्य विषयवस्तु र शीर्षकबिच तादात्म्य सम्बन्ध देखिई शीर्षक पनि सार्थक बन्न पुगेको पाइन्छ । तात्कालिक इजरायली सरकार विरूद्ध प्यालेस्टाइनी जनताको विद्रोहको समर्थनमा कवि यसरी व्यक्त हुन्छन् :

यो भीषण नरसंहार र
जधन्य रक्तपातका विरूद्धमा
पाँचै औलाले दह्रो मुठ्ठी कसेर
आहत तर क्षुब्ध मनले
चुनौतीभरि बैरीलाई घृणाहरू अफालेर
र म मेरो एउटा हात
तिम्रो समर्थनमा माथि-माथि उठाइहेछु
र म मेरो अर्को हात
शान्तिका लागि
नीलो ध्वजा बाँधेर हावामा लहराइरहेछु ।

(इच्छुक रचनावली, भाग २: पृ. ३३)

शान्तिको चाहना र उत्पीडित मानवजातिको विजयको घोषणालाई प्रस्तुत गरिएको यस कवितांशमा नयाँ र स्वतन्त्र संसार निर्माणको लक्ष्य बोक्नेहरूले विश्वको जुनसुकै कुनामा भएको घटनालाई नजिकबाट नियाल्ने गर्नुपर्दछ र शोषकवर्गका विरूद्धमा गरिएका लडाइँप्रति समर्थन गर्नुपर्छ भन्ने क्रान्तिकारी भाव प्रस्तुत गरिएको छ । कविले यस कवितामा अन्तर्राष्ट्रिय न्यायपूर्ण सङ्घर्षप्रति समर्थन गरेका छन् । भीषण नरसंहार र जघन्य रक्तपातका विरूद्धमा विश्वका सबै जनता एकजुट भएर वर्गबैरीका चुनौतीको सामना गर्नुपर्दछ भन्ने उद्घोष समेत गरेको पाइन्छ । कविले आफ्नो एउटा हात क्रान्ति र अर्को हात शान्तिको लागि नीलो ध्वजाझैं फहराउँदै उठाउने अभिव्यक्तिले क्रान्तिबिना शान्ति नहुने कुरा बनाएका छन् ।

प्रस्तुत कवितामा 'म', 'हामी', 'तिमीहरू' आदि पात्रहरू आएका छन् । 'म' पात्र कथावाचकको रूपमा प्रस्तुत भएर प्योलेस्टिनी मित्रहरूलाई सम्बोधन गरेको छ । 'तिमीहरू' सम्बोधित पात्रका रूपमा आएका छन् । 'म' पात्रले देशको र 'तिमी' पात्रले प्यालेस्टाइनका मुक्तिकामी जनताको प्रतिनिधित्व गरेका छन् । नेपालमा पञ्चायत विरोधी आन्दोलन चर्केको र

प्यालिस्टिनी जनताले पनि मुक्तिको आन्दोलन जारी राखेको परिवेशको चित्रण कवितामा गरिएको पाइन्छ ।

न्यूनतम २ देखि ९ शब्दसम्मका ४१, १७, १५ र २१ का पङ्क्तिक्रममा रहेका चार अनुच्छेद र ९४ पङ्क्तिमा आबद्ध यो लामो आयामको कविता हो । प्रथम, तृतीय पुरुष गरी दुईवटै दृष्टिविन्दुहरूको प्रयोग भए पनि प्यालेस्टिनीहरूप्रति सम्बोधन गर्दै लेखिएको यस कवितामा विशेष गरी द्वितीय पुरुष दृष्टिविन्दुको आधिक्य रहेको छ । इजरायलको साम्राज्यवादको पुच्छर तथा निरीह सरकारले प्यालेस्टाइनी जनतामाथि गरेको दमन, अन्याय एवम् अत्याचारलाई बिम्बका रूपमा प्रस्तुत गरिएको पाइन्छ भने प्यालेस्टिनी जनतालाई क्रान्तियोद्धाका प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । सरल, सहज एवम् स्वाभाविक भाषाको प्रयोग गरिएको यस कवितामा आदि, मध्य र अन्त्यमा पूर्ण तथा आंशिक अनुप्रास योजनाको संयोजन गरिएको छ । 'रातो रातो आलो रगत' र 'मध्यपूर्वीय तातो हावा ब्रह्माण्डभरि बगिरहेछ' भन्ने अभिव्यक्तिमा अतिशयोक्ति अलङ्कारको प्रयोग भएको छ । 'बमको विस्फोट', तोपको गर्जन र बारूदको धूवाँले सारा बेरूत शहर खण्डहर जस्तै कुरूप र निर्जन हुँदै गइरहेको छ भन्ने अभिव्यक्तिमा क्रमशः रूपक, रूपक र उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ । ठाउँठाउँमा दृष्टान्त, सन्देह आदि अर्थालङ्कारहरूको पनि प्रयोग गरिएको छ । विविध बिम्ब, प्रतीक एवम् अलङ्कारहरूको यथोचित प्रयोग गरी शान्ति र मानवताको विजयको पक्षमा लेखिएको यो कविता प्रगतिवादी भावधाराको स्तरीय रचना बन्न पुगेको छ ।

### ५.३.३. 'झुल्के घामका राता किरणहरू' कविताको विश्लेषण

प्रस्तुत कविता **इतिहाको यस घडीमा** कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमध्ये दसौं क्रममा रहेको कविता हो । यो कविता २०४१ सालको वेदना (११:३९/३०) मा प्रकाशित छ । २०४६ सालपूर्व एकदलीय निरङ्कुश पञ्चायती व्यवस्थाको बर्बरताको आडमा नेपाली ग्रामीण समाजमा हुर्केका ठुलाठालु, जिमिन्दार, साहु जस्ता सामन्तहरूले गरिबका छोराछोरीहरूलाई कलिलै उमेरदेखि कमलरी, बर्दियान (बयल गोठालो), भैंसवार आदि रूपमा दास-दासी, कमाराकमारी बनाई राखेको बिडम्बनालाई कविले प्रतीकात्मक रूपमा कलिला केटाकेटीहरूलाई भविष्यका उज्वल नक्षत्र र बिहानी घामका कान्तिमय किरणसँग तुलना गर्दै शीर्षकलाई सान्दर्भिकता दिइएको पाइन्छ । यसरी ग्रामीण समाजका सामन्तहरूद्वारा ती बालबालिकाहरू माथि लादेको शोषण, अन्याय र अत्याचारबाट उन्मुक्तिको मूल विषयवस्तु र

शीर्षक बिच तादात्म्य देखिएकोले शीर्षक सार्थक बन्न पुगेको छ । प्रस्तुत कविताको विषयवस्तु ग्रामीण समाजका त्यस्ता बालबालिका र तिनले भोग्नु परेका बालशोषणमा केन्द्रित छ । पढ्न पाउनु पर्ने बालअधिकारबाट बञ्चित तुल्याउने गाउँका जिम्दार, साहु, ठुलाठालुहरूले निरङ्कुश पञ्चायती व्यवस्थाको स्पष्ट झझल्को दिएको पाइन्छ । कलिला बालबालिकाहरू गाउँका सामन्तहरूको डिङ्गा-बाच्छाहरूसित आफ्नै कलिलो भविष्य चराएर आफैलाई ठुटै र बुच्चै पारिरहेका छन् । यसले मध्ययुगीन दासयुगको छनक दिन्छ । वास्तवमा बालबालिकाहरू परिवर्तनका बाहक झुल्के घामका राता किरणहरू जस्तै हुन् । अतः कवि तिनलाई सम्बोधन गर्दै कवितामा यसरी क्रान्तिचेतना सञ्चार गर्छन्:

ए ! साना-साना नानी, ए ! प्रिय भाइबहिनीहरू
मिरमिरेपछिका ए ! सुनौला बिहानीहरू
नरोऊ तिमी मुसकुराउँदै उठ
नरोऊ तिमी जुर्मुराउँदै उठ
पीडाका आरनहरूमा पाइन चढेर
तिमी तेजिलो धार बन्दै उठ
दुःखका आगो ओकल्ने भट्टीहरूमा
तिमी इस्पाती तरबार बन्दै उठ

(इच्छुक रचनावली, भाग २: पृ. ४३-४४)

प्रस्तुत कवितांशमा कविले ती केटाकेटीहरूलाई सामन्तहरूले दिएको पीडाले रून छोडेर अब जुर्मुराउँदै बिद्रोह गर्न उठ्नका लागि आह्वान गरेका छन् । आफ्नो मानवीय अधिकारसमेत खोसेर दिएको पीडाबाटै प्रतिशोध जन्माउनु पर्ने र दुःखबाटै धारिलो तरबार बन्नुपर्ने अभिव्यक्तिले सामन्ती अन्याय र अत्याचारको अन्त्य गर्न नितान्त आवश्यक रहेको कुरा स्पष्ट हुन्छ । यसरी कविले शोषित बालबालिकाहरूलाई जनवादी क्रान्तिको आधार निर्माण गर्नु पर्ने कुरा उल्लेख गरेका छन् ।

प्रस्तुत कवितामा 'म' पात्र वक्ता/सम्बोधकका रूपमा देखा परेको छ भने उसकै केन्द्रीयतामा गरीब, दुःखीका दुधमुखे बच्चाहरू, जिम्दार र साहुहरू जस्ता पात्रहरू पनि देखा परेका छन् । 'म' पात्र गरीब, दुःखीका केटाकेटीहरूलाई अत्यन्तै माया गर्ने र तीनवटै जनवादी क्रान्तिको आधार स्तम्भ खडा गर्नु पर्छ भनी बालशोषणको विरूद्ध क्रान्तिकारी आवाज

उठाउनु पर्छ भन्ने विचार व्यक्त गर्ने गतिशील पात्रको रूपमा देखापरेको छ । गरीब दुःखीका बालबालिकाहरू शोषित र म पात्रको कथाका मूलधारमा उभिएकाले ती केन्द्रीय पात्र हुन् भने शोषक-सामन्तहरू केन्द्रीय पात्रको विरूद्धमा आएकाले ती कुरूप, गतिहीन, प्रतिकूल एवम् शोषक पात्रका रूपमा देखा परेको छ । त्यसैगरी कविताको विषयवस्तुलाई अगाडि बढाउन भेडा-बाखा, गाई-भैंसी आदि सहायक पात्रहरू पनि कवितामा देखा परेका छन् भने ती बालबालिकाका बाबु, आमा, दाजु, दिदी, बाजे, बज्यै आफूमाथि भएको अन्याय, अत्याचार र शोषणलाई चूपचाप सहेर बस्ने निरीह पात्र हुन् । उपर्युक्त पात्रहरूको संयोजनमा पञ्चायती निरङ्कुशताको निकृष्ट व्यवहारलाई तात्कालिक सामन्तहरूले निरन्तरता दिइरहेकाले त्यसको अन्त्य गर्न बालबालिकाहरू बिहानी घामका राता किरण बनेर झुल्कनु पर्ने भनी प्रखर क्रान्तिचेतलाई कवितामा परिवेशका रूपमा चित्रण गरिएको पाइन्छ ।

न्यूनतम २ देखि ११ शब्दका १७, ११, १६, ८ र ८ का पङ्क्तिक्रममा रहेका जम्मा ६० पङ्क्तिमा आबद्ध प्रस्तुत कवितामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । मझौला आयाममा संरचित प्रस्तुत कवितामा पञ्चायती व्यवस्थाले गरेको बालशोषण र उत्पीडनका विषयलाई व्यक्त गरिएको छ । सरल, सहज र स्वभाविक भाषाको प्रयोग गरिएको यस कवितामा सिङ्गो व्यवस्थाको निकृष्ट व्यवहार वा प्रवृत्ति मुख्य कथ्य रूपमा प्रस्तुत भएको छ । आदि, मध्य र अन्त्यमा पूर्ण र आंशिक अनुप्रास संयोजन गरी प्रस्तुत कवितामा प्रशस्त लय सिर्जना गरिएको छ । 'बारी जोते जस्तो', 'बाजेहरूले जस्तै', 'बज्यैहरूले जस्तै', 'दास-दासीजस्तै', 'कमाराकमारी जस्तै'मा उपमा अलङ्कारको प्रयोग भएको छ । 'सानैदेखि बन्धकीपूर्ण जिन्दगीको अभ्यासगर्ने, 'कलिला आशाका भरिला साना मुनाहरू' जस्ता अभिव्यक्तिमा रूपक अलङ्कारको प्रयोग भएको पाइन्छ । साथै कतै कतै सन्देह, दृष्टान्त र अतिशयोक्ति अलङ्कारको पनि प्रयोग गरिएको छ ।

सामन्तवादी समाजमा व्याप्त कमलर, बर्दियान, भैंसबार जस्ता बालअधिकार सम्बन्धी कुप्रथालाई मूल विषय बनाएर लेखिएको प्रस्तुत कवितामा बालबालिकाहरूमाथि भएको शोषण तथा हनन भएको उनको अधिकार प्राप्तिका लागि उनीहरू आफैं क्रान्तिको आगो बनेर बल्नु पर्ने विचार अभिव्यक्त भएको छ ।

### ५.३.४. 'इतिहासको यस घडीमा' कविताको विश्लेषण

प्रस्तुत कविता **इतिहासको यस घडीमा** कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमध्ये चौधौं क्रममा रहेको छ । यही शीर्षकलाई नै आधार मानेर यस सङ्ग्रहको नामाकरण गरिएको हुनाले यो प्रतिनिधि कविताका रूपमा देखापरेको छ । पञ्चायती व्यवस्थाको पतन र बहुदलीय प्रजातन्त्रको स्थापनाको सङ्क्रमणकालीन अवस्थामा नयाँ विचारका मूल्य-मान्यताहरू स्थापित हुनाको साटो पुरानै मूल्य-मान्यता हावी भएको जर्जरपूर्ण अवस्थाको चित्रण गरिएको विषयवस्तु र शीर्षकबिच तादात्म्य सम्बन्ध देखिएकाले शीर्षक सार्थक बनेको छ । जनताका हक अधिकारको स्थापना गर्ने आन्दोलन उत्कर्षमा पुगेका बेलामा नेतृत्ववर्गबाट गरिएको सम्झौताले जनता निराशा भोग्न बाध्य भएको स्थितिलाई कविले यस कवितामा मुख्य विषयवस्तु बनाएका छन् । देशमा विद्यमान शोषण, दमन, हत्या, हिंसा, पीडा, व्यथा आदिलाई अन्त्य गर्नका लागि कवि क्रान्तिवीरलाई यसरी सम्बोधन गर्दछन् :

इतिहासको यस सङ्क्रमणशील घडीमा
भोको पेटका उर्जस्वी चेतनाहरूलाई
निधारबाट रगतका बाछिटाहरू पुछेर
दयालु मुद्रामा विषालु खाजा पस्किरहेछ, भद्रपुरुष
तिमी भने झुक्किनु हुन्न
कहाँ फुलेको छ र डाँडाको फेदीमा रातै लालीगुराँस
तिमी भने यो फेंदीमै अल्मलिनु हुन्न ।

(इच्छुक रचनावली, भाग २: पृ. ५४)

यस कवितांशमा कविले क्रान्तिकारी योद्धाहरूलाई आन्दोलनको आँधीबेरीमय यात्रामा नरोकिनका लागि अनुरोध गरेका छन् । यहाँ 'रातै फुलेको लालीगुराँस'लाई क्रान्तिको प्रतीकका रूपमा लिइएको छ र 'कहाँ फुलेको छ र डाँडाको फेदीमा लालीगुराँस' भनेर क्रान्ति अझै सफल नभइसकेको कुरालाई सङ्केत गरिएको छ । धोकापूर्ण सम्झौताले जनतालाई अलमलाएकोमा कविले आक्रोश व्यक्त गरेका छन् ।

'म' पात्र प्रेषक तथा सम्बोधकका रूपमा आएको यस कवितामा त्यसकै केन्द्रीयतामा 'तिमी' पात्र सम्बोधितका रूपमा आएको छ । 'म' पात्र अटल आस्था, विश्वास र युग परिवर्तनको संवाहक, क्रान्तिकारी चेतयुक्त, गतिशील, अनुकूल पात्रका रूपमा देखापरेको छ ।

युगको तरूण नायक भनी सम्बोधन गरिएको 'म' पात्रको उल्लेखनीय भूमिका नभए पनि क्रान्तिवीर पात्र यही हो । पञ्चायतकालको अन्तिम अवस्था र बहुदलीय प्रजातन्त्रको आरम्भको अवस्थामा देखिएको सङ्क्रमणकालीन स्थितिप्रति क्रान्तिकारी आवाज बुलन्द गरिएको २०४६ सालको द्वन्द्वपूर्ण परिवेशको चित्रण यस कवितामा गरिएको छ ।

न्यूनतम २ देखि अधिकतम ८ शब्दहरूद्वारा निर्मित १२ र १३ का पङ्क्तिक्रममा रहेका २ अनुच्छेदमा जम्मा २५ पङ्क्तिमा आबद्ध यो कविता लघु आयामको कविता हो । यस कवितामा प्रथम र द्वितीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । 'इतिहासको यस घडीमा' भन्ने पदावलीयुक्त शीर्षक २०४६ सालको बिम्बका रूपमा आएको छ भने 'म' पात्र अटल आस्था, विश्वास, आमूल परिवर्तनकारी तथा क्रान्तिकारी योद्धाको प्रतिकका रूपमा कवितामा आएको छ । कविताको आदि, मध्य र अन्त्यमा पूर्ण तथा आंशिक अनुप्रास योजनाको संयोजन गरिएको छ ।

केही निस्तेज शिरहरू झुकेर अभिषेक चढाइरहेको', 'दुर्बल मुट्ठीहरू फुकेर जुम्लीहात जोडिरहेको', 'थकित पाइलाहरू गलेर बिसौनीमा बास मागिरहेको' भन्ने कथनमा स्वभावोक्ति अलङ्कार आएको छ ।

समाजको आमूल परिवर्तनका लागि भएको जनआन्दोलन सम्झौतामा विसर्जन भएपछि जनता निराश बन्नुपरेको यथार्थलाई कथ्यविषय बनाइएको यो कविता गद्यलयमा रचना गरिएको छ । कविले स्वप्नद्रष्टा चेतना अन्तिम गन्तव्यको अभीप्सालाई गम्भीर शैली, अर्थ गौरवता, सघनत्वमा प्रस्तुत गरेका छन् । सहज र स्वभाविक भाषा एवम् बिम्ब, प्रतीक र अलङ्कारको सन्तुलित प्रयोगले कविता स्तरीय बन्न पुगेको छ । प्रगतिवादी क्रान्तिकारी भावधारालाई केन्द्रमा राखी रचना गरिएको यो कविता जनताका आशा, भरोसा र अधिकार प्राप्तिको महान् यात्रामा संझौताले लगाएको भोटे ताल्चाप्रति पूर्ण आक्रोशित छ ।

### ५.३.५. 'प्रतिबन्ध' कविताको विश्लेषण

प्रस्तुत कविता **इतिहासको यस घडीमा** कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमध्ये अन्तिम/एकतिसौं कविता हो । एउटा क्रान्तिकारी योद्धाले जे गर्न चाहन्छ, त्यसलाई शासक वा सत्ताले प्रतिबन्ध लगाएको र शासक वा सत्ताले जे नगर्न आदेश दिन्छ, क्रान्तिकारी योद्धाले त्यस्तो आदेशलाई नमानी सारा प्रतिबन्धलाई पन्छाएर अगाडि बढ्ने आफ्नो दृढता व्यक्त गरेको भाव कवितामा प्रस्तुत गरिएको छ । त्यसर्थमा प्रमुख कथ्यविषय र शीर्षकबिच

द्वन्द्वात्मक सम्बन्ध रहेकाले शीर्षक सार्थक बन्न पुगेको छ । क्रान्तिकारी कवि, लेखक, गायक तथा योद्धाहरूलाई यो लेख, यो नलेख, यो गाऊ, यो नगाऊ, यो बाटो हिँड, यो बाटो नहिँड भन्दै उनीहरूको विचारमा प्रतिबन्ध, हातमा हत्कडी र ओठहरूमा ताल्चा झुण्ड्याउने आदेशका बिरूद्ध लाग्ने क्रान्तिकारी योद्धाहरूको साहसपूर्ण प्रगतिवादी विचारलाई यस कविताको मुख्य विषयवस्तु बनाइएको छ । निरङ्कुश आदेशहरूलाई अस्वीकार गरेर तानाशाही बर्बर स्वेच्छाचारका बिरूद्ध निरन्तर आवाज उठाउन नछोड्ने कविको अठोटपूर्ण दृढ अभिव्यक्ति यसरी प्रस्तुत भएको छ :

उठाइरहन्छौं हामी तिम्राविरूद्ध सङ्घर्षका हातहरू
कसिरहन्छौं हामी तिम्राबिरूद्ध मुठ्ठीहरू विद्रोहका
ओ, अत्याचारका पहरेदारहरू !
अन्तिम जीत हाम्रै हो
तिम्रो हारमाथि विजयको झण्डा गाड्दै
हामी भने अथक र अविचल
अन्तिम युद्ध लडिरहन्छौं ।

(इच्छुक रचनावली, भाग २: पृ. १०१)

प्रस्तुत कवितांशमा जनयुद्धद्वारा उद्घाटित यथार्थलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । प्रतिगमनकारी शासन सत्ताद्वारा जारी गरिएको दमनको आदेश र प्रतिबन्धका विरूद्ध क्रान्तिकारी तथा परिवर्तनकारी जनसमुदायद्वारा गरिएको साहसपूर्ण प्रतिरोध र स्वतन्त्रता तथा मुक्तिको भावधारा प्रबल रूपमा प्रतिध्वनित भएको छ । प्रस्तुत ‘प्रतिबन्ध’ कवितामा ‘हामी’ र ‘तिमी’ श्रोता गरी दुई पात्रहरूको प्रयोग भएको छ । ‘हामी ’ पात्र अत्यन्त क्रान्तिकारी, परिवर्तनकामी, साहसी, प्रगतिशील तथा अनुकूल पात्रका रूपमा देखा परेको छ । ‘तिमी’ पात्र अत्यन्त दमनकारी क्रूर शोषक, अत्याचारी, गतिहीन तथा प्रतिकूल र परिवर्तनको विरोधी पात्रका रूपमा उपस्थित भएको छ । जनाधिकारका लागि क्रान्ति गर्न उठेका जनसमुदाय र तिनीहरूका विरूद्ध तात्कालिक बहुदलवादी सरकारद्वारा गरिएको दमन र प्रतिबन्धको २०५५ सालको यथार्थ परिवेशको चित्रण कवितामा गरिएको पाइन्छ ।

न्यूनतम ३ देखि अधिकतम ७ शब्दहरूका ५, ५, १५ र ७ का पङ्क्तिक्रममा रहेका चार अनुच्छेदका ३२ पङ्क्तमा रचित यो कविता लघु आयामको छ । प्रथम पुरुष दृष्टिबिन्दुको

प्रयोग गरिएको यस कवितामा सरल, सहज एवम् स्वाभाविक तर प्रतीकात्मक भाषाको प्रयोग गरिएको छ । तात्कालिक सरकारको आदेश र फर्मानहरूका विपरित क्रान्ति योद्धाहरूले गीत लेखिरहेको, गीत गाइरहेको, मुक्तिको बाटो हिँडिरहेका, कसिला मुठ्ठी कसिरहेको, निरन्तर आवाज उठाइरहेको आदि बिम्बजन्य पदावलीहरूको प्रयोग भएको छ । 'हामी' अर्थात् परिवर्तनकामी योद्धाहरू क्रान्तिका प्रतीकका रूपमा देखा परेका छन् भने 'तिमी' अर्थात् दमनकारी सरकारको क्रूरता र स्वेच्छाचारिता र परिवर्तनका बाधकका रूपमा आएको छ । आदि, मध्य र अन्त्यमा कतै पूर्ण र कतै आंशिक अनुप्रासले यो गद्यकविता लयात्मक, गेयात्मक र श्रुतिरम्य बन्न पुगेको छ । सरकारका आदेश विपरीत योद्धाले गीत लेखिरहेको, गीत गाइरहेको, सङ्घर्षका हात र मुठ्ठीहरू उठाइरहेको अभिव्यक्तिमा विरोधाभास अलङ्कार (द्वन्द्व)को प्रयोग भएको पाइन्छ । यसका साथै ओठहरूमा ताल्चा झुण्ड्याउनुजस्तो असम्भव कुराको अभिव्यक्तिमा अतिशयोक्ति अलङ्कारको प्रयोग पाइन्छ ।

दमनकारी असल कार्यमाथि जतिसुकै प्रतिबन्ध लगाए नि अन्तिम जीत परिवर्तनकारी, न्यायप्रेमी, सुन्दर भविष्य देख्ने जनताहरूकै हुन्छ भन्ने उच्च आशावादी स्वर प्रकट भएको 'इच्छुक'को यो कविता प्रगतिवादी भावधाराको स्तरीय क्रान्तिचेतयुक्त कविता बन्न पुगेको छ ।

**५.४. 'बन्दी आवाज' कविता सङ्ग्रहको परिचय र यसमा सङ्गृहीत कविताहरूको विश्लेषण**

**बन्दी आवाज** शीर्षकको यो कविता सङ्ग्रह **इच्छुक रचनावली भाग २** मा प्रकाशित गरिएको छ । २०४७ सालदेखि २०५९ सालसम्म लेखिएका र विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा प्रकाशित भइसकेका कविताहरूलाई इच्छुक सांस्कृतिक प्रतिष्ठानले सङ्ग्रहका रूपमा २०६५ सालमा बन्दी आवाज शीर्षकमा प्रकाशन गरेको हो । यस सङ्ग्रह उत्कृष्ट र स्तरीय कविताहरूको सङ्ग्रह हो । बहुलीय प्रजातन्त्रको स्थापना भएदेखि जनयुद्धको चरम उत्कर्षको बेलासम्म रचना गरिएका यस सङ्ग्रहका कविताहरू जनयुद्धका अनुभव र अनुभूति समेटेर लेखिएका छन् । बहुदलीय प्रजातन्त्रको स्थापना भएपछि पनि सरकार पञ्चायती ढाँचामा चलेकोले जनता निराशसँगै आक्रोशित समेत हुनु परेको यथार्थको चित्रण उनका केही कविताहरूमा गरिएको पाइन्छ । आफू कारागारभित्र बन्दी जीवन बिताइरहेका समयमा रचना गरिएका कतिपय कवितामा आत्मानुभूतिको सघन प्रस्तुति पाइन्छ । जेलमा हुने चरम यातना, चोट र पीडालाई कारूणिक रूपमा सचित्र उतारेका छन् । उनको कविता यात्राका दास्रो र तेस्रो चरणका कविताहरू यस सङ्ग्रहमा आएका छन् ।

२०४६ सालको जनआन्दोलन-१ का बलले निरङ्कुश पञ्चायती व्यवस्था बहुदलीय प्रजातन्त्रबाट प्रतिस्थापन भए पनि त्यसबाट केही उपलब्धि हुन नसकेको विषय 'माछा-माछा भ्यागुतो' कवितामा वर्णित छ । क्रान्तिकारी विद्रोहीहरूले २०५२ सालमा सशस्त्र जनयुद्धको शङ्खघोष गरेपछि कवि पनि यस युद्धमा प्रत्यक्षतः संलग्न भएको देखिन्छ । जनयुद्धमा भएका घटनालाई उनले अनुभूतिगम्य ढङ्गले लेखेका कारण त्यस कुराको पुष्टि गर्छ । उनले जेलमा बस्दाका पीडा र यातनालाई सजीव चित्रण गरेका छन् । जेलका कष्टमय पीडालाई उतारेर तयार पारिएको कविता 'त्यस क्षण' हो । जनयुद्ध र मार्क्सवादलाई जसले जे जस्तो आलोचना गरे पनि आफू विचलित नहुने घोषणा 'म अहिले निराश छैन' कवितामार्फत् गरेका छन् । दमन, अन्याय, अत्याचार, शोषण आदिको समूल नष्ट गर्नका लागि यो जनयुद्ध छेडिएको घोषणा गर्दै हरेक उत्पीडित वर्गलाई युद्धमा होमिन उत्प्रेरणा सञ्चार गर्ने खालका कविता यस सङ्ग्रहमा सङ्ग्रहित छन् । उनका कविता वर्गीय चिन्तन र मार्क्सवादी विचारधारासँगै एकाकार भएको पाइन्छ । 'एउटा गाउँलेको डायरी', सिंहदरवार अघि नारा लगाइरहेकी फूलमती' जस्ता कवितामा तीव्र क्रान्तिचेत प्रकट भएको पाइन्छ । 'नवजात छोरीसँग', 'काले', 'आदिवासी दिवश र भिखारीदास सदा', 'प्यारो मधेशतिर', 'मेरो देशको शिशु प्रजातन्त्र', जस्ता कवितामार्फत् साम्यवाद, सामन्तवाद, सामाजिक कुसंस्कारजस्ता प्रवृत्तिको विरोध गरिएको पाइन्छ । बन्दी जीवनको सन्दर्भ र उन्मुक्तिको चाहनालाई 'पोखरी र कारागार', 'कारागारको छतमाथि चढेर', 'पिपलको बोट', 'यस क्षण' जस्ता कवितामार्फत् अभिव्यक्त भएका छन् । मुक्तिको महान् आदर्श र क्रान्तिकारी दृढतालाई 'अजम्बरी सपना', 'म कहिल्यै निराश छैन', 'यात्रामा हिँड्दाहिँड्दै' जस्ता कविताहरूले व्यक्त गरेका छन् । क्रान्तिकारी आशावादले भरिपूर्ण भएका, जनयुद्धको गाथा गाइएका कविता एवम् निम्न वर्गका, शोषित पीडितका स्वतन्त्रता र स्वाधीनताको चाहनाका कविता यस सङ्ग्रहका कविताका विशेषता हुन् । धेरेजसो कविता जेलभित्र रचिएकाले बन्दी जीवनका कष्ट र व्यथालाई पनि कवितामा जीवन्त रूपमा प्रस्तुत गरेको पाइन्छ ।

जनयुद्धका एक सशक्त सिपाहीद्वारा लेखिएका कविताहरूले जनयुद्धका गम्भीर मर्मलाई बोकेका छन् । समाजका सामन्तवर्गद्वारा निम्नवर्ग, गरिब, निमुखा जनतामाथि गरिएका अन्याय, अत्याचार, दमन शोषण आदिको विरोध उनका यस सङ्ग्रहमा प्रखर रूपमा आएका छन् । उनका कविताले समाजको आमूल परिवर्तनद्वारा स्थापित जनमुखी शासन व्यवस्थाका

पक्षमा अभिमत जाहिर गरेका छन् । उनले आफ्ना सहयोद्धाको वीरता, साहस, आशावादिता एवम् सुनौलो बिहानीको सपना आदिको पुञ्जका रूपमा कविता रचेका छन् । यस सङ्ग्रहका कविताहरूले जनयुद्ध, राष्ट्रियता, देशप्रेम, क्रान्तिकारिता, नारी शोषण, उपेक्षित अपहेलित र निमुखावर्गको वर्गीय मुक्ति आदिमा क्रान्तिकारी स्वर बुलन्द गरेका छन् । बन्दी आवाजभित्र निम्न ३८ वटा कविताहरू रहेका छन्

१) 'माछो-माछो भ्यागुतो', २) 'नवजात छोरीसँग', ३) 'काले', ४) 'बालबन्दी मिर्ची', ५) 'प्यारो मधेशप्रति', ६) 'तिम्रो र हाम्रो संसार', (७) 'एउटा गाउँलेको डायरी' ८) 'पोखरी र कारागार', ९) जेरूसलम', १०) 'यात्रामा हिँड्दा हिँड्दै', ११) 'सिहंदरबारअघि नारा लगाइरहेकी फूलमती', १२) 'पिपलको बोट, १३) 'कारागारको छतमाथि चढेर', १४) 'अजम्बरी सपना', १५) 'मेरी छोरी', १६) 'कैदी' , १७) 'दिदी- शान्तालाई', १८) 'कारागारको छतमाथि चढेर', १९) 'कमैया दुःखीरामलाई प्रश्न', २०) 'अस्वीकार', २१) 'एउटा गाउँलेको डायरी', २२) 'चिनियाँ कवि चेङ च्हूप्रति', २३) 'जेरूसलम', २४) 'आदिवासी दिवस र भिखारीदास सदा', २५) 'कोशी टप्पु', २६) 'आङ सान सुकी', २७) 'अजम्बरी सपना', २८) 'यात्रामा हिँड्दा-हिँड्दै', २९) 'म अहिले निराश छैन', ३०) 'मेरो देशको शिशु प्रजातन्त्र', ३१) 'भविष्य', ३२) 'रोगी देश', ३३) 'उत्तरतिर', ३४) 'यस क्षण', ३५) 'लालमटियाको सम्झना', ३६) 'प्यूठान, म पनि तिमीसँगै छु', ३७) 'कसरी भनूँ !' र ३८) 'सहिद' ।

लघु, मध्यम र दीर्घ गरी तीनै आयाममा यस सङ्ग्रहका कविताहरू संरचित छन् । लघुमा ६ पङ्क्तिदेखि दीर्घमा १७६ पङ्क्तिसम्मका कविता यस सङ्ग्रहमा छन् । यस सङ्ग्रहका कविताहरू कुनै वर्णनात्मक, कुनै विवरणात्मक र कुनै प्रश्नात्मक ढाँचामा रचित छन् । यसका अतिरिक्त संवादात्मक शैलीका कविताहरू अभिनेय समेत छन् । यस संग्रहमा नदोहोऱ्याइकन गणना गर्दा ३५ र 'जेरूसलम' (संक्षिप्त) लाई समेत गणना गर्दा ३६ र दाहोरिएका अन्य ४ कविताहरू 'कारागारको छतमाथि चढेर', 'एउटा गाउँलेको डायरी' र 'अजम्बरी सपना', 'यात्रामा हिड्ँदा हिड्दै' लाई समेत गणना गर्दा ३८ वटा कविताहरू छन् । २० ओटा कविता एउटै अनुच्छेदमा रचना गरिएका छन् । 'कारागरको छतमाथि चढेर', 'एउटा डायरी', 'अजम्बरी सपना', 'यात्रामा हिड्ँदाहिँदै' र 'जेरूसलम' गरी ५ वटा कविताहरू केही हरफबाहेक पूर्णरूपमा दोहोरिएर आएका छन् । कविताका शीर्षक 'काले', 'कैदी' जस्ता दुई अक्षरका शब्ददेखि लिएर 'सिंहदरवार अघि नारा लाइरहेकी फूलमती' १९ अक्षरको पदावली

स्तरका रहेका छन् । यस सङ्ग्रहका कविता कवि बन्दी अवस्थामा रहेको बेला लेखिएका र बन्दी जीवनका स्वरहरू कवितामा आएकाले यस सङ्ग्रहको नाम **बन्दी आवाज** दिइएको निकै सान्दर्भिक छ ।

यस सङ्ग्रहका कवितामा कविको निजी अनुभूति पनि व्यक्त भएका छन् । कुनै कविता सम्बोधित पनि पाइन्छन् । धेरै कवितामा प्रथम पुरुष दृष्टि विन्दुको आधिक्य पाइन्छ भने तेस्रो पुरुषका सर्वनाम शब्द तिनी, उनी, यिनी को प्रयोग पनि प्रशस्तै मात्रामा गरिएको छ । सबै कविता गद्यलयमा रचना गरिएका छन् तर आदि, मध्य अन्त्यमा प्रयुक्त पूर्ण तथा आँशिक अनुप्रास योजनाले कविताहरू लयात्मक, गेयात्मक र श्रुतिमाधुर्य बन्न पुगेका छन् । जनवादी स्वर र सङ्गीतलाई कवितामा पूर्ण रूपमा उतारिएको छ । यति हुँदा पनि उनका कविता विचार पक्ष र कलापक्षबाट पूर्ण रूपमा सन्तुलित छन् । बिम्ब र प्रतीकहरू पौराणिकदेखि समसामयिक र ग्रामीण तथा सहरिया सबै क्षेत्रका प्रयोग भएका छन् । अलङ्कार योजनाले कवितालाई रसपूर्ण बनाउनको लागि राम्रैसँग संयोजन गरिएको पाइन्छ । व्यङग्यात्मक शैलीमा कविता आए पनि बोझिलो महशुस हुँदैनन् तत्सम, तद्भव र आगन्तुक शब्दहरूको सुन्दर प्रयोग गरिएको छ । सरल, सुकोमल भाषाशैलीमा सशक्त भाव व्यक्त गर्न कवि सफल भएका छन् । तत्कालीन राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक एवम् ग्रामीण र सहरिया परिवेशको चित्रण उनका यस सङ्ग्रहका कवितामा गरिएको छ ।

'इच्छुक' को यस कविता सङग्रहका कविताहरूमध्येबाट विषयवस्तुगत गहनता, आयामगत विविधता र बिम्व, प्रतीक तथा अलङ्कार एवम् भाषाशैलीगत विभिन्नताका आधारमा प्रतिनिधिमूलक रूपले निम्न लिखित ४ वटा कविताको छनोट गरी विश्लेषण गरिएको छ ।

### ५.४.१. 'माछो-माछो भ्यागुतो' कविताको विश्लेषण

प्रस्तुत कविता **'बन्दी आवाज'** कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमध्ये पहिलो क्रममा रहेको छ । २०४६ सालको जनआन्दोलन-१ पश्चात् नेपाली जनताहरूले जुन कुराको अपेक्षा गरेका थिए, सो नभई परिणाम त्यसको ठिक विपरीत हुन गयो । पूर्ण अधिकार प्राप्तिका लागि भएको आन्दोलन नाटकीय ढङ्गले टुङ्गियो । पूर्ण अधिकार प्राप्तिको आशा अप्राप्तिजस्तो निराशामा परिणत भएको मुख्य कथ्यवस्तु र शीर्षकका बीच तादात्म्य सम्बन्ध देखिएको हुनाले शीर्षक सार्थक बन्न पुगेको छ । यस कवितामा २०४६ सालमा राजदरवार,

काङ्ग्रेस र वाममोर्चाबिच भएको त्रिपक्षीय साझा सम्झौताको ठाडो विरोध, आंशिक र सतही रूपमा भएको परिवर्तनलाई सम्पूर्ण प्राप्तिको हल्ला मच्चाए पनि सारमा खासै परिवर्तन नभएको जिकिर, कुर्ची, नाटक र नायक पूरानै भएर पर्दा, दृश्य र अभिनय मात्रै बदलिएको, तिनै पूराना खेलाडीहरू राजनीतिक रूपमा अझै पनि राजतन्त्रको बलले शक्तिशाली रहेको दाबी पुराना मण्डले र उनै पुराना अनुहारको मुलुकमा रजाइँ चलिरहेको जस्ता तात्कालिक यथार्थ परिवेशलाई मुख्य विषयवस्तु बनाइएको पाइन्छ । प्रस्तुत कवितामा जनताका आशाहरू निराशमा बदलिएको यथार्थलाई कविताको सुरूवातीमै यसरी प्रस्तुत गरिएको छ :

मेच उही हो पर्दा फेरिएको छ
नाटक उही हो दृश्य फेरिएको छ
नायक उही हो अभिनय फेरिएको छ
गीत उही हो भाका फेरिएको छ
'डमडम' बाजाहरूको विषालु धुनमा
ताण्डव नृत्यको एकछिन तालमा फेरियो भन्दैमा
तिमी ठान्छौ पुरानो नौटङ्की पटाक्षेप भयो
(इच्छुक रचनावली, भाग २ : पृ. १०७)

प्रस्तुत कवितांशमा देशमा आमूल परिवर्तनका खातिर २०४६ सालको जनआन्दोलन-१ भएपनि आन्दोलनको उत्कर्षलाई संझौतामा टुङ्ग्याइनुले आमूल परिवर्तनको जनचाहनामा तुषारापात आएको कुरा व्यक्त गरिएको छ । त्यतिबेला भएको राजा, काङ्ग्रेस र वामघटक बिचको त्रिपक्षीय सम्झौताले देशमा केवल रङ्गमञ्चमा झैं पर्दा, अभिनय र दृश्य फेरिए पनि वस्तुगत रूपमा मेच, नाटक र नायक उही (पूरानै) भएको व्यङ्ग्य गर्दै यो अवस्थालाई एउटा कमजोर नाटकसँग तुलना गरिएको पाइन्छ ।

प्रस्तुत कवितामा परोक्ष रूपमा 'म' पात्र देखापरेको छ, जो कविका मुख पात्रका रूपमा उपस्थित भएको छ । यसकै केन्द्रीयतामा राजा, कथित महान् प्रतापी नायक, पञ्चायती पक्षधर मण्डलेहरू र न्यायप्रेमी जनता आदि पात्रहरू देखापरेका छन् । 'म' पात्रले तत्कालीन देशको दुरावस्थालाई निराशापूर्ण ढङ्गले वर्णन गरेको पाइन्छ । 'म' पात्रले 'तिमी' पात्रलाई सम्बोधन गर्दै शासनशैलीमा परिवर्तन आएको भनिए पनि उनीहरूको सम्पूर्ण जीवन सुरक्षित नभइसकेको प्रति सचेत हुन आग्रह गरेको छ । यस्ता आग्रहले ऊ पूर्ण परिवर्तनकामी, गतिशील तथा क्रान्तिकारी पात्रका रूपमा देखापरेको छ । उसका विरूद्धमा कथित महान्

प्रतापी नायक-राजा, पञ्चायती पक्षका हिमायती मण्डलेहरू खलनायकका रूपमा पर्दा पछाडि तर स्पष्ट देखापरेका छन् । यसका पृष्ठभूमिमा न्यायप्रेमी जनता अपेक्षित परिवर्तन नभएकाले निराश देखिन्छन् । यसरी २०४६ सालको राजनीतिक परिवर्तनपछिका अवस्थामा पनि जनताले परिवर्तनको खासै अनुभूति गर्न नपाएको विषम परिस्थितिलाई कवितामा प्रमुख परिवेश बनाइएको पाइन्छ ।

न्यूनतम ३ देखि अधिकतम् ७ शब्दसम्मका ७, १४, ८ र १२ का पङ्क्तिक्रममा रहेका चार अनुच्छेदयुक्त जम्मा ४१ पङ्क्तिमा संरचित कवितामा कवि स्वयम् कथावाचक वा वक्ताका रूपमा उपस्थित भएकाले प्रथम पुरुष दृष्टिविन्दु आएको छ । 'मेच उही हो पर्दा फेरिएको छ' जस्ता अभिव्यक्तिमा विरोधाभासपूर्ण (द्वन्द्व) अलङ्कार, 'नेपथ्यबाट आइरहेको आर्तनादहरूको कोरस गीतमा नरमुण्डहरूको मादल ठोकेर नायक नाचिरहेको छ र गाइरहेछ' भन्ने अभिव्यक्तिमा अतिशयोक्ति अलङ्कारको प्रयोग भएको देखिन्छ । यसका अलावा दृष्टान्त, स्वभावोक्ति, उत्प्रेक्षा, अप्रस्तुत प्रशंसा आदि अलङ्कारहरू पनि प्रयोग गरिएको छ । यस कवितामा प्रयुक्त 'माछो' आशा वा प्राप्तिको र 'भ्यागुतो' निराशा वा अप्राप्तिको प्रतीकका रूपमा देखापरेको छ । २०४६ सालपछिको सिङ्गो अवस्था बिम्बार्थका रूपमा आएको छ । आदि, मध्य र अन्त्यमा अनुप्रासको पूर्ण तथा आंशिक संयोजनले गर्दा गद्यमा लेखिएको भए पनि कविता लयात्मक, गेयात्मक र श्रुतिमोहक बनेको छ । सरल, सहज र स्वाभाविक भाषाशैलीको प्रयोग गरिएको यो कविता बोधगम्य बनेको छ । यसरी प्रगतिवादी भावधाराको 'इच्छुक'को यो कविता स्तरीय कविताका रूपमा देखा परेको छ । २०४६ सालपछिको राजनीतिक परिवर्तनपछि पनि जनताका आशाहरू निराशामा बदलिएको कटु यथार्थलाई व्यङ्ग्यात्मक तथा प्रतीकात्मक रूपमा अभिव्यक्त गर्न यो कविता सफल भएको छ ।

### ५.४.२. 'प्यारो मधेसप्रति' कविताको विश्लेषण

प्रस्तुत कविता **बन्दी आवाज** कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमध्ये पाँचौं क्रममा रहेको छ । देशमा चलेको १० वर्षे जनयुद्धको मध्यावस्थातिर रचना गरिएको यस कवितालाई २०५७ चैत्र ७ को 'जनादेश'मा प्रकाशन गरिएको पाइन्छ । यस कवितामा मधेस र मधेसवासीप्रति पहाड र हिमालवासीहरूको सम्बन्ध अत्यन्त निकट रहेको देखाउन खोजिएको छ । तीव्र समताबोधले ओतप्रोत कवि 'इच्छुक'ले उत्पीडितवर्ग समुदायलाई सद्भाव व्यक्त गर्दै निरङ्कुश शासकहरूले उपेक्षा गरी उत्पीडन थोपरिएका मधेस र मधेसवासीप्रति कविले

आत्मीयता प्रकट गरेका छन् । जनयुद्धले पहाड र मधेस दुबैको सम्बन्ध निकट पारेको उल्लेख गर्दै पहाड र मधेस दुबैको सम्बन्ध नङ र मासुको जस्तो हुनुपर्ने बताएका छन् । पहाडमा फुल्ने लाली गुराँस र तराईमा फुल्ने गुलाफ, पहाडको चिसो बतास र तराईको न्यानो हावा सबैले समग्र देशका लागि सुन्दरता प्रदान गरेका छन् । तराई र पहाड एउटै सुन्दर बगैंचाका भिन्न-भिन्न फूलजस्तै राष्ट्रका अभिन्न अङ्ग हुन् । कविले यो सुन्दर बगैंचाको कलङ्कका रूपमा रहेको वर्गीय विभेद लगायत अन्याय, अत्याचार, दमन, शोषन आदिको उत्पीडनबाट तराइलाई मुक्त पार्नु पर्ने कुरामाथि जोड दिएका छन् । आफ्नो स्वार्थसिद्धिका लागि देशलाई टुक्राउने, साम्प्रदायिक सद्भाव खलबलाउने जस्ता कार्य तराई क्षेत्रमा हुन थालेकाले तराईवासीलाई त्यसप्रति सजक हुन कविले आग्रह गरेका छन् । जनयुद्ध नै समग्र मुक्तिको सही मार्ग भएकाले यसलाई अन्तिम निष्कर्षमा पुऱ्याउन र वर्गीय मुक्तिसमेत पाउनका लागि मधेस र पहाडवासीहरू काँधमा काँध मिलाउँदै अघि बढ्नु पर्ने भाव कविले कवितामा व्यक्त गरेका छन् । मधेस र मधेसीले भोग्नु परेको उत्पीडन र आफ्नो अधिकार प्राप्तिको लागि आन्दोलित हुन आग्रह गरिएकाले कविताको विषयवस्तु र शीर्षकबिच तादात्म्य हुन गई 'प्यारो मधेसप्रति' शीर्षक सार्थक बन्न पुगेको छ । हाल आएर मधेसलाई विस्तारवादी छायाँले छोपेको, नेपालकै भूभाग होइन भन्ने अर्थ लगाउने र देशै टुक्राउन लागेकाप्रति उनी सचेत बनाउदै यसरी प्रस्तुत हुन्छन् :

आखाँ खोलेर राम्ररी हेर
कताको आँप कताको हाम्रो झटारो
हामीलाई जुधाउन कसैले
उन्मादको आगोमा
आवेशको घ्यू थपेको हुन सक्छ ।

(इच्छुक रचनावली, भाग-२ : पृ.११९)

उपर्युक्त कवितांशमा कविले मधेसबासीलाई राम्रोसँग आँखा खोलेर हेर्न आग्रह गरेका छन् । हामीलाई लडाएर आफ्नो स्वार्थसिद्धि गर्न चाहनेहरूले आगामा घ्यू थपेर पहाडी र मधेसवासीको सम्बन्ध बिगार्ने प्रयास गरेको हुन सक्छ । त्यसप्रति हामी सधैं सचेत बन्नुपर्ने अभिव्यक्ति दिएका छन् ।

प्रस्तुत कवितामा 'म' पात्रको केन्द्रीयतामा 'तिमी' (मधेस र मधेसवासी) पात्र आएको छ । 'म' पहाडी र हिमाली दुबैको प्रतिनिधि पात्र हो जसले मधेस र मधेसबासी तिमी पात्रलाई क्रान्तिमा लाग्न आग्रह गरेको छ । 'तिमी' उत्पीडित, उपेक्षित र अपहेलित पात्र हो भने 'म' पात्र क्रान्तिकारी, वक्ता, प्रेषक तथा गतिशील पात्र हो ।

न्यूनतम २ देखि ६ शब्दसम्मका १०, २१, १२, २० र ४ का पङ्क्तिक्रममा रहेका ५ अनुच्छेदयुक्त ६७ पङ्क्तिमा संरचित कवितामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'सप्तरङ्गी इन्द्रेणीको सप्तरङ्गी मालाजस्तै' भन्ने अभिव्यक्तिमा उपमा अलङ्कार र 'म लाली गुराँस, तिमी रातो गुलाफ' जस्ता अभिव्यक्तिमा रूपक अलङ्कारको प्रयोग भएको छ । यसका अतिरिक्त सन्देह, अतिशयोक्ति जस्ता अलङ्कारको पनि प्रयोग भएका छन् । 'म' मूलरूपमा पहाडको प्रतीक, 'तिमी' मधेस र मधेसवासीको प्रतीक, लालुपाते, लालीगुराँस, शीतल बतास, बर्सात्, बसन्त आदि पहाडी वातावरणका बिम्ब र गुलमोहर, न्यानो हावा, गुलाफ, ग्रीष्म, शरद आदि मधेसी वातावरणका बिम्बका रूपमा आएका छन् । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोगमार्फत् भाषाशैलीलाई मिठासपूर्ण बनाइएको छ । सरल, सरस भाषाशैली, बिम्ब, प्रतीक र अलङ्कारका माध्यमबाट मधेसका पीडालाई आत्मसात गर्नुका साथै यसबाट मुक्तिका लागि पहाड र मधेसवासीहरू आपसमा काँधमा काँध मिलाएर अगाडि बढ्नुपर्ने प्रगतिवादी विचारधारा बोकेको यो कविता सन्तुलित संरचनाको स्तरीय कविता बनेको छ ।

### ५.४.३. 'आदिवासी दिवस र भिखारीदास सदा' कविताको विश्लेषण

प्रस्तुत कविता **बन्दी आवाज** कविता सङ्ग्रहमा सङ्ग्रहीत कविताहरूमध्ये चौबिसौं क्रममा रहेको छ । उनले यो कविता २०५७ सालमा साउन २६ गते, सिरहा कारागारमा रहँदा लेखेका हुन्, जुन कलम पत्रिकामा छापिएको छ । यस कवितामा यो देशका माटोसँग खेल्ने, माटोसँगै हुर्कने र आफ्नो जीवनयापन गर्ने धर्तीपुत्र आदिवासी दलित, जनजातिका तड्पन, अभाव, पहाड र मधेसका दुःख-दर्दलाई विषयवस्तु बनाइएको छ । आदिवासी दिवसको सन्दर्भ पारेर कविले उनीहरूका उत्पीडन र वेदनालाई सदा-सर्वदा भोका पेटहरू पाल्न मधेसी भूमिमा सङ्घर्षरत भिखारीदास सदाका माध्यमबाट उजागर गरेका छन् । नेपाल कृषिप्रधान देश भएर पनि श्रम र श्रमिकको उचित अधिकार प्राप्त गर्न सकेका छैनन् । श्रम गर्ने श्रमिक पेट भर्न नपाई भोकै मर्छ, उसैको श्रम र पसिनाले उब्जेको अन्न उसलाई काम अह्राउने मालिकले स्याहार्छ । समाजमा रहेको यो वर्गीय विभेद भिखारीदास सदाजस्ताले जतिसुकै माटो खोसेर

सम्याउन खोजेपनि सम्मिन सकेको छैन । सामन्तहरू अग्ला पहाडझैं मोटाउँदै र चुलिँदै छन् । त्यस्ता शोषक सामन्तवर्गको अन्त्य नभई सर्वहारा वर्गको कहिल्यै उत्थान हुँदैन । यसका अतिरिक्त श्रम र पसिना बगाउनेको भोको पेट भर्न जसको जोत उसको पोत हुनुपर्छ भन्ने क्रान्तिकारी विचार कविले कवितामा अभिव्यक्त गर्न पुगेका छन् । भूमिपति जमिन्दार र भूमिहीन बीचको खाडलको चित्रण गरिएको यस कवितामा अपहेलित, उत्पीडित आदिवासीहरूको वेदना सम्बोधन गरिएकोले शीर्षक र विषयबिच तादात्म्य सम्बन्ध देखिन्छ जसको कारण शीर्षक सार्थक बन्न पुगेको छ । कवि पहाडी र मधेसीका पीडा समान भएको भन्दै आपसमा मिलेर मुक्तिको सङ्घर्ष गर्नुपर्ने भाव व्यक्त गर्दै कवितामा यसरी प्रस्तुत हुन्छन् :

पहाडजस्तै गरिब रहेछ मधेस
मधेसजस्तै दुःखी रहेछ पहाड
उस्तै-उस्तै रहेछ तिनको कथा
कालापार जाने पहाडजस्तै
मधेस पनि जाँदो रहेछ परदेश

(इच्छुक रचनावली, भाग-२ : पृ.१६४)

यस कवितामाले पहाडी र मधेसी जनसमुदायलाई मीठो वर्गीय प्रेममा आवद्ध गरेको छ । पहाड र मधेसमा बस्ने जनसमुदायका बीच साम्प्रदायिक विद्वेष फैलाउन चाहनेहरूका लागि कविले यस कवितामार्फत् गतिलो झापड हानेका छन् ।

यस कवितामा ‘म’ पात्र वक्ता र सम्बोधकका रूपमा आएको छ । यस कवितामा दुःखी, उत्पीडित पहाडी र मधेसी समुदायको प्रतिनिधि पात्रका रूपमा भिखारीदास सदा आएको छ । साथै पहाड र मधेसका जनजाति, आदिवासी, किसान आदि पात्रहरू पनि कवितामा छन् । ‘म’ पात्र क्रान्तिकारी, परिवर्तनकामी र अटल आस्था-विश्वास बोकेको महान् योद्धा, अनुकूल तथा गतिशील पात्र हो । यस कवितामा मधेस, तराई, पहाड, परदेश, चौतारो, गाउँ, दिल्ली, पञ्जाव, कालापार आदि परिवेशको चित्रण गरिएको छ । सामाजिक रूपमा उपेक्षित समुदाय र राजनीतिक रूपमा तिरस्कृत मधेसी दलित, जनजातिका परिवेशलाई कवितामा राम्रोसँग चित्रण गरिएको पाइन्छ ।

प्रस्तुत कविता न्यूनतम २ देखि ७ शब्दसम्मका एउटा सिङ्गै अनुच्छेदमा कविता संरचित छ । एउटै अनुच्छेदभित्र पनि तीन ओटा पूर्ण विरामको प्रयोग गरिए पनि भावलाई सलल बगाइएकोले सिङ्गो कविता एउटै अनुच्छेदमा टुङ्गिएको छ । जम्मा ८५ पङ्क्तियुक्त मझौला आयाममा संरचित यस कवितामा प्रथम दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'तराईको यो शस्य-श्यामला भूमि' भन्ने अभिव्यक्तिमा अतिशयोक्ति अलङ्कार, हिमचुलीजस्तो अग्लो', पहाडजस्तै गरिब, कुम्हालेको चक्रझैं घुमेर' जस्ता अभिव्यक्तिमा उपमा अलङ्कार प्रयोग भएको देखिन्छ । 'औरही दरवार', खिडौना दरवारको तामझाम' 'उस्तै छ बेहाल दरवार', भन्ने अभिव्यक्तिमा मानवीकृत बिम्ब प्रस्तुत भएको छ । भिखारीदास सदा उत्पीडित तथा तराई-दलित, जनजातिको प्रतीकका रूपमा आएको छ । गद्यमा संरचित यस कविताको आदि, मध्य र अन्त्यमा पूर्ण तथा आंशिक अनुप्रास योजनाले कवितालाई लगात्मक, गेयात्मक र श्रुतिरम्य बनाएको छ । तत्सम्, तद्भव र आगन्तुक शब्दहरूको सुन्दर संयोजन एवम् सरल, सहज र स्वाभाविक भाषाशैलीको प्रयोगले कविता सम्प्रेष्य बनेको पाइन्छ । यसरी सन्तुलित संरचनामा आबद्ध प्रगतिवादी भावधाराको यो कविता स्तरीय बन्न पुगेको छ ।

### ५.४.४. 'शहीद' कविताको विश्लेषण

प्रस्तुत कविता **बन्दी आवाज** शीर्षकको कविता सङ्ग्रहमा सङ्ग्रहीत कविताहरूमध्ये अठ्तीसौं वा अन्तिम क्रममा रहेको कविता हो । यो कविता जनधारणा साप्ताहिक (१०:३४) मा प्रकाशन गरिएको छ । यस कवितामा महान् सहिदहरूको अर्चना गरिएको छ । देश र जनताको उन्मुक्तिका लागि आफ्नो प्राणोत्सर्ग गरेका सहिदहरूप्रति सम्झना, श्रद्धाभाव र सम्मान नै यस कविताको मूल विषयवस्तु हो । आफ्नो भौतिक शरीरको कुनै पर्वाह नगरी राष्ट्र र जनतालाई निरङ्कुशताको माखेसाङ्लाबाट मुक्त पार्न ज्यान अर्पण गरेका अमर व्यक्तिहरूका सम्झनामा लेखिएको यस कविताको शीर्षक 'शहीद' सार्थक बन्न पुगेको छ । सहिदले कोरेको मार्ग पहिल्याएर अगाडि बढ्नु पर्ने विचार व्यक्त गर्दै राष्ट्र र जनताको मुक्तिको महान् यात्रामा एक दुईजना योद्धाले बलिदान गर्न परे पनि विचलित हुन नहुने भाव अभिव्यक्त गरी क्रान्तिलाई निरन्तरता दिन जोड दिएको पाइन्छ । तारा झरे पनि, फूल ओइलिए पनि, ज्योति निभे पनि खासै त्यस्तो फरक नपर्ने तर त्यो तिमी हौ भने अर्कै कुरा हो भन्दै कविले सहिदप्रति यसरी श्रद्धाभाव प्रकट गरेका छन् :

तिमी असङ्ख्य ताराहरूमध्ये कीर्तिमय तारा 'ध्रुवतारा' हौ

तिमी असङ्ग्य फुलहरूमध्ये सुन्दर फूल लालीगुराँस हौ
तिमी असङ्ग्य ज्योतिहरूमध्ये चम्किलो ज्योति/महाज्योति हौ
प्रिय शहीद ! तिमी महान् छौ/ श्रद्धेय छौ/ अमर छौ
र युगयुग सदासर्वदा अमर रहिरहनेछौ ।

(इच्छुक रचनावली, भाग २ : पृ. २००)

प्रस्तुत कवितांशमा सहिदप्रति बाँकी केही नराखेर सम्पूर्ण रूपमा अत्यन्तै सम्मानभाव प्रकट गरिएको छ । सधैं अटल रहिरहने ध्रुवतारा, सुन्दर फूल लालीगुराँस, चम्किलो महाज्योति आदिसँगै सहिदहरूलाई तुलना गर्दै उनीहरूलाई युग-युगसम्म बाँचिरहने भनी श्रद्धाभाव व्यक्त गरिएको छ । उनीहरू सदा महान् र श्रद्धेय बन्ने भन्दै सहिदको वीरगाथा गाइएको छ ।

यस कवितामा 'म' पात्र कवि स्वयम् सम्बोधक, वक्ता र प्रेषकको रूपमा आएको छ । 'तिमी' पात्र सम्पूर्ण सहिदहरूको प्रतीक तर भौतिक रूपमा मृत एवम् शून्य पात्रका रूपमा उपस्थित छ । जनयुद्धमा सहादत प्राप्त गरेका आफ्ना सहयोद्धा प्यारा सहिदप्रति समर्पित यस कविताको नेपथ्यमा जनयुद्धकालीन परिवेशको कारुणिक चित्र पाइन्छ ।

न्यूनतम ३ देखि अधिकतम ९ शब्दसम्मका १४ पङ्क्तिको एउटै अनुच्छेदमा संरचित यो कविता लघु आयामको छ । यस कवितामा 'शहीद' मुक्तिको बिम्बका रूपमा आएको छ । 'ध्रुवतारा' अटल आस्था र निष्ठाको प्रतीक, 'लालीगुराँस' क्रान्ति र सुन्दरताको प्रतीक र 'महाज्योति' वीरता, साहस र सुनौलो भविष्यको प्रतीकका रूपमा प्रयोग भएका छन् । "क्रान्तिमय 'ध्रुवतारा'", 'सुन्दर फूल लालीगुराँस', 'चम्किलो ज्योति' भन्ने अभिव्यक्तिमा रूपक, अतिशयोक्ति र दृष्टान्त अलङ्कारहरूको अभेद्य रूप प्रयोग भएको छ ।

कवितामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । कविता गद्यमा संरचित भएपनि आदि, मध्य र अन्त्यमा पूर्ण तथा आंशिक अनुप्रास योजनाले कविता लयात्मक, गेयात्मक र श्रुतिमधुर बन्न पुगेको छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको सुन्दर संयोजनमा सरल, सहज एवम् स्वाभाविक भाषाशैलीको प्रयोगले कविता सम्प्रेष्य बनेको छ । यसरी सहिदप्रति सम्मानभाव प्रकट गरिएको यो कविता क्रान्तिकारी एवम् मुक्तिकामी योद्धाहरूलाई उर्जा प्रदान गर्ने प्रगतिवादी भावधाराको स्तरीय कविता बन्न पुगेको छ ।

## ५.५. 'आरम्भिक कविता' कविता सङ्ग्रहको परिचय र यसमा सङ्गृहीत कविताहरूको विश्लेषण :

'इच्छुक' ले आफ्नो कविता लेखनको प्रारम्भिक अवस्थामा लेखेका कविताहरूलाई समेटेर **इच्छुक रचनावली भाग-२** (२०६५) मा **आरम्भिक कविता** शीर्षकको यो कविता सङ्ग्रह प्रकाशित गरिएको छ । २०३२ सालदेखि २०४५ सालसम्म विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका तर उनको पहिलो कविता सङ्ग्रह **इतिहासको यस घडीमा** (२०५६) मा नपरेका १० कविताहरू यसमा सङ्ग्रहीत छन् । इच्छुक सांस्कृतिक प्रतिष्ठानले उनका फुटकर कविताहरूलाई खोजेर उनको कवितायात्राको प्रथम चरणमा लेखिएका यी कविताहरूलाई सङ्ग्रहको रूपमा प्रस्तुत गरेको हो । यस सङ्ग्रहका कविताहरू सम्पूर्ण रूपमा परिपक्व छैनन् । यस सङ्ग्रहका अधिकांश कविता तानाशाही पञ्चायती व्यवस्थाको विरूद्धका स्वरहरूले भरिएका छन् । उनको प्रथम प्रकाशित कविता 'भोलिप्रति' देखि उनले औपचारिक कविता यात्राको थालनी भएको मानिन्छ । 'भोलिप्रति' कविता यसै सङ्ग्रहको पहिलो क्रममा सङ्ग्रहीत छ । यस सङ्ग्रहभित्र बन्दी अवस्थामा लेखिएका 'पर्खालभित्रबाट तिमीलाई सम्झँदा' र 'बेन्जामिन मोलाइसको फाँसीमा' गरी दुई वटा कविताहरू र अन्य ८ कविताहरू खुल्ला जीवनमै रचना गरिएका छन् ।

कविले निम्न वर्गीय गरीब जनताको ब्यथा र सुस्केरालाई कवितामा ज्यूँकात्यूँ उठाएका छन् । सहयोद्धाहरूलाई वीरता, साहस प्रदर्शन गर्दै अघि बढ्न आग्रह गर्नुका अतिरिक्त अन्तर्राष्ट्रिय वर्गीय पात्र बेन्जामिनसम्म पनि कवि भावढुङ्गा चढेर विचरण गर्न भ्याएका छन् । वर्गसङ्घर्ष नै यस सङ्ग्रहको कविताका मूलसार हो । कविले सहयोद्धाप्रति देखाएको श्रद्धाभावले न्यायप्रेमी जनतालाई अन्याय, अत्याचार, दमन, शोषण आदिका विरूद्ध डटेर तिनको सामना गर्न आग्रह अनुरोध गरेका छन् । यसरी उपेक्षित र उत्पीडित जनता नतातेसम्म सुन्दर/स्वर्णिम बिहानी नउदाउने भाव कविले व्यक्त गरेको पाइन्छ ।

समाजमा व्याप्त कुप्रथा, कुसंस्कार एवम् वर्गीय विभेद र विभेदकारी नीतिका जाँतामा निमुखा जनता पिँधिएको, सामन्तवर्गको उत्पीडनमा छटपटिएका जनताप्रति कविले सहानुभूति पोखेका छन् र तिनै पीडित जनतालाई विद्रोहका लागि आह्वान समेत गरेका छन् । मूल रूपमा राजनीतिक व्यवस्था र त्यसकै पृष्ठभूमिमा हुर्केको सामाजिक विकृति, विसङ्गति,

अन्याय-अत्याचार, शोषण-दमन, नारी हकहीत-अधिकार, अन्तर्राष्ट्रिय परिवेश आदिलाई यस सङ्ग्रहका कविताहरूको विषयवस्तु बनाइएको छ । यस सङ्ग्रहभित्र निम्नानुसारका कविताहरू रहेका छन् : (१) 'भोलिप्रति', (२) 'एउटा लाहुरेको घर फर्कने अठोट', (३) 'नयाँ साल, समयको हस्ताक्षर', (४) 'शुभकामना', (५) 'मेरो पश्चातापपछिका केही सुस्केराहरू', (६) 'हामी विश्वस्त छौं', (७) 'बाध्यता', (८) 'तिमी', (९) 'बेन्जामिन मोलाइसको फाँसीमा' र (१०) 'पर्खालभित्रबाट तिमीलाई सम्झँदा' ।

उपर्युक्त सबै कविताहरू एकै आयामका छैनन् । शीर्षकलाई मात्र हेर्दा पनि 'तिमी' जस्तो २ अक्षरात्मक १ शब्ददेखि 'मेरा पश्चातप्प्रतिका केही सुस्केराहरू' जस्तो १६ अक्षरात्मक ४ पदका शीर्षकहरू पाइन्छन् भने न्यूनतम १ देखि अधिकतम ९ शब्दसम्मका ६ पङ्क्तिदेखि ५४ पङ्क्तिसम्मका कविताहरू संरचित छन् । सबभन्दा लघुआयामको कविता 'वाध्यता' हो भने सङ्ग्रहभित्रको लामो तर समष्टिमा मध्यम आयामको कविता 'पर्खालभित्रबाट तिमीलाई सम्झँदा' हो । दीर्घ आयामका कविता यसमा छैनन् । 'भोलिप्रति', 'बेन्जामिन मोलाइसको फाँसीमा' र 'पर्खालभित्रबाट तिमीलाई सम्झँदा', बाहेक अन्य सातवटा कविताहरू एकै अनुच्छेदमा लेखिएका छन् । सङ्ग्रहका कविताहरूमा सम्बोधनात्मक, विवरणात्मक र वर्णनात्मक शैलीको प्रयोग पाइन्छ । प्रथम, द्वितीय, र तृतीय पुरुष दृष्टिविन्दु प्रयुक्त सबै कविताहरू मुक्त छन्दमा रचिएका छन् । बिम्ब, प्रतीक र अलङ्कारको सुन्दर प्रयोगले विचार र भावबीच समन्वय गरेको पाइन्छ । लक्षणा र व्यञ्जना शब्दशक्तिको प्रयोग गरिएका कविताहरूले तात्कालिक शासक र व्यवस्थाको विकृति र विसङगतिप्रति तीखो व्यङ्ग्य प्रहार गरेका छन् । पञ्चायतकालीन राजनीतिक परिवेशमा रचना गरिएका उनका यस सङ्ग्रहका कविताहरूमा प्रयुक्त सरल, सहज र सुबोध्य भाषाशैली यस सङ्ग्रहको विशेषता हो ।

'इच्छुक' का यस कविता सङ्ग्रहका कविताहरूमध्येबाट प्रतिनिधिमूलक रूपमा उनको प्रथम प्रकाशित कविता 'भोलिप्रति' र यस सङ्ग्रहको लामो कविता 'पर्खालभित्रबाट तिमीलाई सम्झँदा' गरी दुईवटा कविताको विश्लेषण गरिएको छ :

### ५.५.१. 'भोलिप्रति' कविताको विश्लेषण

प्रस्तुत कविता **आरम्भिक कविता** शीर्षकको सङ्ग्रहमा सङ्ग्रहित २०३२ सालमा मातृभूमि साप्ताहिक (९:२७) मा प्रकाशित 'इच्छुक' को पहिलो प्रकाशित कृति हो । यस कवितामा भविष्यको सुनौलो आशा र भरोसालाई मुख्य विषयवस्तु बनाइएको छ । भोलिप्रति

आश्वस्त हुँदै संसार विजय गर्ने शक्तिका रूपमा क्रान्ति र विद्रोहलाई लिइएको छ । तात्कालिक पञ्चायती निरंकुश सरकारले जनताका मौलिक हक अधिकारहरू खोसिदिएको अवस्थामा सबै जनता एकजुट भएर लाग्ने हो भने जस्तै काला कानुन पनि फेर्न सकिन्छ भन्दै जनतालाई अन्याय, अत्याचार, दमन र शोषणका विरूद्ध लड्न आह्वान गरिएको छ । भोलिको उज्यालो जीवनको आशा गरेर लेखिएको यस कविताको शीर्षक सार्थक बन्न पुगेको छ । कविले समाजका सचेतवर्गलाई भोलिका निम्ति उदाहरणीय काम गर्नका लागि यसरी आह्वान गरेका छन् ।

हामी निर्माण-गीत हौं भोलिका
हामीले आफूलाई पहिले चिनिदिनुपर्छ
'म', 'तिमी', 'यिनी' बनौं समस्तका एक रूप हामी
यहाँ जिउँदो भएर बाँचिदिनुपर्छ
आँधी र तुफानले हुङकारिरहेको जिन्दगीको सङ्ग्राममा
कदम-कदम अघि बढाउदै लगी हाँसि दिनुपर्छ ।
(इच्छुक रचनावली, भाग-२ : पृ. २०६)

प्रस्तुत कवितामा भोलिको आशा बोकेको 'म' पात्र वक्ता, सम्बोधक र प्रेषक बनी प्रमुख पात्रका रूपमा उभिएको छ । उसकै केन्द्रीयतामा 'तिमी' र 'यिनी' जस्ता गौण पात्र आएका छन् भने 'हामी' सम्बोधित र सहायक पात्रका रूपमा आएका छन् । 'म' पात्र भोलिको निम्ति लडने गतिशील, अनुकूल र क्रान्तिकारी पात्र हो । २०३२ सालको पञ्चायतकालीन राजनितिक अवस्था र स्वणिर्म भविष्यप्रतिको पूर्ण आशावादिता प्रमुख परिवेशका रूपमा यस कवितामा चित्रण गरिएको पाइन्छ ।

न्यूनतम ३ देखि अधिकतम ९ शब्दसम्मका १० र १७ का पङ्क्तिक्रमका दुई अनुच्छेदमा संरचित यो कविता मझौला आयामको छ र प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको छ । 'नगाएकै गीतले मलाई यति सारै लठ्ठ पार्छ जस्ता अभिव्यक्रिमा विरोधभास, 'यही हो पत्थरका चट्टान हामी' भन्ने अभिव्यक्तिमा अतिशयोक्ति अलङ्कार प्रयोग भएका छन् । यस बाहेक अप्रस्तुत प्रशंसा अलङ्कारको पनि प्रयोग भएको छ । 'भोलि', 'आशा', 'भरोसा' आदिमा विश्वास र परिर्वतनका सङ्केतहरू आएका छन् । 'म' 'हामी', 'तिमी', 'यिनी' क्रान्तिकारी र परिवर्तनकामी योद्धाका सङ्केतका रूपमा आएका छन् । पङ्क्तिको आदि, मध्य र अन्त्यमा

प्रयुक्त अनुप्रासले कवितालाई लयात्मक, गेयात्मक र श्रुतिमोहक बनाएको छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको सुन्दर संयोजन र सरल, सरस र सहज स्वभाविक भाषाशैलीको प्रयोगले कविता सुबोध्य बनेको छ । यसरी सन्तुलित संरचनामा रचित कविता क्रान्तिकारी चेतनायुक्त प्रगतिवादी भावधाराको स्तरीय कविता हो ।

### ५.५.२. 'पर्खालभित्रबाट तिमीलाई सम्झँदा' कविताको विश्लेषण

प्रस्तुत कविता **आरम्भिक कविता** कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमध्ये अन्तिम वा दसौं क्रममा रहेको छ । २०४३ सालमा कारागारभित्र बन्दी जीवन बिताउँदा लेखिएको यो कविता मधुमास साहित्यिक त्रैमासिक (४:११/१२) को २०४३ चैत्र अङ्कमा प्रकाशित भएको छ । यस कवितामा जेलको बन्द पर्खालभित्रबाट अबिचल रूपमा अघि बढिरहेका मुक्ति योद्धालाई सम्झना गरिएको छ । आँधी, हुरी र बेहरीका बाबजुद पनि आइपर्ने अनेकौं चुनौतीका पर्खालहरू नाघ्दै मुक्तिमार्गमा अघि बढिरहेका सहयोद्धाप्रति उसको वीरता साहस र उच्च स्वाभिमानको प्रशंसा एवम् आफू पञ्चायती निरङ्कुश एकदलीय व्यवस्थाको विरूद्ध आवाज उठाउँदा र बहुदलीय व्यवस्थाका पक्षमा बोल्दा जीवन बिताउनु परे पनि सहयोद्धाबाट मुक्तिको सपना साकार हुने अपेक्षा यस कविताका मूल विषयवस्तु हुन् । बन्दी अवस्थामा सहयोद्धाका वीरता, साहस, क्रान्तिकारिता र स्वाभिमानको सम्झनामा डुबेर लेखिएको यस कविताको शीर्षक 'पर्खालभित्रबाट तिमीलाई सम्झँदा' सार्थक बन्न पुगेको छ । 'तिमी' अर्थात् मुक्तिको सुनौलो आशा बोकेर क्रान्तिमा लागेका सहयोद्धालाई सम्बोधन गरी लेखिएको कविताले आफ्नो अत्मविश्वासलाई अर्थपूर्ण गौरवपूर्ण र आशामा टिकाएको कुरा प्रस्तुत कवितामाअभिव्यक्त भएको पाइन्छ । कविले सहयोद्धाका वीरतापूर्ण कार्यको यस्तो अनुभव गरेको पाइन्छ :

पर्खालभित्रबाट तिमीलाई सम्झँदा
मैले आफूभित्र नौलो र निर्भीक मान्छे भेट्टाएको छु
तिम्रा आँखाको भरभराउँदो आगोको तातो लप्का
मैले मेरा आँखामा साट्दै गएको अनुभव गरेको छु ।

(इच्छुक रचनावली, भाग २ : पृ. २१७/२१८)

प्रस्तुत कवितामा 'म' पात्र प्रेषक, वक्ता र सम्बोधक पात्रका रूपमा उपस्थित भएको छ । त्यसकै केन्द्रीयतामा 'तिमी' पात्र सम्बोधित, क्रान्तिकारी, वीर र मुक्तिकामी पात्रका

रूपमा देखा परेको छ । 'म' पात्र कारागारको बन्दपर्खालभित्र रहे पनि अविचलित, नीडर र आशावादी पात्र हो भने 'तिमी' पात्र मुक्तियात्रामा लागेका गतिशील पात्र हो । कारागारको बन्द पर्खाल एवम् २०४३ सालको पञ्चायती राजनीतिक परिवेशको चित्रण यस कवितामा गरिएको पाइन्छ ।

न्युनतम २ देखि अधिकतम् ९ शब्दसम्मका २९, ११ र १४ का पङ्क्तिक्रममा रहेका ३ अनुच्छेदयुक्त जम्मा ५४ पङ्क्तिमा संरचित यो सङ्ग्रहकै लामो तर समष्टिमा मझौला आयामको कविता हो । प्रथम दृष्टिविन्दुको प्रयोग गरिएको यस कवितामा कविको आत्मानुभूति सघन रूपमा आएको छ । छिट्टै मुक्तिको दिन आउने आशामा आस्थाका शैशवहरू बचाइराखेको अभिव्यक्ति कविले दिएका छन् । सिङ्गो क्रान्ति नै बिम्बका रूपमा प्रयोग गरिएको छ । 'आखाँभित्र आगो बलिरहेको देख्छु', 'आँखाको झर्झराउँदो आगोको तातो लप्का' जस्ता अभिव्यक्तिमा अतिशयोक्ति अलङ्कारको प्रयोग भएका छन् । 'एउटा स्निग्ध बिहान मेरै अघि झुल्किरहेझैं लाग्छ', एउटा गतिमान नदी मेरै अघि बगिरहेझैं लाग्छ' जस्ता अभिव्यक्तिमा उपमा अलङ्कारको प्रयोग भएका छन् । साथै यसवाहेक रूपक, सन्देह आदि अलङ्कारहरूले कविताको सौन्दर्य बढाएको छ । कविता गद्यमा लेखिएको भए पनि आदि, मध्ये र अन्त्यमा पूर्ण तथा आंशिक अनुप्रासको प्रयोगले कविता लयात्मक, गेयात्मक र श्रुतिमोहक बन्न पुगेको छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको सुन्दर संयोजन तथा सरल, सरस र स्वाभाविक भाषाशैलीको प्रयोगले यो कविता सम्प्रेष्य बनेको छ । यसरी सन्तुलित संरचना र प्रगतिवादी भावधाराको यो कविता स्तरीय बन्न पुगेको छ ।

## ५.६. निष्कर्ष

इच्छुक रचनावली भाग २ मा सङ्कलित **इतिहासको यस घडीमा, बन्दी आवाज** र **आरम्भिक कविता** कविता सङ्ग्रहमा सङ्ग्रहीत कविताहरूलाई अध्ययन र विश्लेषण गरिसकेपछि निष्कर्षमा यो सङ्ग्रहभित्रका कविता धेरै लामा वा धेरै छोटा नभएर मझौला आयाममा आबद्ध छन् । उनका कविता छोटामा छ पङ्क्तिदेखि लामामा १७६ पङ्क्तिसम्म विस्तारित छन् र १ पङ्क्तिपुञ्जदेखि १२ पङ्क्तिपुञ्ज (अनुच्छेद) सम्म फैलिएका छन् ।

उनका कविताको साङ्गठानिक व्यवस्थापनमा आदि, मध्य र अन्त्यमा राम्रो समन्वय भएको पाइन्छ । उनका कविता सुरूमा चिनारी, मध्यमा समस्या र अन्त्यमा निष्कर्षको रूपमा आएका छन् । कविताको अध्ययन गर्दै जाँदा स्थान, घटना, परिवेश आदि देखापर्दै जान्छन् ।

उनका कविताको मूल भावका रूपमा वर्गसङ्घर्ष, क्रान्तिचेत, जनयुद्ध र समाजबोधको पृष्ठभूमिसँगै भोलिप्रतिको आशावादिता देखा परेको छ । यसका अतिरिक्त सामन्तवादी सोच र राजनीतिक खिचातानीले निम्त्याएको द्वन्द्वात्मक अस्थिरता, अनि निम्नवर्गका जनताले भोग्नु परेका पीडा, छटपटी, अन्याय, अत्याचार, दमन, शोषण, सामाजिक विकृति, विसङ्गति, अशिक्षा, गरिबी, आर्थिक पछौटेपन, देशभक्त तथा राष्ट्रवादी नागरिकहरूको हत्या, हजारौं नागरिकहरू घरवारबिहीन हुनुपर्ने वाध्यकारी अवस्था, तानाशाही व्यवस्था र ती व्यवस्थाका हिमायती सरकारको चरम दमन, नारी शोषण, निरङ्कुश सरकार र निरीह जनता आदिलाई मूल विषयवस्तु बनाई उपर्युक्त समस्या समाधान गर्ने उपायसँगै स्वर्णिम भविष्य प्राप्तिको उत्कट चाहना लिएर निर्भीकताका साथ सङ्घर्षको मैदानमा पङ्क्तिवद्ध भएर जुट्न आह्वान गरेका छन् । उनले आफ्ना कविताहरूमा समाजमा व्याप्त सबैखाले विकृतिको अन्त्य हुनुपर्छ भन्ने क्रान्तिकारी भावनालाई प्रमुखताका साथ अगाडि सारेका छन् । राज्य दमनको प्रतिकार गर्दै क्रान्ति सफल हुने आशावादी स्वर उनका हरेक कवितामा व्यक्त भएको पाइन्छ ।

कवितामा कविले राजनीतिक, सामाजिक, अभाव, गरिबी, अशिक्षा, हत्याहिंसा, दमन-शोषण लगायतका जनताको दूरावस्थालाई मुख्य परिवेश बनाएका छन् । स्थान, समय र घटनालाई पनि कवितामा परिवेशका रूपमा चित्रण गरेको पाइन्छ । बन्द कारागार, त्यहाँको यातना एवम् जनयुद्धका विविध परिघटना परिवेशका रूपमा कवितामा आएका छन् । दुःखद परिवेशमा निराश हुनुपर्ने बाध्यतालाई चित्रण गर्दै अन्याय, अत्याचार, दमन, शोषणका विरूद्ध भीषण क्रान्ति गरी साम्यवादी राज्यसत्ता, समतामूलक समाज निर्माण गर्नुपर्ने क्रान्तिकारी एवम् प्रगतिवादी विचार व्यक्त भएको छ ।

उनका धेरैजसो कवितामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ भने केही कवितामा द्वितीय र तृतीय पुरुष दृष्टिविन्दुको पनि प्रयोग भएको देखिन्छ । समाजमा व्याप्त विकृति, विसङ्गति, अन्याय, अत्याचार, दमन, शोषण, असमानता आदिको अन्त्य गरी साम्यवादी राज्यसत्ता र समतामूलक समाजको निर्माण गर्नु उनका कविताहरूको मुख्य ध्येय रहेको पाइन्छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको सन्तुलित संयोजन तथा सरल, सहज र स्वाभाविक भाषाशैलीको प्रयोगले सुसज्जित ‘इच्छुक’का कविता सम्प्रेष्य र स्तरीय बन्न पुगेको पाइन्छ ।

# छैठौं-परिच्छेद

## 'इच्छुक'का काव्यकृतिमा क्रान्तिचेत

### ६.१. क्रान्ति

भइरहेको स्थिति वा शासन व्यवस्था वा कुनै प्रकारको अधिकारको परिवर्तनलाई उद्देश्य गरेर गरिने जन प्रयास, विप्लव, विद्रोह, विद्रोहबाट भएको परिवर्तन क्रान्ति हो । (शर्म्मा 'नेपाल', २०६१:३०१)

एरिष्टोटल भन्नुहुन्छ - "क्रान्ति सानो कुरा होइन तर त्यो सानै कुराबाट सुरू हुन्छ (प्रधान, २०६६ : २०)"

कार्लमार्क्स भन्नुहुन्छ - "जब राजगद्दीले प्रतिक्रान्ति गर्छ, जनताले क्रान्तिद्वारा यसको जवाफ दिने अधिकार राख्छन् । (ऐ.) ।"

चे ग्वेभारा भन्नुहुन्छ - "असल क्रान्तिकारीको रूपमा हुर्क, सम्भिmराख महत्वपूर्ण कुरा भनेको क्रान्ति हो (ऐ) ।"

ओशो भन्नुहुन्छ - "क्रान्ति सजिलो कुरा होइन, यसका लागि विचार बलियो बनाउनुपर्छ, बुद्धिमा नयाँ उज्यालो थप्नुपर्छ, अवस्थाबारे गम्भीर भएर सोच्नुपर्छ र योजना बनाउनुपर्छ (ऐ.) ।"

उपर्युक्त क्रान्तिको अर्थ र महान् व्यक्तित्वहरूका क्रान्तिसम्बन्धी अभिव्यक्तिहरूबाट क्रान्ति भन्नाले यथास्थिति वा मूलरूपमा जनविरोधी शासन व्यवस्थालाई पूर्ण रूपमा परिवर्तन गर्ने उद्देश्य राख्ने जन विद्रोहलाई इङ्गित गर्दछ । यसरी व्यवस्थालाई नै परिवर्तन गर्ने भएकोले क्रान्तिलाई ज्यादै महत्वको कुरा मानिने र यसले समाजमा दूरगामी प्रभाव राख्दछ भन्ने कुरा प्रष्ट हुन्छ । क्रान्ति गर्ने समय सान्दर्भिकता माथि जोड दिँदै कार्लमार्क्सले अधिकार खोसिएका शोषित-पीडित जनताहरू नै क्रान्तिका बाहक हुने कुरा प्रष्ट पारेका छन् । उनले सत्ता वा गद्दीमा आसिनहरूले प्रतिक्रान्ति गर्दा जनताहरूले आफ्नो अधिकार बहालीका लागि दिने जवाफलाई क्रान्ति भनी क्रान्तिको अर्थ खुलाएकाले पनि क्रान्ति भन्नाले शासनसत्ता परिवर्तन गर्ने मुख्य जनबल वा जनदबाब हो ।

दार्शनिक विचारक ओशोको अर्थमा क्रान्ति सजिलो कुरा होइन । विचारबिनाको क्रान्ति मित्थ्या हुन्छ भन्दै क्रान्तिलाई विचारले इस्पातिलो पार्ने कुरामाथि जोड दिएका छन् ।

क्रान्ति असहज परिस्थितिको उपज हो । यसका लागि समय तोकेर वा नियोजित हुन्छ भन्ने छैन । कवि गोपाल प्रसाद रिमालले भनेझैं यो एक जुगमा एक दिन एक चोटि आउने कुरा हो । क्रान्ति जबर्जस्त रूपमा शासनसत्ता परिवर्तन गर्ने जनविद्रोह भएकाले अवश्य पनि क्रान्ति शान्तिपूर्ण हुन सक्दैन । शान्तिपूर्ण आन्दोलनलाई असफल बनाई जनताका अधिकारलाई यथावत कुण्ठित बनाइ राख्ने हुनाले दमनका प्रतिरोधमा त्यो आन्दोलन हिंसात्मक हुनजान्छ तर आन्दोलन वा क्रान्ति सुसम्बद्ध परिष्कृत विचारले निर्देशित छ भने पूर्णतः सफल हुन्छ । निष्कर्षमा भन्नुपर्दा क्रान्तिले जबर्जस्त परिवर्तनको भावना बहन गर्छ । क्रान्ति भनेको जनविद्रोहको रूप हो । क्रान्तिको सफलतासँगै नयाँ युगको थालनी हुन्छ । अतः जनभावना विपरित चल्ने शासन व्यवस्था र शासकहरूका अगाडि क्रान्ति एक अनिवार्य सामाजिक, आर्थिक लगायत राजनीतिक उथलपुथलको विषय हो ।

## ६.२. क्रान्तिचेत

क्रान्ति र चेत (चेतना) शब्दको सम्मिलनबाट क्रन्तिचेत शब्दको व्युत्पत्ति भएको छ । सामाजिक चेतनाका कुनै पनि रूपहरू निवर्गीय हुन सक्दैनन् । मानव समाज नै वर्गीय छ । अतः यस वर्गीय समाजमा सामाजिक चेतनाका रूपहरू पनि वर्गीय नै हुने गर्दछन् । त्यही समाजमा सिर्जना भएका कलासाहित्य पनि वर्गीय नै हुन्छन् । कला साहित्यले बहन गरेको वर्गीयताको कुरा गर्दा त्यसको सन्दर्भ प्रगतिवादी साहित्यसँग जोडिएको हुन्छ र प्रगतिवादी कविताको सन्दर्भ कवि 'इच्छुक'का काव्य-कवितासँग स्वतः जोडिन्छ किनभने उनका काव्य-कविताले सर्वहारावर्ग तथा श्रमजीवी वर्गीय पक्षधरतालाई अङ्गालेका छन् जुन प्रगतिवादी काव्य-कविताले अँगाल्ने वर्गीय पक्षधरता हो ।

जीवनभर श्रमगर्दा पनि एक गाँस, एक जिउ ओत राख्ने बास र एक आङ् ढाक्ने कपासको अभावमा तड्पिएरै मृत्युका मुखसम्म पुग्नु पर्ने सामाजिक, आर्थिक र राजनीतिक व्यवस्थाप्रति कठोर आलोचना, निन्दा र आक्रोश व्यक्त गर्दै नयाँ, सुन्दर र समानतापूर्ण न्यायिक समाजको निर्माणका लागि जनमत सिर्जना गर्नु प्रगतिवादी कविताको मूल ध्येय हुन्छ जुन ध्येयलाई 'इच्छुक' का काव्य /कविताहरूले न्याय गरेका छन् ।

प्रगतिवादी कवितामा समाजका कुरूप पक्षको विरोधी भावव्यक्त हुनाका अतिरिक्त कुरूप ठाँउमा सुन्दर, विसङ्गतिका ठाँउका सङगति, असत्यको ठाँउमा सत्य र अन्यायको ठाँउमा न्यायको सन्देश र तिनको प्राप्तिका खातिर विद्रोह, सङ्घर्ष, क्रान्ति, ध्वंस र निर्माणको

आवाजलाई सशक्त रूपमा अभिव्यक्त गरेको पाइन्छ । यही भावनामा आधारित प्रगतिवादी कविताभित्र 'क्रान्तिचेत' भेट्टाउन सकिन्छ । 'क्रान्ति' शब्द वा घटनाले जबर्जस्त परिर्वतनको भाव बहन गरेकैले मानव मनमा सामाजिक यर्थाथ र परिघटनाहरूले पारेको प्रभाव र त्यसलाई कठोरतापूर्वक बदल्ने तथा न्यायसङ्गत समाजको निर्माण गर्ने उत्कट अभिलाषा उत्पन्न गराउने 'क्रान्तिचेत' हो । क्रान्तिचेत यो आफैंमा एक विद्रोही, सङ्घर्षशील र आमूल परिर्वतनकारी चेतना भएकाले कुरूप समाज रूपान्तरण गर्ने महान् र उदात्त भावनाले अभिप्रेरित विचार र कलात्मक अभिव्यक्तिको समीकरणबाट मात्र क्रान्तिचेतनामूलक कलासाहित्य वा काव्यकविताको सिर्जना हुने गर्दछ र क्रान्तिचेतनालाई प्रगतिवादी कलासाहित्य तथा काव्यकविताकै एउटा सशक्त प्रधान पक्षका रूपमा स्विकारिन्छ ।

## ६.३. 'इच्छुक' का काव्यकृतिमा क्रान्तिचेत

कवि कृष्ण सेन 'इच्छुक' का कृतिहरूको रचना कालका आधारमा हेर्दा २०३२ सालदेखि सिर्जना गरिएका कविताहरूले निरङ्कुश एकदलीय पञ्चायती शासन सत्ता र २०४६ को परिवर्तनसँगै मौलाएको बहुदलीय शासन सत्ताको विकृति, विसङ्गतिप्रति घृणा र वितृष्णा एवम् नौलो जनवादी शासन सत्ताप्रतिको अटल आस्था र विश्वास पाइन्छ । यस कुरालाई निम्नानुसार विभिन्न विद्वान् समालोचक एवम् सौन्दर्यशास्त्रीहरूले दिएका अभिव्यक्तिहरूले पुष्टि गर्दछन् ।

"वर्गसङ्घर्षमा दृढता र आनन्दानुभूति गर्ने अन्तर्सङ्घर्षमा हमेसा क्रन्तिकारी धारको पक्षपोषण गर्ने तथा दायाँ वा बायाँ विचलनको शिकार हुन खोज्ने कमरेडहरू लाई धैर्यतापूर्वक सम्झाउने बुझाउने प्रवृत्ति क. सेनका अविष्मरणीय विशेषता हुन् । विचार निर्माणमा वैयक्तिक योगदानबिना उपयुक्त गुणहरूको विकास सम्भव नै हुँदैन । उनलाई एक सर्वहारावादी क्रान्तिकारी योद्धा, सर्जक र एक महान् सहिदका रूपमा युगले सम्झने छ भने मैले निरन्तर क्रान्तिको दिशामा अघि बढ्ने प्रेरणा स्रोतका रूपमा लिएको छु (प्रचण्ड, २०६५: पृ. ११)"

"नेपाली जनसमुदायका सामन्तवाद, साम्राज्यवाद र विस्तारवादसितका लामो समयदेखि चल्दै आएका अन्तर्विरोधहरू, नवीन र पुरातन शक्तिबिचका सङ्घर्षहरू, अग्रगामी वर्ग र पश्चगामी शक्तिहरूबिचका वर्गसङ्घर्ष सहित महान् जनयुद्धद्वारा उद्घाटित नयाँ यथार्थलाई कलात्मक ढङ्गले प्रतिबिम्बित गर्ने र यथार्थलाई बदल्दै नयाँ समाजको

निमार्ण गर्ने कार्यमा इच्छुकका रचनाहरू निकै बेजोड रहेका छन् ।" (चैतन्य, इच्छुक स्मृतिग्रन्थ, पृ. ५३/५४)

"समाजको क्रान्तिकारी रूपान्तरण, न्याय, समानता र परिवर्तन एवम् विश्वभरका उत्पीडित जाति र जनजाति, वर्ग र राष्ट्रहरूको मुक्ति आन्दोलनहरूका पक्षमा उनको कलम चलेको छ । प्रतिक्रियावादी सत्ताका अगाडि उहाँ कहिल्यै झुक्नुभएन र उहाँको कलम कहिल्यै रोकिएन ।" (पोखरेल, नौलो विहानी, ११:१, पृ. १२४)

"कृष्णसेन 'इच्छुक'एक क्रान्तिकारी कवि हुनाका साथै उहाँका कवितामा यर्थाथ जीवनका विविध चित्रणहरू पाइन्छन् । उहाँ परिवर्तनको सपना देख्नु हुन्छ ।" (पूर्ण विराम, नौलो विहानी, ११:१, पृ. १२५)

"कवि कृष्णसेन 'इच्छुक' जनताका कोमल कवि हुनुहुन्छ । उहाँका कविताहरूमा क्रान्तिकारी रोमान्स र गतिशील यर्थाथको संयोग पाइन्छ । उहाँका कविताहरूमा युगीन आवाज र घटनाहरू प्रतिको सचेतना र क्रान्तिकारी प्रभाववाद पाइन्छ ।" (ढकाल, नौलो विहानी, ११:१, पृ. १२५)

"कृष्णसेन 'इच्छुक' यथास्थितिवाद विरोधी जनगणतान्त्रिक चेतनाका संवेदनशील कवि हुन् । लयात्मक, संवेदनशीलता र वैचारिक प्रखरताको त्रिवेणी सङ्गम 'इच्छुक' को कवित्वको पहिचान हो । यसै पहिचानले उनलाई समकालीन प्रगतिवादी कित्तामा उही मूल्यका तर बेग्लै पहिचानका कविका रूपमा स्थापित गरेको छ । समकालीन वर्गसङ्घर्षमा उनी जनविरोधी शक्तिका विपक्षमा उभिन्छन् र उत्पीडित जनताको सङ्घर्ष र समाज रूपान्तरणको अनन्य चाहनालाई कविताको वाणी दिन्छन् ।" (पाण्डेय, नौलो विहानी, ११:१, पृ. १२५)

"सेन समकालीन प्रगतिवादी स्रष्टा हुन् । क्रान्तिका गायक कवि हुन् । युगचेतनाको सञ्चार कविताबाट गर्न चाहने, विचार, निष्ठा र आन्दोलनका कवि हुन् । वर्गचेतना, वर्गप्रेम, वर्गघृणा र वर्गमुक्तिको शास्वत् अभिव्यक्ति सेनका कविताको विशिष्टता हो ।" (ज्ञवाली, इच्छुक स्मृतिग्रन्थ, पृ. ८१)

"सेनका कविता वर्गसङ्घर्षको भट्टीबाट निस्किएका झर्झराउँदा आगोका फिलिङ्गाहरू हुन्, जहाँ विद्रोह र मानवमुक्तिका सुन्दर स्वप्नहरू अनुभूति गर्न सकिन्छ ।" (गिरी, नौलो विहानी, ११:१, पृ. १३९)

"'इच्छुक' को जीवन सधै सामाजिक परिर्वतन, वर्गविद्रोह, क्रान्तिचेतका स्वरमा गुन्जिने सङ्घर्षको गीतका रूपमा अभिव्यक्त भएको छ । रचनाले वर्गसङ्घर्षमा होमिएका सहिदको रगत र आस्थाको प्रतिनिधित्व गरेका छन् । इच्छुकको लक्ष्य महान् साम्यवादी थियो ।" (सुवेदी, नौलो विहानी, ११:१, पृ. १४१/१४२)

"उपर्युक्त विद्वान् , साहित्यकार एवम् समालोचकहरूका अभिव्यक्तिबाट 'इच्छुक'का काव्य-कवितामा क्रान्तिचेत घनीभूत रूपमा छाएको कुरा प्रष्ट हुन्छ । उनका काव्य कवितामा देखा परेका क्रान्तिचेतलाई विधागत कृतिका परिधिमा रहेर संक्षिप्त रूपमा निम्नानुसार हेर्न सकिन्छ ।

### ६.३.१ 'शोकाञ्जलि' शोककाव्य : करुणा र विद्रोह मिश्रित लघुकाव्य

कवि 'इच्छुक' का प्रियमित्र मित्रमणि आचार्यको नृशंस हत्याद्वारा भावविह्वल कवि सेन काव्यको आदि भागदेखि नै शोकाकुल देखिन्छन् । कवि र काव्यनायक बिच वैचारिक घनिष्ठ सम्बन्ध भएकाले मित्रवियोगमा कवि बढी व्यथित देखिएका छन् । तीन खण्डमा विभक्त **शोकाञ्जलि** को केन्द्रीय कथ्य आत्मीय मित्रको वियोगपूर्ण पीडा, खेद र विद्रोहको बोध हो ।

कविले जनमुक्ति यात्राका लालयोद्धाका वियोगमा शोकाकुल हुँदै कालो बादल, चिसो हावा र निलो पहाडलाई क्रमशः फाट्न, बग्न र भास्सिन गरेको अनुरोधले एकातिर कविको निराशा भावले वर्गशत्रु खुशी हुनसक्नेतर्फ सङ्केत गर्दछ भने अर्कातिर आँसु रगतमा, शोक शक्तिमा र पीडा प्रतिशोधमा परिवर्तन हुने कुरा औंल्याउदै उनले काव्यमा सामाजिक जीवनको साङ्घर्षिक यथार्थ र वास्तविकतालाई आत्मीकरण गर्न पुगेको पाइन्छ ।

**शोकाञ्जलि**ले न्याययुद्धको सङ्घर्षका गाथाहरूमा एउटा अर्को कालजयी गाथा थपेको छ र न्यायिक उन्मुक्तिका निम्ति अन्यायका विरूद्ध गरिने युद्धका अग्रमोर्चामा काव्यका नायकलाई स्थापित गरेर देखाएको छ । न्यायपूर्ण युद्ध नटुङ्गिएका अवस्थामा जस्तो पीडा र शोकलाई महान् बलिदानी सञ्चेतनाद्वारा बिर्सेर क्रान्तिकारी परिर्वतनका खातिर जो कोहीले पनि आँसुको शोकधारा नबगाऊन् भन्ने दृढ कामना गरेको पाइन्छ । यसर्थमा काव्यमा नौलो जनवादी क्रान्तिको सफल समापनसँगै जनवादी राज्यसत्ताको सुखानुभूति व्यक्त गरिएको पाइन्छ । शोकलाई विद्रोह एवम् युद्धमा बदल्दै सर्वहारावर्गीय चिन्तन प्रकटित **शोकाञ्जलि**मा कवि वर्गसिमाको लिकबाट विचलित भएको पाइँदैन । कवि उद्देश्य, विचार र मुक्तियुद्धप्रति

प्रतिबद्ध भई एउटा निश्चित वैचारिक निष्कर्षमा पुगी काव्यलाई टुङ्ग्याउन सफल भएका छन् ।

कवि इच्छुकले काव्यको आदिदेखि नै शोकसँगै आफूलाई क्रान्तिचेतद्वारा परिपुष्ट, वर्गीय संवेदनाद्वारा समृद्ध र काव्यिक कलादृष्टिबाट समेत विशिष्ट रूपमा उभ्याएका छन् । अतः यस काव्यमा आख्यानात्मकताको कमी भएर पनि क्रान्तियोद्धाको सहादतका सन्दर्भसँग नेपाली जीवनका उत्पीडन, शोषण, अन्याय, अत्याचार र तिनका विरूद्ध भएका सङ्घर्ष, मुक्ति प्रयासहरू तथा अनिवार्य रूपमा महामुक्तिसमरको मार्गको सङ्केतले **शोकाञ्जलि** स्पष्ट क्रान्तिचेतको बाहक कृतिका रूपमा देखा परेको छ ।

### ६.३.२. 'इतिहासको यस घडीमा' कविता सङ्ग्रह : वर्गसङ्घर्षको समष्टिगत अभिव्यक्ति

यस कविता संग्रहले रचना प्रकाशनका दृष्टिले कविता 'त्यो प्यारो प्यारो गाँउको नाम थवाङ' देखि सबभन्दा पछिल्लो कविता 'प्रतिबन्ध' सम्मको ३१ वटा कविताहरूको यात्रा तय गरेको छ । अलग -अलग राजनीतिक परिस्थितिमा रचिएका उपर्युक्त दुबै शीर्षकका कविताले राज्य आतङ्कको स्पष्ट चित्रण गर्नुका साथै त्यसका विरूद्ध विद्रोहात्मक भावनालाई मूर्त रूप प्रदान गरेको पाइन्छ । यस सङ्ग्रहमा सङ्ग्रहित समस्त कविताहरू अनुभूतिको तीव्रता र विषयगत विविधतामा उनिँदै स्थानीय रङ र भूगोलका व्यापक परिधिभित्र सजीव, लयात्मक र सम्प्रेषणयुक्त बनेका छन् कवि 'इच्छुक' का तिनै कविताहरूले भावनालाई बर्बरतायुक्त सत्ता र शासकवर्गका विरूद्ध उभ्याउन पुगेका छन् । नेपाली समाजको वर्गीय स्वरूप र प्रकृति, त्यसभित्रको अन्तर्द्वन्द्व एवम् अविच्छिन्न रूपमा चलेको वर्गसङ्घर्षलाई नजिकबाट अनुभूत गर्दै कवितामा अभिव्यक्त तीव्र अनुभूतिले वर्गसङ्घर्षको अन्तः चेतनालाई जीवन्त रूपमा मुखरित गरेको छ । पञ्चायती निरङ्कुश व्यवस्थाका पहरेदार (शासक) द्वारा गरिएका निर्मम दमन र यातनाविरूद्ध प्रतिरोधको आवाज उठाउने थवाङ् गाँउ नेपाल राष्ट्रकै क्रान्ति र सङ्घर्षको प्रतीक बनेर ठिङ्ग उभिएको छ । चारैतिर घेराबन्दीमा पारेर तात्कालिक सरकारी सेनाका बुट, सङ्गीन र बन्दुकका कुन्दाद्वारा कुल्चिएको, नङ्ग्याइएको र मरणासन्न रूपमा थिलथिलाएर घाइते बनाइएको गाँउ थवाङ्ले क्रान्तिलाई पिठयुँमा बोकेर हुर्काएको छ भन्ने अभिव्यक्तिले क्रान्तिको जिउँदो रूप थवाङ्मै भेट्न सकिन्छ । यसबाट कवि क्रान्तिप्रति आशावादी हुनुको अतिरिक्त क्रान्तिको निरन्तर आवश्यकतालाई समेत सङ्केत गर्न पुगेको पाइन्छ । यस कविताको आदि भागमा त्रासपूर्ण यर्थाथको अभिव्यक्ति छ र मध्ये

भागमा पुग्दासम्म त्यस यर्थाथलाई क्रान्तिधर्मी यर्थाथमा रूपान्तरण गरेको पाइन्छ  त्यसैगरी यस सङग्रहको नामाकरण गरिएको शीर्षकमा रचित कविताले २०४६ सालको उपलब्धिलाई पूर्ण उपलब्धि मानेर नौलो जनवादी क्रान्तिलाई बीचैमा अलपत्र छाड्न नहुने र निरन्तर क्रान्तिका मार्गमा लाग्नु पर्ने कुरामा जोड दिइएको छ । यद्यपि 'त्यो प्यारो-प्यारो गाँउको नाम थवाङ् हो' शीर्षकको कवितालाई नै क्रान्तिचेतको भावधारा उमार्ने रचनाहरूका केन्द्रीयतामा राखेर हेर्न सकिन्छ । यसका अतिरिक्त उनका अन्य कविताहरूले पनि राष्ट्रिय उत्पीडन र अन्तर्राष्ट्रिय साम्राज्यवाद र विस्तारवादका पोषक आततायीहरूका विरूद्धमा दुवै मुठी कसेर युगको विकल्प र निर्माणको सङ्कल्प बोकी ब्युझन, उठ्न र मुक्तिमार्गमा लाग्न प्रेरित गरेका छन् ।

### ६.३.३. 'बन्दी र चन्द्रागिरि' काव्य : मुक्तिको गीत

**बन्दी र चन्द्रागिरि** कवि 'इच्छुक' को एक मात्र लामो कविता हो । यसमा मुक्तिसङ्घर्षमा होमिएका क्रान्तिकारी कविको अन्तर्वाह्य दुवै व्यक्तित्व छर्लङ्ग रूपमा देखिएको छ । यहाँ बन्दी कविले चन्द्रागिरिलाई सम्बोधन गरेका छन् । चन्द्रागिरि नेपाली जीवन भोगाइको यथार्थ साक्ष्य हो जुन अन्तर्वाह्य रूपमा विस्तारित छ, साथै चन्द्रागिरि बन्दी कविको अटल आस्थाको प्रतीक बनेर आएको छ ।

प्रगतिवादी कवितापरम्परामा आवश्यक बिम्ब, प्रतीक, भाव, भाषा र अलङ्काकारका दृष्टिले उनका कविता उच्चकोटिको कविता हुन पुगेका छन् । बन्दी नायक मानवीय पात्र र चन्द्रागिरि भूगोल र प्रकृतिको समष्टि पात्रको समन्वयात्मक प्रस्तुतीकरणमा 'इच्छुक' को अभिव्यक्ति र कलाको बेजोड सङगम हुन पुगेको छ ।

यस काव्यमा नेपाली जनजीवनका विविध सन्दर्भ, विकृत यथार्थ, शोषण, अत्याचार आदि अन्यायका विविध रूपहरू र तिनका विरूद्ध सुरूपता, नयाँ निर्माण, न्याय, समानता र स्वतन्त्रताका पक्षधरको सङ्घर्ष र युद्धको शङ्खघोष कवितामा देखा परेको छ ।

'भट्टेडाँडा चौकीमा साहसिक आक्रमण' शीर्षकको समाचार लेखेबापत तात्कालिक सत्ताले हातहतियार तथा खरखजानाको मुद्दा लगाई भद्रगोल जेलमा बन्दी बनाइएका कवि तथा योद्धा नायकले चन्द्रागिरि पर्वतलाई साक्षी बनाएर यस काव्यमा कुरूप यथार्थको उजागर, युद्ध छेड्ने हतियार बनेको उनको वैचारिक निष्ठा, सर्वहारावादी भावना, वर्गशत्रुको अन्तर्वाह्य स्वरूपको स्वाभाविक चित्र, नेपाली माटामा स्थापित, विकसित र

परिष्कृत हुँदै गएको वर्गयुद्धको कलात्मक अभिव्यक्तिको क्रान्तिधर्मी चेतना प्रवाहित गरेका छन् । यसर्थमा कविले कुरूप तथा विदीर्ण अवस्था र त्यसका चुनौतीका विरूद्ध यस काव्यमा आफ्ना आगाका झिल्काजस्ता मुक्तिकामी भावनालाई उतारेर क्रान्तिकारी उद्देश्य र सन्देशलाई सफल रूपमा रूपान्तरण गरेका छन् ।

### ६.३.४. 'बन्दी आवाज' कविता सङ्ग्रह : असन्तुष्टी र विद्रोहको स्वर

कवि 'इच्छुक'ले बन्दी अवस्थामा रचित कविताहरूको यो सङ्ग्रह प्रकाशनका दृष्टिले पहिलो कविता 'माछो-माछो भ्यागुतो' देखि पछिल्लो कविता 'शहिद' सम्मका ३८ ओटा कविताको यात्रा तय गरेको छ । २०४६ सालको परिवर्तनपछि शासन व्यवस्थाको रूप फेरिए पनि सारमा निरङ्कुशताको जरो राजतन्त्रको समूलनष्ट नभएकाले पञ्चायती शैलीको सामन्ती चिन्तन र व्यवहार ज्यूँकात्यूँ रहिरह्यो । जनताले प्रजातन्त्रको प्रत्याभूति समेत गर्न पाएनन् । त्यही असन्तुष्टि यस सङ्ग्रहको केन्द्रीयभाव बनेर आएको छ । नौलो जनवादी शासन सत्ताको स्वर्णिम सपना देख्ने क्रान्तिकारी कवि 'इच्छुक' ले यस उपलब्धिलाई केवल आंशिक मात्र हो भन्दै गणतन्त्रात्मक शासन व्यवस्था प्राप्तिका लक्ष्यलाई अलपत्र पारेर बिच बाटामा अलमलिनु वास्तवमा मुक्तिकामी जनताप्रति घात हो भन्ने मूलभाव यस सङ्ग्रहमा समेटेका छन् ।

बहुदलीय प्रजातन्त्रले जन आकाङ्क्षालाई अपमानित गरेको जनताको रोग, भोक र शोकलाई बेवास्ता गरेको, पुरानै परम्परा र विकृतिपूर्ण संस्कारलाई पछ्याउँदै आफ्नै कुरूपता र क्रूरता प्रदर्शन गरिएको, अनेकौं प्रकारका मुक्तिमार्गको घोषणालाई कागजी खोस्टामा मात्र सीमित राखेको जसले उपेक्षित उत्पीडितहरूको अवस्था झन्-झन् रूग्ण बन्दै गएको भन्दै कविले आफ्ना असन्तुष्टिका पक्षहरू कविताहरूमार्फत् घनीभूत रूपमा उजागर गरेको पाइन्छ ।

समग्रतामा देश रोगले रूग्ण, जीर्ण बन्दै जाँदा त्यसको उपचार नगरी व्यक्तिस्वार्थमा चुर्लुम्म डुबेर देशलाई झन् खोक्रो पार्ने भ्रष्ट एवम् व्यभिचारीहरूकै हालिमुहाली भएको देख्दा एकातिर कवि मन विह्वल हुन्छ भने अर्कातिर कवि आमूल परिवर्तनको राँको सल्काएर ती अपराध प्रवृत्तिहरूलाई सखाप पार्नु पर्ने आवश्यकता औंल्याउँछन् ।

यो सङ्ग्रह कारागार, सिङ्गो देशभित्रको निरङ्कुशता र कुण्ठित अधिकारको बिम्ब बनेर प्रस्तुत भएको छ । कवि बन्दीगृहमा रहेर स्वतन्त्रता, मुक्ति र पूर्ण अधिकारको माग

गर्दै जनतामा मुक्ति एवम् अग्रगामी चेतनाको सञ्चार गर्न पुग्छन् । उनले चाहेको मुक्ति केवल नाम र घोषणामा मात्र सीमित नभई व्यवस्था परिवर्तनसहितको मुक्ति भएकाले पनि यस सङ्ग्रहका कविताहरू वर्गीयमुक्तिसँग सिधा सम्बन्ध राख्दछन् । चाहे दाङको घोराही कारागारमा रहेर होस् वा भद्रगोल बन्दीगृहमा रहेर होस् कविले विद्रोह र मुक्तिको तीव्र स्वर घन्काएका छन् । कवि 'इच्छुक' भौतिक रूपमा बन्दी अवस्थामा रहेर पनि मानसिक रूपमा गाउँ-गाउँ, बस्ती-बस्ती विचरण गर्दै कहिले कवि दुःखीराम र फूलमतीको कमलरी पीडासँग साक्षात्कार गर्न पुग्छन् भने कहिले कालेको मजदुरीसँग । कहिले कवि भिखारीदास सदासँग मुक्तिको दोहोरी गीत गाउन पुग्छन् त कहिले आफूले चेतनामूलक जनवादी शिक्षाको डिग्री प्राप्त गरेको ऐतिहासिक लालभूमि लालमटिया र प्यूठानको ताजा स्मरण गर्न पुग्छन् । कवि मन देश-देशान्तर घुम्दै जेरूसेलम, चिनियाँ कवि चेङ च्छू, आङ्साङ सु की र त्यहाँ घटित घटना र वर्णित पीडा र मुक्ति सङ्घर्षको गाथालाई समेटेर मुक्ति आदर्शको पाठ समेत पढाउन पुग्छन् ।

यसरी कवि 'इच्छुक'ले आफ्ना कवितामा विषयगत विविधता र क्षेत्रगत विशालता अगाँल्दै सरल भाषाशैली, विम्ब, प्रतीक र अलङ्कारका माध्यमबाट असन्तुष्टिका स्वरलाई उरालेर पूर्ण प्रजातन्त्र वा जनताको गणतन्त्रप्रति प्रतिबद्ध हुँदै विद्रोहमा जान प्रशस्त क्रान्तिचेतको संचार गरेको पाइन्छ ।

### ६.३.५. 'आरम्भिक कविता' कविता संग्रह : विद्रोह उन्मुख प्रतिभाको उदय

'इच्छुक'मा कवि प्रतिभाको विजारोपण समय तीस र चालिसको दशकमा संरचित कविताहरूको ऐतिहासिक दस्तावेजको रूपमा देखापरेको **आरम्भिक कविता** सङ्ग्रहले कविको कविताहरूमध्ये जेठो एवम् पहिलो प्रकाशित कविता 'भोलिप्रति' देखि 'पर्खालभित्रबाट तिमीलाई सम्झँदा' सम्मको जम्मा १० ओटा कविताहरूको यात्रा तय गरेको छ ।

वरिष्ठ समालोचक एवम् सौन्दर्यशास्त्री डा. ताराकान्त पाण्डेयका भाषामा भन्नुपर्दा यस सङ्ग्रहका कविता त्यति परिपक्व नभएर सिकारु कवि प्रतिभाका रूपमा उनी देखा परेका छन् । यस सङ्ग्रहका कविताहरूमा पञ्चायती शासनकालको निष्पट्ट अँध्यारोमा कवि युगबोधको गीत आरम्भ गर्नतिर अग्रसर देखिन्छन् । यस क्रममा उनी कहीँ सद्भाव बाँड्न पुग्छन् भने कहीँ बाध्यता र पश्चाताप्का भुमरीमा सुस्केरा हाल्न पुग्छन् । कहिले कवि दक्षिण अफ्रिकाका तीस वर्षीय क्रान्तिकारी अश्वेत कविलाई रङ्गभेदी-वर्णवादी प्रिटोरिया

सरकारले सन् १९८२ मा गिरफ्तार गरी फाँसी दिएर हत्या गरेकोमा शोकविह्वल हुन पुग्छन् । उनी घोराही कारागारमा रहँदा पनि पर्खाल बाहिरका क्रान्तिकारी जीवन अर्थपूर्ण हुनु पर्नेमा जोडदिन्छन् र मुक्तिमार्गमा अग्रसर हुन सबैलाई प्रेरित गर्छन् ।

यस सङ्ग्रहका कविताहरू कालो शासन, त्यसको पृष्ठभूमिमा जन्मेको शोषण चाकरीप्रथा प्रगतिका बाधा व्यवधान आदि राज्यको उदासीनता, शोकलाई शक्तिमा बदल्ने अठोट, क्रान्ति जस्ता विषयवस्तुमा केन्द्रित भएर संरचित छन् । तिनै विषयवस्तुहरूलाई छोटो रूप र सरल भाषाशैलीमा रचना गरेपनि तात्कालिक युगबोध नै यस कविताको मूल्य हो ।

कवि 'इच्छुक' का 'भोलिप्रति', 'तिमी' र 'हामी विश्वस्त छौं' जस्ता कविताहरूमा भविष्यप्रतिको पूर्ण आशावादिता, व्यवस्थाका हर चुनौतीहरूसँग जुध्दै परिवर्तनको अनिवार्य आवश्यकता र नौलो जनवादी शासनसत्ताप्रतिको मिठो परिकल्पना गर्न सशक्त देखिन्छन् । यिनै प्रतिनिधि कविताहरूले कविको विद्रोह उन्मुख प्रतिभाको परिचय दिंदै क्रान्तिचेतको सञ्चार गरेका छन् ।

## ६.४. निष्कर्ष :

कृष्ण सेन 'इच्छुक' वर्गीय आधारका एक कसी हुन् । मालेमावादी राजनीतिका जगमा सुरूदेखि नै लागि परेका हुनाले उनका हरेक साहित्यिक संरचना मार्फत् देश र समाजमा व्याप्त शोषण, दमन, अन्याय, उत्पीडन, अत्याचार, अपमान, खेद, पीडा, पाखण्डपन, ढोङ्ग, अन्धविश्वास, लूट, भ्रष्टाचार, कमिसन, दलाली, अज्ञानता आदि विषयवस्तुलाई स्पष्ट देखेका छन् । त्यसैले जनताको जीवनलाई फेर्नु नितान्त आवश्यक भइसकेको कुराको महसुस उनका काव्य-कविताले गरेका छन् । जनतालाई शारीरिक, मानसिक, सामाजिक रूपमा राज्यले यातना दिएर राख्नु हुन्न, घिनलाग्दो रूपमा समाजलाई कुनै पनि हालतमा रहन दिनु हुन्न र जो मानवीय कर्तव्यप्रति सचेत छ उसले समाजमा व्याप्त विकृति र विसङ्गतिपूर्ण सामाजिक व्यवस्थालाई फेर्न महŒव-पूर्ण भूमिका खेल्नुपर्छ भन्दै कविले आफूलाई एक कर्तव्यनिष्ठ कला-साहित्यकर्मीका रूपमा आफ्ना सिर्जनामार्फत् पुष्टि गरेका छन् । जीवनको सच्चाइ र वास्तविकताद्वारा सबैको मन मस्तिष्कलाई ऊर्जाशील तुल्याउनु उनका कविताका मूल ध्येय हुन् ।

कृष्ण सेन 'इच्छुक' का रचनाका पात्र मेहनतकश जनता, श्रमजीवी वर्ग र प्रकृति हुन् जो निरङ्कुश, फासिष्ट, हत्यारा वर्गका पक्षमा कहिल्यै देखिँदैनन् । कविभावनासँगै काव्य कविताका पात्रहरूले वर्गसङ्घर्षको पक्ष लिएका छन् । ती पात्रहरूले वर्गवैरीप्रति चरम घृणाको भाव व्यक्त गरेको पाइन्छ जसले राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा पीडित जनताको पक्षमा जुझारू आवाज बुलन्द गरेका छन् । यसका अतिरिक्त उनका काव्य-कविताहरूका पात्रहरूले निरङ्कुश शासक र शोषकवर्गप्रति ठूलो जेहाद छेडेका छन् ।

'इच्छुक' का काव्य-कविताका परिस्थिति एवम् परिवेशका सन्दर्भमा सामन्ती परिवेश, राजतन्त्र, प्रहरीतन्त्र, सैनिक निरङ्कुशता, शोषण, दमन, उत्पीडन, राज्य आतङ्क, हिंसा, हत्या, वेपत्ता पार्ने अमानवीय कार्यकलाप र जङ्गली व्यवहार लगायत भ्रष्टाचार, अन्तर्राष्ट्रिय साम्राज्यवादी शोषण र विस्तारवादी नीति नै प्रमुख काव्य परिवेशका रूपमा देखा परेका छन् ।

'इच्छुक' का काव्य-कविताहरूमा नेपाली वर्गसङ्घर्ष र जनयुद्धका उदात्त भावधारा र महागाथाहरू अङ्कित छन् । वर्गसङ्घर्ष र युद्धका माध्यमबाट राज्यको पुनः संरचनालाई प्राथमिकताका साथ उठाएका छन् । प्रत्येक जातिलाई आत्मनिर्णयको अधिकार दिनुपर्छ भन्ने दृढ विचारका साथमा ने.क.पा. (माओवादी) अनुप्राणित मालेमावादको सिद्धान्त र विचारप्रति प्रतिबद्ध चिन्तन, व्यवहार तथा विचार र कार्यशैली आफ्ना काव्य-कवितामा उतार्दै सामन्ती नेपाली समाज, त्यसको घुटन र पछौटेपनबाट मुक्ति दिलाउनु पर्छ भन्ने कुरामा सचेत पारेका छन् । यसर्थमा २१ औं शताब्दीको नौलो नेपालको सिर्जनामा 'इच्छुक' काव्य-कविता क्रान्तिचेतले परिपूर्ण बन्न पुगेका छन् ।

# सातौं-परिच्छेद

## सारांश तथा निष्कर्ष

### ७.१. सारांश

कृष्ण सेन 'इच्छुक'ले औपचारिक रूपमा वि.सं. २०३२ सालदेखि कविता लेखन यात्रा आरम्भ गरेका हुन् । उनको 'भोलिप्रति' शीर्षकको कविता २०३२ साल असार १३ गतेको **मातृभूमि** (वर्ष ९, अङ्क २७, असार) नामक साप्ताहिक पत्रिकामा छापिएको हो । अन्य विधामा छिटफुट रूपमा कलम चलाए पनि कविता विधामै कवि कृष्ण सेनले आफ्नो पहिचान निर्माण गरी नेपाली कविता विधाका फाँटमा 'इच्छुक' उपनामले सुपरिचित छन् । क्रान्तिबाटै समाजको आमूल रूपान्तरण चाहने कवि 'इच्छुक'ले प्रगतिवादी धारामा रहेर कविता रचना गरेका छन् । यस शोधपत्रको सात वटा परिच्छेदमा क्रमशः शोधपरिचय, 'इच्छुक'का कविता यात्रा र कविता सिर्जनाको स्थिति, 'इच्छुक'का काव्यकृतिको रचना धर्मिता, 'इच्छुक'का काव्यकृतिको विश्लेषण, 'इच्छुक'का कविता सङ्ग्रहमा सङ्कलित फुटकर कविताहरूको विश्लेषण, 'इच्छुक'का काव्यकृतिमा क्रान्तिचेत र त्यसै अध्ययनको उपसंहार गरिएको छ ।

यस शोधपत्रको पहिलो परिच्छेदमा शोधपरिचयसँग सम्बन्धित विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, महत्व र उपयोगिता, शोधकार्यको क्षेत्र र सीमा, शोधविधि र शोधपत्रको रूपरेखा रहेका छन् ।

यस शोधपत्रको दोस्रो परिच्छेदमा कृष्ण सेन 'इच्छुक'का कविता यात्रा र काव्य-कृति सिर्जनाको स्थितिको सङ्क्षिप्त चर्चा गरिएको छ । 'इच्छुक'का सिङ्गो काव्यकृतिको यात्रालाई पहिलो चरण : २०३२-२०४६ (पञ्चायत काल), दोस्रो चरण : २०४७-२०५२ माघसम्म (बहुदलीय प्रजातन्त्र काल) र तेस्रो चरण : २०५२ फागुन- २०५९ (जनयुद्ध र जीवनान्त काल) गरी तीन चरणमा विभाजन गरी चरणगत मोडहरूलाई प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको तेस्रो परिच्छेदमा विभिन्न समीक्षक तथा अध्येताले गरेको प्रवृत्तिगत अध्ययनसँगै 'इच्छुक'का काव्यकृतिमा देखा परेका कवितागत धर्मितालाई

केलाइएको छ । उनका काव्यकृतिमा सहिदहरूप्रति सम्मान, सामन्तवादी व्यवस्थाको स्वरूप निर्धारण र त्यसको विरोध, राष्ट्रियता र देशभक्ति, लैङ्गिक शोषणको चित्रण र त्यसको विरोध, श्रमप्रति सम्मानभाव, विषयवस्तुगत प्रवृत्ति, लयगत प्रवृत्ति, भाषाशैली, ग्रामीण परिवेशको प्रस्तुतीकरण वर्गसङ्घर्षको कडीमा जातीय मुक्ति, क्रान्तिकारी आशावाद, सर्वहारा अन्तर्राष्ट्रियतावाद र बिम्ब, प्रतीक र अलङ्कार योजनागत प्रवृत्ति रहेको निष्कर्ष प्राप्त भएको छ । यसैगरी उनका कवितामा सरल, सरस र स्वाभाविक भाषाका साथै संवादात्मक नाटकीय शैलीको प्रयोग गरिएको पाइन्छ । तत्सम, तद्भव, आगन्तुक र अनुकरणात्मक शब्दको सुन्दर संयोजनमा कविता सम्प्रेष्य बनेका छन् । कतैकतै आलङ्कारिक, प्रतीकात्मक र बिम्बात्मक भाषा र प्रश्नार्थक शैली अपनाएर पनि काव्यकृति सुबोध्य छन् । उनका काव्यबाहेक कविताहरू लघु, मध्यम र दीर्घ तीनै आयाममा आबद्ध छन् । सबै कविताहरू गद्यमा रचिए पनि आदि, मध्य र अन्त्यमा पूर्ण तथा आंशिक अनुप्रास योजना मिलेकाले गेयात्मक, लयात्मक, श्रुतिमोहक र अति ओजपूर्ण छन् । समग्रमा प्रगतिवादी भावधारामा रहेर सन्तुलित संरचनामा लेखिएका उनका काव्यकृतिहरू स्तरीय र अनुपम रहेको निष्कर्ष प्राप्त भएको छ ।

यस शोधपत्रको चौथो परिच्छेदको आरम्भमा **इच्छुक रचनावली भाग-१** मा सङ्कलित काव्यकृति **शोकाञ्जलि** (२०४८) र **बन्दी र चन्द्रागिरि** (२०५७) को विश्लेषण गरिएको छ ।

२०४२ साल वैशाख १८ गतेका दिन चितवनको मेघौलीमा ने.वि. सङ्घको क्रूर जत्थाले साङ्घातिक आक्रमण गरेर हत्या गरिएका प्यूठान जिल्ला निवासी रामपुर क्याम्पसमा अध्ययनरत मित्रमणि आचार्यको सहादत भएको खबरले स्तब्ध बनेका कृष्ण सेन ‘इच्छुक’ ले सहिदप्रति शोकोद्‌गार प्रकट गर्दै दाङ्को घोराही कारागारमा बन्दी जीवन बिताइरहेकै अवस्था २०४४ मा लेखी २०४८ सालमा प्रथम प्रकाशित यस **शोकाञ्जलि** शोककाव्यलाई **इच्छुक रचनावली भाग-१** (२०६४) मा सङ्कलन गरिएको छ । तीन प्रकरणमा रचित **शोकाञ्जलि**लाई मूलतः मार्क्सवादी धारणाको सापेक्षतामा विचारनिष्ठ क्रान्तिचेत, सहिदप्रति शोकोद्‌गार एवम् आस्था सम्मान, समाजवोध,

क्रान्तिकारी आशावाद र बिम्ब, प्रतीक तथा अलङ्कार योजनागत प्रवृत्तिका आधारमा विश्लेषण गरिएको छ । यस काव्यमा जीवन र मृत्युलाई द्वन्द्वात्मक प्रक्रियाका सापेक्षतामा बुझ्ने मार्क्सवादी वा भौतिकवादी कवि 'इच्छुक'ले सहिद मित्रमणिका मृत्युमा केवल शोकोद्गार मात्र व्यक्त नगरी शोकलाई शक्तिमा, आँसुलाई आक्रोशमा, विरहलाई विद्रोहमा र पीडालाई प्रतिशोधमा बदल्नु पर्छ भन्ने अठोट अभिव्यक्त गर्दै अन्तिम विजय प्राप्तिका लागि सम्पूर्ण न्यायप्रेमी जनता एक भएर निरङ्कुशताका विरुद्ध लड्नका लागि भरपूर क्रान्तिचेतको सञ्चार गर्दै जीवन र समाज सापेक्षित, सरल, सुबोध भाषाशैली र नेपाली शोककाव्य परम्परामा उत्कृष्ट र भिन्न कलात्मक निधिका रूपमा **शोकाञ्जलि**लाई प्रस्तुत गरेका छन् ।

वि.सं. २०५५ साल पौष १९ गतेको **जनादेश** साप्ताहिकमा ने.क.पा. (माओवादी) द्वारा सञ्चालित दस वर्षे महान् जनयुद्धको क्रममा ललितपुरको भट्टेडाँडा प्रहरी चौकीमाथि माओवादीले आक्रमण गरेको खबर तस्वीरसहित छापेका निहुँमा तात्कालिक सरकारले वि.सं. २०५६ साल वैशाख ६ गते 'इच्छुक'लाई सुन्धारा, काठमाडौंबाट गिरफ्तार गरी भद्रगोल जेल चलान गरेपछि त्यहाँ बसाइँका क्रममा उनले **बन्दी र चन्द्रागिरि** काव्यको रचना गरेका हुन् । यस काव्यलाई प्रगतिशील अध्ययन केन्द्र, काठमाडौंद्वारा वि.सं. २०५७ सालमा प्रकाशित गरियो । पछि वि.सं. २०६४ मा **इच्छुक रचनावली भाग-१** मा सङ्कलन गरी प्रकाशित गरिएको छ ।

९ प्रकरणमा रचित **बन्दी र चन्द्रागिरि**लाई मूलतः मालेमावाद र प्रचण्डपथीय राजनीतिक सिद्धान्तको सापेक्षतामा विचारनिष्ठ क्रान्तिचेत, प्रकृतिचित्रण र प्रकृतिसँगको सहसम्बन्ध विकृति र विसङ्गतिप्रति घृणा र व्यङ्ग्य, भविष्यप्रति आशावादिता, राष्ट्रिय चिन्तन, अन्तर्राष्ट्रवाद र बिम्ब, प्रतीक र अलङ्कार योजनागत प्रवृत्तिका आधारमा विश्लेषण गरिएको छ । यो काव्यमा वर्गीय र सांस्कृतिक दृष्टिकोण, लिङ्गीय र नारीसम्मानको दृष्टिकोण, अभिजात र जनसांस्कृतिक संस्कारगत दृष्टिकोण, आर्थिक र प्रशासनिक विसङ्गति र तिनबाट उब्जेका समस्यालाई प्रस्तुत गर्दा जमेको यथार्थवादी विषयवस्तुले सुसज्जित पाइन्छ । यसका अतिरिक्त समस्वर, समव्यञ्जनवर्ण र आनुप्रासिक

सङ्गतिको आवृत्ति र समपुनरावृत्ति जस्ता भाषिक सीपलाई मार्क्सवादी वैचारिक संवेदनाले ओजपूर्ण बनाएको छ । काव्यमा सिङ्गो रूपमा आएको प्राकृतिक बिम्ब चन्द्रागिरि जस्तै दुःखसाध्य परिस्थितिमा पनि अचल, अटल र निष्ठाको द्योतक बनेको पाइन्छ । विचारबाट विचलित नबनी भोलिको उज्यालो एवम् पूर्ण प्रजातान्त्रिक युगप्रति आशावादी दृष्टिकोण प्रशस्तै पाइने यस काव्यले क्रान्तिचेतको यथेष्ट सञ्चार गरेको छ ।

यस शोधपत्रको पाँचौं परिच्छेदमा **इच्छुक रचनावली भाग-२** (२०६५) मा सङ्कलित **इतिहासको यस घडीमा** (२०५७), **बन्दी आवाज** (२०६५) र **आरम्भिक कविता** (२०६५) गरी तीनवटा कविता सङ्ग्रहको परिचय र यस सङ्ग्रहमा सङ्गृहीत ११ वटा फुटकर कविताहरूको विश्लेषण गरिएको छ । 'इच्छुक'का कविता सङ्ग्रहमा सङ्कलित फुटकर कविताहरूमा मुख्य रूपमा राजनीतिक र सामाजिक विकृतिलाई विषयवस्तु बनाइएको छ । तानाशाही पञ्चायती शासनको अन्त्य पछि उदाएको बहुदलीय प्रजातन्त्रमा समेत पुरानै संस्कारलाई निरन्तरता दिइएकोमा उनले अधिकांश कविताहरूमा आफ्ना असन्तुष्टिहरू अभिव्यक्त गरेका छन् । सामन्ती राज्यसत्ताको विरोध गर्दै महान् जनयुद्धको पक्षमा र अन्याय, अत्याचार, दमन, शोषणको आक्रोशमा उनका कविताहरू रचिएका छन् । राष्ट्रप्रेम, राष्ट्रियता, समाज, प्रकृति, आर्थिक अवस्था, सांस्कृतिक पक्ष आदिलाई कवितामा विषयवस्तु बनाइएको छ ।

'इच्छुक'का कविताका केन्द्रीय भावलाई शीर्षकले पनि स्पष्ट पारेको पाइन्छ । उनका कविताका शीर्षकहरू अभिधार्थ, लक्षणार्थ र व्यञ्जनार्थमा रहेका छन् । उनका समग्र कविताहरू मुक्त छन्दमा लेखिएका छन् । उनले आफूले प्रत्यक्ष रूपमा भोगेका, देखेका, सुनेका र कल्पना गरेका विषयवस्तुलाई उठान गरेर भोलिको सुन्दर नेपालको कल्पनामा कविता रचना गरेका छन् । उनका कवितामा प्रथम, द्वितीय र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ । उनका समग्र कवितामा बिम्ब, प्रतीक र अलङ्कार योजनाको सन्तुलित प्रयोग पाइन्छ । राजनीतिक, सामाजिक र आर्थिक व्यवस्थामा देखा परेका वेथिति, अन्याय-अत्याचारको पर्दाफास गर्दै समतामूलक राज्यव्यवस्थाको स्थापना गर्नु उनका कविता लगायत काव्यकृतिकै समेत उद्देश्य रहेको छ । 'इच्छुक'का कवितामा

सहभागिताका रूपमा पूर्वीय-पाश्चात्य साहित्य, इतिहास, नेपाली जनजीवन, वर्गीय पात्र, सांस्कृतिक, प्राकृतिक क्षेत्रका मानवीय र मानवेतर आदि पात्रहरू सहज ढङ्गले समाविष्ट छन् । उनका कविताको परिवेशका रूपमा नेपालको हिमाल, पहाड, मधेस, तराई, खोलानाला, सहर-बजार, गाउँ-बस्ती, चौतारी, भञ्ज्याङ, घर, गोठ, कारागार, वनजङ्गल, चराचुरुङ्गी, ताल-तलैया आदि लावालस्कर बनेर आएका छन् । नेपालबाहिर, दक्षिण अफ्रिका, वर्मा, चीन आदि देशका भू-भागमा घटित राजनीतिक घटनाक्रमको समेत उनका कवितामा चित्रण गरिएको पाइन्छ । समय परिवेशलाई लिने क्रममा उनले भूत, वर्तमान र भविष्यत् तीनै काललाई समेटेका छन् । यति हुँदा-हुँदै पनि राजनीतिक तथा सामाजिक परिवेश उनका कविताको प्रमुख र महत्वपूर्ण परिवेश हो । दुःखद वातावरणको चित्रण भएका उनका कवितामा क्रान्तिकारी आशावादी स्वर बुलन्द बनेर आएको छ । विभिन्न लेख्य चिन्हहरुको प्रयोगसँगै तत्सम, तद्भव र आगन्तुक शब्दहरूको सुन्दर संयोजन तथा सरल, सहज र स्वाभाविक भाषाशैलीले कविता स्तरीय हुनाका साथै उनका कविताहरू श्रुतिमोहक र निकै ओजपूर्ण बन्न पुगेका छन् ।

यस शोधपत्रको छैठौं परिच्छेदमा 'इच्छुक'का काव्यकृतिमा क्रान्तिचेतको अध्ययन गरिएको छ । यस परिच्छेदमा क्रान्ति शब्दार्थका सन्दर्भमा विभिन्न विद्वान्हरूको अर्थ र अभिव्यक्तिलाई आधार मानी क्रान्ति र क्रान्तिचेत शब्दको सहसम्बन्धलाई संश्लेषण गरिएको छ । सामाजिक चेतनाका सबै रूपहरू निवर्गीय हुन सक्तैनन् । अतः मानव समाज स्वतः वर्गीय हुन्छ । त्यसैले समतामूलक समाजको सिर्जना गर्न क्रान्तिको आवश्यकता स्वतः देखिन्छ । मानव मनमा सामाजिक यथार्थ र परिघटनाहरूले पारेको प्रभाव र त्यसलाई कठोरतापूर्वक बदल्ने तथा न्यायसङ्गत समाजको निर्माण गर्ने उत्कट अभिलाशा उत्पन्न गराउनु नै क्रान्तिचेत हो । क्रान्तिचेतलाई प्रगतिवादी कला, साहित्य तथा काव्य-कविताकै एउटा सशक्त एवम् प्रधान पक्षका रूपमा स्वीकारिन्छ ।

**शोकाञ्जलि** : यो करुण र विद्रोह मिश्रित लघु शोककाव्य हो । यसको केन्द्रीय कथ्य आत्मीय मित्रको वियोगपूर्ण पीडा, खेद र विद्रोहको बोध हो । यस काव्यमा

शोकलाई शक्तिमा, आँशुलाई आक्रोशमा, विरहलाई विद्रोहमा र पीडालाई प्रतिशोधमा बदल्ने चेष्टाका साथ क्रान्तिचेत सञ्चारित छ ।

**इतिहासको यस घडीमा** : यो सङ्ग्रह वर्गसङ्घर्षको समष्टिगत अभिव्यक्ति हो । पञ्चायती निरङ्कुशता, दमन, यातना, लगायतका राष्ट्रिय उत्पीडन र अन्तर्राष्ट्रिय साम्राज्यवाद र विस्तारवादका पक्षपोषक आततायीहरूका विरुद्धमा दुवै मुठी कसेर युगको विकल्प र निर्माणको सङ्कल्प बोकी व्युँझन, उठ्न र मुक्तिमार्ग पछ्याएर लम्कन प्रेरित गर्ने यस कविता सङ्ग्रहका कविताहरू क्रान्तिचेतको भावधाराले सिंचित छन् ।

**बन्दी र चन्द्रगिरि** : यो काव्य समग्र रूपमा सिङ्गो देश र शोषित-उत्पीडित जनताहरूको मुक्तिको गीत हो । यस काव्यमा कविले 'म' लाई बन्दी जनताहरूको प्रतिबिम्बका रूपमा उभ्याएर देशको कुरूप तथा विदीर्ण अवस्था र त्यसको चुनौतीका विरूद्ध आफ्ना आगाका झिल्काजस्ता मुक्तिकामी भावनालाई उतार्दै क्रान्तिकारी उद्देश्य र सन्देशलाई सफल रूपमा रूपान्तरण गरेकाले यो काव्य क्रान्तिचेतपूर्ण पाइन्छ ।

**बन्दी आवाज** : यो कविको असन्तुष्ट मन र त्यसैको उपजमा निस्केको विद्रोहको स्वर गुञ्जिएको कविता सङ्ग्रह हो । २०४६ सालपछि बहुदलीय प्रजातन्त्रको प्राप्तिसँगै मौलाएको अनुत्तरदायी एवम् विकृतिपूर्ण राजनीतिक संस्कार, रूपमा फेरिएको व्यवस्थाले सारमा पुरानै परम्परालाई अँगालो मारिरहँदा कविले यस सङ्ग्रहका कविताहरू मार्फत् आफ्नो असन्तुष्टिको स्वरलाई उरालेर पूर्ण प्रजातन्त्र वा जनताको गणतन्त्रप्रति प्रतिबद्ध हुँदै विद्रोहमा जान प्रशस्त क्रान्तिचेतको सञ्चार गरेको पाइन्छ ।

**आरम्भिक कविता** : तीस र चालिसको दशकमा रचित कविता सङ्ग्रहका कविताहरूले 'इच्छुक'मा कवि प्रतिभाको वीजारोपण गरेको पाइन्छ । शुरुदेखि नै राज्यसत्ताको अन्यायपूर्ण व्यवहार र कुशासनप्रति क्षुब्ध भएको कविमनमा विद्रोह उन्मुख प्रतिभाका रूपमा उदय भएको भेटिन्छ । तात्कालिक युगबोध र त्यसबाट मुक्तिको खोजी नै यस सङ्ग्रहका कविताको मूल्यलाई मध्येनजर लगाउँदा ती कविताहरू अपरिपक्व भएर पनि क्रान्तिचेतको सञ्चार गर्न कहीँ कतै चुकेको पाइँदैन ।

यसरी समग्रमा **शोकाञ्जलि** र **बन्दी र चन्द्रगिरि** काव्यहरू लगायत **इतिहासको यस घडीमा**, **बन्दी आवाज** र **आरम्भिक कविता** जस्ता कविता सङ्ग्रहहरूमा क्रान्तिचेत प्रमुख र महत्वपूर्ण प्रवृत्तिका रूपमा रहेको निष्कर्ष प्राप्त भएको छ ।

## ६.२. निष्कर्ष

'इच्छुक'का काव्यकृतिका आधारमा निम्न बुँदागत निष्कर्षमा पुग्न सकिन्छ :

१. 'इच्छुक'को जीवन संघर्षको बीचमा समग्र साहित्यकार तथा राजनीतिक कर्मीहरूका प्रेरणादायी बन्न पुगेको छ ।

२. 'इच्छुक'का समग्र काव्यकृति यात्रालाई पञ्चायत काल (२०३२-२०४६), बहुदलीय प्रजातन्त्र काल (२०४७-२०५२ माघसम्म) र जनयुद्ध र जीवनान्त काल (२०५२ फागुन-२०५९) गरी तीन चरणमा विभाजन गरिएको छ ।

३. 'इच्छुक'का **शोकाञ्जलि** (२०४८), **बन्दी र चन्द्रगिरि** (२०५७) गरी दुई खण्डकाव्यहरू प्रकाशित छन् जुन पछि २०६४मा **इच्छुक रचनावली भाग-१** मा सङ्कलन गरी प्रकाशन गरिएको छ ।

४. **इतिहासको यस घडीमा** (२०५६) का साथै **बन्दी आवाज** र **आरम्भिक कविता**लाई **इच्छुक रचनावली भाग-२** (२०६५) मा प्रकाशित गरिएको छ ।

५. 'इच्छुक'ले मार्क्सवादी सौन्दर्य चिन्तन, समाजवादी यथार्थवाद, प्रचण्डपथीय सौन्दर्य चिन्तन र प्रगतिवादी भावधारामा रहेर कविता रचेका छन् ।

६. नेपाली जनताको स्वतन्त्रता तथा मुक्तिका लागि सङ्घर्ष गर्न आह्वान गरी लेखिएका द्वन्द्वात्मक भौतिकवादी जीवन दर्शनमा उनका सबै काव्यकृतिहरू आधारित छन् ।

७. उत्साहमा आधारित क्रान्तिकारी र आशावादी कविता रच्नु उनको वस्तुगत वैशिष्ठ्य हो ।

८. 'इच्छुक'ले आफ्ना कवितामा तत्सम, तद्भव, आगन्तुक र अनुकरणात्मक शब्द, सरल, सहज एवम् स्वाभाविक भाषाका साथै संवादात्मक नाटकीय र प्रश्नार्थक शैलीहरूको प्रयोग गरेका छन् ।

९. ‘इच्छुक’का कवितामा पञ्चायतकालीन, बहुदलीय प्रजातन्त्रकालीन र जनयुद्धकालीन राजनीतिक परिवेश तथा बन्दी जीवन, प्रतिबन्धित अवस्था, गाउँ-बस्ती, सहर, प्राकृतिक सुन्दरता आदिलाई मुख्य परिवेश बनाइएको छ ।

१०. ‘इच्छुक’ले ५ पङ्क्तिको लघु कवितादेखि १ सय ७६ पङ्क्तिको दीर्घ आयाममा आबद्ध कविता रचना गरेका छन् ।

११. **शोकाञ्जलि** काव्य ३ र **बन्दी र चन्द्रगिरि** काव्य ९ प्रकरणमा संरचित छ ।

१२. ‘इच्छुक’ले नवीन विम्ब तथा प्रतीकको प्रयोग गरी विविध अलङ्कार तथा आदि, मध्य र अन्त्यमा अनुप्रासयोजना गरी सरल र सुबोध कविताहरू रचना गरेका छन् ।

१३. ‘इच्छुक’का सबै काव्यकृति मुक्त छन्दमा रचिएका छन् ।

१४. ‘इच्छुक’ले प्रथम, द्वितीय र तृतीय दृष्टिविन्दुको प्रयोग गरी कविताहरू रचना गरेका छन् ।

१५. ‘इच्छुक’ले आफ्ना काव्यकृतिहरूमा मानवीय, मानवेतर अल्प तथा बहुपात्रीय कविता रचना गरेका छन् ।

१६. ‘इच्छुक’लाई उनका काव्यकृतिले वर्गीय चेतनाका प्रतिमूर्ति, राष्ट्र र राष्ट्रियताप्रति सचेत, सङ्घर्षशील योद्धा, विश्व सर्वहाराका पक्षधर, मर्मज्ञ, करुणामयी, कुसंस्कार र कुप्रवृत्तिलाई दुत्कार्ने स्वभाव भएका व्यक्तित्व, वर्गयुद्धप्रति पूर्ण विश्वस्त भई विचार र भावबीच सन्तुलन कायम गरी कविता लेख्ने प्रगतिवादी तथा क्रान्तिकारी कविका रूपमा चिनाएका छन् ।

१७. ‘इच्छुक’का कविताहरू सन्तुलित संरचना र प्रगतिवादी भावधारामा लेखिएका लयात्मक, गेयात्मक, श्रुतिमोहक, ओजपूर्ण एवम् स्तरीय रहेका छन् ।

१८. ‘इच्छुक’का काव्य-कविताामा प्रमुख र महत्वपूर्ण प्रवृत्तिका रूपमा क्रान्तिचेत व्यक्त भएको पाइन्छ ।

१९. ‘इच्छुक’का कवितामा क्रान्तिचेतका अतिरिक्त जनविद्रोह, भोलिप्रतिको आशावादिता, अन्याय-अत्याचार, दमन-शोषणको तीव्र विरोध र नारी शोषणप्रति आक्रोश व्यक्त गरिएको छ ।

२०. **इतिहासको यस घडीमा** पञ्चायती निरङ्कुश शासन व्यवस्थाको विरोध गरिएको र वर्गसङ्घर्षप्रतिको निष्ठालाई समष्टिगत रूपमा अभिव्यक्त गरिएको कविता सङ्ग्रह हो ।

२१. **बन्दी र चन्द्रगिरि** काव्य समग्र रूपमा मुक्तिको गीत हो ।

२२. **बन्दी आवाज** असन्तुष्टी र विद्रोहको स्वर उराल्ने कविता सङ्ग्रह हो ।

२३. **आरम्भिक कविता** कविको सुरुवाती कविताहरूको सङ्ग्रह भए पनि विद्रोह उन्मुख कवि प्रतिभाको उदयको संकेत गर्ने कविता सङ्ग्रह हो ।

२४. ‘इच्छुक’का काव्यकृतिले नेपाली प्रगतिवादी कविता क्षेत्रमा उनलाई क्रान्तिचेतका प्रखर वक्ता तथा ‘जनपक्षीय कवि’का रूपमा स्थापित गरेको छ ।

# सन्दर्भ सामग्री सूची

## क) सन्दर्भ पुस्तक सूची


इच्छुक सांस्कृतिक प्रतिष्ठान (सम्पा) (२०६४), **इच्छुक रचनावली भाग १**, काठमाडौं : प्रगतिशील अध्ययन केन्द्र ।

इच्छुक सांस्कृतिक प्रतिष्ठान (सम्पा) (२०६५), **इच्छुक रचनावली भाग २**, काठमाडौं : प्रगतिशील अध्ययन केन्द्र ।

इच्छुक सांस्कृतिक प्रतिष्ठान (सम्पा) (२०६६), **इच्छुक रचनावली भाग ३**, काठमाडौं : इच्छुक सांस्कृतिक प्रतिष्ठान ।

खनाल, नारायण (२०६६), **इच्छुकका कवितागत प्रवृत्तिको अध्ययन** (अप्रकाशित शोधपत्र)

गौतम, देवीप्रसाद (२०४९), **प्रगतिवाद : परम्परा र मान्यता**, काठमाडौं : मुना गौतम ।

चापागाईं, निनु (२०६४), **मार्क्सवादी चिन्तनमा सौन्दर्य**, दो.सं., ललितपुर : साझा प्रकाशन ।

चैतन्य, (२०५४), **मार्क्सवादी कला दृष्टि र समीक्षा**, काठमाडौं : चिन्तन प्रकाशन ।

चैतन्य, (२०५७), "नेपाली प्रगतिवादी कवितामा क्रान्ति र कलाको सङ्गति", **समकालीन नेपाली कविता**, काठमाडौं : अखिल नेपाल जनसांस्कृतिक सङ्घ केन्द्रीय समिति, पृ.१-१८ ।

चैतन्य, (२०६४), **क्रान्ति र सौन्दर्य**, काठमाडौं : प्रगतिशील अध्ययन केन्द्र ।

चैतन्य, (२०६५), **समीक्षा र सौन्दर्य**, काठमाडौं : पाठ्यसामग्री प्रकाशन ।

चैतन्य (२०६४) "कविताका सन्दर्भमा कवि कृष्ण सेन 'इच्छुक'" **आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक'** काठमाडौं, अशोक सुवेदी, पृ.२२-३७ ।

चैतन्य (२०६५) "इच्छुकको साहित्यिक व्यक्तित्व र कृतित्व : एक सङ्क्षिप्त मूल्याङ्कन," कृष्ण सेन 'इच्छुक' स्मृति-ग्रन्थ, काठमाडौं, अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, पृ.२९-४३ ।

ज्ञवाली, ईश्वरचन्द्र र अन्य (सम्पा.) (२०६५), **कृष्ण सेन 'इच्छुक' स्मृति ग्रन्थ**, काठमाडौं : अखिल नेपाल जनसांस्कृतिक सङ्घ केन्द्रीय समिति ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा) (२०६०), **नेपाली कविता भाग ४**, (चौ.सं.), काठमाडौं : साझा प्रकाशन ।

त्रिपाठी, सुधा (२०६५), "'इतिहासको यस घडीमा'मा पाइने आस्थाको स्वर", कृष्ण सेन 'इच्छुक' स्मृति-ग्रन्थ, पृ.९९-११२ ।

थापा, प्रविता (२०६६), **बन्दी र चन्द्रागिरि खण्डकाव्यात्मक लामो कविताको कृतिपरक अध्ययन**, काठमाडौं, अप्रकाशित शोधपत्र, त्रिचन्द्र बहुमुखी क्याम्पस ।

थापा, हिमांशु (२०५०), **साहित्य परिचय**, चौ.सं., ललितपुर : साझा प्रकाशन ।

थोम्सन जर्ज (२०६३), **मार्क्सदेखि माओत्सेतुङ्गसम्म**, अनु. भगवानचन्द्र ज्ञवाली, पृ. ८५/१०९ ।

पाण्डेय, ताराकान्त (२०५३), **कलासाहित्य : भूमिका र मूल्याङ्कन**, काठमाडौं : चिन्तन प्रकाशन प्रा.लि. ।

पाण्डेय, ताराकान्त (२०५६), **प्रगतिवाद र कविता**, काठमाडौं : शीला योगी ।

पौडेल, गोपीन्द्र (२०५९) **सौन्दर्यबोध र समीक्षा विविध**, काठमाडौं : उर्मिला पौडेल ।

पौडेल, हेमनाथ (२०६५), **प्रगतिवादी दृष्टिमा कवि र कविता**, काठमाडौं : पैरवी प्रकाशन : पदम शिवाकोटी ।

प्रचण्ड, (२०६३), **संस्कृति, कला र सौन्दर्य चिन्तन**, दो.सं., काठमाडौं : अखिल नेपाल जनसांस्कृतिक सङ्घ ।

प्रधान, प्रमोद (२०६६), **शाश्वत वाणी**, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन् (प्रा) लि., पृ. २० ।

भण्डारी, डा. जगदीशचन्द्र (२०६४), "इच्छुक : अग्रगामीचेत र विद्रोहका उत्कृष्ट कवि" **आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक'**, काठमाडौं : अशोक सुवेदी, पृ. ७३-८३ ।

भट्टराई, रमेशप्रसाद (२०६५), **बन्दी र चन्द्रागिरि** काव्य : सङ्क्षिप्त विश्लेषण", कृष्ण सेन इच्छुक स्मृति-ग्रन्थ, काठमाडौं : अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, पृ. १२०-१३१ ।

रानाभाट, सुरेश (२०६५), **कवि कृष्ण सेन 'इच्छुक' को जीजनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, काठमाडौं : अप्रकाशित शोधपत्र, त्रि.वि., नेपाल केन्द्रीय विभाग ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६०), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, सुकुम (२०६०), कवि **इच्छुक :कविताका सन्दर्भमा**, काठमाडौं :विश्व साहित्य प्रकाशन ।

शर्म्मा, 'नेपाल' वसन्तकुमार, (२०५७), नेपाली शब्द सागर, काठमाडौं :भाभा पुस्तक भण्डार ।

सुवेदी, अशोक (२०६२), **नेपाली प्रगतिवादी कवितामा विद्रोहचेत**, काठमाडौं : शरारदा सुवेदी 'वर्षा' ।

सुवेदी, अशोक (२०६४), **आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक'**, काठमाडौं ।

## ख) पत्रपत्रिका सूची


एटम, नेत्र (२०५६), "प्रयोगवादी नेपाली कविता र द्वारिका श्रेष्ठ", **समकालीन साहित्य** (वर्ष १०, अङ्क १, पूर्णाङ्क ३७, वैशाख-जेष्ठ), पृ. ९३ ।

गिरी, अमर (२०६३), "समकालीन प्रगतिवादी कवितामा वर्गद्वन्द्वको अभिव्यक्ति", **झिसमिसे** (वर्ष २८, अङ्क ३९, कार्तिक-पुस), पृ.३४-४३ ।

गिरी, अमर (२०५६), "सम्झनामा कृष्ण सेन 'इच्छुक'", **गोरखापत्र**, (जेठ १२), पृ.६ ।

चैतन्य, (२०५१), "समकालीन नेपाली कविता : एक सङ्क्षिप्त मूल्याङ्कन", **कलम**, (वर्ष ३, अङ्क १, पूर्णाङ्क ७, पुस), पृ. २५-४२ ।

चैतन्य, (२०५६), "इच्छुक' रचित इतिहासको यस घडीमा", **कलम**, (वर्ष ८, अङ्क १, पूर्णाङ्क २१-२४, मङ्सिर-माघ), पृ. २२-४० ।

ज्ञवाली, ईन्द्रचन्द्र (२०५७), "बन्दी र चन्द्रागिरिमाथि केही हरफ", **सहयात्री**, (वर्ष २, अङ्क २, पूर्णाङ्क २८), पृ. ५६ ।

ज्ञवाली, ईश्वर चन्द्र (२०६०), "इच्छुकको वलिदान र व्यक्तित्वका पाटाबारे", **जनादेश** (वर्ष १२, अङ्क २१, साउन), पृ. ४ ।

पाण्डेय, ताराकान्त (२०४८), "शोकाञ्जलि' शहीदप्रतिको अगाध प्रेम र आस्थाको सरोवर", **जनसाहित्य** (वर्ष १, अङ्क ३, कार्तिक-पुस), पृ. ८३-८९ ।

पाण्डेय, ताराकान्त (२०५४), "द्वन्द्वरत वर्तमान र वर्तमानका कविता लेखन", **कलम**, (वर्ष ५, अङ्क २, पूर्णाङ्क १५, असार) पृ. ६४-७७ ।

पाण्डेय, ताराकान्त (२०५६), "**इतिहासको यस घडीमा** : वैचारिक र कलात्मक निष्ठाको स्मारक", खसानी, (वर्ष १, अङ्क १, असोज), पृ. १४७-१५० ।

पाण्डेय, ताराकान्त (२०५७), "सौन्दर्य बिम्बका आधार र समकालीन कवितामा त्यसको अङ्कन", **कलम**, (वर्ष ८, अङ्क ४, पूर्णाङ्क २७, भाद्र), पृ. ४५-६३ ।

पाण्डेय, ताराकान्त (२०५८),"उत्तर आधुनिकताको परिप्रेक्ष्य र समकालीन कविताको दिशाबोध", **साहित्य सन्ध्या**, (वर्ष १, अङ्क १०, पूर्णाङ्क १०, भाद्र), पृ. २४-३७ ।

पाण्डेय, ताराकान्त (२०५९),"समकालीन नेपाली प्रगतिवादी कविताका प्रवृत्तिहरू", **प्रलेस**, ( वर्ष ७, पूर्णाङ्क १३, फागुन), पृ. २६-३३ ।

पाण्डेय, ताराकान्त (२०६४), "कविता र क्रान्तिमा आस्था : उदात्त महाख्यानको प्रस्तुति", **प्रतिबिम्बन** (वर्ष १, अङ्क १, असार), पृ. ४१-४७।

पाण्डेय, ताराकान्त (२०६४), "व्यक्तित्व र कृतित्वका आँखीझ्यालबाट इच्छुक", **गोरखापत्र** ( जेठ १२), पृ. २ ।

पोखरेल, मातृका (२०५६), "सामाजिक मूल्यको कसीमा 'इच्छुक' का कविता", **जनएकता** (वर्ष ५, अङ्क ८ भाद्र), पृ. ४ ।

प्रभात, विष्णु (२०६५), **इतिहासको यस घडीमा**मा इच्छुक, **कलम** (वर्ष ८, अङ्क १, पूर्णाङ्क २२-२४, मङ्सिर-माघ) पृ. ४० ।

पोखरेल, राजन (२०६५), क्रान्ति र सौन्दर्य चेतनाका सुबोध कवि : कृष्ण सेन 'इच्छुक', **नौलो विहानी** (वर्ष ११ अङ्क १, असार-श्रावण) पृ. १२४-१२६ ।

शेषयात्री, (२०६४), "स्वतन्त्रताका गायक इच्छुक : 'प्रतिबन्ध' कवितामा", **मञ्जरी** (वर्ष १, अङ्क ३, पुस) पृ. २९-३० ।

सुवेदी, राजेन्द्र (२०५७) 'बन्दी र चन्द्रागिरि' को सङ्क्षिप्त अध्ययन", **साहित्य सन्ध्या**, (वर्ष १, अङ्क २, पुस), पृ. ३०-३२ ।

सुवेदी, राजेन्द्र (२०६५) 'बन्दी र चन्द्रागिरि' का कवि इच्छुक विचार, कला र संवेदनाका सङ्गम : **नौलो विहानी** (वर्ष ११, अङ्क १, असार-श्रावण) पृ. ८५-१११ ।